
संविधानसभा

# अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति

## *अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन,*

२०६६




**संविधानसभा**

**अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति**

**संविधानसभा सचिवालय**

सिंहदरबार, काठमाण्डौ, नेपाल

# अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६

**संविधानसभा**

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति

संविधानसभा सचिवालय

सिंहदरबार, काठमाण्डौ, नेपाल

# संविधानसभा
## (अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति)

संसद भवन, सिंहदरबार

काठमाडौं ।

पत्र संख्या :-६

च.नं:-

मिति :-२०६६।०२।०७

**विषय:- उपस्थिति सम्बन्धमा ।**

संविधानसभा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिमा मिति २०६६ साल जेष्ठ महिना ७ गते मस्यौदा प्रतिवेदन पारित गर्दा समितिको बैठकमा उपस्थिति हुनु भएको सभासद्हरुको विवरण:-

**उपस्थिति**

१) मा. श्री अमिलाल झागड

२) मा. श्री इन्द्रबहादुर गुरुङ्ग

३) मा. श्री इश्वरी न्यौपाने

४) मा. श्री उमा भुजेल

५) मा. श्री ओमप्रकाश शर्मा

६) मा. श्री कलावतीदेवी दुसाद कलावती

७) मा. श्री कविताकुमारी सरदार

८) मा. श्री कुलप्रसाद नेपाल

९) मा. श्री कृष्णकुमारी परियार

१०) मा. श्री कृष्णबहादुर गुरुङ्ग

११) मा. श्री खेमबहादुर बम

१२) मा. श्री गोकर्ण राई

१३) मा. श्री जुनकुमारी रोका (ओली)

१४) मा. श्री तिलक परियार

१५) मा. श्री देवेन्द्रप्रसाद पट्टेल

१६) मा. श्री पदमलाल विश्वकर्मा

१७) मा. श्री पासाङ्ग शेर्पा

१८) मा. श्री पुरनसिंह दयाल

१९) मा. श्री फुलमतीदेवी चौधरी

२०) मा. श्री भिष्म धिमाल

२१) मा. श्री माया चेपाङ्ग

२२) मा. श्री मालामतीदेवी राना

२३) मा. श्री मुहमद रिजवान

२४) मा. श्री मोहनबहादुर खत्री

२५) मा. श्री मोहमद्दी सिद्दिकी

२६) मा. श्री राघववीर जोशी

२७) मा. श्री लालबाबु पण्डित

२८) मा. श्री बवितादेवी धोवी

२९) मा. श्री विभाकुमारी कार्की

३०) मा. श्री शान्ति जिरेल

३१) मा. श्री शिवनारायण उराव

३२) मा. श्री शेरबहादुर पहरी

३३) मा. श्री सकुन्तला लेप्चा

बैठक नं. - २२
मिति २०६६।१।८
समय: - बिहान ... बजे

संविधान सभा, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको बैठक समितिका सभापति मा. श्री लालबाबु पण्डित ज्यूको सभापतित्वमा बस्यो। उक्त बैठकमा देहायका मा. सदस्यहरूको उपस्थिति निम्नानुसार रहेको थियो।

## उपस्थिति

१. मा. श्री अमिलाल आगाड
२. मा. श्री [illegible] न्यौपाने
३. मा. श्री इन्द्र बहादुर गुरुङ
४. मा. श्री उमा भुजेल
५. मा. श्री ओम प्रकाश शर्मा
६. मा. श्री कलावती देवी दुसाध
७. मा. श्री कबिता कुमारी सरदार
८. मा. श्री कृष्णा कुमारी परियार
९. मा. श्री कुल प्रसाद नेपाल
१०. मा. श्री कृष्ण बहादुर गुरुङ
११. मा. श्री खड्ग बहादुर बम
१२. मा. श्री गोकर्ण राई
१३. मा. श्री गोविन्द राज ढुंगा
१४. मा. श्री चन्द्र लाल मेचे
१५. मा. श्री चुन बहादुर थामी
१६. मा. श्री डानकुमारी रोका (ओली)
१७. मा. श्री तिलक परियार
१८. मा. श्री दुर्गा जयन्ती राई
१९. मा. श्री देवेन्द्र प्रसाद पटेल
२०. मा. श्री पदम लाल विश्वकर्मा
२१. मा. श्री पासाङ शेर्पा (संयुक्त सभा)
२२. मा. श्री पार्वती महतो (कुमाल)
२३. मा. श्री पुरन राना थारु
२४. मा. श्री पुरन सिंह दयाल
२५. मा. श्री फुलमती देवी चौधरी
२६. मा. श्री बाबुलाल पासवान
२७. मा. श्री [illegible]

२८ मा श्री भोजराज चौधरी राजवंशी
२९ मा श्री माया चेपाङ
३० मा श्री मालामती देवी राना
३१ मा श्री मुहम्मद रिजवान
३२ मा श्री मोहन बहादुर खत्री
३३ मा श्री मोहम्मदी सिद्दिकी
३४ मा श्री राघव वीर जोशी
३५ मा श्री बबिता देवी चौधरी
३६ मा श्री बिमा कुमारी कार्की
३७ मा श्री शान्ती जिरेल
३८ मा श्री शान्ती देवी राजवंशी
३९ मा श्री शिवनारायण उराव
४० मा श्री शेर बहादुर पहरी
४१ मा श्री शकुन्तला लेप्चा
४२, मा श्री सलाहुद्दीन मुसलमान

निर्णयहरू

आज देहाय बमोजिमका निर्णयहरू गरियो

१) उपसमितिद्वारा समितिमा प्रस्तुत गरेको प्रारम्भिक मस्यौदा प्रतिवेदन माथि छलफल गरियो र सो प्रतिवेदनलाई संशोधन सहित पारित गरियो।

२) अवधारणा सहितको मस्यौदा प्रतिवेदन साथ संलग्न हुने विभिन्न १३ वोटा अनुसूचीहरू पनि अनुमोदन गर्ने निर्णय गरियो। भूमिका पनि पारित गरियो।

३) समितिद्वारा पारित अवधारणा सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन संविधान सभामा पेश गर्ने निर्णय गरियो।

४) समितिको अवधारणा सहितको सहमतिको प्रतिवेदन तयार गर्ने क्रममा सहयोग पुऱ्याउने सबै संविधान सभाका सबै सभासदहरू, राजनीतिक दलहरू, सार्वभौम नेपाली जनता, प्रतिनिधिमूलक संघ संस्था, विशेषज्ञ, सरकारी र अन्य निकाय, सेवा, पत्रकार र संविधान सभा तथा समितिमा संलग्न सचिवालय सम्बन्धित सबै तहका राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिने निर्णय गरियो।

५) समितिको आजको बैठक २०६६ साल पौष ८ गते १० बजे सम्पन्न गरी स्थगित भयो।

| विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| प्रस्तावना | "अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएको वा बहिष्करणमा पारिएका समुदायको हक, अधिकारको पूर्ण प्रत्याभूति सहित राज्य व्यवस्थाका हरेक तह र निकायमा सबै वर्ग, जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, वर्ण, लिङ्ग, वर्ग र क्षेत्रका व्यक्तिहरुको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने न्यायपूर्ण समावेशी राज्य निर्माणबाट मात्र लोकतन्त्र, कानूनी राज्य, दीर्घकालिन शान्ति, स्थिरता र विकास सम्भव हुन्छ भन्ने कुरालाई स्वीकार गर्दै...." | प्रस्तावना | अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएको वा बहिष्करणमा पारिएका समुदायको आधारभूत मानव अधिकारको पूर्ण प्रत्याभूति प्रदान गरी राज्य व्यवस्थाका हरेक तह र निकायमा सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, , मुस्लिम, अपाङ्ग, धर्म, भाषा, वर्ण, लिङ्ग, वर्ग र क्षेत्रका जनताहरुको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने न्यायपूर्ण समावेशी राज्यको निर्माण भएमा मात्र वास्तविक रुपमा लोकतन्त्र, कानूनी राज्य, दीर्घकालिन शान्ति, स्थिरता र विकास सम्भव हुने देखिएकोले सो कुरालाई स्वीकार गर्दै संविधान जारी भएको कुरा नयाँ बन्ने संविधानको प्रस्तावनामा समावेश गर्न प्रस्ताव गरिएको छ । |
| राष्ट्रको परिभाषा | नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक समानता, स्वतन्त्रता र न्यायमा आधारित................. जातीय विभेद र छुवाछुतमुक्त भाषिक र धार्मिक भेदभावरहित...........संघिय, लोकतान्त्रिक गणतन्त्रात्मक, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकता सहित समावेशी राज्य हो । | संविधानको भाग एक | नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र हो । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाललाई संघिय, लोकतान्त्रिक, गणतन्त्रात्मक, धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको छ । राष्ट्रको परिभाषा गर्दा यी |

| | | | |
|---|---|---|---|
| | | | सबै विशेषताहरु झल्कने गरी गरिनु पर्दछ । अतः अब बन्ने नयाँ संविधानको भाग एक अन्तर्गत "राष्ट्रको परिभाषा" शीर्षकमा नेपाल राष्ट्रको परिभाषा गर्दा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक समानता, स्वतन्त्रता र न्यायमा आधारित जातीय विभेद र छुवाछुतमुक्त, भाषिक र धार्मिक भेदभावरहित संघिय, लोकतान्त्रिक गणतन्त्रात्मक, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकता सहित समावेशी राज्य भनि परिभाषा गर्न प्रस्तुत प्रावधान प्रस्ताव गरिएको छ । |
| राष्ट्रभाषा | (१) देवनागरी लिपिमा नेपाली भाषा नेपाल राष्ट्रको सरकारी कामकाज र प्रान्तिय राज्य संगको सम्पर्क भाषा हुनेछ ।<br>(२) नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरु राष्ट्र भाषा हुनेछन् र राज्यले सबै मातृभाषालाई समान व्यवहार गर्नेछ ।<br>(३) प्रान्तीय वा राज्य कार्यकारिणीले आफ्नो प्रान्त वा राज्यभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषालाई सहमतिका आधारमा प्रान्तिय वा राज्य कामकाजको भाषाको रुपमा चयन गर्नेछ । | संविधानको भाग एक | नेपाल एक बहुभाषिक मुलुक हो । यहां धेरै भाषा बोल्ने नागरिकहरुको बसोबास छ । आफ्नो मातृभाषाको प्रयोग, संरक्षण र सम्बर्धनको अधिकार नागरिकको आधारभूत मानव अधिकार हो । राज्यले सबै भाषालाई विना भेदभाव समान व्यवहार गर्नु पर्दछ । भाषाको आधारमा कुनै पनि नागरिक माथि फरक व्यवहार हुनु हुदैन । राज्यले भाषा सम्बन्धमा त्रि-भाषिक नीति अवलम्बन गर्नु पर्ने देखिन्छ । यस नीतिका अनुसार राज्यले अन्तर्राष्ट्रिय सम्पर्क भाषा, संघिय |

| | | | |
|---|---|---|---|
| | (४) अंग्रेजी भाषा अन्तर्राष्ट्रिय सम्पर्क भाषा हुनेछ ।<br>(५) बहिरा नागरिकलाई नेपाली सांकेतिक भाषा प्रयोग र संचार गर्ने हक हुनेछ ।<br>(६) दृष्टिबिहिन नागरिकलाई ब्रेल लिपि प्रयोग गर्ने हक हुनेछ ।<br>(७) नेपालभित्र मातृभाषाका रुपमा बोलिने सबै भाषाको पहिचान, अध्ययन, अनुसन्धान, स्तरीकरण, संरक्षण र सम्बर्धन गर्न एक राष्ट्रिय भाषा आयोग रहने छ ।<br>(८) उपधारा (७) बमोजिमको राष्ट्रिय भाषा आयोगको गठन, काम, कर्तव्य र अधिकार एवं कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ । | | राज्यको कामकाज तथा सम्पर्क भाषा र प्रान्तिय राज्यको कामकाज तथा सम्पर्क भाषाका रुपमा मान्यता प्रदान गरी बांकी सबै मातृभाषालाई राष्ट्रभाषाका रुपमा मान्यता दिई राष्ट्रभित्र मातृभाषाका रुपमा बोलिने सबै भाषाहरुको पहिचान, अध्ययन, अनुसन्धान, स्तरीकरण, संरक्षण र सम्बर्धनको लागि विशेष व्यवस्था गर्नु पर्दछ । यसका साथै बहिरा नागरिकहरुलाई सांकेतिक भाषाको प्रयोग र सन्चार तथा दृष्टिबिहिन नागरिकहरुलाई ब्रेल लिपि प्रयोग गर्ने हक प्रदान गरिनु पर्ने देखिन्छ । तसर्थ उल्लेखित सबै विषयहरु समेटिने गरी अब बन्ने नयाँ संविधानको भाग एक अन्तर्गत "राष्ट्रभाषा" शीर्षकमा प्रस्तुत प्रावधान समावेश गर्न प्रस्ताव गरिएको छ । |
| नागरिकता | (१) सबै नेपाली नागरिकलाई आफ्नो बाबु वा आमा वा दुवैको नामबाट नागरिकता प्राप्त गर्ने हक हुनेछ ।<br>(२) नेपाल सरहदभित्र जन्म भएका तर बाबु आमा नखुलेका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम नागरिकता प्राप्त गर्ने हक हुनेछ ।<br>(३) सबै नेपाली नागरिकलाई आफ्नो वंश, थर वा कैरनका आधारमा नागरिकता प्राप्त गर्ने हक हुनेछ । | संविधानको भाग दुई | राष्ट्रियताको अधिकार र समानता एवं भेदभावरहितताको अधिकार मानिसको आधारभूत मानव अधिकार हो । विगतमा नागरिकले आफ्नो मौलिक पहिचान सहित बिना कुनै भेदभाव बाबु वा आमा वा दुवैको नामबाट आफ्नो इच्छा अनुसार नागरिकता प्राप्त गर्ने आधारभूत मानव अधिकारबाट |

| | | | |
|---|---|---|---|
| | (४) राज्यले नागरिकताको प्राप्ति, प्रयोग र समाप्तिमा कुनै पनि नागरिक माथि जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, भाषा, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्ने छैन ।<br><br>(५) तेश्रो लिङ्गी नागरिकलाई आफ्नो लैङ्गिक पहिचान सहित तेश्रो लिङ्गीको नागरिकता प्राप्त गर्ने हक हुनेछ ।<br><br>(६) नागरिकताको प्राप्ति, समाप्ति, अङ्गिकृत एवं मानार्थ नागरिकता प्रदान लगायतका अन्य विषयहरु कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | बन्चित हुनु परेको कारण विगतका विभिन्न आन्दोलन, जनयुद्ध, जनआन्दोलन २०६२/०६३ एवं मधेश आन्दोलन सहित अन्य संघर्षहरु, नेपाल सरकार र विभिन्न प्रतिनिधिमुलक संघ, संस्था तथा राजनीतिक दलहरुसँग भएका विस्तृत शान्ति सम्झौता लगायतका सम्झौता, सर्वसाधारण नागरिकबाट विभिन्न माध्यम मार्फत प्राप्त सुझाव समेतका आधारमा नागरिकले समानताका आधारमा बिना भेदभाव आफ्नो वंश, थर वा कैरन उल्लेख गरेर मौलिक पहिचान सहित आफ्नो बाबु वा आमा वा दुवैको नामबाट नागरिकता प्राप्त गर्न पाउने तथा नेपाल सरहदभित्र जन्म भएका तर बाबु आमा नखुलेका नेपाली नागरिकले समेत नागरिकता प्राप्त गर्न सक्ने संवैधानिक व्यवस्था गर्नु अपरिहार्य भएको हुंदा सबै नागरिकहरुको ईच्छा आकांक्षा पूरा हुने गरी नागरिकता सम्बन्धी व्यवस्था संविधानमा गर्नका लागि प्रस्तुत प्रावधान नयाँ बन्ने संविधानको भाग दुई अन्तर्गत रहने "नागरिकता" शीर्षकमा समावेश गर्न प्रस्ताव गरिएको छ । |

| | | | |
|---|---|---|---|
| समानताको हक | (१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् ।<br><br>(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति, वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गरिने छैन ।<br><br>(३) राज्यले नागरिकहरुका वीच जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्ने छैन ।<br><br>तर,<br>आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र स्वास्थ्यमा पिछडिएका समुदाय वा वर्गको पहिचान गरी उनीहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यले विगतको उत्पीडनको क्षतिपूर्ति सहित सकारात्मक विभेदका आधारमा कानूनद्वारा | संविधानको भाग तीन मौलिक हक | समानताको अधिकार मानिसको जन्मजात प्राप्त अहरणिय नैसर्गिक अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लगायत नेपाल पक्ष राष्ट्र भएका सबैजसो मानव अधिकार सम्बन्धी दस्तावेजहरुले समानताको अधिकारमा विशेष जोड दिएको पाईन्छ । समानताको सिद्धान्तले सबै नागरिक राज्य वा कानूनका दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित गरिन नहुने कुरामा जोड दिन्छ । साथै यसले नागरिकहरुका वीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नहुने कुरामा पनि समान रुपमा जोड दिन्छ । समानताको आधुनिक सिद्धान्तले सारवान समानता कायम गर्नका लागि राज्यले आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक वा |

| | | | |
|---|---|---|---|
| | विशेष व्यवस्था गर्नेछ ।<br><br>(४) समान कामका लागि कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा पारिश्रमिक लगायत कुनै पनि किसिमको सुविधा प्रदानमा भेदभाव गरिने छैन । | | स्वास्थ्यका दृष्टिले पिछडिएको वर्ग वा समुदायको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्नु पर्ने कुरामा पनि उत्तिकै जोड दिएको पाईन्छ ।<br>अतः नेपाली नागरिकको समानता सम्बन्धी आधारभूत मानव अधिकारको पूर्ण प्रत्याभूतिका साथै सारवान समानताका लागि आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक वा स्वास्थ्यमा पिछडिएका वर्ग वा समुदायको हितका लागि राज्यका तर्फबाट समानुपातिक समावेशीकरण सहित विशेष व्यवस्था प्रदान गर्ने कुराको संवैधानिक सुनिश्चितताका लागि प्रस्तुत प्रावधान नयाँ बन्ने संविधानको भाग तीन अन्तर्गत रहने "समानताको हक" शीर्षकमा समावेश गर्न प्रस्ताव गरिएको छ । |
| जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हकः | (१) कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि किसिमको भेदभाव तथा छुवाछुतजन्य व्यवहार, असहिष्णुता र अवहेलना गरिने छैन ।<br><br>(२) कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, | संविधानको भाग तीन मौलिक हक | भेदभावरहीतता मानव अधिकारको एक आधारभूत सिद्धान्त हो । यस सिद्धान्त अनुसार राज्यले सबै व्यक्तिहरुलाई जात, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, क्षेत्र, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, शारिरीक वा मानसिक अशक्तता वा |

| | | | |
|---|---|---|---|
| | दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय वा पेशाका आधारमा सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट यत्रतत्र सर्वत्र स्थलमा प्रवेश गर्नबाट बञ्चित गरिने छैन ।<br><br>(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय, पेशा वा अवस्थाका व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु वा सुविधा कुनै खास जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय, पेशा वा अवस्थाका व्यक्तिलाई मात्र बिक्री, वितरण गरिने छैन ।<br><br>(४) नागरिकहरुका वीच जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, शारीरिक वा मानसिक अवस्था, स्वास्थ्य, लिङ्ग, यौनिक तथा लैंङ्गिक पहिचान, उत्पत्ति वा क्षेत्रीय वा अन्य कुनै आधारमा हुने भेदभाव वा सर्वोच्चता वा जातीय असहिष्णुता, अमर्यादा वा घृणालाई राज्यले निरुत्साहित गर्नेछ ।<br><br>(५) उपधारा (१), (२), (३) र (४) विपरितका कार्य मानवता विरुद्धको जघन्य सामाजिक अपराधको रुपमा दण्डनीय हुनेछ र पीडित पक्षले कानून | | अपाङ्गता, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना समान रुपमा आधारभूत मानव अधिकारको सुनिश्चितता प्रदान गर्नु पर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लगायत नेपाल पक्ष भएका सबै मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी, सम्झौता एवं लिखतमा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, शारिरीक वा मानसिक अशक्तता वा अपाङ्गता, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव एवं जातीय छुवाछुत बिना प्रत्येक व्यक्तिलाई आधारभूत मानव अधिकार र स्वतन्त्रताहरुको अधिकार हुनेछ भन्ने उल्लेख गरिएको छ । नेपाल मानव अधिकार सम्बन्धी महत्वपूर्ण प्रायः सबै अन्तर्राष्ट्रिय दस्तावेजहरुको पक्ष राष्ट्र रहेको सन्दर्भमा यस सिद्धान्तको कानूनी एवं व्यवहारिक सुनिश्चितताको दायित्व उसमा निहित रहेको छ । यस अगाडि जारी भएका सबै संविधानहरुले समानताको अधिकारलाई प्राथमिकता |

| | | | |
|---|---|---|---|
| | बमोजिम उचित क्षतिपूर्ति पाउनेछ । | | साथ नागरिकको मौलिक हकमा समावेश गरेको भएतापनि व्यवहारमा सदियौंदेखि रहेको भेदभाव तथा जातीय छुवाछुतको अन्त्य हुन नसकेको कारण विगतका विविध आन्दोलन, जनयुद्ध, दोश्रो जनआन्दोलन २०६२/०६३, मधेश आन्दोलन एवं नेपाल सरकार र विभिन्न प्रतिनिधिमुलक संघ, संस्था तथा राजनीतिक दलहरुसँग भएका विस्तृत शान्ति सम्झौता लगायतका सम्झौता, सर्वसाधारण नागरिकबाट विभिन्न माध्यम मार्फत प्राप्त सुझाव समेतका आधारमा अब बन्ने नयाँ संविधान मार्फत नेपाललाई वास्तविक एवं व्यवहारिक रुपमै भेदभाव तथा जातीय छुवाछुत मुक्त राष्ट्र घोषणालाई व्यवहारमा क्रियान्वयन गर्न सो कुराको संवैधानिक सुनिश्चितताका लागि अब बन्ने संविधानको भाग तीन अन्तर्गत "जातिय भेदभाव तथा छुवाछुत विरुद्धको हक" शीर्षकमा प्रस्तुत प्रावधान समावेश गर्न प्रस्ताव गरिएको छ । |
| सांस्कृतिक तथा शिक्षा सम्बन्धी हक | (१) नेपाल राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्ति, परिवार वा समुदायलाई आफ्नो भाषा, लिपि एवं मानव अधिकार सम्बन्धी विश्वव्यापि मूल्य र | संविधानको भाग तीन मौलिक हक | शिक्षा तथा संस्कृति सम्बन्धी हक मानिसको नैसर्गिक आधारभूत मानव अधिकार हो । प्रत्येक व्यक्ति, परिवार |

| | | | |
|---|---|---|---|
| | मान्यता प्रतिकुल नहुने संस्कृति, प्रथा, परम्परा, रीतिरिवाज र चालचलनहरुको संरक्षण, सम्बर्धन र प्रयोग गर्ने हक हुनेछ ।<br>तर,<br>सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पार्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा नैतिकता वा विभिन्न जात, जाति, धर्म, भाषा, क्षेत्र लगायतका समुदाय वा सम्प्रदायका वीचको सु-सम्बन्धमा खलल पार्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।<br>(२) प्रत्येक नागरिकलाई उच्च तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने हक हुनेछ ।<br>(३) सबै धार्मिक, साँस्कृतिक तथा भाषिक समुदायहरुको चाहना अनुसारको शैक्षिक संस्थाहरु स्थापना वा संचालन गर्न पाउने हकलाई सुनिश्चित गर्ने राज्यको दायित्व हुनेछ ।<br>तर,<br>सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा नैतिकता वा विभिन्न जात, जाति, धर्म, भाषा, क्षेत्र लगायतका समुदाय वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पार्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको | | वा समुदायलाई आफ्नो भाषा, लिपि एवं मानव अधिकार सम्बन्धी विश्वव्यापि मूल्य र मान्यता प्रतिकुल नहुने संस्कृति, प्रथा, परम्परा, रीतिरिवाज र चालचलनहरुको संरक्षण, सम्बर्धन र प्रयोग गर्ने हक प्राप्त हुन्छ । यसरी नै प्रत्येक व्यक्तिलाई शिक्षा प्राप्त गर्ने हक हुन्छ । साथै सबै धार्मिक, साँस्कृतिक तथा भाषिक समुदायहरुलाई आफ्नो चाहना अनुसारको शैक्षिक संस्था स्थापना वा संचालन गर्न पाउने हक हुन्छ भने त्यस हकलाई सुनिश्चित गर्ने राज्यको दायित्व हुन्छ ।<br>कुनै पनि शैक्षिक संस्थालाइ कुनै खास धार्मिक, साँस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको कारणबाट राज्यबाट प्राप्त हुने सहयोग प्राप्त गर्नबाट बञ्चित वा भेदभाव गरिनु हुँदैन ।<br>कुनै पनि व्यक्तिलाई कुनै खास धार्मिक, साँस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गरेको कारणबाट उच्च शिक्षाका लागि सार्वजनिक शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट बन्चित गरिनु |

| | | | |
|---|---|---|---|
| | मानिने छैन ।<br>(४) कुनै पनि शैक्षिक संस्थालाइ कुनै खास धार्मिक, साँस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको कारणबाट राज्यबाट प्राप्त हुने सहयोग प्राप्त गर्नबाट बञ्चित वा भेदभाव गरिने छैन ।<br>(५) कुनै पनि व्यक्तिलाई कुनै खास धार्मिक, साँस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गरेको कारणबाट उच्च शिक्षाका लागि सार्वजनिक शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट बन्चित गरिने छैन ।<br>(६) कुनै पनि व्यक्तिलाई कुनै जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, लिङ्ग, वर्ण, भाषा, क्षेत्र वा संस्कृतिको आधारमा राज्यद्वारा संचालित वा सहयोग प्राप्त शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट बञ्चित गरिनेछैन । | | हुँदैन ।<br>तिनको अलावा कुनै पनि व्यक्तिलाई कुनै खास धार्मिक, साँस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गरेको कारणबाट उच्च शिक्षाका लागि सार्वजनिक शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट बन्चित गरिनु हुँदैन ।<br>विगतमा नागरिकले यि हकबाट बन्चित हुनु परेको कारण अब बन्ने नयाँ संविधानमा यि हकको पूर्ण प्रत्याभूति हुनु पर्ने कुराको संवैधानिक सुनिश्चितताका लागि अब बन्ने संविधानको भाग तीन अन्तर्गत "सांस्कृतिक तथा शिक्षा सम्बन्धी हक" मा प्रस्तुत प्रावधान समावेश गर्न प्रस्ताव गरिएको छ । |
| धर्म सम्बन्धी हक | (१) सबै व्यक्तिलाई देहायका धार्मिक स्वतन्त्रता हुनेछ ।<br>(क) कुनै धर्म ग्रहण गर्ने वा नगर्ने,<br>(ख) आफ्नो आस्था अनुसारको धर्मको प्रचलन र अभ्यास गर्ने,<br>(ग) आफ्नो आस्थाको धर्म र धार्मिक विश्वासको प्रचार, प्रसार गर्ने,<br>(घ) स्वेच्छाले कुनै धर्म त्याग वा परिवर्तन गर्ने, | संविधानको भाग तीन<br>मौलिक हक | धर्म सम्बन्धी हक मानिसको आधारभूत मानव अधिकार हो । सबै व्यक्तिलाई आफ्नो ईच्छा अनुसार कुनै धर्म ग्रहण गर्ने वा नगर्ने, आफ्नो आस्था अनुसारको धर्मको प्रचलन र अभ्यास गर्ने, आफ्नो आस्थाको धर्म र धार्मिक विश्वासको प्रचार, प्रसार गर्ने, |

| | | | |
|---|---|---|---|
| | र<br>(ङ) धार्मिक संघ, संगठन स्थापना र संचालन गर्ने ।<br><br>(२) उपधारा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेखित धार्मिक स्वतन्त्रताको प्रयोग गर्दा अन्य धर्म वा धार्मिक आस्थामा आंच नआउने गरि गर्नु पर्नेछ ।<br><br>(३) कसैले कसैको ईच्छा विपरित धर्म परिवर्तन गराउन पाउने छैन ।<br><br>(४) उपधारा (२) र (३) विपरितको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।<br><br>(५) प्रत्येक धार्मिक सम्प्रदायलाई कानुन बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व एवं धार्मिक सहिष्णुता कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । | | स्वेच्छाले कुनै धर्म त्याग वा परिवर्तन गर्ने, र धार्मिक संघ, संगठन स्थापना र संचालन गर्ने स्वतन्त्रता हुन्छ । तर यि स्वतन्त्रताको प्रयोग गर्दा अन्य धर्म वा धार्मिक आस्थामा आंच नआउने गरी गर्नु पर्दछ र कसैले कसैको इच्छा विपरित धर्म परिवर्तन गराउन पाईदैन । साथै प्रत्येक धार्मिक सम्प्रदायलाई कानुन बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व एवं धार्मिक सहिष्णुता कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुन्छ । विगतमा नागरिकले यि धार्मिक स्वतन्त्रताहरु प्राप्त गर्न नसकेको कारण विगतका विभिन्न आन्दोलन, जनयुद्ध, दोश्रो जनआन्दोलन २०६२/०६३, मधेश आन्दोलन एवं नेपाल सरकार र विभिन्न प्रतिनिधिमुलक संघ, संस्था तथा राजनीतिक दलहरुसँग भएका विस्तृत शान्ति सम्झौता लगायतका सम्झौता, सर्वसाधारण नागरिकबाट विभिन्न माध्यम मार्फत प्राप्त सुझाव समेतका आधारमा नागरिकले अब बन्ने नयाँ संविधानमा धर्म सम्बन्धी हकको व्यवस्था गर्दा धर्म निरपेक्षताको सिद्धान्त बमोजिम गर्नुपर्ने गरी ईच्छा |

| | | | |
|---|---|---|---|
| | | | अभिव्यक्त गरेकोले सो कुराको संवैधानिक सुनिश्चितताका लागि अब बन्ने संविधानको भाग तीन अन्तर्गत "धर्म सम्बन्धी हक" मा प्रस्तुत प्रावधान समावेश गर्न प्रस्ताव गरिएको छ । |
| अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएकाको अधिकार | (१) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान छन् । संविधान तथा कानून प्रदत्त हक, अधिकारको प्रचलनमा उनीहरुका बीचमा राज्यले कुनैपनि किसिमको भेदभाव गर्ने छैन ।<br><br>**स्पष्टिकरण:**<br>(क) अल्पसंख्यक समुदाय भन्नाले राज्यद्वारा सबै खाले विभेद र उत्पीडनमा पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले यस्तो विभेद र उत्पीडन भौग्दै आएका कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय समेतलाई जनाउनेछ ।<br><br>(ख) सीमान्तकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक, जातीय, धार्मिक, भाषिक वा लैङ्गिक वा यौनिक रुपमा पछाडि पारिएका समुदायलाई सम्झनु पर्दछ र सो शव्दले अतिसीमान्तकृत एवं लोपोन्मुख समुदाय | संविधानको भाग तीन मौलिक हक | मानिसलाई मानिस भएर बाँच्नका लागि केही आधारभूत मानव अधिकारहरुको आवश्यकता पर्दछ । यि आधारभूत मानव अधिकारहरु विश्वव्यापी, अहरणिय, अविभाजित, अन्तर-सम्बन्धित, भेदभावरहित र समान हुन्छन् । मानिसका यी आधारभूत अधिकारहरु मानिसले केवल मानिस भएको कारणबाट प्राप्त गर्ने भएकोले जुनसुकै स्थानमा रहे, बसेका मानिसले समान रुपमा प्राप्त गर्ने र कुनै पनि मानिसलाई यी अधिकारहरु प्राप्त गर्नबाट बन्चित गर्न सकिदैन । मानिसलाई आफ्नो मौलिक पहिचान सहित वास्तविक अर्थमा मानिस भएर मर्यादापूर्वक बाँच्नका लागि केही खास आधारभूत मानव अधिकारहरुका अलावा अन्य केही जातीय, धार्मिक, भाषिक, वा सांस्कृतिक अधिकारहरु पनि उत्तिकै आवश्यक हुन्छन् । यस |

| | | | |
|---|---|---|---|
| | समेतलाई जनाउनेछ ।<br><br>(ग) बहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनु पर्दछ ।<br><br>(२) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो मौलिक पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।<br><br>तर,<br>उपधारा (३) को कुनै कुराले राष्ट्रिय अखण्डता, विभिन्न जात, जाति, भाषा, धर्म वा सम्प्रदायहरुका वीचको सुसम्बन्धमा खलल पर्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा सार्वजनिक नैतिकताको प्रतिकुल हुने कुनै कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(३) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो धर्म, संस्कृति, भाषा वा लिपिको स्वतन्त्रतापूर्वक विना कुनै भेदभाव | | कुरालाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले पनि समान रुपमा जोड दिएका छन् । यी अधिकारहरुको प्राप्तिबाट मात्र कुनैपनि व्यक्ति वास्तविक रुपमा आफ्नो मौलिक पहिचान सहित मानिस भएर बाँच्न सक्दछ । यसरी हेर्दा व्यक्तिलाई दुई किसिमका अधिकारहरु प्राप्त हुन्छन्: पहिलो, केवल मानिस भएको नाताबाट प्राप्त हुने केही आधारभूत मानव अधिकार र दोश्रो, कुनै जातीय, धार्मिक, सांस्कृतिक वा भाषिक समुदायको सदस्य भएको कारणबाट प्राप्त हुने जातीय, धार्मिक, सांस्कृतिक वा भाषिक अधिकार । दोश्रो किसिमको अधिकार अल्पसंख्यक सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको अधिकार मानिन्छ । राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धी घोषणापत्र, १९९२ लगायतका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायलाई मुलतः निम्न लिखित दुई किसिमका अधिकारमा जोड दिएको पाईन्छ । |

| | | | |
|---|---|---|---|
| | उपभोग, संरक्षण तथा सम्बर्धन गर्ने हक हुनेछ ।<br><br>तर,<br>उपधारा (४) को कुनै कुराले राष्ट्रिय अखण्डता, विभिन्न जात, जाति, भाषा, धर्म वा सम्प्रदायहरुका वीचको सुसम्बन्धमा खलल पर्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने कुनै कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(४) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो मौलिक पहिचानको संरक्षण एवं सम्बर्धनको लागि संगठन स्थापना र संचालन गर्ने र बलजफ्ती कुनै समुदायमा आबद्ध हुन इन्कार गर्ने हक हुनेछ ।<br><br>(५) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो समुदायको परम्परागत मौलिक कला, ज्ञान, सीप वा दक्षतालाई आफ्नो समुदायको वौद्धिक सम्पत्तिको रुपमा पञ्जिकरण गरी उपयोग, संरक्षण र सम्बर्धन गर्ने र कसैले बिना स्वीकृति उपयोग गरे उपर रोक लगाउने वा उचित क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ ।<br><br>(६) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई राष्ट्रिय हितमा असर नपर्ने | | १. भेदभाव विरुद्धको अधिकार, र<br>२. अन्य विशेष अधिकार ।<br>पहिलो भेदभाव विरुद्धको अधिकार अन्तर्गत राज्यले सबै व्यक्तिहरुलाई जात, जाति, वर्ण, लिङ्ग, क्षेत्र, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना समान रुपमा आधारभूत मानव अधिकारको सुनिश्चितता प्रदान गर्नु पर्ने कुरा समावेश रहेको हुन्छ ।<br>दोश्रो विशेष अधिकार अन्तर्गत राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणापत्र, १९९२ मा उल्लेखित अधिकारहरु पर्दछन् । यसमा आफ्नो मौलिक पहिचानमा मर्यादापूर्वक बांच्न पाउने अधिकार, आफ्नो धर्म, संस्कृति, भाषा, लिपिको उपभोग, संरक्षण र सम्बर्धनको अधिकार, आफ्नो परम्परागत कला, ज्ञान, सीप, दक्षताको प्रयोग, संरक्षण र सम्बर्धनको अधिकार, सार्वजनिक जीवनमा सहभागीताको अधिकार, संगठन स्थापना र सन्चालन गर्ने |

| | | | |
|---|---|---|---|
| | गरी आफ्नो मौलिक पहिचानसँग समानता भएको कुनै विदेशी समुदायसँग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्बन्ध स्थापना गर्ने र सरीक हुने हक हुनेछ ।<br><br>(७) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायका व्यक्तिलाई वैयक्तिक वा सामुहिक जुनसुकै रुपमा आफ्नो समुदायसँग सम्बन्धित अधिकारको उपभोग गर्न पाउने हक हुनेछ ।<br><br>(८) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायका व्यक्तिलाई आफ्नो समुदायसँग सम्बन्धित अधिकारहरु उपभोग गरे वा नगरे बापत राज्य र कानूनका तर्फबाट कुनै किसिमको अयोग्य मानिने वा राज्यबाट प्राप्त गर्ने फाइदा प्राप्त गर्नबाट बन्चित गराइने छैन ।<br><br>(९) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका व्यक्तिलाई आफ्नो समुदायको सरोकार वा स्वार्थ नीहित रहेको राज्यका सार्वजनिक नीति, योजना वा कार्यक्रमको तर्जुमा वा कार्यान्वयन वा सोको अनुगमन र मुल्यांकनमा पूर्ण समानुपातिक रुपमा सहभागी हुने हक हुनेछ ।<br><br>(१०) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायलाई कानूनमा व्यवस्था गरी पूर्ण समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अनुरुप राज्य | | अधिकार, अन्य समुदायसँग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्बन्ध कायम गर्न पाउने अधिकार, अधिकारको वैयक्तिक वा सामुहिक रुपमा उपभोगको अधिकार, फाइदा प्राप्त गर्नबाट बन्चित नगराइने अधिकार समावेश रहेका छन् ।<br>यसका अतिरिक्त अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको राज्य व्यवस्थाका हरेक तह र निकायमा समानुपातिक समावेशीकरण एवं उनीहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यका तर्फबाट उनीहरुलाई विगतको भेदभाव र उत्पीडन वापत क्षतिपूर्ति सहित विशेष व्यवस्था प्रदान गर्नु पर्ने देखिन्छ । राज्यका तर्फबाट प्रदान गर्ने यस प्रकारको विशेष व्यवस्था अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक वा प्रादेशिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय वा वर्गको पहिचान गरी उनीहरुको राज्य व्यवस्थाका हरेक तह र निकायमा समानुपातिक समावेशीकरणका साथै |

| | | | |
|---|---|---|---|
| | व्यवस्थामा सहभागी हुने हक हुनेछ ।<br><br>(११) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक वा प्रादेशिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय वा वर्गको पहिचान गरी उनीहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यको हरेक तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व सहित राज्यले कानूनद्वारा विशेष व्यवस्था गर्नेछ ।<br><br>(१२) जातीय विभेद र छुवाछुतको दुर्व्यवहार एवं धार्मिक, सांस्कृतिक उत्पीडन भोग्ने समुदायलाई राज्यले सो विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति बापत समानुपातिकता माथि थप अधिकार सुनिश्चितताको विशेष व्यवस्था गर्नेछ ।<br><br>(१३) उपधारा (११) बमोजिमको समुदाय वा वर्ग र विशेष व्यवस्थाको पहिचान गरी सो को सीफारिश गर्न राज्यले एक उच्च स्तरीय आयोगको गठन गर्नेछ ।<br><br>(१४) उपधारा (१३) बमोजिमको आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि कानूनले तोके बमोजिम हुनेछ । | | संरक्षण, विकास वा सशक्तिकरणका लागि विशेष व्यवस्था प्रदान गरिनु पर्दछ । यसका अतिरिक्त जातीय विभेद र छुवाछुतको दुर्व्यवहार एवं धार्मिक, सांस्कृतिक उत्पीडन भोग्ने समुदायलाई राज्यले सो विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति बापत समानुपातिकता माथि थप अधिकार सुनिश्चितताको विशेष व्यवस्था गर्नु पर्दछ । अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक वा प्रादेशिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय वा वर्ग र उनीहरुका लागि प्रदान गरिनु पर्ने विशेष व्यवस्थाको पहिचान गर्नका लागि राज्यका तर्फबाट एक आयोग गठन गरी विशेष अध्ययन हुनु पर्दछ । आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि कानून बमोजिम निर्धारण गरिनु पर्दछ ।<br>विगतमा अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदाय यि अधिकारहरुबाट बन्चित रहेको कारण विगतका विभिन्न आन्दोलन, जनयुद्ध, दोश्रो जनआन्दोलन |

| | | | |
|---|---|---|---|
| | | | २०६२/०६३, मधेश आन्दोलन एवं नेपाल सरकार र विभिन्न प्रतिनिधिमुलक संघ, संस्था तथा राजनीतिक दलहरुसँग भएका विस्तृत शान्ति सम्झौता लगायतका सम्झौता, सर्वसाधारण नागरिकबाट विभिन्न माध्यम मार्फत प्राप्त सुझाव समेतका आधारमा अब बन्ने नयाँ संविधानमा अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका लागि अर्न्तराष्ट्रिय दस्तावेजहरुमा उल्लेखित अधिकारहरुको संवैधानिक सुनिश्चितताका लागि अब बन्ने संविधानको भाग तीन अन्तर्गत "अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएकाको अधिकार" शीर्षकमा प्रस्तुत प्रावधान समावेश गर्न प्रस्ताव गरिएको छ । |
| राज्यको निर्देशक सिद्धान्त | (१) देशमा उपलव्ध आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रित हुन नदिई आर्थिक तथा सामाजिक न्याय सिद्धान्तको आधारमा आर्थिक अवसर र उपलव्धिमा सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्र र अवस्थाका व्यक्तिको समान पहुँच, नियन्त्रण र न्यायोचित वितरणलाई नागरिकको | संविधानको भाग चार<br>राज्यका निर्देशक सिद्धान्त | विगतमा देशमा उपलव्ध आर्थिक अवसर र उपलव्धिमा सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्र र अवस्थाका व्यक्तिको समान पहुँच, नियन्त्रण र न्यायोचित वितरण नहुनुका अतिरिक्त स्वदेशी निजि तथा |

| | | | |
|---|---|---|---|
| | अधिकारका रुपमा स्थापित गरी स्वदेशी निजि तथा सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एव आत्म निर्भर गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।<br><br>(२) सबै किसिमका जातीय विभेद र छुवाछुत, धार्मिक, भाषिक, यौनिक वा लैङ्गिक, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक र क्षेत्रीय भेदभाव र असमानता हटाई विभिन्न जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, भाषा, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, अपाङ्ग, सम्प्रदाय, क्षेत्र र अवस्थाका नागरिकका बीच एकता र भ्रातृत्वका आधारमा आपसी सौहार्द्रता र सामञ्जस्यपूर्ण सम्बन्धको स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ । | | सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्म निर्भर गराउनेतर्फ राष्ट्रको गम्भिर ध्यान पुग्न नसकेको कारण देशमा उपलब्ध आर्थिक श्रोत र साधनमा केही सीमित व्यक्तिहरुको मात्र पहुँच एवं नियन्त्रण हुन गै स्वदेशी निजि तथा सार्वजनिक उद्यमको अवस्था खस्कन गै राष्ट्र निर्माणमा यसले वान्छित रुपमा योगदान दिन नसकेको कारण अब बन्ने नयाँ संविधानमा देशमा उपलब्ध आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रित हुन नदिई आर्थिक तथा सामाजिक न्यायको सिद्धान्तको आधारमा आर्थिक अवसर र उपलब्धिमा सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्र, र अवस्थाका व्यक्तिको समान पहुँच, नियन्त्रण र न्यायोचित वितरणलाई नागरिकको अधिकारका रुपमा स्थापित गरी स्वदेशी निजि तथा सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्म निर्भर गराउनु राज्यको मूलभूत आर्थिक |

| | | | |
|---|---|---|---|
| | | | उद्देश्य हुनु पर्ने भएकोल अब बन्ने नयाँ संविधानको भाग चार राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत "राज्यका निर्देशक सिद्धान्त " शीर्षकमा प्रस्तुत प्रावधान समावेश गर्न प्रस्ताव गरिएको छ ।<br>यसका साथै सबै किसिमका जातीय, धार्मिक, भाषिक, यौनिक वा लैङ्गिक पहिचान, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक र क्षेत्रीय भेदभाव र असमानता हटाई विभिन्न जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, सम्प्रदाय, क्षेत्र र अवस्थाका नागरिकका बीच एकता र भ्रातृत्वका आधारमा आपसी सौहार्दता र सामञ्जस्यपूर्ण सम्बन्धको स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनु पर्ने भएकोले अब बन्ने नयाँ संविधानको भाग चार राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत "राज्यका निर्देशक सिद्धान्त" शीर्षकमा प्रस्तुत प्रावधान समावेश |

| | | | |
|---|---|---|---|
| | | | गर्न प्रस्ताव गरिएको छ । |
| राज्यका नीतिहरु | (१) **देशको सन्तुलित विकासका लागि आर्थिक लगानी, उत्पादन र उत्पादन सम्बन्धको न्यायोचित वितरण एवं स्थानीय श्रम, सीप, क्षमता र दक्षताको पूर्ण उपयोग गरी सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्र र अवस्थाका व्यक्तिको शिक्षा, स्वास्थ्य, यातायात, आवास, खाद्यान्न र रोजगारी जस्ता आधारभूत कुराहरु प्रदान गरी नागरिकको मर्यादित जीवन बांच्न पाउने हक सुनिश्चित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।** | संविधानको भाग चार राज्यका नीति | देशको सन्तुलित विकासका लागि आर्थिक लगानी, उत्पादन र उत्पादन सम्बन्धको न्यायोचित वितरण एवं स्थानीय श्रम, सीप, क्षमता र दक्षताको पूर्ण उपयोग गरी सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्र र अवस्थाका व्यक्तिको शिक्षा, स्वास्थ्य, यातायात, आवास, खाद्यान्न र रोजगारी जस्ता आधारभूत आवश्यकता पूरा गरी नागरिकको मर्यादित जीवन बांच्न पाउने हकलाई सुनिश्चित गर्ने नीति राज्यले अवलम्बन गर्नु पर्ने भएकोले अब बन्ने नयाँ संविधानको भाग चार राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत "राज्यका नीतिहरु" शीर्षकमा प्रस्तुत प्रावधान समावेश गर्न प्रस्ताव गरिएको छ । |

# अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र सम्बन्धी प्रतिवेदन, २०६६

**संविधानसभा**

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति

संविधानसभा सचिवालय

सिंहदरबार, काठमाण्डौ, नेपाल

बैठक नं २२
मिति : २०६६।१।१६
समय : बिहान ८ बजे।

संविधानसभा, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको बैठक समितिका सभापति माननीय श्री लालबाबु पण्डित ज्यूको सभापतित्व मा बस्यो। उक्त बैठकमा देहायका मा० सदस्यहरूको उपस्थितिमा निम्नानुसार को निर्णय भयो।

उपस्थिति

१. मा० श्री अमिलाल आगाउ
२. मा० श्री इश्वरी न्यौपाने
३. मा० श्री इन्द्र बहादुर गुरुङ
४. मा० श्री उमा गुरुङ
५. मा० श्री ओम प्रकाश यामी
६. मा० श्री कलावती देवी दुसाध
७. मा० श्री कविताकुमारी सरदार
८. मा० श्री कृष्ण कुमारी परियार
९. मा० श्री कुल प्रसाद नेपाल
१०. मा० श्री कृष्ण बहादुर गुरुङ
११. मा० श्री खेम बहादुर कुँवर
१२. मा० श्री गोकर्ण राई
१३. मा० श्री गोविन्द राम पुन
१४. मा० श्री चन्द्रलाल मेचे
१५. मा० श्री चुन बहादुर थापा
१६. मा० श्री जुन कुमारी रोका (ओली)
१७. मा० श्री तिलक परियार
१८. मा० श्री दुर्गा अपत्री राई
१९. मा० श्री देवेन्द्र प्रसाद पटेल
२०. मा० श्री पदमलाल विश्वकर्मा
२१. मा० श्री पासाङ शेर्पा (संखुवासभा)
२२. मा० श्री पार्वती महतो (कुमाल)
२३. मा० श्री पुरन राना थारु
२४. मा० श्री पुरन सिंह दमाई
२५. मा० श्री फुलमति देवी चौधरी
२५. मा० श्री बाबुलाल पासवान
२६. मा० श्री बिक्रम विमाल
२७. मा० श्री भीमराज चौधरी राजवंशी
२८. मा० श्री माया चेपाङ
२९. मा० श्री मालामती देवी राना

३०. मा० स० मुहम्मद रिजवान

३१. मा० स० मोहन बहादुर खत्री

३२. मा० स० मोहम्मदी सिद्दिकी

३३. मा० स० रामलती जोशी

३४. मा० स० बविता देवी ओलि

३५. मा० स० बिमाकुमारी कार्की

३६. मा० स० शान्ति जिरेल

३७. मा० स० शान्ति देवी राजवंशी

३८. मा० स० शिवनारायण उराव

३९. मा० स० शेरबहादुर पहरी

४०. मा० स० शकुन्तला लेप्चा

४१. मा० स० सल द्दिन मुसलमान

४२. मा० स० पुरन सिंह बयल — दोहरिएको

आजको बैठकमा देहाय बमोजिमको निर्णयहरु गरियो।

१. बैठकमा उपसमितिद्वारा प्रस्तुत अवधारणामाथी विस्तृत छलफल गरियो र सामान्य संसोधन सहित सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो।

२. मिति २०६६।२।७ गते बिहान ८ बजे बस्ने बैठकमा समितिद्वारा गठित उपसमितिद्वारा प्रस्तुत मस्यौदा प्रतिवेदन र अनुसूची सम्बन्धमा छलफल गर्ने निर्णय गरियो।

३. समितिको अर्को बैठक २०६६।२।७ गते बिहान ८ बजे बस्ने गरी स्थगित भयो।

# भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाली जनतालाई आफ्नो संविधान आफैं बनाउन पाउने आधारभूत अधिकारको प्रत्याभूति प्रदान गरेको छ । यसै अधिकारको सुनिश्चितताका लागि संविधानको धारा ६३ बमोजिम संविधानसभाको गठन भै संविधानसभाद्वारा निर्मित संविधानसभा नियमावलीको नियम ६६(२) अनुसार यस समिति गठन भएको छ । यस नियमावली,२०६५ को नियम ६६(२) बमोजिम समितिलाई देहाय बमोजिमको कार्यक्षेत्र तोकिएको छ ।

- अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परिभाषा,
- पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जात, जाति लगायतका वर्ग र समुदायको पहिचान,
- अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्था,
- राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु, र
- समितिको कार्यक्षेत्रसंग सम्बन्धीत अन्य आवश्यक कुराहरु ।

संविधानसभा नियमावली,२०६५ को नियम ७३ (घ) ले उपरोक्तानुसारको समितिको कार्यक्षेत्रभित्र रही अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा तयार गरी प्रतिवेदन संविधानसभामा पेश गर्ने जिम्मेवारी समितिलाई दिए बमोजिम सम्मानित सदनमा यो प्रतिवेदन पेश गरिएको छ ।

उपरोक्तानुसार कार्य सम्पादन गर्ने सिलसिलामा समितिको कार्यक्षेत्रभित्रका विषयमा कार्य गर्ने संस्था, विशेषज्ञ एवं सरोकारवाला व्यक्तिहरुको धारणा बुझ्ने, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सन्दर्भ सामग्रीहरुको अध्ययन र अनुसन्धान गर्ने, समितिबाट निर्धारित प्रश्नावलीका माध्यम समेतबाट जनताको राय, सुझाव लिने, अध्ययन, विश्लेषण गर्ने, संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको धारणा बुझ्ने, नेपाल सरकार र तत्कालिन ने.क.पा. माओवादीका वीच भएको विस्तृत शान्ति सम्झौता लगायतका सम्झौताहरुको अध्ययन गर्ने समेतका कार्यहरु सम्पन्न गरिएका थिए ।

अवधारणापत्र एवं प्रारम्भिक मस्यौदा तयार गर्ने प्रयोजनका लागि **अवधारणापत्र तयारी उपसमिति, प्रारम्भिक मस्यौदा तयारी उपसमिति जनताको राय सुझाव अध्ययन, विश्लेषण सम्बन्धी कार्यदल** एक गठन गरिएको थियो । अवधारणापत्र समितिले विभिन्न प्रतिनिधिमूलक संघ, संस्था र सरोकारवाला व्यक्ति एवं संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरुका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गरी दुईवटा छुट्टा छुट्टै अन्तक्रिया समेत सम्पन्न गरेको थियो । उपरोक्त सबै प्रंक्रिया र सुझावका आधारमा अवधारणापत्र माथि व्यापक छलफल गरी सर्वसम्मतिबाट अवधारणापत्र

पारित गरिएको थियो । यसरी नै समितिको प्रारम्भिक मस्यौदा सम्वन्धी उप-समितिद्वारा प्रस्तुत मस्यौदा माथि विस्तृत रुपमा छलफल गरी सर्वसम्मतिबाट प्रारम्भिक मस्यौदा प्रतिवेदन पारित गरिएको थियो ।

समितिको कार्यक्षेत्रभित्रका विषयहरु नेपालको सन्दर्भमा अत्यन्त नविन एवं जटिल भए पनि समितिका माननीय सदस्यहरु, विशेषज्ञ, सर्वसाधारण जनता, विभिन्न प्रतिनिधिमूलक संघ, संस्था, र तिनमा कार्यरत व्यक्ति, सरोकारवाला व्यक्ति तथा निकाय, राजनीतिक दल एवं सचिवालयमा कार्यरत कर्मचारीहरुको सक्रिय सहयोगका कारण निर्धारित समयभित्रै आफ्नो कार्य सम्पन्न गर्न समिति सफल भएको छ । कार्य सम्पादन गर्ने सन्दर्भमा समिति, मस्यौदा तयारी उप-समिति र अवधारणा पत्र तयारी उप-समितिहरुको गरी जम्मा ३२ पटक बैठक बसेको थियो र सो वैठकको कार्याविधि १९२ घण्टा रहेको थियो । यसरी नै जनताबाट प्राप्त राय, सुझावको प्रशोधन, अध्ययन एवं विश्लेषण गर्ने सन्दर्भ कार्यदलको बैठक १६ पटक बसेको थियो र यसको कार्यावधि १६० घण्टा रहेको थियो ।

समितिको यस कार्यमा सहयोग गर्नुहुने समितिका सबै माननीय सदस्यहरु, समितिमा उपस्थित भई आफ्नो धारणा व्यक्त गर्नु हुने विशेषज्ञ, सर्वसाधारण जनता, प्रतिनिधिमूलक संघ, संस्था र सरोकारवाला व्यक्ति तथा निकाय, राजनीतिक दल, संविधानसभा सचिवालय एवं समिति सचिवालयमा कार्यरत सबै राष्ट्र सेवक कर्मचारी र प्रेसका साथीहरुलाई हार्दिक धन्यवाद प्रदान गर्दछु ।

धन्यबाद !

२०६६ जेष्ठ ८ गते, शुक्रवार

(लाल बाबु पण्डित)
**सभापति**
अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति
**संविधानसभा**

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| भूमिका | अ |
| विषयसूची | इ |

परिच्छेदः एक

प्रारम्भिक

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समितिको गठन | २ |
| १.३ समितिको कार्यक्षेत्र | २ |
| १.४ अवधारणा पत्रको उद्देश्य | ३ |
| १.५ प्रतिवेदनको सीमा | ३ |

परिच्छेदः दुई

सैद्धान्तिक अवधारणा

| | |
|---|---|
| २.१ परिचय | ५ |
| २.२ अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परिभाषा | ९ |
| २.२.१. अल्पसंख्यकको अर्थ र परिभाषा | ९ |
| २.२.२.सीमान्तकृतको अर्थ र परिभाषा | ११ |
| २.२.३.पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको अर्थ र परिभाषा | १३ |
| २.३ अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको पहिचानका आधारहरु | १४ |
| २.३.१. अल्पसंख्यक समुदाय पहिचानका आधारहरु | १४ |
| २.३.२.सीमान्तकृत समुदाय पहिचानका आधारहरु | १७ |
| २.३.३.पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको पहिचानका आधारहरु | १९ |
| २.४ अल्पसंख्यक, सीमान्तकृत, पछाडि पारिएका वा बहिष्करणमा पारिएका | |

समुदायको हक, अधिकार सम्बन्धी विधिशास्त्रिय धारणा २१
२.५. अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायसंग सम्बन्धीत केही आधारभूत सिद्धान्तहरु २५
(क) समान आधार र चासोको सिद्धान्त २५
(ख) समानताको सिद्धान्त २६
(ग) भेदभावरहीतताको सिद्धान्त २७
(घ) सामुहिक पहिचानको सिद्धान्त २८
(ङ) सार्वजनिक जीवनमा सक्रिय सहभागिताको सिद्धान्त २९
(च) समानुपातिक प्रतिनिधित्वको सिद्धान्त २९
(छ) समावेशीकरणको सिद्धान्त ३०
(ज) विशेष संरक्षणको सिद्धान्त ३१
२.६ अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको हक, अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरु ३३
२.७ अन्य देशको संविधानमा भएका अल्पसंख्यक समुदायका अधिकार सम्बन्धि व्यवस्थाहरु ३७
(क) भारतको संविधान, १९५० ३८
(ख) दक्षिण अफ्रिकी संविधान, १९९७ ३८
(ग) स्वीस फेडेरेशनको संविधान,१ जनवरी, २००० ३९
(घ) अल्बानियाको संविधान, १९९१ ४१
(ङ) जनगणतन्त्र चीनको संविधान, १९८२ ४१
२.८ अल्पसंख्यक, सीमान्तकृत, पछाडी पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका समुदायको संरक्षण व्यवस्था ४२
२.८.१ अल्पसंख्यक समुदायको संरक्षण व्यवस्था ४२
२.८.२ सीमान्तकृत र बहिष्करणमा पारिएका समुदायको संरक्षण व्यवस्था ४८
२.९ अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु ५१
२.९.१ समावेशीकरणका स्वरुपहरु ५१
२.९.२ समावेशीकरणका उपायहरु ५५
२.१० अधिकार प्रयोगका सीमाहरु ५९

## परिच्छेद तीन

## निश्कर्ष र सुझाव


| | |
|---|---|
| ३.१ निश्कर्ष | ६२ |
| ३.२ सुझावहरु | ६९ |
| **सन्दर्भ सामग्री** | **७६** |
| **अनुसूची:- १** | **७९** |
| **अनुसूची:- २** | **८०** |
| **अनुसूची:- ३** | **८१** |
| **अनुसूची:- ४** | **८२** |
| **अनुसूची:- ५** | **९९** |
| **अनुसूची:- ६** | **११६** |
| **अनुसूची:- ७** | **१४३** |
| **अनसूची:- ८** | **१४६** |
| **अनुसूची:- ९** | **१५२** |
| **अनुसूची:- १०** | **१६१** |
| **अनुसूची:- ११** | **१६३** |
| **अनुसूची:- १२** | **१६४** |
| **अनुसूची:- १३** | **१६५** |

# परिच्छेदः- एक

## प्रारम्भिक

### १.१ पृष्ठभूमिः

संविधान मूलतः कुनैपनि देशको राज्य व्यवस्था संचालन गर्ने नियमहरुको संग्रह हो । संविधानलाई जनताको हक, अधिकार प्रदान गर्ने अधिकार पत्र (Bill of Rights) का रुपमा पनि लिइन्छ । लिखित संविधान भएको मुलुकमा संविधानलाई मूल कानून भनेर भनिन्छ, किनकी यससंग बाभिने सबै कानूनहरु बाभिएको हदसम्म अमान्य र बदरभागी हुन्छन् । नेपालको संवैधानिक इतिहासलाई हेर्दा बि.सं.२००४ सालको नेपाल सरकार वैधानिक कानूनबाट नेपालको संवैधानिक विकासक्रमको शुरुवात भएको मानिन्छ । नेपाल सरकार वैधानिक कानून २००४ पश्चात वर्तमान अवस्थासम्म आईपुग्दा नेपालमा छ वटा संविधानहरु निर्माण भै सातौं संविधानको निर्माण प्रकृया शुरु भएको पाईन्छ । वर्तमानमा नेपाल राज्य जनताको प्रत्यक्ष सहभागितामा संविधानसभा मार्फत नयां सविधान निर्माणको संघारमा उभिएको छ । यसरी हेर्दा छोटो संवैधानिक इतिहास भएको मुलुक नेपाल संभवतः विश्वमा नै धेरै संविधान निर्माण गर्ने मुलुकहरुको सूचिमा पर्दछ । यसरी संविधान दीगो हुन नसक्नुमा संविधान निर्माणमा आम नेपाली नागरिकहरुको सहभागिता नरहनुका कारण संविधानमा जनताको स्वामित्व स्थापित हुन नसक्नुलाई मान्न सकिन्छ ।

सार्वभौमसत्ताको लोकप्रिय सिद्धान्तका अनुसार सार्वभौमसत्ता जनतामा निहित हुन्छ र सार्वभौम जनता आफ्नो विषयमा जुनसुकै निर्णय गर्न सक्षम मानिन्छन् । संविधानसभा मार्फत संविधान निर्माण संभवतः सार्वभौमसत्ताको प्रयोग गर्ने सबैभन्दा उत्तम उपाय मानिन्छ । नेपालको संवैधानिक इतिहासमा यो सुअवसर नेपाली जनताले यसभन्दा अगाडी कहिल्यै प्राप्त गर्न सकेनन् । फलतः यस अघि निर्माण भएका सबै संविधानहरु असफल सावित भए । पटक पटकका जनसंघर्ष, जनयूद्ध, ऐतिहासिक जनआन्दोलन २०६२/२०६३ एवं मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलन मार्फत नेपाली जनताले आफ्नो लागि आंफै संविधान निर्माण गर्ने इच्छा प्रकट गरे । वर्तमान संविधानसभाको गठन त्यसैको प्रतिफल हो । वर्तमान संविधानसभाका सामु सबै तह र तप्काका नेपाली जनतालाई स्वीकार्य हुने संविधान निर्माणको चुनौती विद्यमान रहेको छ । संविधानसभा नियमावली, २०६५ को नियम ६६(२) बमोजिम गठित यस अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिलाई सबै जात, जाति, भाषा, भाषि, धर्म, सम्प्रदाय, वर्ण, लिंग र क्षेत्रका समुदायका व्यक्तिहरुको हक, अधिकार संरक्षण गरी नेपाललाई वास्तविक रुपमा नयां र समावेशी राज्यका रुपमा रुपान्तरण गर्ने गहन जिम्मेवारी प्राप्त भएको छ ।

विगतमा राज्यको चरित्र असमावेशी रहनुका साथै अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको हक, अधिकार संरक्षणका सन्दर्भमा राज्यका तर्फबाट कुनै गम्भिर प्रयास नभएको कारण ती समुदायहरुको राज्य एवं कानून प्रणालीका प्रति नै वितृष्णा उत्पन्न भएको पाईन्छ । विगतमा

अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायले राज्य एवं कानून प्रणालीलाई आफ्नो सहयोगीका रुपमा भन्दा पनि विपक्षीका रुपमा लिएको कारण समग्र शान्ति, स्थिरता र विकासमा नै यसले नकारात्मक असर परेको पाईन्छ । यसर्थ अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको हक, अधिकारको संरक्षणवाट मात्र वास्तविक रुपमा शान्ति, स्थिरता र विकास प्राप्त हुनुका साथै समावेशी राज्यको निर्माण हुन्छ भन्ने कुरामा पूर्णतः विश्वस्त हुँदै यसलाई आफ्नो मार्ग निर्देशनका रुपमा लिई संविधानसभा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति आफ्नो कार्यक्षेत्रभित्रको विषयमा अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायका व्यक्ति, प्रतिनिधिमूलक संघ, संस्था, सर्वसाधारण नागरिक, विभिन्न सरकारी एवं गैर सरकारी निकाय, एवं सरोकारवाला व्यक्ति र विशेषज्ञहरुबाट प्राप्त राय, सुझावका आधारमा प्रस्तुत अवधारणापत्र तयार गर्नमा सफल भएको छ । यस अवधारणापत्रमा शिफारिस गरिएका हक, अधिकारहरु आगामी संविधानमा समावेश गर्न सकिएमा सबै जात, जाति, धर्म, सम्प्रदाय, संस्कृति, भाषा, भाषी, लिंग रं क्षेत्रका समुदायका व्यक्तिहरुको हक, अधिकार सुनिश्चित भै वास्तविक रुपमा समावेशी नयां नेपालको निर्माण हुन सक्ने कुरामा समिति पूर्णतः विश्वस्त छ ।

**१.२ समितिको गठनः**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ बमोजिम गठित संविधानसभाबाट निर्मित संविधानसभा नियमावली, २०६५ को नियम ६६(२) बमोजिम प्रस्तुत अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको गठन भएको हो । यस समितिका सदस्यहरुको नामावली अनुसूचि १ मा उल्लेख गरिएको छ ।

**१.३ समितिको कार्यक्षेत्रः**

संविधानसभा नियमावली,२०६५ को नियम ६६(२) बमोजिम समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ ।

- अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परिभाषा,
- पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जात, जाति लगायतका वर्ग र समुदायको पहिचान,
- अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्था,
- राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु, र
- समितिको कार्यक्षेत्रसंग सम्बन्धीत अन्य आवश्यक कुराहरु ।

संविधानसभा नियमावली,२०६५ को नियम ७३ (घ) बमोजिम नियम ६६(२) मा तोकिएका समितिको कार्यक्षेत्रको परिधिभित्र रही अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा तयार गरी प्रतिवेदन सहित संविधानसभामा पेश गर्ने कार्यादेश समेत समितिलाई रहेको छ ।

### १.४ अवधारणापत्रको उद्देश्यः

संविधानसभा नियमावली,२०६५ को नियम ६६(२) बमोजिम समितिको कार्यक्षेत्रभित्रका विषयमा ऐजन नियमावलीको नियम ७३(घ) बमोजिम तयार गरिएको प्रस्तुत अवधारणापत्रको मुख्य: उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- प्रस्तुत अवधारणापत्रले समितिको कार्यक्षेत्रभित्रका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना, तथ्यांक लगायतका जानकारी उजागर गरी सामान्य नागरिक लगायत जुनसुकै व्यक्ति, निकाय र संस्थालाई पर्याप्त ज्ञान हासिल गर्न सक्षम बनाउने छ,
- प्रस्तुत अवधारणापत्रले समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुका बारेमा समितिको धारणा स्पष्ट पार्नेछ, र
- प्रस्तुत अवधारणापत्रले समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुका बारेमा नयां बन्ने संविधानमा समावेश गर्नुपर्ने संवैधानिक प्रावधानहरुको मस्यौदा गर्नका लागि समितिलाई मार्गनिर्देश गरी सहयोग गर्नेछ ।

### १.५ प्रतिवेदनका सीमाः

समितिको प्रतिवेदन संविधानसभा नियमावली, २०६५ को नियम ६६(२) बमोजिम समितिलाई प्राप्त कार्यक्षेत्रभित्रका विषयमा सिमित रहेको छ । समितिलाई आफ्नो कार्यक्षेत्रभित्रको विषयमा अवधारणापत्र एवं प्रारम्भिक मस्यौदा तयार गरी प्रतिवेदन सहित संविधानसभामा पेश गर्नका लागि करीव पांच महिनाको समय उपलब्ध भएको थियो । समितिको कार्यक्षेत्रका विषय अत्यन्त नविन एवं जटिल रहेका थिए । समितिको कार्यक्षेत्रभित्रका विषयमा सन्दर्भ सामग्रीहरुको पनि उत्तिकै अभाव रहेको थियो । यिनका बाबजुद समितिको कार्यक्षेत्रभित्रका विषयमा सर्व साधारण जनता, प्रतिनिधिमूलक संघ, संस्था, सरोकारवाला व्यक्ति र निकाय एवं विषय विशेषज्ञ समेतबाट राय, सुझाव संकलन गरी प्राप्त राय, सुझावको अध्ययन एवं विश्लेषणका आधारमा निर्धारित समयावधीभित्र अवधारणापत्र तयार गर्ने कार्य अत्यन्त चुनौतिपूर्ण रहेको थियो । अत: समितिलाई प्राप्त समय अवधीभित्र संभव भएसम्म समितिको कार्यक्षेत्रभित्रका विषयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सन्दर्भ सामग्रीहरुको खोजी, अध्ययन, अनुसन्धान तथा सर्व साधारण जनता, प्रतिनिधिमूलक संघ, संस्था, सरोकारवाला व्यक्ति वा निकाय र विषय विशेषज्ञहरुबाट समेत बढी भन्दा बढी राय, सुझाव लिई ती राय, सुझावको अध्ययन तथा विश्लेषणका आधारमा प्रस्तुत अवधारणापत्र तयार गरिएको छ ।

### १.६ सूचना तथा तथ्यांक संकलनका पद्दतिः

प्रस्तुत अवधारणापत्र तयार गर्दा सूचना एवं तथ्यांक संकलनका व्यवहारिक (Non-Doctrinal or empirical) र सैद्धान्तिक (Doctrinal) दुवै पद्दतीको अनुशरण गरिएको छ । व्यवहारिक पद्दती अन्तर्गत समितिको कार्यक्षेत्रभित्रका विषयहरुमा सरोकारवाला व्यक्ति, निकाय, संघ, संस्थाहरुसंग विभिन्न सन्चार माध्यमहरु मार्फत सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गर्नुका अतिरिक्त समितिबाट सोझै पत्राचार गरी राय, सुझाव लिने, समितिको कार्यक्षेत्रभित्रका विषयमा निरन्तर कार्यरत विभिन्न विषयका

विशेषज्ञहरुलाई समितिमा आमन्त्रण गरी धारणा बुझ्ने, समितिवाट निर्धारित प्रश्नावलीका माध्यम मार्फत सर्वसाधारण नागरिक लगायत अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुसंगबाट राय, सुझाव लिने लगायतका सूचना तथा तथ्यांक संकलनका प्राथमिक श्रोतको उपयोग गरिएको थियो । यसरी नै सैद्धान्तिक पद्दती अन्तर्गत समेत सूचना संकलनका प्राथमिक एवं द्वितीय दुवै श्रोतको उपयोग गरिएको थियो । प्राथमिक श्रोत अन्तर्गत मानव अधिकार, अल्पसंख्यक एवं आदिवासी जनजाति सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको खोजी र अध्ययन्, विभिन्न मुलुकहरुको संविधानमा रहेका अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार सम्बन्धी व्यवस्थाहरु, नेपालका पूर्व एवं विद्यमान संविधान र सम्बन्धीत ऐनहरुको खोजी एवं अध्ययन् गरी सूचना तथा तथ्यांक संकलन गरिएको थियो । यसका साथै संविधानसभा निर्वाचनमा विभिन्न राजनीतिक दलहरुका तर्फबाट जारी गरिएका घोषणापत्र, नेपाल सरकार र विभिन्न राजनीतिक दल एवं अन्य संघ, संस्थाहरुका वीच भएका विस्तृत शान्ति सम्झौता लगायतका विभिन्न सम्झौताहरुको पनि अध्ययन गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरिएको थियो । यसरी नै इन्टरनेटका माध्यमबाट समेत अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायसंग सम्बन्धीत साहित्यहरुको खोजी एवं अध्ययन गरी सूचना तथा तथ्यांक संकलन गरिएको थियो । सैद्धान्तिक पद्दती अन्तर्गत द्वितीय श्रोत मार्फत सूचना तथा तथ्यांक संकलन गर्ने क्रममा उपत्यकाभित्र रहेका विभिन्न पुस्तकालयहरुमा उपलव्ध समितिको कार्यक्षेत्रभित्रका विषयहरुसंग सम्वन्धीत पुस्तक, पत्र, पत्रिका, जर्नल, पूर्व अध्ययन् आदिको खोजी एवं अध्ययन गरी सूचना तथा तथ्यांक संकलन गरिएको थियो । यसरी संकलित सूचना तथा तथ्यांकहरुको व्याख्या एवं विश्लेषण गरी सो को आधारमा समितिले प्रस्तुत अवधारणापत्र तयार गरेको हो । यस अवधारणापत्र तयार गर्ने क्रममा समितिले ऐतिहासिक, विवरणात्मक र विश्लेषणात्मक पद्दतीहरुको पनि आवश्यकतानुसार उपयोग गरेको छ ।

## परिच्छेदः- दुई

### सैद्धान्तिक अवधारणा

**२.१ परिचयः**

मानिस एक चेतनशील एवं राजनीतिक प्राणी हो । मानिसलाई मानिस भएर बांच्न केही आधारभूत अधिकारहरुको आवश्यकता हुन्छ । मानिसलाई मानिस भएर बांच्नका लागि आवश्यक यि अधिकारहरुलाई मानव अधिकार भनेर भनिन्छ । यि अधिकारहरु मानिसको जीवन, स्वतन्त्रता, समानता, प्रतिष्ठा र मर्यादासंग सम्बन्धित हुन्छन् । यि आधारभूत मानव अधिकारहरुको अभावमा मानिस र अन्य प्राणीका वीचमा कुनै फरक रहँदैन । तसर्थ मानव अधिकार मानिस र अन्य प्राणीका वीच रहेको विभेदलाई छुट्याई मानिसलाई वास्तविक अर्थमा मानिस भएर वांच्नका लागि अति नै आवश्यक मानिन्छन् । मानिसका यि अधिकारहरु जन्मसिद्ध, सर्वमान्य, अविभाजित, अपरिहार्य एवं प्राकृतिक अधिकारहरु हुन् र मानविय मूल्य र मर्यादासंग सम्बन्धित रहेका हुन्छन् । विश्वव्यापकता (Universality), अहरणिय (Inalienability), अविभाजित (Indivisibility), अन्तर-सम्बन्धितता (Inter-relatedness), भेदभावरहितता (Non- discrimination) र समानता (Equality) मानव अधिकारका आधारभूत सिद्धान्तहरु हुन् । मानिसलाई मानिस भएर बांच्नका लागि आवश्यक यी आधारभूत अधिकारहरुलाई देहाय बमोजिम वर्गिकरण गरी प्रस्तुत गर्न सकिन्छ ।

**(क) नागरिक तथा राजनीतिक अधिकार :**

मानिसलाई मानिस भएर बांच्नका लागि केही खास नागरिक तथा राजनीतिक अधिकारहरुको आवश्यकता पर्दछ । मानव अधिकार सम्वन्धी विश्वव्यापि घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights, 1948) एवं नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ (International Covenant on Civil and Political Rights, 1966) मा उल्लेखित यी नागरिक तथा राजनीतिक अधिकारहरु देहाय बमोजिम छन् ।

- जीवनको अधिकार,
- यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजांय विरुद्धको अधिकार,
- दासत्व विरुद्धको अधिकार,
- शोषण विरुद्धको अधिकार,
- वैयक्तिक स्वतन्त्रताको अधिकार,
- विचार तथा अभिव्यक्तिको स्वतन्त्रता,
- शान्तिपूर्ण भेला हुने स्वतन्त्रता,
- संघ र संस्था खोल्न पाउने स्वतन्त्रता,

- फौज्दारी न्याय सम्बन्धि अधिकार,
- राष्ट्रभित्र वसोबास र आवत जावत गर्ने अधिकार,
- सुरक्षाको अधिकार,
- समानताको अधिकार,
- राष्ट्रियताको अधिकार,
- भेदभाव विरुद्धको अधिकार,
- सक्षम, स्वतन्त्र र निश्पक्ष न्यायिक सुनुवाईको अधिकार,
- सूचनाको अधिकार,
- निशुल्क कानूनी सहायताको अधिकार,
- गोपनियताको अधिकार,
- धार्मिक स्वतन्त्रताको अधिकार,
- परिवारमा बस्न पाउने अधिकार,
- आंफूले रोजेको व्यक्तिसंग बिवाह गर्ने स्वतन्त्रता,
- राजनीतिक व्यवस्थाको चयन र राजनीतिक जीवनमा सहभागी बन्न पाउने स्वतन्त्रता आदि ।

**(ख) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार:**

मानिसलाई मानिस भएर बांच्नका लागि उल्लेखित नागरिक तथा राजनीतिक अधिकारहरुका अलावा अन्य आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको पनि उत्तिकै आवश्यकता पर्दछ । मानव अधिकार सम्बन्धी विश्वव्यापि घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights, 1948), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ (International Covenant on Civil and Political Rights, 1966) एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Economic, Social and Cultural Rights, 1966) मा उल्लेखित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु देहाय बमोजिम छन् ।

- रोजगारीको अधिकार,
- सम्पत्तिको अधिकार,
- समान कामका लागि समान ज्यालाको अधिकार,
- स्वतन्त्रतापूर्वक पेशा, व्यवसाय गर्न र छान्न पाउने अधिकार,

- ट्रेड यूनियनको अधिकार,
- बिदाको अधिकार,
- आरामको अधिकार,
- अन्य व्यक्ति सरह समाजमा वस्न पाउने अधिकार,
- सामाजिक सुरक्षाको अधिकार,
- सामाजिक कार्यमा सहभागी वन्न पाउने अधिकार,
- भोकबाट मुक्तिको अधिकार,
- स्वास्थ्यको अधिकार,
- आवासको अधिकार,
- शिक्षाको अधिकार,
- सांस्कृतिक जीवनमा सहभागी बन्न पाउने अधिकार,
- वैज्ञानिक प्रगति तथा सो को फाईदाको उपभोग गर्न पाउने अधिकार आदि ।

मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले मानिसका यी आधारभूत अधिकारहरु मानिसले केवल मानिस भएको कारणबाट प्राप्त गर्ने भएकोले जुनसुकै स्थानमा रहे, बसेका मानिसले समान रुपमा प्राप्त गर्ने र कुनै पनि मानिसलाई यि अधिकारहरु प्राप्त गर्नबाट बन्चित गर्न नसकिने कुरामा जोड दिएका छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ (Universal Declaration of Human Rihgts, 1948) को धारा १ मा सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् भनिएको छ । यसरी नै धारा २ मा जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरुको अधिकार हुने कुरा उल्लेख गरिएको छ ।

यसरी हेर्दा मानिसलाई मानिस भएर वांच्नका लागि आवश्यक यी आधारभूत अधिकारहरुको प्रयोगमा कुनै पनि किसिमको भेदभाव र असमानता गर्न पाईदैन । जुनसुकै जात, जाति, भाषा, धर्म, वर्ण, लिंग, क्षेत्र र सम्प्रदायको धनी वा गरीब जुनसुकै व्यक्ति जहांसुकै जन्मी हुर्किएको भएपनि र जस्तोसुकै संख्यात्मक (बहुसंख्यक वा अल्पसंख्यक) अवस्थामा रहेको भएपनि उल्लेखित आधारभूत अधिकारहरुको समान हकदार हुन्छ ।

मानिसलाई आफ्नो मौलिक पहिचान सहित वास्तविक अर्थमा मानिस भएर बांच्नका लागि केही खास आधारभूत मानव अधिकारहरुका अलावा अन्य केही जातीय, धार्मिक, सामाजिक, भाषिक र सांस्कृतिक अधिकारहरु पनि उत्तिकै आवश्यक हुन्छन् । यस कुरालाई मानव अधिकार संबन्धी

अन्तर्राष्ट्रिय दस्तावेजहरुले पनि समान रुपमा जोड दिएका छन् । यी अधिकारहरुको प्राप्तीबाट मात्र कुनैपनि व्यक्ति वास्तविक रुपमा आफ्नो मौलिक पहिचान सहित मानिस भएर बांच्न सक्दछ । आधारभूत मानव अधिकारहरु जुनसुकै व्यक्तिले केवल मानिस भएको नाताले प्राप्त गर्ने भएपनि यी जातीय, धार्मिक, भाषिक तथा सांस्कृतिक अधिकारहरु व्यक्तिले उक्त जातीय, धार्मिक, भाषिक तथा सांस्कृतिक समूह वा समुदायको सदस्य भएको नाताबाट प्राप्त गर्दछ । यसरी हेर्दा व्यक्तिलाई दुई किसिमका अधिकारहरु प्राप्त हुन्छन्: पहिलो, केवल मानिस भएको नाताबाट प्राप्त हुने केहि आधारभूत मानव अधिकार र दोश्रो, कुनै जातीय, धार्मिक, सामाजिक, भाषिक, सांस्कृतिक वा उत्पीडित क्षेत्र लगायतका समुदायको सदस्य भएको कारणबाट प्राप्त हुने जातीय, धार्मिक, सामाजिक, सांस्कृतिक लगायतका अधिकार । कुनै जातीय, धार्मिक, सामाजिक, भाषिक र सांस्कृतिक लगायतका समुदायको सदस्य भएको कारणबाट प्राप्त हुने व्यक्तिका यी जातीय, धार्मिक, सामाजिक, भाषिक र सांस्कृतिक लगायतका अधिकारहरु अल्पसंख्यक समुदायसंग सम्वन्धीत अधिकारहरु हुन् । प्रकृतिका आधारमा यी अधिकारहरु सामुहिक अधिकार (Collective Rights) मानिन्छन् । अर्थात यी अधिकारहरु प्राप्त गर्नका लागि कुनै निश्चित समूह वा समुदायको सदस्य हुनु पर्दछ । कुनै निश्चित समूह वा समुदायका व्यक्तिले मात्र यि अधिकारहरु वैयक्तिक वा सामुहिक जुनसुकै रुपमा उपभोग गर्न सक्दछन् । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Civil and Political Rights, 1966) को धारा २७ मा सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरु विद्यमान रहेका राष्ट्रहरुमा त्यस्ता अल्पसंख्यकका व्यक्तिहरुलाई आफ्ना समुहका अन्य सदस्यहरुसंग मिलि आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट बन्चित गरिने छैन भनिएको छ ।

राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धी घोषणा पत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) मा पनि व्यक्तिको आधारभूत मानव अधिकार, मुल्य र मर्यादा, महिला र पुरुष एवं बहुसंख्यक र अल्पसंख्यकको समान अधिकारप्रतिको आस्थालाई पूर्नपुष्टि गर्दै, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २७ मा व्यवस्थित जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिलाई प्राप्त अधिकारहरुबाट प्रेरित हुंदै, राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिलाई प्राप्त अधिकारहरुको संरक्षण र सम्वर्धनले ऊनिहरुको देशको राजनैतिक र सामाजिक स्थायित्वलाई योगदान गर्ने कुरालाई स्वीकार्दै, राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिलाई प्राप्त अधिकारहरुले प्रजातान्त्रिक संयन्त्रभित्र कानूनको शासन र सम्पूर्ण समाज विकासको एक अभिन्न अंग एवं राष्ट्र र जनताहरु वीचको मित्रता र सहयोगलाई योगदान दिने कुरामा जोड दिंदै, धारा १ मा राज्यहरुले आफ्नो राज्य क्षेत्रभित्र अल्पसंख्यकहरुको अस्तित्व र राष्ट्रिय वा जातीय, सांस्कृतिक, धार्मिक र भाषिक पहिचानको संरक्षण गर्नेछन्, साथै उक्त पहिचानको प्रवर्धन गर्ने अवस्थालाई प्रोत्साहन गर्नेछन् भन्ने उल्लेख छ । उक्त घोषणापत्रमा अल्पसंख्यक समुदायका व्यक्तिहरुका लागि आवश्यक विस्तृत अधिकारहरुको उल्लेख गरिएको छ । मानव अधिकार सम्वन्धी प्राय: सबै दस्तावेजहरुले आर्थिक,

सामाजिक, राजनैतिक, शैक्षिक एवं रोजगारी जस्ता आधारमा पिछडिएका वा पछाडी पारिएका सीमान्तकृत समुदायका व्यक्तिहरुका लागि राज्यले विशेष व्यवस्था मार्फत उनिहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि पृथक कार्य गर्नुपर्ने कुरामा पनि समान रुपमा जोड दिएका छन् ।

नेपालले मानव अधिकार सम्बन्धी मुख्य दस्तावेजहरु (Principal Bill of Human Rights) एवं छ मुख्य महासन्धीहरु (Six Core Conventions) लगायत धेरै मानव अधिकार सम्बन्धी महासन्धीहरुको अनुमोदन एवं सम्मीलन गरी पक्ष राष्ट्र बनिसकेको सन्दर्भमा यी महासन्धीहरुमा उल्लेखित व्यवस्थाहरु आफ्ना नागरिकलाई प्रदान गर्ने दायित्व ग्रहण गरेको छ । यसै सन्दर्भमा जनताको सहभागितामा संविधानसभा मार्फत राष्ट्रको नयां संविधान निर्माण गर्दा राष्ट्रले आफ्ना नागरिकहरुलाई प्रदान गर्ने दायित्व लिएका यी सबै आधारभूत मानव अधिकार एवं २१ औं शताव्दी सुहाउंदो सभ्य नागरिक समाज निर्माण गरी अन्तर्राष्ट्रिय जगतमा मुलुकको विशिष्ट छवि कायम गर्न आवश्यक अन्य सबै अधिकारहरु नागरिकहरुले प्राप्त गर्ने कुराको सुनिश्चितता गरिनु पर्दछ भन्ने कुरामा संविधानसभा, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको विशेष जोड रहेको छ ।

## २.२ अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परिभाषा :

### २.२.१. अल्पसंख्यकको अर्थ र परिभाषाः

"अल्पसंख्यक" शव्द संस्कृत शव्द हो । यसको अर्थ "थोरै संख्या भएको वा गन्दा थोरै हुने"[1] भन्ने हुन्छ ।

Webster's International Dictionary मा Minority शव्दको अर्थ "The smaller in number of two groups that together constitute a larger entity"[2] भनी दिएको पाईन्छ ।

यसरी नै Oxford English Dictionary मा Minority शव्दको अर्थ "A small group of people differing from the rest of a community in ethnic- origin, religion, language, or culture; a member of such a group[3]" भनी दिईएको पाईन्छ ।

नेपाली बृहत शव्दकोषमा "अल्पसंख्यक समुदाय" को अर्थ पाईदैन । Webster's International Dictionary मा Minority Group को अर्थ "A group differing from the predominant section of a larger group in one or more characteristics ( as ethnic background, language, culture, or religion) and as a result often subjected to differential treatment and esp. discrimination[4]" भनी दिईएको छ ।

यसरी नै "Minority means;

1. (A) The smaller in number of two groups forming a whole.or

   (B) A group or party having fewer than a controlling number of votes.

---

[1] *नेपाली बृहत शव्दकोष*, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, पूर्नःमुद्रण २०५०, वाराणसी, पृ.८३.
[2] *Webster's Third New International Dictionary*, Merriam- Webster Inc., 1946-1972, Columbia, p.1440.
[3] *The New Shorter Oxford English Dictionary*, Vol.1, Clarendon Press- Oxford, p.1993.
[4] *Supra* Note 2

2. (A) A racial, religious, political, national. Or other group thought to be different from the larger group of which it is part. Or

(B) A group having little power or representation relative to other groups within a society. Or

(C) A member of one of these groups."[5]

अल्पसंख्यकका सम्बन्धमा कुनै आधिकारीक परिभाषा पाईंदैन । यस सम्बन्धमा प्राप्त केही परिभाषाहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

"A group numerically inferior to the rest of the population of a State, in a non-dominant position, whose members – being nationals of the State - possess ethnic, religious or linguistic characteristics differing from those of the rest of the population and show, if only implicitly, a sense of solidarity, directed towards preserving their culture, traditions, religion or language".[6]

"A group of citizens a State, constituting a numerical minority and in a non-dominant position in that State, endowed with ethnic, religious or linguistic characteristics which differ from those of the majority of the population, having a sense of solidarity with one another, motivated, if only implicitly, by a collective will to survive and whose aim is to achieve equality with the majority in fact and law".[7]

"A minority or subordinate group is a sociological group that does not constitute a politically dominant voting majority of the total population of a given society. A sociological minority is not necessarily a numerical minority — it may include any group that is subnormal with respect to a dominant group in terms of social status, education, employment, wealth and political power."[8]

समाजशास्त्री डा.कृष्णबहादुर भट्टचनका अनुसार अल्पसंख्यक समुदायको पहिचान गर्दा प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गको पहिचान गरेर गर्नुपर्दछ । यसो गर्दा प्रभुत्वशाली वर्ग बहुसंख्यक र अधीनस्थ वर्ग अल्पसंख्यक मानिन्छ । यसरी हेर्दा राज्यको मूलधारमा समावेश हुन नसकेका जात, जाति, लिंग, सम्प्रदाय, संस्कृति, भाषा, धर्म अल्पसंख्यक मानिन्छन् [९]।

समाजशास्त्री डा.सुमित्रा मानन्धरका अनुसार नेपालको सन्दर्भमा हेर्दा शक्तिमा पहुंच नभएका र राजनैतिक, सामाजिक, शैक्षिक र सांस्कृतिक रुपमा पिछडिएका जात, जाति, भाषा, धर्म र क्षेत्रका व्यक्ति, समूह वा समुदायलाई अल्पसंख्यक भन्न सकिन्छ [10]।

---

[5] *www.answers.com/topic/minoriyt# Dictionary.*

[6] Special Rapporteur Francesco Capotorti, Study on the Rights of Persons belonging to Ethnic, Religious and Linguistic Minorities, UN Document E/CN.4/Sub.2/384/Add.1-7, 1977.

[7] Mr. Jules Deschênes, 1985, Proposal concerning a definition of the term "minority", UN Document E7CN.4/Sub.2/1985/31,1985.

[8] *http://en.wikipedia.org/wiki/minority*

[9] समितिको आमन्त्रणमा मिति २०६५।९।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[10] समितिको आमन्त्रणमा मिति २०६५।९।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

संविधानविद् डा.भिमार्जुन आचार्यका अनुसार अल्पसंख्यकको परिभाषा गर्दा धेरै दृष्टिकोणहरुबाट गर्न सकिने हुन्छ जस्तो, समाजशास्त्रीय दृष्टिकोण, मानवशास्त्रिय दृष्टिकोण, राजनीतिशास्त्रीय दृष्टिकोण र कानुनी वा संवैधानिक दृष्टिकोण आदि । यसर्थ यसको परिभाषामा एकरुपता पाउन सकिंदैन । भारतिय संविधानले पनि अल्पसंख्यकको परिभाषा गरेको छैन । सन् १९५८ को *Kerala Education Bill* मा भारतिय सर्वोच्च अदालतले अल्पसंख्यकको परिभाषा गरेको पाईन्छ । यसका अनुसार कुनै राज्यभित्र रहेको सम्पूर्ण जनसंख्याको ५० प्रतिशत भन्दा कम जनसंख्याले मान्ने धर्म र बोल्ने भाषालाई अल्पसंख्यक मान्नुपर्ने हुन्छ [11]।

अधिवक्ता कुन्साङ लामाका अनुसार अल्पसंख्यक भन्नाले अल्पसंख्यामा रहेको, कम संख्यामा रहेको वा संख्यात्मक हिसावले अरुको तुलनामा कम संख्यामा जनसंख्या रहेको जातीय समूहलाई नै अल्पसंख्यक भन्ने गरिन्छ । जनजाति र अल्पसंख्यक कतिपय अवस्थामा पर्यायवाचि जस्तो देखिएतापनि यि दुई बीचमा भिन्नता पाईन्छ । जनजाति पहिचानसंग जोडिएको शब्द हो भने अल्पसंख्यक संख्यासंग जोडिएको विषय हो । अल्पसंख्यक जनजाति वा गैर जनजाति दुवै हुन सक्छ [12].

अधिकारकर्मी ज्योति दनुवारका अनुसार अरु समुदायबाट सामुदायिक रुपमा नै विभेदमा परेका, आर्थिक, प्रशासनिक, सामाजिक, राजनैतिक हैसियतमा कमजोर, सामाजिक, भाषिक र साँस्कृतिक रुपले एकवद्ध पहिचान राख्ने, राज्यसत्तामा पहुँच नभएको शासित समुदाय अल्पसंख्यक हो । संख्यात्मक रुपमा कम भएकोलाई मात्र आधार मानी यसको परिभाषा गर्न सकिन्न [13]।

समाजशास्त्री डा.चैतन्य सुव्वाका अनुसार शारिरीक, जातीय वा साँस्कृतिक कारणले बेग्लै व्यवहार गरिएको र विभेदमा पारिएको कारणले शक्ति र स्रोतमा कमजोर पहुँच भएको समूह नै अल्पसंख्यक समुह हो । केवल संख्याको आधारमा मात्र अल्पसंख्यक छुट्याउनु उचित हुँदैन [14]।

अधिकारकर्मी दुर्गा सोवका अनुसार सत्ता, संपत्ति र शिक्षाबाट विमुख वा पछाडी पारिएका समुदायलाई अल्पसंख्यक समुदाय भनेर भन्न सकिन्छ[15] ।

अधिकारकर्मी खिम घलेका अनुसार अल्पसंख्यकका सम्बन्धमा सवैलाई स्वीकार्य हुने परिभाषा पाँइदैन [16]।

**२.२.२.सीमान्तकृतको अर्थ र परिभाषा :**

"सीमान्तकृत" शव्द सीमान्त शव्दबाट वनेको हो । "सीमान्त" शव्द संस्कृत शव्द हो जसको अर्थ "सीमाको आखिरमा रहेको ठाउं" वा "सीमाको अन्त"[17] भन्ने हुन्छ । नेपाली वृहत शव्दकोषमा सीमान्तकृत शव्दको अर्थ पाईदैन ।

---

[11] समितिको आमन्त्रणमा मिति २०६५।९।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[12] समितिको आमन्त्रणमा मिति २०६५।९।२० मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[13] समितिको आमन्त्रणमा मिति २०६५।९।२१ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[14] समितिको आमन्त्रणमा मिति २०६५।९।२१ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[15] समितिको आमन्त्रणमा मिति २०६५।९।२७ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[16] समितिको आमन्त्रणमा मिति २०६५।९।२७ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[17] *Supra* Note 1, p.1353.

सीमान्तकृत शव्दको अर्थ अंग्रेजीमा marginal भन्ने हुन्छ । Webster's New Encyclopedia Dictionary का अनुसार "Marginalize" शव्दले "To relegate to a marginal position within a society or group" [18]भन्ने जनाउंछ ।

New Shorter Oxford English Dictionary मा "marginalize" शव्दको अर्थ "Make marginal; remove from the centre; esp. move to the margin of a sphere of activity, make economically marginal, impoverish"[19] भनी दिईएको पाईन्छ ।

सीमान्तकृतका सम्बन्धमा सर्वमान्य परिभापा पाईदैन । यस सम्बनधमा प्राप्त केही परिभाषाहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

"Marginalise means relegate to a lower or outer edge, as of specific groups of people."[20]

"Marginalization is the social process of becoming or being made marginal (to relegate or confine to a lower social standing or outer limit or edge, as of social standing); Marginalizatio involves people being denied degrees of power. Marginalization has the potential to result in severe material deprivation, and in its most extreme form can exterminate groups. Material deprivation is the most common result of marginalization when looking at how unfairly material resources (such as food and shelter) are dispersed in society. Along with material deprivation, marginalized individuals are also excluded from services, programs, and policies."[21]

"Marginalisation or marginalization (US) refers in general to the overt or subvert acts and trends within societies whereby those perceived as lacking function or desirable traits are killed or otherwise excluded from existing systems of protectionism, thereby limiting their means for survival."[22]

राज्यबाट शोषित भएका, दबाईएका, अपहेलित गरिएका वा राज्यको मुलधारबाट निरन्तर रुपमा किनारा लगाईएका वर्ग, जाति, जनजाति र व्यक्ति नै सीमान्तकृत समूह हो । सामान्यतयाः सीमान्तकृत वर्ग भन्नाले सांस्कृतिक, सामाजिक, राजनैतिक तथा आर्थिक प्रणालीबाट किनारा पारिएका वा राज्यको मुलप्रवाहबाट पृथक रहेको अस्थायी अवस्था हो । यस्तो समूह सामान्यतयाः कुनै राजनैतिक, आर्थिक र उन्नतिको अपेक्षित तह समाजको अन्य वर्ग र समुदायको तहभन्दा पछाडि रहेको हुन्छ[23] ।

समाजशास्त्री डा.सुमित्रा मानन्धरका अनुसार सीमान्तकृत समुदाय भन्नाले राष्ट्रको सरदर तथ्यांक भन्दा तलको अवस्थामा रहेका समुदायहरुलाई जनाउंदछ [24]।

---

[18] *Webster's New Encyclopedic Dictionary*, Merriam- Webster Inc., 1993, New York, p.611.
[19] *Supra* Note 2, p.1696
[20] *http://www.answers.com/topic/marginalise.*
[21] *http://en.wikipedia.org/wiki/Marginalization*
[22] *http://en.wikipedia.org/wiki/Talk:Marginalization&w=definition*
[23] भावी संविधानमा सीमान्तकृत वर्गको अधिकार, महिला, कानून र विकास मन्च, प्रकाशन नं. १४०, २०६५, पृ.९
[24] समितिको आमन्त्रणमा मिति २०६५।९।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

संविधानविद् डा.भिमार्जुन आचार्यका अनुसार आर्थिक, सामाजिक, राजनैतिक, रोजगारी र शिक्षामा पछाडि परेको जात, जाति, धर्म, भाषा, वर्ग, क्षेत्र वा समुदायलाई सीमान्तकृत समुदाय भन्न सकिन्छ [25]।

अधिकारकर्मी एवं संविधानविद टेक ताम्राकारका अनुसार आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, एवं रोजगारीमा पछाडि परेको समुदाय सीमान्तकृत समुदाय हो [26]।

अधिकारकर्मी दुर्गा सोवका अनुसार सत्ता, संपत्ति र शिक्षाबाट विमुख वा पछाडी पारिएका समुदायलाई अल्पसंख्यक वा सीमान्तकृत समुदाय भनेर भन्न सकिन्छ[27]।

सीमान्तकृत मूलप्रवाहको दर्शनसंग सम्बन्धीत नभएको भन्ने आधारमा सांस्कृतिक, सामाजिक, राजनीतिक तथा आर्थिक प्रणालीबाट किनाराकृत गरिएका वा सापेक्षित रुपमा पृथक रहेको अस्थायी अवस्था हो [28]।

**२.२.३.पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको अर्थ र परिभाषाः**

सामान्य रुपमा भन्दा समाजका अन्य वर्ग वा समुदाय भन्दा आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक रुपमा पछाडि पारिएका वा एक्लिएका वा समाजका अन्य समुदायबाट जातीय विभेद र छुवाछुतको व्यवहारद्धारा बहिष्कार गरिएका वर्ग वा समुदायलाई पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका वर्ग र समुदाय भनेर भन्न सकिन्छ । यो वर्ग वा समुदाय राष्ट्रको मूल भाग वा हिस्सामा समावेश हुन नसकेको वा छुटेको वा समावेश नगरिएको वा समावेश गर्नबाट छुटाईएको वा बहिष्कार गरिएको भाग वा हिस्सा हो ।

बहिष्करणको अंग्रेजी Exclusion हुन्छ । "Exclusion means the act or practice of excluding or the condition or fact of being excluded."[29] अर्थात बहिष्करण भन्नाले असमावेशी कार्य वा व्यवहार वा असमावेशी अवस्था वा तथ्यलाई बुझिन्छ । बहिष्करणलाई निम्नानुसार व्याख्या गरिएको पाईन्छ ।

"Exclusion;

1. Is the result of a pattern of acts to exclude certain individuals or groups on the part of those that have power;
2. Is the process by which certain groups are left out of decision-making processes;
3. Is the act of suppressing the aspirations of certain groups, denying them legitimate expectations guaranteed to the majority;
4. Is perpetuated by both formal and informal institutions;

---

[25] समितिको आमन्त्रणमा मिति २०६५।९।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[26] समितिको आमन्त्रणमा मिति २०६५।९।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[27] समितिको आमन्त्रणमा मिति २०६५।९।२७ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[28] महिला, कानून र विकास मन्चका तर्फबाट समितिमा प्रेषित भावि संविधानमा सीमान्तकृत वर्गको सुनिश्चित गर्नु पर्ने अधिकार सम्बन्धी सुझावहरु, पृ.१
[29] *www.answers.com/topic/exclusion meaning & definition.*

5. Is an underlying cause of poverty;
6. Entails the absence of social roles and ties, where individuals are subject to society's 'arbitrariness' without means to make their voices heard;
7. Describes a state where group(s) of individuals – defined by their social identity- have consistently inferior opportunities – economic, social and/or political;
8. Is the platform on which the marginalized (especially youth) groom hate and violence as a mode of participation in society;
9. Can be disaggregated into economic, social and political components, which while inter-related, can be applied differently (e.g. groups may be economically strong but suffer discrimination in the public or private spheres)"[30]

सामाजिक बहिष्करणलाई संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगले भेदभावरहितताको व्यवस्थाका सम्वन्धमा गरेको परिभाषाका आधारमा यसरी लिन सकिन्छ :

"any distinction, exclusion, restriction or preference which is based on any ground such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status, and which has the purpose or effect of nullifying or impairing the recognition, enjoyment or exercise by all persons, on an equal footing, of all rights and freedoms.[31]"

## २.३ अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको पहिचानका आधारहरुः

### २.३.१. अल्पसंख्यक समुदाय पहिचानका आधारहरुः

अल्पसंख्यक समुदायको परिभाषा ज्यादै विवादास्पद एवं चुनौतिपूर्ण देखिन्छ । अल्पसंख्यकको पहिचान गर्ने स्पष्ट र सर्वस्वीकृत आधारहरु नभएको र भएका आधारहरु पनि जटिल र समाज एवं राष्ट्रहरुका वीच असमान रहेका कारण पनि यसको सर्वमान्य आधारहरु पाउन सकिंदैन । सामाजिक विज्ञानका अनुसार निम्न चार अनुभव भएका समूह वा समुदायका आधारमा अल्पसंख्यक समुदायको पहिचान गर्न सकिन्छ[32] :

- उत्पीडन (Victimization),
- विभेद (Discrimination),
- शोषण (Exploitation),र
- राजनीतिक र आर्थिक बन्चितिकरण (Political and economic disadvantage)

---

[30] http://hdr.undp.org/docs/network/hdr_net/Virtual_Roundtable_Social_Exclusion_Summary_Section_1.htm.
[31] *Ibid*
[32] *http://en.wikipedia.org/wiki/minority*

Joe R. Feagin का अनुसार अल्पसंख्यक समुदायका खासगरी पांचवटा विशेषताहरु पाईन्छन्, जुन निम्न छन:[33]

- Suffering discrimination and subordination (विभेदित र अधिनस्थ रुपमा रहेका)
- Physical / Cultural traits that set them apart and which are disapproved by the dominant group, ( शारीरिक वा सांस्कृतिक मौलिकताका कारणले फरक रहेका र प्रभुत्वशाली वर्गबाट अस्वीकार गरिएका )
- Share a sense of collective identity and common burdens (सामुहिक पहिचान र साझा दायित्वको ज्ञान भएका),
- Socially shared rules about who belongs and who does not determine minority status (अल्पसंख्यकमा को पर्ने र को नपर्ने भन्ने वारेमा सामाजिक नियमले बांधिएका), and
- Members tend to marry within the group (समुदायका सदस्यहरु आफ्नो समुदायभित्र बिबाह गर्न झुकाव राख्ने) ।

समाजशास्त्री डा.कृष्णबहादुर भट्टचनका अनुसार शोषण (Domination) र विभेद (Discrimination) मा परेको समुदायलाई अल्पसंख्यक समुदायको रुपमा पहिचान गर्न सकिन्छ[34] । उनले उपर्युक्त दुईवटा आधारमा नेपालमा निम्नानुसार अल्पसंख्यक समुदाय रहेका उल्लेख गरेका छन्[35]:

आदिवासी जनजाति वा जातिहरु ( Indigenous Peoples or Nationalities),

- भाषिक समुदाय ( Linguistic groups),
- धार्मिक समुदाय ( Religious groups),
- दलित ( Dalits),
- क्षेत्रीय समुदाय (Regional groups) र
- लैङ्गिक (Gender) ।

समाजशास्त्री डा.सुमित्रा मानन्धरका अनुसार शक्तिमा पहुंच नभएको र राजनैतिक, सामाजिक, शैक्षिक र सांस्कृतिक रुपमा पिछडिएको जस्ता आधारमा अल्पसंख्यक समुदायको पहिचान गर्न सकिन्छ । जातीय आधारमा राज्यको विभाजन भएमा सो राज्यको नामाकरण गरिएको जातिलाई अल्पसंख्यक जाति मान्न सकिंदैन[36]।

---

[33] Joe R. Feagin, *Racial and Ethnic Relations*, Prentice Hall, 1984,p.10

[34] Krishna B. Bhattachan, *Minorities & Indigenous People of Nepal*, National Coalition Against Racial Discrimination, Kathmandu, 2008, p.34

[35] *Id.*, pp.34-39

[36] समितिको आमन्त्रणमा मिति २०६५।९।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

अधिकारकर्मी एवं राष्ट्रिय दलित आयोगका सदस्य यमबहादुर किसानका अनुसार अल्पसंख्यक वा सीमान्तकृत निरपेक्ष हुँदैन सापेक्ष हुन्छ । अल्पसंख्यक वा बहुसंख्यक भनि छुट्याउने आधार जनसंख्या नै हो । यसका साथै विभेद, शोषण, आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक पछौटेपन जस्ता आधारमा पनि अल्पसंख्यक समुदायको पहिचान हुन सक्दछ [37]।

संविधानविद् डा.भिमार्जुन आचार्यका अनुसार अल्पसंख्यक छुट्याउने आधारहरु हेर्दा यो केवल संख्याको आधारमा मात्र छुट्याउन सकिने देखिन्छ । अन्तराष्ट्रिय दस्तावेजहरुलाई हेर्दा जम्मा जम्मि ३ वटा आधारहरुमा अल्पसंख्यकको पहिचान गरेको पाईन्छ; ती हुन् जातीय अल्पसंख्यक, भाषिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक । तर विश्वमा हालसम्म पहिचान भएका अल्पसंख्यक समुदायहरु निम्न छन[38]।

- जातीय अल्पसंख्यक,
- धार्मिक अल्पसंख्यक,
- भाषिक अल्पसंख्यक,
- लैङ्गिक वा यौनिक अल्पसंख्यक,
- उमेरको आधारमा (Age Minority) अल्पसंख्यक, र
- शारिरीक वा मानसिक अशक्तताको आधारमा अल्पसंख्यक ।

अधिकारकर्मी एवं संविधानविद् टेक ताम्राकारका अनुसार अल्पसंख्यकको परिभाषा .गर्दा मूलत: दुई वटा कुराका आधारमा हुनुपर्दछ । पहिलो, कुनै समुदायको जनसंख्या र दोश्रो, Non-dominant वर्ग-राज्यमा उसको share, प्रतिनिधित्व छ, छैन आदि [39]।

अधिवक्ता कुन्साङ्ग लामाका अनुसार अल्पसंख्यक समुदाय छुट्याउने एउटा आधार जनसंख्या हुन सक्दछ अर्थात अन्य समुदायको भन्दा तुलनात्मक रुपमा कम जनसंख्या भएको समुदाय नै अल्पसंख्यक समुदाय मान्न सकिन्छ [40] ।

अधिकारकर्मी ज्योति दनुवारका अनुसार अरु समुदायबाट सामुदायिक रुपमा नै विभेदमा परेको, आर्थिक, प्रशासनिक, सामाजिक, राजनैतिक हैसियत कमजोर रहेको, सामाजिक, भाषिक र साँस्कृतिक रुपले एकबद्ध पहिचान राख्ने, राज्यसत्तामा पहुँच नभएको एवं शासित समुदाय जस्ता आधारमा अल्पसंख्यक समुदायको पहिचान गर्न सकिन्छ । संख्यात्मक रुपमा कम भएकोलाई मात्र आधार मानी यसको परिभाषा गर्न सकिन्न [41]।

---

[37] समितिको आमन्त्रणमा मिति २०६५।९।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[38] समितिको आमन्त्रणमा मिति २०६५।९।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[39] समितिको आमन्त्रणमा मिति २०६५।९।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[40] समितिको आमन्त्रणमा मिति २०६५।९।२० मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[41] समितिको आमन्त्रणमा मिति २०६५।९।२१ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

समाजशास्त्री डा.चैतन्य सुब्बाका अनुसार शारिरीक, जातीय वा साँस्कृतिक कारणले बेग्लै व्यवहार गरिएको र विभेदमा पारिएको कारणले शक्ति र स्रोतमा कमजोर पहुँच भएको आधारमा अलपसंख्यक समुहको पहिचान गर्न सकिन्छ । केवल संख्याको आधारमा मात्र अल्पसंख्यक छुट्याउनु उचित हुँदैन [42]।

**२.३.२.सीमान्तकृत समुदाय पहिचानका आधारहरुः**

सीमान्तकृत समुदायको पहिचानका सम्बन्धमा पनि सर्व-स्वीकार्य आधार पाईंदैन । यसका आधारहरुका सम्बन्धमा प्राप्त सूचना तथा तथ्यांकलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

सामाजिक रुपमा समाजका अन्य समुदाय भन्दा तल रहेका, राज्य शक्तिमा पहुंच नभएका वा कम पहुंच भएका, भौतिक रुपमा पछाडि पारिएका र सार्वजनिक सेवा, कार्यक्रम र नीतिबाट बहिष्करणमा पारिएका समुदायलाई सीमान्तकृत समुदाय भनिन्छ[43]। यस परिभाषालाई आधार मान्दा सीमान्तकृत समुदायको पहिचानका आधारहरु निम्नानुसार हुन सक्दछन:

- सामाजिक रुपमा समाजका अन्य समुदाय भन्दा तल रहनु,
- राज्य शक्तिमा पहुंच नहुनु वा कम पहुंच हुनु,
- भौतिक रुपमा पछाडि पारिएको हुनु, र
- सार्वजनिक सेवा, कार्यक्रम र नीतिबाट बहिष्करणमा पारिएको हुनु ।

सीमान्तता सामाजिक, सांस्कृतिक, राजनैतिक तथा आर्थिक क्षेत्रको अवस्थाको विश्लेषण हो । तसर्थ यिनै विभिन्न कारणहरुले कुनै निश्चित समूह, जाति, जनजाति वा वर्गलाई किनारा पारिन्छ । सीमान्तताका कारणहरु निम्नानुसार छन:[44]

- सामाजिक - जातीय उंचनिचको मान्यता हावी, छुवाछुत, जातको आधारमा कार्य विभाजन,
- आर्थिक - प्राकृतिक श्रोत र साधनको पहुंचबाट वन्चित, आर्थिक उपार्जनको अवसर तथा रोजगारीबाट वन्चित,
- राजनीतिक - सत्ता बाहिरको वर्ग, समूह वा जातिलाई रैती वा प्रजाको रुपमा हेरिने, उच्च जातिबाट सत्तामा संधै सहभागिता सुनिश्चित गर्ने प्रवृत्ति, राजनीतिक, सामाजिक र कानूनी रुपबाट बहिष्कृत, राज्य तहबाटै निश्चित वर्ग, समूह तथा जाति माथि शोषण,
- लैङ्गिक - लिंगको आधारमा भेदभाव,
- भौगोलिक - भौगोलिक रुपमा राज्यको मुख्य आर्थिक केन्द्रबाट बहिष्कृत, विकट भौगोलिक अवस्थितिको कारण राज्यको केन्द्रबाट बहिष्कृत र

---

42 समितिको आमन्त्रणमा मिति २०६५।९।२१ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
43 *Supra* note 23
44 *Supra* note 23, p.10

- सांस्कृतिक - भाषा, धर्म र संस्कृतिको आधारमा राज्यको मूल प्रवाहबाट बहिष्कृत ।

संविधानसभामा लोपोन्मुख तथा अतिसीमान्तकृत समुदायको सरोकार विषयक राष्ट्रिय गोष्ठि( २०६४ साल माघ १७ देखि १९ गतेसम्म) मा पारित प्रस्तावहरुमा लोपोन्मुख तथा अतिसीमान्तकृत समुदायको सम्पत्तिमा पहुंचको अधिकार, शिक्षा एवं स्वास्थ्यमा पहुंचको अधिकार, रोजगारीमा पहुंचको अधिकार र न्यायमा पहुंचको अधिकारमा जोड दिएको छ । यसका अनुसार आर्थिक, शैक्षिक, स्वास्थ्य, रोजगारी र न्यायका क्षेत्रमा पछाडि पारिएका वर्ग वा समुदायलाई लोपोन्मुख तथा अति सीमान्तकृत समुदायका रुपमा पहिचान गर्न सकिन्छ[45] ।

समाजशास्त्री डा.सुमित्रा मानन्धरका अनुसार राष्ट्रको सरदर तथ्यांक भन्दा तलको अवस्थामा रहेको आधारमा सीमान्तकृत समुदायको पहिचान गर्न सकिन्छ । यसको लागि मानव विकास सूचकांक ( Human Development Index) को सहयोग लिन सकिन्छ [46]।

राष्ट्रिय दलित आयोगका सदस्य यमबहादुर किसानका अनुसार कुनै समुदायको जनसंख्या, बन्चितिकरण र विभेदका आधारमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पहिचान गर्न सकिन्छ [47]।

संविधानविद् डा.भिमार्जुन आचार्यका अनुसार आर्थिक, सामाजिक, राजनैतिक, रोजगारी र शिक्षामा पछाडि परेको जात, जाति, धर्म, भाषा, वर्ग, क्षेत्र वा समुदायको आधारमा सीमान्तकृत समुदायको पहिचान गर्न सकिन्छ [48]।

अधिकारकर्मी एवं संविधानविद् टेक ताम्राकारका अनुसार आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, एवं रोजगारीमा पछाडि परेको समुदायका आधारमा सीमान्तकृत समुदायको पहिचान गर्न सकिन्छ [49]।

समाजशास्त्री डा. चैतन्य सुब्बाका अनुसार सीमान्तकृत समूह पहिचानका आधारहरुमा मुख्यत: आर्थिक, शिक्षा, स्वास्थ्य, रोजगारी र राजनैतिक सहभागिता पर्दछन् [50]।

अधिकारकर्मी दुर्गा सोवका अनुसार सत्ता, संपत्ति र शिक्षाबाट विमुख वा पछाडी पारिएको आधारमा अल्पसंख्यक वा सीमान्तकृत समुदायको पहिचान गर्न सकिन्छ [51]।

अधिकारकर्मी खिम घलेका अनुसार नेपालको सन्दर्भमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पहिचान एवम् अधिकारको कुरा गर्दा आदिबासी जनजातिसँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय घोषणापत्र एवं महासन्धिहरुलाई पनि उत्तिकै ध्यान दिनुपर्ने देखिन्छ [52]।

---

[45] लोपोन्मुख तथा अतिसीमान्तकृत समुदायको उत्थान तथा सशक्तिकरणका लागि कानूनी व्यवस्थाको विश्लेषण तथा संशोधनका प्रस्तावहरु, काठमाण्डौ स्कुल अफ ल, काठमाण्डौ, २०६४, पृ.३-६

[46] समितिको आमन्त्रणमा मिति २०६५।९।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[47] समितिको आमन्त्रणमा मिति २०६५।९।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[48] समितिको आमन्त्रणमा मिति २०६५।९।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[49] समितिको आमन्त्रणमा मिति २०६५।९।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[50] समितिको आमन्त्रणमा मिति २०६५।९।२१ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[51] समितिको आमन्त्रणमा मिति २०६५।९।२७ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

[52] समितिको आमन्त्रणमा मिति २०६५।९।२७ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

सीमान्तकृत सामाजिक, आर्थिक र राजनैतिक आधारमा मापन गरिन्छ; जहां कुनै जाति वा जातीय समूहको तुलनामा अर्को जातीय वा जाति समूह आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक आधारमा राज्यको मुल प्रवाहबाट सीमान्तकृत हुंदै गइरहेको हुन्छ [53]।

**२.३.३.पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको पहिचानका आधारहरुः**

बहिष्करणमा पारिएका समुदायको पहिचानका आधारहरुका बारेमा चर्चा गर्नु भन्दा अगाडि बहिष्करणको प्रकृतिका सम्बन्धमा चर्चा गर्नु उपयुक्त हुने देखिन्छ । बहिष्करण नेपालको एक गम्भिर समस्या हो । यस अधिका संविधान र कानूनले पनि बहिष्करणलाई न्यून गर्नुको बदला संस्थागत गराउने काम गरेको पाईन्छ । वहिष्करणको कुरा गर्दा निम्न समुदायहरुलाई बहिष्करणमा पारिएको समुदायका रुपमा लिइन्छ [54]।

**कर्णाली अन्चलका जनताः** कर्णाली अन्चल नेपालको सबैभन्दा दुर्गम र पुग्न कठिन भाग हो । दुरुह र अग्ला हिमालहरुले भरिएको यो अन्चलमा खेतीयोग्य जमिनको मात्रा अत्यन्त सीमित छ । यसका माथिल्ला पहाडहरु वर्षको अधिकांश समय हिउंले पुरिएका हुन्छन् र यी पहाडहरुमा उत्पादकत्व ज्यादै सीमित हुन्छ । सम्पूर्ण अन्चल निरक्षरता, अज्ञानता, गरिबी र गम्भिर स्वास्थ्य समस्याले पीडित छ । आज पर्यन्त राज्यको उपेक्षामा परेको यो क्षेत्र भौगोलिक बहिष्करणमा परेको क्षेत्रका रुपमा रहेको छ ।

**दलितः** दलितहरुको कुल जनसंख्या १३ देखि २० प्रतिशत सम्म छ । दलितहरु पुस्तौं देखि सामाजिक दुर्व्यवहार र जातीय बहिष्करणमा पारिएका छन् । फलतः उनिहरु आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक लगायतका क्षेत्रमा निकै पछाडि रहेका छन् । दलित समुदायको बहिष्करण सामाजिक, आर्थिक, राजनीतिक र मनोवैज्ञानिक समस्याको रुपमा जरा गाडेर बसेको छ ।

**आदिवासी समुदायः** आदिवासी समुदाय कुल जनसंख्याको ४० प्रतिशतको हाराहारीमा रहेको छ । कैयौं आदिवासी आजभोली आफ्नो थातथलोबाट विस्थापित पारिएका छन् । तिनीहरुको सांस्कृतिक र भाषिक पहिचान जोखिममा परेको छ ।

**जातीय समूहः** भण्डै तीसवटा स-साना जातीय समूहहरु सामाजिक र आर्थिक रुपले ज्यादै पिछडिएका छन् । तिनीहरु सामाजिक, आर्थिक विकासका हिसाबले सर्वाधिक सुविधा वन्चित जनसंख्या हुन् । तिनीहरुको ठूलो जनसंख्या भूमिहिन, वेरोजगार र मताधिकार बिहिन रहेको छ । राजनीतिमा तिनीहरुको उपस्थिति शुन्य बराबर रहेको छ ।

बहिष्करणका यी रुपहरुले निम्न स्थिति औंल्याउंछन्[55]।

- प्रभुत्वमा रहेको राजनीतिक अभिजात्य वर्गका मानिसहरुले राज्य माथि एकाधिकार कायम गरेका छन् । अन्य सांस्कृतिक, र भाषिक समूहहरु राजनीतिक प्रकृया र शासन प्रणालीमा सहभागी हुनबाट बन्चित पारिएका छन् ।

---

[53] महिला, कानून र विकास मन्चका तर्फबाट समितिमा प्रेषित भावि संविधानमा सीमान्तकृत वर्गको सुनिश्चित गर्नु पर्ने अधिकार सम्बन्धी सुझावहरु, पृ.१

[54] जिल कोट्रेल, यश घई (सं.),नयां संविधान निर्माणः नेपाली जनताका लागि मार्गदर्शन, इन्टरनेशनल आइडिया, काठमाण्डौ, २००८, पृ.९४

[55] *Id.*,p.95

- आम सर्व-साधारणका लागि नागरिक र राजनीतिक अधिकारको कुनै अर्थ छैन । महिला, आदिवासी समूह, दलित र जातीय समूहहरुले नागरिक र राजनीतिक अधिकारको उपभोग गर्न पाएका छैनन्, राजनीति, प्रशासनिक क्षेत्र र सेनामा उच्च जातका राजनीतिक अभिजात्य वर्गको मुख्य उपस्थिति रहेको छ ।
- आर्थिक र राजनीतिक अधिकारलाई आधारभूत वा अत्यावश्यकिय अधिकारको रुपमा लिईएको छैन । यसरी राज्य जनताका लागि सम्मानजनक रुपले बांच्ने अवसर उपलव्ध गराउने दायित्व सम्हाल्न असफल भएको छ ।

माथिको चर्चाबाट नेपालको सन्दर्भमा महिला, दलित, आदिवासी जनजाति, मुश्लिम, अन्य जातीय समूह एवं कर्णाली अन्चल लगायतका उत्पीडित क्षेत्रमा बसोबास गर्ने जन समुदाय पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायका रुपमा पहिचान गर्न सकिन्छ । यी वर्ग वा समुदायहरु नेपालको सन्दर्भमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायका रुपमा पनि लिन सकिने भएकाले पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायलाई अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पर्यायका रुपमा पनि लिन सकिने देखिन्छ । यसरी हेर्दा अल्पसंख्यक तथा सीमान्तकृत समुदाय पहिचानका आधारहरु पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको पनि पहिचानका आधारहरु हुन सक्ने कुरामा मध्यनजर गर्दै पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका वर्ग वा समुदायको पहिचानका आधारहरु निम्न हुन सक्ने देखिन्छ[56]:

- विगतको असमान व्यवहार ( Past unequal treatment),
- भेदभावपूर्ण व्यवहार गरिएका ( Discrimination based on their social identity, age, religion, ethnicity, caste, gender, language, disability etc.),
- छुवाछुतजन्य व्यवहार गरिएका ( Treared as untouchable),
- राष्ट्रको मुलधारबाट बाहिर पारिएका (Out from mainstream of the nation),
- आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, कानूनी, धार्मिक, कलात्मक वा वैज्ञानिक गतिविधिहरुबाट बाहिर पारिएका ( Excluded from the economic, social, political, educational, legal, religious, artistic or scientific activities),
- सार्वजनिक सेवामा कम पहुंच भएका वा पहुंच नभएका (No use or insufficient use of public services), र
- दमन गरिएका (suppressed)।

[56] *http://hdr.undp.org/docs/network/hrd_net/Virtual_Roundtable_Social_Exclusion_Summary_Section_1.htm*

**२.४ अल्पसंख्यक, सीमान्तकृत, पछाडि पारिएका वा बहिष्करणमा पारिएका समुदायको हक, अधिकार सम्बन्धी विधिशास्त्रिय धारणा (Jurisprudential Views on the Rights and Interests of Minority, Marginalized, Backwarded and others Group):**

सबै व्यक्ति जन्मजात स्वतन्त्रं तथा अधिकार र कर्तव्यमा समान छन् । मानिसले जन्मसंगै केही आधारभूत, अहरणिय एवं नैसर्गिक मानव अधिकार प्राप्त गरेका हुन्छन् । यी अधिकारहरु जहांसुकै रहे बसेको जो सुकै व्यक्तिले समान रुपमा प्राप्त गर्दछ । ग्रीक दार्शनिकहरुका अनुसार मानिसका यी अधिकार र स्वतन्त्रताहरु मानिस र समयको भेदभाव बिना सबै व्यक्तिका लागि प्रकृतिवाट नै वैधानिक ( This is valid by nature for all men without distinction of people and time) छन् ।

प्रसिद्ध दार्शनिक Aristotle ले न्यायलाई वितरित न्याय (Distributive Justice) र सुधारात्मक न्याय ( Corrective Justice) मा विभाजन गर्दै वितरित न्याय समानहरुका वीच समान वितरणको सिद्धान्तमा आधारित हुने ( Distributive justice is based on the principle that there has to be equal distribution among equals) कुरा उल्लेख गरेका छन्[57] ।

John Locke का अनुसार मानिसले आंफूलाई सरकार अन्तर्गत राख्नुको मुख्य उद्देश्य जीवन, स्वतन्त्रता र सम्पत्तिको सुरक्षा गर्नु भएको कुरा उल्लेख गरेका छन् । सरकारले मानिसका यी अधिकार र स्वतन्त्रताहरुको सुरक्षा कानून बनाएर गर्नु पर्ने र यी कानून समानताको अवधारणामा आधारीत हुनै पर्ने र धनी र गरीबका लागि छुट्टा छुट्टै कानून हुन नहुने ( These laws must be based upon the concept of equality; they may not be varied so as to have one rule for the rich and poor….) कुरामा उनले जोड दिएका छन्[58] ।

प्रसिद्ध दार्शनिक प्लेटोले आफ्नो आदर्श राज्य (Ideal State) मा नागरिकहरुका विभिन्न समूहहरुका वीचको आपसी सुमधुर सम्बन्ध रहेको सन्तुलित समाजको कल्पना गरेका छन् । उनका अनुसार समुदायमा न्याय बंचाई राख्नका लागि सन्तुलन र सौहार्द्रता आवश्यक हुन्छ । उनकै शव्दमा "The ideal state reflects harmony among its classes of citizens, comprising craftsmen, guardians and the ruling elite. Balance, harmony are essential if justice within the community is to prevail.Justice is 'the end'; the state merely the means[59]."

J.M.Finnis का अनुसार मानवीय अस्तित्वका केही आधारभूत मूल्यहरु छन् । यी आधारभूत मूल्यहरु कानून र यसका संस्थाहरुबाट मात्र संरक्षीत रहन सक्छन् । साथै जुन कानून पद्दतीले मानिसका यी आधारभूत मानवीय मूल्यहरुको संरक्षण गर्दैन त्यो कानून प्रणाली वास्तविक रुपमा कानून प्रणाली नै हुन सक्दैन । उनका अनुसार "There are certain basic values of human existence (human goods) which are self evident such as life, knowledge, play, aesthetic experience, sociability, practical reasonableness and religion. They may be secured only through the law and its institutions. Secondly, practical reasonableness is required in order to

---

[57] R.W.M.Dias, *Jurisprudence*, Aditya Books Pvt. Ltd., New Delhi, 1994, p.65
[58] L.B.Curzon, *Lecture Notes for Jurisprudence*, Cavendish Publishing Limited, London, 1993, p.27
[59] *Id.*, p. 21

achieve human goods and this necessitates the existence of an appropriate system of law[60]".

प्रसिद्ध विधिशास्त्री H.L.A.Hart का अनुसार जुनसुकै समाजमा नैतिकताको केही हिस्सा रहन्छ र जुनसुकै समुदायका लागि न्यूनतम् नैतिकता आवश्यक कुरा हो । यी न्यूनतम नैतिकता पांचवटा तथ्यहरुमा उभिएको हुन्छ । उनकै शव्दमा "The acceptable proposition that some shared morality is essential to the existence of any society and a minimum morality is an essential part of every community. This minimum morality is rooted in five facts: human vulnerability, approximate equality, limited altruism, limited resources and limited understanding and strength of will[61]". उनका अनुसार सबै कानून र कानून प्रणालीले यी पांचवटा कुराहरुमा ध्यान दिनु पर्दछ ।

प्रसिद्ध विधिशास्त्री Ronald Dworkin भन्नुहुन्छ "Anyone who believes in right must believe in it, more particularly in a minimum of two ideas. First, the idea of human dignity- the government must treat a person as a full member of a human community and secondly, the idea of political equality- that every member of the community, whether weak or strong, is entitled to the same concern and respect from their government[62]". अर्थात, अधिकारमा विश्वास गर्ने जो कसैले पनि निम्न दुई कुरामा विश्वास गर्नु पर्दछ : पहिलो, मानवीय प्रतिष्ठाको विचार- अर्थात, सरकारले सबै व्यक्तिलाई मानवीय समाजको पूर्ण सदस्यको रुपमा व्यवहार गर्नु पर्दछ; र दोश्रो, राजनीतिक समानताको विचार- अर्थात, मानवीय समाजका सबल वा निर्बल प्रत्येक सदस्यले आफ्नो सरकारबाट समान सम्मान र चासो प्राप्त गर्ने अधिकार राख्दछ ।

आधुनिक विधिशास्त्री John Rawls ले आफ्नो पुस्तक A Theory of Justice मा न्यायको दुईवटा सिद्धान्त प्रस्तुत गर्नुभएको छ । जुन निम्न अनुसार छ[63]:

**प्रथम सिद्धान्तः**

यस सिद्धान्तलाई उच्चतम् समान स्वतन्त्रताको सिद्धान्त (The Principle of Greatest Equal Liberty) पनि भनिन्छ । यो सिद्धान्त समाजमा प्राप्त सबै प्राथमिक सेवाहरुको व्यक्तिगत स्वतन्त्रताको आधारमा समान वितरणसंग सम्बन्धीत छ । Rawls कै शव्दमा भन्दा "Each person has an equal right to a most extensive scheme of equal basic liberties which is compatible with a similar scheme of liberties for all". अर्थात, समाजका अन्य व्यक्तिहरुले प्राप्त गरेको स्वतन्त्रताहरुसंग असंगत नहुने गरी सबै व्यक्तिलाई संभव भएजति समान आधारभूत स्वतन्त्रताहरु प्राप्त गर्ने समान अधिकार छ । प्रथम सिद्धान्त अनुसार वितरण हुने स्वतन्त्रताहरु यस प्रकार छन्:

- Political liberty- the right to vote and to be eligible for public office.

---

60 *Id.*, p.48
61 *Supra* note 57, p.355
62 Prof. Hilaire Mccoubrey & Dr. Nigel D. White, *Textbook on Jurisprudence*, Blackstone Press Limited, 3rd., 1999,p. 173
63 *Id.*,pp.301-303

- Freedom of speech and assembly.
- Liberty of conscience and freedom of thought.
- Freedom of the person along with the right to hold (personal) property.
- Freedom from arbitrary arrest and seizure as defined by the concept of the rule of law.

Rawls भन्छन् न्यायिक समाजका प्रत्येक नागरिकले समान स्वतन्त्रताहरु उपभोग गर्नु पर्दछ ।

**द्वितीय सिद्धान्तः**

यस सिद्धान्तले समाजका अन्य प्राथमिक सेवाहरुको वितरणलाई नियमित गर्दछ, जस्तो भौतिक सम्पत्ति, सामाजिक, आर्थिक र राजनीतिक अवसर आदि । यस सिद्धान्तका अनुसार अति कम विकसित समुदायको उच्चतम् विकास र सार्वजनिक सेवा र पदमा निश्पक्ष समान अवसरका लागि सामाजिक तथा आर्थिक असमानतालाई स्वीकार र व्यवस्थित गरेर न्याय प्रदान गर्न सकिन्छ । उनकै शव्दमा "Social and economic inequalities are to be arranged so that they are both;"

- To the greatest advantage of the least advantaged (i.e.the representative worst off person) – the difference principle.
- Attached to offices and positions open to all under conditions of fair equality of opportunity – the principle of fair equality of opportunity.

Rawls को प्रथम सिद्धान्त नागरिक तथा राजनीतिक अधिकारसंग सम्बन्धीत छ र उनका अनुसार यी अधिकारहरु औपचारिक समानताको आधारमा वितरण गरिनु पर्दछ । उनको द्वितीय सिद्धान्त सामाजिक तथा आर्थिक अधिकारहरुसंग सम्बन्धीत छ र यी अधिकारहरुको वितरण सारवान समानताको आधारमा गरिनु पर्दछ ।

विधिशास्त्रका विभिन्न उपागमहरुले पनि अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकारका सम्बन्धमा उल्लेख गरेको पाईन्छ । प्राकृतिक कानून उपागमले नैतिकवान, मर्यादित एवं न्यायिक समाजको कल्पना गर्दछ र कानून प्रणाली नैतिकता, सदविवेक, निश्पक्षता, समन्याय, न्याय, समानता, स्वतन्त्रता, भ्रातृत्व, मानवता, कानूनी राज्य जस्ता सिद्धान्तमा आधारित हुनुपर्ने मान्यता राख्दछ[64] । यी सिद्धान्तले मानिसका वीच कुनै पनि किसिमको भेदभाव र असमान व्यवहार हुन नहुने एवं समाजका कमजोर एव पछाडि पारिएका वर्ग र समुदायको हितका लागि राज्यद्धारा विशेष व्यवस्थाहरु गरिनु पर्ने कुरामा जोड दिन्छन् ।

कानूनको समाजशास्त्रिय उपागमले कानून बनाउंदा, लागु गर्दा र व्याख्या गर्दा समाजलाई ध्यान दिनु पर्ने कुरा गर्दछ[65] । समाजको इच्छा र चाहना अनुसारको कानून निर्माण हुनुपर्नेमा यस उपागमको जोड रहेको छ । यसका अनुसार समाजमा लागु हुन नसक्ने कानून वास्तविक रुपमा कानून हुन

[64] Amber Prasad Pant," Jurisprudential Study on Some Fundamental Aspects of Legal System", *Justice*, Vol. 1, 2047,Gyangun Research Institute,Kathmandu,p.141.
[65] *Ibid.*

सक्दैन । यसरी हेर्दा समाजमा विभेद र असमान व्यवहार गर्ने कानून निर्माणमा यस उपागमले रोक लगाउंदछ र समाजका विभिन्न अवस्थाका विभिन्न समूह र समुदायलाई मध्यनजर राखि कानून निर्माण गरिनुपर्ने कुरामा यस सिद्धान्तले जोड दिन्छ ।

कानूनको यर्थाथवादी मतका अनुसार समाज जहिले पनि कानूनभन्दा चांडो परिवर्तन हुन्छ । तसर्थः कानूनको व्याख्या गर्दा कानूनको अक्षरस व्याख्या नगरी सामाजिक तथ्य र चाहनालाई बुझेर कानूनको व्याख्या गरिनु पर्दछ । यस सिद्धान्तले समाजको वास्तविक चाहना अनुसार कानूनको व्याख्या गरी सामाजिक चाहना पूरा गरिनुपर्नेमा विशेष जोड दिन्छ ।

कानूनको आलोचनात्मक उपागमले वर्तमान कानून प्रणालीले खाली धनी र शक्तिशाली वर्गका व्यक्तिहरुलाई उच्च तहमा आफ्नो स्थान कायम राख्नका लागि मात्र सहयोग गर्ने र समाजका कमजोर र पछाडी पारिएका वर्ग र समुदायका व्यक्तिहरुका लागि केही पनि नगरी समाजमा अन्यायको पृष्ठपोषण गर्ने काम गरेकाले यसको पूर्ण रुपमा संहार गरी नयां पूर्नसंरचना गरिनु पर्ने कुरामा जोड दिन्छ [66]।

कानूनको नारीवादी उपागमले पनि वर्तमान कानून प्रणाली पुरुष प्रधान रहेको र यसका प्रत्येक भाषा, शव्द, तर्क र संरचना पुरुष सिर्जित हुनुका अतिरिक्त यसले पुरुष प्रधान मूल्य र मान्यताको मात्र पक्षपोषण र वकालत गर्ने मत राख्दछ । यसका अनुसार कानूनका अगाडि समानता भन्ने कुरा केवल कानूनका शव्दमा मात्र सिमित रहेको छ । अतः यसमा मौलिक परिवर्तन गरी राजनीतिक, आर्थिक र सामाजिक लैङ्गिक समानता कायम गर्ने नयां कानून प्रणालीको अवलम्बन गरिनुपर्ने कुरामा यसले विशेष जोड दिन्छ [67]।

यसरी नै कानूनको उत्तर आधुनिक उपागमले वर्तमान कानून प्रणालीलाई न्याय, समानता र समाजका सीमान्तकृत, बहिष्कृत, पछाडि पारिएका वा एक्लिएका वर्ग वा समुदायका व्यक्तिहरुका लागि कुनै अवसर नभएको प्रणालीका रुपमा चित्रित गरेको छ । यसले शक्ति र ज्ञानलाई एउटा महत्वपूर्ण तत्वका रुपमा स्वीकार गर्दै वर्तमान कानून प्रणालीको पूर्ण विनाश गरी पुर्नसंरचना गरिनु पर्ने कुरामा जोड दिन्छ, जसले बहुलवाद, स्थानीय स्वशासन, आर्थिक संशाधनको पूर्नवितरण, भौतिक साधनको वितरण, शोषित र उत्पीडित समुदायको सशक्तिकरण, व्यक्तिगत मर्यादा र सम्मान एवं न्याय, समानता

---

[66] The critical legal movement believes that a legal system is the system of politics, which legitimize the injustices in society. It argues that only the wealthy and powerful persons use the law as a tool to maintain their place in the hierarchy. It creates a false consciousness and defeats any effort for radical change. A radical change is required in this so-called legal system through deconstruction.

[67] The feminist approach believes that a legal system is a system of male dominated law. It argues that the language, logic and structure of the law are male created and reinforce male values. Men are identified as the norm and women are the deviation from the norm......or different and equality in the eye of law is a false statement. It further stresses to create or adopt a system of law based on the political, economic and social equality of the sexes through fundamental change in this so-called legal system.

र समाजका सीमान्तकृत, बहिष्कृत, पछाडि पारिएका वा एक्लिएका वर्ग वा समुदायका व्यक्तिहरुलाई अवसरको ढोका खोल्ने मौलिक लोकतन्त्रको प्राप्ती हुन सकोस् [68]।

यसरी हेर्दा विधिशास्त्रको प्रारम्भिक चरणदेखि वर्तमान सम्म समाजका अल्पसंख्यक, सीमान्तकृत, पछाडि पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुको हक, अधिकारका सम्बन्धमा विधिशास्त्रीहरुले विशेष जोड दिएको पाईन्छ । खासगरी सबै जात, जाति, वर्ण, लिंग, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका व्यक्तिहरुलाई कानून एवं राज्यका तर्फबाट समान व्यवहार हुनुपर्ने, कुनै पनि किसिमको भेदभाव गरिन नहुने कुरामा विधिशास्त्रीको जोड रहेको पाईन्छ । यसका साथै समाजका कमजोर र पछाडि पारिएका, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरुका लागि राज्यका तर्फबाट विशेष संरक्षण प्रदान गरिनु पर्ने कुरामा पनि उनिहरुको जोड रहेको पाईन्छ । विधिशास्त्रका आधुनिक सिद्धान्तहरुले त वर्तमान कानून प्रणालीले समाजका सक्षम र सवल समुदायका व्यक्तिहरुका लागि मात्र काम गरी समाजका कमजोर, पछाडि पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुलाई पूर्णतः बिर्सिने काम गरेकोले यस कानून प्रणालीको पूर्ण रुपमा संहार गरी समाजका कमजोर, पछाडि पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका समुदायको हित रक्षा गर्न सक्ने नयां कानून प्रणालीको पुर्नस्थापना गरिनु पर्ने कुरामा विशेष जोड दिएका छन् ।

**२.५. अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायसंग सम्बन्धीत केही आधारभूत सिद्धान्तहरु:**

**(क) समान आदर र चासोको सिद्धान्त (Principle of Equal Concern and Respect):**

मानिस जन्मजात स्वतन्त्र र समान छ । यसर्थः सबै मानिसहरु मर्यादा तथा प्रतिष्ठा एवं अधिकार र कर्तव्यमा समान छन् । मानिसहरुका बीचमा हुने कुनै पनि किसिमको विभेद एवं असमानता अप्राकृतिक एवं मानवीय मूल्य र मर्यादा विपरित मानिन्छन् । प्रसिद्ध विधिशास्त्री Ronald Dworkin भन्नुहुन्छ Anyone who believes in right must believe in it, more particularly in a minimum of two ideas. First, the idea of human dignity- the government must treat a person as a full member of a human community and secondly, the idea of political equality- that every member of the community, whether weak or strong, is entitled to the same concern and respect from their government[69]. अर्थात, अधिकारमा विश्वास गर्ने जो कसैले पनि निम्न दुई कुरामा विश्वास गर्नु पर्दछ : पहिलो, मानवीय प्रतिष्ठाको विचार- अर्थात, सरकारले सबै व्यक्तिलाई मानवीय समाजको पूर्ण सदस्यको रुपमा व्यवहार गर्नु पर्दछ; र दोश्रो, राजनीतिक

---

[68] Post modern approach argues that a legal system is a system of law which lacks the justice, equality and space to the marginal, the different and the others section of the society. It views that the power and knowledge are the most important factors that unite laws into a system, and therefore, it gives emphasis on deconstruction and reconstruction in the existing legal system for the plurality, and localism, redistribution of economic resources, distribution of post material goods, empowerment of victimized groups, autonomous subjectivities( Individual dignity and respect) and radical democracy to open the door of justice, equality and spaces to the marginal, the different and the others section of the society.

[69] Prof. Hilaire Mccoubrey & Dr. Nigel D. White, *Textbook on Jurisprudence*, Blackstone Press Limited, 3rd., 1999,p. 173

समानताको विचार- अर्थात, मानवीय समाजका सबल वा निर्वल प्रत्येक सदस्यले उस्को आफ्नो सरकारबाट समान आदर र चासो प्राप्त गर्ने अधिकार राख्दछ । Dworkin द्वारा प्रतिपादित यस सिद्धान्तलाई The Principle of Equal Concern and Respect भनिन्छ र यसले अल्पसंख्यक तथा अन्य व्यक्तिहरुको अधिकार संरक्षणमा जोड दिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ( Universal Declaration of Human Rights, 1948) को धारा १ ले पनि सवै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् । ऊनिहरु विवेक र अन्तस्करणले युक्त भएका हुन्छन् र उनिहरुले भ्रातृत्वको भावना लिएर एक अर्काप्रति व्यवहार गर्नुपर्दछ भनी यस कुरालाई स्वीकार गरेको छ । अतः समान आदर र चासोको सिद्धान्तका अनुसार राज्यले अन्य समुदायका व्यक्ति सरह अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुको सम्मान र चासोलाई पनि समान रुपमा ध्यान दिनु पर्दछ ।

**ब) समानताको सिद्धान्त ( Principle of Equality):**

समानताको अवधारणा मानविय मूल्य, मान्यता, मर्यादा र प्रतिष्ठाका आधारमा सबै व्यक्तिहरु अन्ततः समान छन् भन्ने तथ्यपरक मान्यतामा आधारित छ । यसर्थ जन्मजात रुपमा समान अवस्थामा रहेका व्यक्तिहरुका विचमा गरिने कुनै पनि किसिमका भेदभावहरु आंफूलाई सभ्य, सुसंस्कृत र वुद्धिमान प्राणी मान्ने मानिसका लागि नसुहाउने व्यवहार एवं मानवता विरुद्धको अपराध मानिन्छ[70] । समानताको अधिकार मानिसको जन्मजात प्राप्त अहरणिय नैसर्गिक अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ( Universal Declaration of Human Rihgts, 1948) को धारा १ ले सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् भन्ने उल्लेख गरेको छ । समानताका प्रमुख दुई धारणाहरु रहेका छन्, जुन निम्न छन्:

**(अ) औपचारिक सिद्धान्त (Formal Approach)**

यस सिद्धान्तलाई Aristotle को समयदेखिकै पश्चिमी विचारको निरन्तरता मानिन्छ । समानता सम्बन्धि यो प्राचिन सिद्धान्त हो । यसले मानिसहरुका विच हुनसक्ने शारीरिक, मानसिक एवं यस्तै अन्य असक्षमताहरुतर्फ ध्यान दिँदैन । समानका लागि समान र असमानका लागि असमान व्यबहार यसको प्रमुख सिद्धान्त रहेको छ । यस सिद्धान्तका अनुसार महिला र पुरुष दुवै प्राप्त अवसरको फाईदा लिनका लागि समान रुपमा सक्षम मानिन्छन् । यस सिद्धान्त अन्तर्गत महिला र पुरुष, धनि र गरीव, सक्षम र असक्षम, सबल र निर्बल, साङ्ग र अपांगहरुका लागि अलग अलग कानूनको व्यवस्था गरिएको हुँदैन । सबैका लागि एऊटै कानून हुन्छ र सो कानूनबाट प्राप्त अवसरका लागि सबै समान रुपमा सक्षम रहेको मानिन्छ । यसमा सामान्यतः धर्म, वर्ण, लिंग, जात, जाति, वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने गरी कानूनको वर्गिकरण गर्न राज्यले सक्तैन । तर निरपेक्ष समानता र एकरुपता न संभव छ न वान्छनिय नै । तसर्थ विधायिकाले वर्गिकरणको सिद्धान्त अन्तर्गत कानूनको वर्गिकरण भने गर्न सक्दछ । तर राज्यले वर्गिकरणको सिद्धान्त अन्तर्गत जसरी मन लाग्यो त्यसरी कानूनको वर्गिकरण भने गर्न सक्तैन । त्यो वर्गिकरण विवेकपूर्ण हुनुपर्दछ । त्यसैले यसलाई विवेकपूर्ण

[70] प्रकाश पण्डित, समानताको हकको परिप्रेक्ष्यमा सकारात्मक विभेद, न्यायदुत, नेपाल वार एशोसियशन, जेठ असार, २०६५, काठमाण्डौ, पे.९४

वर्गिकरणको सिद्धान्त (Theory of Reasonable Classification) भनेर भनिन्छ । निम्न आधारहरु विद्यमान रहेको अवस्थामा मात्र उक्त कानूनको वर्गिकरणलाई विवेकपूर्ण (Reasonable) मानिन्छ [71]।

- कानून वर्गिकरण गर्नुको कुनै बोधगम्य आधार (Intelligible Differentia) स्पष्ट छ,
- वर्गिकरण गरिएको कानूनको उद्देश्यसंग त्यो वर्गिकरणको कुनै विवेकपरक (Rational) सम्बन्ध देखिन्छ, र
- त्यो वर्गिकरण कानूनी वर्गिकरण (Lawful Classification) छ ।

**(आ) सारबान सिद्धान्त (Substantive Approach)**

समानता सम्वन्धि यो नयां सिद्धान्त हो, जुन वर्तमानमा क्रमश विकसित हुंदै रहेको छ । यस सिद्धान्तलाई अनेकताको सिद्धान्त (Pluralist Approach) भनेर पनि भनिन्छ, किनकी यस सिद्धान्तले समाजमा रहेको अनेकतालाई स्वीकार गरी सोही अनुसार उपचारको खोजीमा जोड दिन्छ । सारवान समानताले समाजमा रहेका महिला, गरीब, असक्षम, असहाय, अपांग एवं आर्थिक, सामाजिक र शैक्षिक रुपमा कमजोर एवं पछाडी परेका वर्ग, सम्प्रदाय र समूहका व्यक्तिहरुको पहिचान गरी ऊनिहरुलाई राज्यको विशेष पहलद्धारा समाजका अन्य सक्षम र सबल व्यक्तिहरु सरह राज्यद्धारा प्राप्त अवसरमा समान रुपमा सहभागि हुने वातावरण निर्माण गर्ने उदेश्य राख्दछ । सारवान समानताको मुख्य उद्देश्य समाजका सक्षम र असक्षम, सबल र निर्बल, शिक्षित र अशिक्षित, धनि र गरीब, सहाय र असहाय, सपांग र अपांग, महिला र पुरुष अनि यस्तै अन्य आधारमा रहेको सारवान असमानतालाई हटाई सारवान रुपमा नै समानता कायम गर्नु रहेको छ [72]। यसका लागि महिला, दलित, आदिवासी, जनजाति, तराईवासी, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपांग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्थामा यस सिद्धान्तले जोड दिन्छ ।

समानताको सिद्धान्तले राज्यले आफ्ना नागरिकहरुका वीच जात, जाति, लिंग, वर्ण, धर्म, भाषा, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव बिना समान व्यवहार गर्नुपर्ने कुरामा जोड दिन्छ । तर आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक एवं सांस्कृतिक रुपमा पिछडिएका वा पछाडी पारिएका वर्ग वा समुदायको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यले कानूनद्धारा विशेष व्यवस्था गर्नु पर्ने कुरालाई पनि यसले उत्तिकै जोड दिन्छ ।

**(ग) भेदभावरहीतताको सिद्धान्त** (Principle of Non- discrimination):

भेदभावरहीतता मानव अधिकारको एक आधारभूत सिद्धान्त हो । यस सिद्धान्तका अनुसार राज्यले सबै व्यक्तिहरुलाई जात, जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको

---

[71] *Ibid.*
[72] *Ibid.*

भेदभाव विना समान रुपमा आधारभूत मानव अधिकारको सुनिश्चितता गर्नु पर्दछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ( Universal Declaration of Human Rihgts, 1948) को धारा २ मा जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव बिना प्रत्येक व्यक्तिलाई उक्त घोषणापत्रमा उल्लेखित अधिकार र स्वतन्त्रताहरुको अधिकार हुनेछ भन्ने उल्लेख गरिएको छ। मानव अधिकार सम्वन्धी प्रायः सवै अन्तर्राष्ट्रिय दस्तावेजहरुमा यस सिद्धान्तलाई उत्तिकै जोड दिईएको पाईन्छ। नेपाल मानव अधिकार सम्वन्धी महत्वपूर्ण प्रायः सबै अन्तर्राष्ट्रिय दस्तावेजहरुको पक्ष राष्ट्र रहेको सन्दर्भमा यस सिद्धान्तको कानूनी एवं व्यवहारिक सुनिश्चितताको दायित्व उसमा निहित रहेको छ।

**(घ) सामुहिक पहिचानको सिद्धान्त (Principle of Collective Identity):**

पहिचानको अधिकार मानिसको आधारभूत नैसर्गिक अधिकार हो। मानिसको पहिचान केवल मानिस हुनुमा सीमित छैन। मानिसका लागि नागरिक तथा राजनीतिक अधिकारहरुका अलावा आफ्ना जातीय, धार्मिक, भाषिक, सांस्कृतिक लगायतका अन्य अधिकारहरुको मान्यताबाट मात्र कुनैपनि मानिस वास्तविक रुपमा मानिस भएर बाँच्न सक्दछ। मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले पनि व्यक्तिको सामुहिक पहिचानसंग जोडिएका धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक लगायतका अधिकारहरुलाई मान्यता प्रदान गरेका छन्। नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Civil and Political Rights, 1966) को धारा २७ मा सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरु विद्यमान रहेका राष्ट्रहरुमा त्यस्ता अल्पसंख्यकका व्यक्तिहरुलाई आफ्ना समुहका अन्य सदस्यहरुसंग मिलि आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट बन्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ। यसरी नै राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणा पत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) को धारा १ मा पनि राज्यहरुले आफ्नो राज्य क्षेत्रभित्र अल्पसंख्यकहरुको अस्तित्व र राष्ट्रिय वा जातीय, सांस्कृतिक, धार्मिक र भाषिक पहिचानको संरक्षण गर्नेछन्, साथै उक्त पहिचानको प्रबर्धन गर्ने अवस्थालाई प्रोत्साहन गर्नेछन् र उक्त उद्देश्यहरु प्राप्त गर्न राज्यहरुले उपयुक्त विधायिकी र अन्य माध्यमहरुको चयन गर्नेछन् भनि उल्लेख गरिएको छ। नेपाल नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको पक्ष राष्ट्र रहेको सन्दर्भमा जातीय, भाषिक, धार्मिक, सामाजिक एवं सांस्कृतिक लगायतका अल्पसंख्यक समुदायलाई मौलिक पहिचानको अधिकार प्रदान गर्ने दायित्वबाट उन्मुक्ति पाउन सक्दैन।

सामुहिक पहिचानको सिद्धान्तले अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिलाई आफ्नो समुदायको मौलिक पहिचानको संरक्षण तथा सम्बर्धन गर्दै अन्य समुदायका व्यक्तिहरु सरह समान प्रतिष्ठा तथा अधिकार प्राप्त हुनुपर्ने मान्यता राख्दछ।

**(ङ) सार्वजनिक जीवनमा सहभागिताको सिद्धान्त ( Principle of Participation in Public Life):**

सार्वजनिक जीवनमा सहभागिता मानिसको आधारभूत अधिकार हो । खासगरी आंफूलाई असर गर्ने विषयहरुमा सार्वजनिक नीति, नियम र योजनाको तर्जुमा वा कार्यान्वयन वा अनुगमन तथा मुल्यांकनमा सहभागि हुन पाउनु पर्ने कुरालाई सार्वजनिक जीवनमा सहभागिताको सिद्धान्तले वकालत गर्दछ । आंफूलाई असर गर्ने कुरामा पहिले नै थाहा जानकारी पाउनु पर्ने र सो विषयमा आफ्नो कुरा राख्ने मौका दिईनुपर्ने कुरा प्राकृतिक न्यायको सिद्धान्तसंग पनि जोडिएको हुंदा यस सिद्धान्तलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले पनि जोड दिएका छन् । राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणा पत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) को धारा २ मा अल्पसंख्यक व्यक्तिहरुलाई सांस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक र सार्वजनिक जीवनमा सहभागि हुने अधिकार हुनेछ भनी उल्लेख गरिएको छ । सार्वजनिक जीवनमा सहभागिताको सिद्धान्तले अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई असर गर्ने सार्वजनिक नीति, नियम र योजनाको तर्जुमा वा कार्यान्वयन वा अनुगमन तथा मुल्यांकनमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सहभागितामा जोड दिन्छ ।

**(च) समानुपातिक प्रतिनिधित्वको सिद्धान्त (Principle of Proportional Representation):**

सबै व्यक्ति जन्मजात स्वतन्त्र र अधिकार तथा प्रतिष्ठामा समान छन् । मानिसहरुका वीच हुने कुनैपनि किसिमको भेदभावलाई सबै मानव अधिकार सम्बन्धी दस्तावेजहरुले बर्जित गरेका छन् । साथै भेदभावजन्य व्यवहार मानवता विरुद्धको अपराध मानिन्छ । हरेक नागरिकलाई निर्भिकताका साथ आफ्नो राजनीतिक अवस्थाको अभ्यास गर्न र आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा सरिक हुन पाउने कुरालाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १ ले जोड दिएका छन् । यसरी नै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २५ मा सार्वजनिक सवालहरुमा सहभागि हुने अधिकारलाई समावेश गरिएको छ । यसमा भनिएको छः

हरेक नागरिकसंग बिना भेदभाव देहायका समान अधिकार र समान अवसर हुनेछः

(क) प्रत्यक्ष वा स्वतन्त्र रुपमा चुनिएका प्रतिनिधि मार्फत सार्वजनिक सवालहरुमा भाग लिन पाउने छन् ।

(ख) मतदाताको स्वतन्त्रता र इच्छाको कदर गर्ने विश्वव्यापी, समान तथा गोप्य मतदान प्रणाली मार्फत हुने कुनै पनि सर्वमान्य आवधिक चुनावमा मतदान गर्न वा निर्वाचित हुन पाउनेछ ।

(ग) समानताको आधारमा देशको सरकारी सेवामा पहुंच हुनेछ ।

सार्वजनिक मामिला एउटा व्यापक अवधारणा हो; जुन राज्यको शक्तिको अभ्याससंग सम्बन्धीत छ, विशेषगरी व्यवस्थापिका, कार्यपालिका र प्रशासनिक शक्तिको अभ्यासका विषयमा । यसले

जनप्रशासनका सबै पक्ष र अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा नीति बनाउने र लागु गर्ने कुरालाई समेटदछ । संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले उक्त धारा २५ को अधिकारको महत्वलाई General Comment २५ (१९९६) मा व्याख्या गरेको छ । यसमा भनिएको छ, सम्पूर्ण जनताको सहमती र सम्झौताका मान्यताहरुमा आधारित लोकतान्त्रिक सरकारको मुटुमा धारा २५ छ । जात, रंग, लिंग, भाषा, धर्म, राजनीति तथा अन्य विचारहरु, राष्ट्रियता तथा सामाजिक भूमिका, सम्पत्ति, जन्म तथा अन्य विषयमा आधारित भएर यी अधिकारहरुको उपयोग गर्दा कुनै भेदभाव गर्न पाईने छैन । यसका लागि शक्तिको बांडफांड र मानिसहरुले सार्वजनिक मामिलाहरुमा सहभागि हुन पाउने अधिकारको अभ्यास गर्ने साधन संविधान र अन्य नीति, नियमद्धारा स्थापित गरिनु पर्दछ । साथै आवश्यक परे सकारात्मक कार्य मार्फत सार्वजनिक सेवाहरुमा सबैको समान पहुंचका लागि समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरिनु पर्दछ ।

Wolf Linder का अनुसार "Proportional representation is a universal key to power-sharing in a double sense: it opens many doors to political participation, and it can be used by new groups arising from new cleavages"[73]. समानुपातिक प्रतिनिधित्वको सिद्धान्तले अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई पनि अन्य समुदायका व्यक्ति सरह सार्वजनिक मामिलाहरुमा समानुपातिक प्रतिनिधित्वका आधारमा सहभागि बन्न पाउने कुराको सुनिश्चिततामा जोड दिन्छ । संविधान एवं अन्य नीति, नियमहरु मार्फत सो कुराको सुनिश्चितता गरिनु पर्ने र आवश्यक परेमा सकारात्मक विभेदको पनि व्यवस्था गर्नु पर्नेमा यसले समान रुपमा जोड दिन्छ ।

**(छ) समावेशीकरणको सिद्धान्त ( Principle of Inclusion):**

समावेशीकरण बहिष्करण (Exclusion) विरुद्ध लड्ने एउटा रणनीति हो । यो सबै मानिस जन्मजात रुपमा समान छन् तसर्थ सबै मिलेर बांचौं, संगै मिलेर बसौं, संगै मिलेर खाऔं, सबै संगै रमाऔं र कसैलाई पनि एक्लै बिचल्लीमा नपारौं एवं राष्ट्रले सबैलाई बिना भेदभाव समान व्यबहार गर्नुपर्छ भन्ने मानविय मुल्य, मान्यता र आदर्शमा अडेको छ । समावेशीकरणलाई साझा भाग्यको बन्धन (Bond of Common fate) भनेर पनि भनिन्छ । समावेशीकरण भनेको विद्यमान अवसर र पहुंचको अन्तराललाई कम गर्दै बंचिति /वहिष्करण (Exclusion) मा परेका समूह र सुविधा सम्पन्न समूह वीचको असमानता घटाउंदै हरेक व्यक्ति, समुह वा जातिको स्वाभिमान र उनिहरुको आफ्नै विशिष्टताको सम्मान गर्दै भौतिक तथा सांवेगिक ( Emotional) आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नु हो । साथै यसले नागरिकका रुपमा रहेका उनिहरुको सक्रिय सहभागिताका लागि शक्ति (Power) र साधन स्रोत (Resources) मा न्यायोचित साझेदारी (Rightful Sharing) सुनिश्चित गरी न्यायपूर्ण समाजको निर्माणमा सघाउ पुऱ्याउनु हो [74]. अत: राष्ट्रको मूलधारमा समावेश हुन नसकेका समूह, वर्ग, सम्प्रदाय, जात, जाति, धर्म, लिंग र भाषा भाषीका व्यक्तिहरुलाई राष्ट्रको मूलधारमा समावेश गरी

---

[73] Dr.Krishnabahadur Bhattachan, *Minorities and Indigenous Peoples of Nepal*, National Coalition Against Racial Discrimination, Kathmandu,2008, p.86

[74] त्रिवर्षिय अन्तरिम योजना,२०६४-२०६७,पृष्ठ ७४

Power, Resources र Opportunity मा न्यायोचित साझेदारी (Rightful Sharing) सुनिश्चित गर्नुलाई समावेशीकरण भनेर भनिन्छ ।

भेदभावरहितता (Non- discrimination) र समानता (Equality) मानव अधिकारका आधारभूत सिद्धान्तहरु हुन्; जसलाई मानव अधिकार सम्बन्धी प्राय: सबै अन्तर्राष्ट्रिय दस्तावेजहरुले विशेष जोड दिएको पाईन्छ । यसका साथै हरेक नागरिकलाई निर्भिकताका साथ आफ्नो राजनीतिक अवस्थाको अभ्यास गर्न र आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा सरिक हुन पाउने कुरालाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १ ले समान जोड दिएका छन् । यसरी नै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २५ मा सार्वजनिक सवालहरुमा सहभागि हुने अधिकारलाई समावेश गरिएको छ । राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणापत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992), आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७, (United Nations Declaration on the Rights of Indigenous Peoples,2007), आदिवासी जनजाति सम्बन्धि आई.एल.ओ.महासन्धि, १९८९ (C169 Indigenous and Tribal Peoples Convention, 1989), महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी, १९७९ (Convention on the Elimination of All Forms of Discrimination Against Women, 1979),समेतका अन्य दस्तावेजहरुमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरुको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक लगायतका सार्वजनिक जीवनमा सक्रिय रुपमा सहभागि हुन पाउने अधिकारका साथै अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिलाई राष्ट्रिय विधायनको विपरित नहुने गरी उनिहरुसंग सम्बन्धीत राष्ट्रिय, क्षेत्रीय वा स्थानीय तहका निर्णय निर्माणमा सक्रिय रुपमा सहभागि हुने अधिकारमा विशेष जोड दिईएको पाईन्छ ।

समावेशीकरणको सिद्धान्तले राष्ट्रको मूलधारमा समावेश हुन नसकेका, पछाडि पारिएका, एक्लिएका, वहिष्करणमा पारिएका, अल्पसंख्यक तथा सीमान्तकृत समूह, वर्ग, सम्प्रदाय, जात, जाति, धर्म, लिंग र भाषा भाषिका व्यक्तिहरुलाई राष्ट्रको मूलधारमा समावेश गरी शक्ति (Power), साधन र श्रोत (Resources) र अवसर (Opportunity) मा न्यायोचित साझेदारी (Rightful sharing) सुनिश्चित गनुपर्ने कुरामा विशेष जोड दिन्छ ।

**(ज) विशेष संरक्षणको सिद्धान्त ( Principle of Special Protection):** समाजशास्त्रिहरुका अनुसार समाजको हरेक चरणमा पांच प्रकारले असक्षम व्यक्तिहरु पाईन्छन् । ती Physical, Mental, Social, Economic र Political disability हुन्[75] । ऊनिहरुका अनुसार एऊटा आदर्श समाजले यी पांच प्रकारले असक्षम व्यक्तिहरुको संरक्षणमा विशेष जोड दिन्छ । विशेष संरक्षणको सिद्धान्त सारवान समानताको सिद्धान्तमा आधारित छ । सारवान समानता नयां धारणा हो । सारवान समानताको मुख्य

[75] *Supra* note 70, p.96

उद्देश्य समाजका सक्षम र असक्षम, सबल र निर्बल, शिक्षित र अशिक्षित, धनि र गरीब, सहाय र असहाय, साङ्ग र अपांग, महिला र पुरुष अनि यस्तै अन्य आधारमा रहेको सारवान असमानतालाई हटाई सारवान रुपमा नै समानता कायम गर्नु रहेको छ । मानव अधिकार सम्बन्धी धेरै अन्तर्राष्ट्रिय दस्तावेजहरुले समाजका आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायतका क्षेत्रमा पिछडिएका वा पछाडि पारिएका वा जातीय विभेद र छुवाछुत भोग्दै आएका वर्ग वा समुदायका व्यक्तिहरुका लागि राज्यद्धारा विशेष संरक्षण प्रदान गर्नुपर्ने कुरामा विशेष जोड दिएको पाईन्छ । राज्यद्धारा प्रदान गरिने यस्तो विशेष संरक्षणको व्यवस्थालाई निम्न अनुसार मुख्य दुई भागमा विभाजन गर्न सकिन्छ :

**(अ) सकारात्मक विभेद (Positive Discrimination):**

सकारात्मक विभेद समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, एवं व्यवसायिक रुपमा पछाडी परेका वर्ग, सम्प्रदाय वा समूहको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक एवं व्यवसायिक अवस्था सुधार्न राज्यद्धारा गरिने विशेष व्यवस्था हो । यसलाई यसकारण सकारात्मक विभेद भनिन्छ कि यस विभेदले समाजका कमजोर एवं पछाडी परेका वर्ग, सम्प्रदाय वा समूहको अवस्था सुधार्ने सकारात्मक उद्देश्य लिएको हुन्छ र समाजका बहुसंख्यक जनता (People at large) ले यसको उक्त सकारात्मक उद्देश्यलाई इन्कार गर्न सक्तैनन् । सकारात्मक विभेद सारवान समानता कायम गर्ने एक प्रमुख साधन वा माध्यम हो । सकारात्मक विभेदले शताब्दियौं देखि अन्यायमा परेका खास समुदायहरुको क्षतिपूर्तिको दावि गर्दछ । यसका अनुसार समाजको प्रारम्भिक चरणबाटै समाजका केहि व्यक्तिले समाजका कमजोर वर्ग उपर ज्यादै अन्याय गरी राज्यको मुलधारबाट पछाडी पार्ने कार्य गरेकाले यसरी अन्याय गर्नेका सन्ततीहरुले आफ्नो पुर्खाले गरेको अन्याय वापत क्षतिपूर्ति तिर्नुपर्दछ र त्यो क्षतिपूर्ति नै सकारात्मक विभेद हो [76]। यसले ऐतिहासिक उत्पीडनको क्षेतिपूर्ति बापत समानुपातिकता माथि थप अधिकार सुनिश्चितता सहित विशेष अधिकारमा जोड दिन्छ ।

सकारात्मक विभेद (Positive Discrimination) लाई Protective Discrimination, Affirmative Action, Reverse Discrimination, Compensatory Action, Corrective Measures जस्ता नामबाट पनि सम्बोधन गर्ने गरिन्छ । संवैधानिक विधिशास्त्रमा सकारात्मक विभेदको उत्पत्ति र कार्यान्वयनको आवश्यकता राज्यलाई लोक कल्याणकारी राज्यतर्फ उन्मुख गराउने र सामाजिक न्याय प्राप्त गर्ने पुनित उद्देश्यमा राज्यको चासो (The need to introduce and implement the concept of positive discrimination in the Constitutional jurisprudence is guided by the concern of the state to turn itself into a welfare state and achieve the lofty objective of social justice) लाई मानिन्छ । सकारात्मक विभेदको सिद्धान्तले समाजका आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक एवं व्यवसायिक रुपमा पिछडिएका वर्ग वा समुदायका व्यक्तिहरुलाई अन्य समुदायका व्यक्ति सरहको अवस्थामा ल्याई पुऱ्याउन आवश्यक सबै उपायहरुको अवलम्वन गर्न राज्यलाई अनुमति प्रदान गर्दछ । प्रायः सकारात्मक विभेद भनेर चिनिने क्षतिपूर्ति गर्न सकिने विभेदको उद्देश्य ऐतिहासिक वा सामाजिक विभेदलाई सच्याउनु हो ।

---

[76] *Ibid.*

## (आ) आरक्षण ( Reservation):

ऐतिहासिक तथा सामाजिक रुपमा नै वन्चित समूहका लागि आरक्षण धेरै नै लोकप्रिय साधन हो। यसले वन्चित समुदायलाई अवसर प्रदान गरी सारवान समानता स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्दछ। साथै यसबाट धेरै कम मात्र प्रतिनिधित्व हुने वा प्रतिनिधित्व नै नहुने समुदायका लागि प्रतिनिधित्व सुनिश्चित हुन सक्छ। त्यति मात्र होईन यसबाट आफ्नोपनको भावना वृद्धि भई समावेशी धारणाको विकास हुनसक्छ। यसले अवसर तथा उत्प्रेरणा प्रदान गरेर सुविधा विहिन तथा वन्चित समुदायहरुको क्षमता अभिवृद्धि गर्दछ। यो एक विवादित तर राज्यका लागि सजिलो विकल्प मानिन्छ। आरक्षण प्रदान गरिएको वर्ग, सम्प्रदाय वा समूह सम्पूर्ण रुपमा पिछडिएको अवस्था नभएमा आरक्षण प्रदान गरिएको वर्ग, सम्प्रदाय वा समूहका टाठा बाठा एवं सक्षम व्यक्तिहरुले आरक्षणको भरपुर फाईदा लिने र पिछडिएका व्यक्तिहरु जहिंको तहिं रहिरहने खतरा यसमा रहन्छ। तसर्थः यसतर्फ सतर्क भै वास्तविक रुपमा पिछडिएका व्यक्तिहरुले आरक्षणको फाईदा लिने अवस्थाको निर्माण गर्न पिछडिएका वर्ग वा समूह वा समुदायका पनि वास्तविक रुपमा आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायतका आधारमा पिछडिएका वा पछाडि पारिएका समुदाय वा वर्गको पहिचान गरी उनिहरुका लागि मात्र आरक्षण प्रदान गरिनु पर्दछ।

## २.६ अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको हक, अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरुः

अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको हक, अधिकारका सम्बन्धमा धेरै अन्तर्राष्ट्रिय दस्तावेजहरुमा व्यवस्था गरिएको पाईन्छ। ती दस्तावेजहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ ( Universal Declaration of Human Rights, 1948)- धारा १ र २
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Economic, Social and Cultural Rights)- धारा १३
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Civil and Political Rights, 1966)- धारा २७
- जातिहत्या अपराधको रोकथाम र सजांय सम्बन्धि महासन्धि, १९४८ ( Convention on the Prevention and Punishment of the Crime of Genocide 1948)- धारा २, ३ र ११
- बाल अधिकार सम्बन्धि महासन्धि, १९८९ ( Convention on Rights of Child, 1989)- धारा २९ र ३०

- सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि,१९६५ (International Convention on the Elimination of All Forms of Racial Discrimination, 1965)- धारा १,२,४ र ७
- महिलाहरुको राजनीतिक अधिकार सम्बन्धी महासन्धी, १९५२ (Convention on the Political Rights of Women 1952),
- महिला विरुद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी, १९७९ (Convention on the Elimination of All Forms of Discrimination Against Women, 1979),
- विदेशी कामदार तथा उनिहरुको परिवारको अधिकार संरक्षण सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि, (The International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families)- धारा ३१
- राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणापत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992),
- आदिवासी जनजातिको अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७, (United Nations Declaration on the Rights of Indigenous Peoples,2007)
- आदिवासी जनजाति सम्बन्धि आई.एल.ओ.महासन्धि, १९८९ (C169 Indigenous and Tribal Peoples Convention, 1989).
- शिक्षामा भेदभाव विरुद्धको यूनेस्को महासन्धी, १९६० (The UNESCO Convention against Discrimination in Education) – धारा ५
- वर्ण वर्णका आधारमा हुने पूर्वाग्रह सम्बन्धी यूनेस्को घोषणापत्र,१९७८ (The UNESCO Declaration on Race and Racial Prejudice)- धारा ५

उल्लेखित अन्तर्राष्ट्रिय दस्तावेजहरुमा मुख्यत: अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार एवं संरक्षणका सम्बन्धमा उल्लेख भएको पाईन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ ( Universal Declaration of Human Rights, 1948), को धारा १ मा सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् । ऊनिहरु विवेक र अन्तस्करणले युक्त भएका हुन्छन् । उनिहरुले भ्रातृत्वको भावना लिएर एक अर्काप्रति व्यवहार गर्नुपर्दछ भन्ने उल्लेख भएको छ भने, धारा २ मा जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरुको अधिकार हुनेछ भनिएको छ । नागरिक तथा राजनीतिक अधिकार सम्वन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Civil and Political Rights, 1966) को धारा २७ मा सामाजिक,

धार्मिक वा भाषिक अल्पसंख्यकहरु विद्यमान रहेका राष्ट्रहरुमा त्यस्ता अल्पसंख्यकका व्यक्तिहरुलाई आफ्ना समुहका अन्य सदस्यहरुसंग मिलि आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट बन्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ। यसरी नै उल्लेखित अन्य दस्तावेजहरुमा पनि अल्पसंख्यक तथा सीमान्तकृतका हक, अधिकारका सम्बन्धमा केही व्यवस्थाहरु गरिएको पाईन्छ । माथि उल्लेखित दस्तावेजहरुमा समितिको कार्यादेशभित्रका विषयमा भए, गरेका व्यवस्थाहरुलाई संक्षिप्त रुपमा यसरी उल्लेख गर्न सकिन्छ।

**(क) अल्पसंख्यक समुदायको परिभाषाः**

माथि उल्लेखित कुनैपनि दस्तावेजहरुले अल्पसंख्यक समुदायको परिभाषा गरेको पाईंदैन । समग्र साहित्यको अध्ययनबाट अल्पसंख्यक समुदायको सम्बन्धमा विश्वमा नै हालसम्म सर्व स्वीकार्य परिभाषाको अभाव रहेको पाईन्छ।

**(ख) अल्पसंख्यक समुदायको पहिचानः**

अल्पसंख्यक समुदायको पहिचानका सम्बन्धमा प्रमुख रुपमा दुई वटा दस्तावेजहरुले सम्बोधन गरेको पाईन्छ । प्रथम नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Civil and Political Rights, 1966) र दोश्रो राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणापत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) रहेका छन् । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले जम्मा तीन किसिमका अल्पसंख्यक समुदायहरुको पहिचान गरेको छ; जुन निम्न छन:

- जातीय अल्पसंख्यक,
- धार्मिक अल्पसंख्यक, र
- भाषिक अल्पसंख्यक।

राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणापत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) मा जम्मा तीन किसिमका अल्पसंख्यक समुदायहरुको पहिचान गरिएको पाईन्छ; जुन निम्न छन:

राष्ट्रिय वा जातीय अल्पसंख्यक,

धार्मिक अल्पसंख्यक र

भाषिक अल्पसंख्यक।

उल्लेखित दस्तावेजहरुले अल्पसंख्यक समुदायहरुको पहिचान गरेको भएपनि ती अल्पसंख्यक समुदाय पहिचानका आधारहरु भने उल्लेख गरेको पाईंदैन।

**(ग) अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकारः**

माथि उल्लेखित अन्तर्राष्ट्रिय दस्तावेजहरुमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई निम्न लिखित हक, अधिकारहरु प्राप्त हुनुपर्नेमा जोड दिईएको पाईन्छ ।

- **प्रतिष्ठा तथा अधिकारमा समानताको अधिकार** :- अन्य समुदायका व्यक्ति सरह अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई पनि समान प्रतिष्ठा तथा अधिकार प्राप्त गर्ने अधिकार हुन्छ ।

- **समान व्यवहारको अधिकार**:- अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिलाई पनि नागरिक तथा राजनीतिक अधिकारको प्रयोगमा अन्य समुदायका व्यक्ति सरह समान व्यवहार प्राप्त गर्ने अधिकार हुन्छ ।

- **भेदभाव विरुद्धको अधिकार**:- अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिलाई कुनैपनि आधारमा भेदभाव गरिनु हुँदैन ।

- **आफ्नो मौलिक पहिचा ा बांच्न पाउने अधिकार**:- अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो जातीय, धार्मिक, भाषिक एवं सांस्कृतिक पहिचान सहित स्वतन्त्रतापूर्वक बांच्न पाउने अधिकार हुन्छ ।

- **आफ्नो धर्म, संस्कृति, भाषा, लिपिको उपभोग, संरक्षण र सम्बर्धनको अधिकार**:- अल्पसंख्यक समुदायका व्यक्तिलाई नीजि तथा सार्वजनिक जीवनमा आफ्नो समुदायको पहिचानसंग जोडिएको धर्म, संस्कृति, भाषा, लिपिको स्वतन्त्रतापूर्वक बिना कुनै भेदभाव उपभोग गर्ने, संरक्षण तथा सम्बर्धन गर्ने अधिकार हुन्छ ।

- **आफ्नो परम्परागत कला, ज्ञान, सीप, दक्षताको प्रयोग, संरक्षण र सम्बर्धनको अधिकार**:- अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई आफ्नो समुदायको परम्परागत कला, ज्ञान, सीप र दक्षताको प्रयोग, उपभोग, संरक्षण र सम्बर्धन गर्ने अधिकार हुन्छ ।

- **सहभागिताको अधिकार**:- अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिलाई आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक लगायतका सार्वजनिक जीवनमा सहभागि हुन पाउने अधिकार हुन्छ साथै अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिलाई राष्ट्रिय विधायनको विपरित नहुने गरी उनिहरुसंग सम्बन्धीत राष्ट्रिय, क्षेत्रीय वा स्थानीय तहका निर्णय निर्माणमा सहभागि हुने अधिकार हुन्छ ।

- **संगठन स्थापना र सन्चालन गर्ने अधिकार**:- अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो समुदायको जातीय, भाषिक, धार्मिक एवं सांस्कृतिक पहिचानको संरक्षण एवं सम्बर्धनका लागि संगठन स्थापना र सन्चालन गर्न पाउने अधिकार हुन्छ ।

- **अन्य समुदायसंग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्बन्ध कायम गर्न पाउने अधिकार**:- अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो समुदायको जातीय, धार्मिक, भाषिक, सांस्कृतिक मौलिकतासंग मेल खाने आफ्नो समुदायका अन्य व्यक्ति, अन्य अल्पसंख्यक समुदायका व्यक्ति, अन्य देशका अल्पसंख्यक समुदाय वा त्यसमा संलग्न व्यक्तिहरुसंग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्बन्ध स्थापना गर्ने र सरीक हुने अधिकार हुन्छ।

- **अधिकारको वैयक्तिक वा सामुहिक रुपमा उपभोगको अधिकार**:- अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई वैयक्तिक वा सामुहिक जुनसुकै रुपमा अधिकारको उपभोग गर्न पाउने अधिकार हुन्छ।

- **फाइदा प्राप्त गर्नबाट बन्चित नगराईने अधिकार**: -अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अधिकारहरु उपभोग गरे वा नगरे बापत कुनैपनि किसिमको अयोग्य नमानिने वा राज्यबाट प्राप्त हुने फाईदा प्राप्त गर्नबाट बन्चित नगराईने अधिकार प्राप्त हुन्छ।

- **विशेष व्यवस्थाको अधिकार**:- अल्पसंख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरुको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक पहिचानको संरक्षण एवं सम्बर्धन गर्दै ऊनिहरुको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक विकास एवं सशक्तिकरणका लागि राज्यबाट विशेष व्यवस्था प्रदान गरिनु पर्दछ।

**(घ) अल्पसंख्यक तथा सीमान्तकृत समुदायको राज्य व्यवस्थामा समावेशीकरण**:

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको राज्य व्यवस्थामा समावेशीकरणका सम्बन्धमा हेर्दा अन्तर्राष्ट्रिय दस्तावेजहरुले निम्न लिखित कुराहरुमा जोड दिएको पाईन्छ।

- समानताको हकको प्रत्याभूति,
- भेदभावरहित अवस्थाको सुनिश्चितता,
- सक्रिय सहभागिताको सुनिश्चितता, र
- विशेष संरक्षण व्यवस्थाको अवलम्बन।

**२.७ अन्य देशको संविधानमा भएका अल्पसंख्यक समुदायका अधिकार सम्बन्धि व्यवस्थाहरु**:

यस शिर्षकमा अल्पसंख्यक समुदायको हक, अधिकारका सम्बन्धमा अन्य केही देशहरुको संविधानमा गरिएका व्यवस्थाहरुको बारेमा संक्षेपमा चर्चा गरिएको छ। अल्पसंख्यक समुदायको हक, अधिकारका सम्बन्धमा अन्य केही देशहरुको संविधानमा गरिएका व्यवस्थाहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

**(क) भारतको संविधान, १९५०:**

**धारा:- २९ Protection of interests of minorities (अल्पसंख्यकको हित संरक्षण):**

1. Any section of the citizens residing in the territory if India or any part thereof having a distinct language, script or culture of its own shall have the rights to conserve the same.
2. No citizens shall be denied admission into any educational institution maintained by the state or receiving aid out of state funds on grounds only of religion, race, caste, language or any of them.

**धारा:- ३०. Right of minorities to establish and administer educational institutions (शैक्षिक संस्था स्थापना र सन्चालन गर्ने अल्पसंख्यकको अधिकार):**

1. All minorities, whether based on religion or language, shall have the right to establish and administer educational institutions of their choice.
2. The state shall not, in granting aid to educational institutions, discriminate against any educational institution on the ground that it is under the management of a minority, whether based on religion or language.

भारतिय संविधानको धारा २९ र ३० को अध्ययन गर्दा यसले अल्पसंख्यकहरुलाई निम्न ४ अधिकारहरु प्रदान गरेको पाईन्छ ।

- पहिलो, भारत भित्र बसोबास गर्ने भारतिय नागरिकहरुले आफ्नो भाषा, लिपि, वा संस्कृतिको संरक्षण गर्न पाउने अधिकार - धारा २९,
- दोश्रो, सबै धार्मिक तथा भाषिक अल्पसंख्यकलाई आफ्नो चाहना अनुसारको शैक्षिक संस्थाहरु स्थापना गर्न वा संचालन गर्न पाउने अधिकार - धारा ३०,
- तेश्रो, कुनै शैक्षिक संस्थालाई कुनै धार्मिक वा भाषिक अल्पसंख्यकका आधारमा स्थापना भएको कारणबाट राज्यबाट सहयोग प्राप्त गर्नबाट भेदभाव नहुने अधिकार - धारा ३०, र
- चौंथो, कुनै धर्म, जात, वर्ण वा भाषाका आधारमा राज्यद्धारा संचालित वा सहयोग प्राप्त शैक्षिक संस्थामा भर्ना हुनबाट बन्चित नगराईने अधिकार - धारा २९ ।

**(ख) दक्षिण अफ्रिकी संविधान, १९९७**

**धारा:- २९(२). शिक्षा (Education):**

Everyone has the right to receive education in the official language or language of their choice in public educational institutions where that education is reasonably practicable (प्रत्येक नागरिकलाई व्यवहारिक रुपमा संभव भएको सार्वजनिक शैक्षिक संस्थाहरुमा कार्यालय भाषामा वा आफ्नो चाहनाको भाषामा शिक्षा प्राप्त गर्ने हक हुनेछ) ।

धाराः- ३०. भाषा र संस्कृति ( Language and Culture):

Everyone has the right to use the language and to participate in the cultural life of their choice, but no one exercising these rights may do so in a manner inconsistent with any provision of the Bill of Rihgts (सबैलाई Bill of rights मा भएका प्रावधानसंग नबाझिने गरी आफ्नो भाषाको प्रयोग गर्ने र आफ्नो चाहना बमोजिमको सांस्कृतिक जीवनमा सहभागी हुने हक हुनेछ) ।

धाराः- ३१. सांस्कृतिक, धार्मिक र भाषिक अल्पसंख्यक (Cultural, Religious and Linguistic Minorities):

1) Persons belonging to a cultural, religious or linguistic community may not be denied the right, with other members of that community-

A) to enjoy their culture, practice their religion and use their language; and

B) to form, join and maintain cultural, religious and linguistic associations and other organs of civil society.

(सांस्कृतिक, धार्मिक वा भाषिक समुदायमा आवद्ध व्यक्तिहरुलाई समुदायका अन्य सदस्यहरुले प्राप्त गरे सरहका निम्न अधिकारहरुबाट बन्चित गरिने छैन:

(क) आफ्नो संस्कृतिको उपभोग गर्न, आफ्नो धर्मको अवलम्बन गर्न र आफ्नो भाषाको प्रयोग गर्न,

(ख) सांस्कृतिक, धार्मिक र भाषिक संघ, संस्थाहरु र नागरिक समाजका अन्य इकाइहरु गठन गर्न, सहभागी हुन र संचालन गर्न) ।

(ग) स्वीस फेडेरेशनको संविधान,१ जनवरी, २०००

धाराः- १५. विवेक र धार्मिक स्वतन्त्रता (Freedom of Religion and Conscience):

1.The freedom of religion and conscience is guaranteed (विवेक र धार्मिक स्वतन्त्रता प्रदान गरिनेछ) ।

2.Every person has the right to freely choose his or her religion or non-denominational belief and to profess them alone or in community with others ( सबै व्यक्तिलाई स्वतन्त्रतापूर्वक आफ्नो धर्म वा गैर धार्मिक विश्वास ( Non-denominational belief ) रोज्ने र सो को एकल वा समाजमा अरुसंग मिलेर अभ्यास गर्ने अधिकार हुनेछ) ।

3.Every person has the right to join or belong to a religious community and to receive religious education (सबै व्यक्तिलाई धार्मिक समुदायमा सरीक हुने वा समाहित हुने र धार्मिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ) ।

4.No person may be forced to join a religious community, to conduct a religious act or participate in religious education (कुनैपनि व्यक्तिलाई धार्मिक समुदायमा सरीक हुन, धार्मिक कार्य गर्न वा धार्मिक शिक्षामा सहभागी बन्नका लागि बाध्य गरिने छैन)

**धाराः- ६९. संस्कृति (Culture):**

1.The field of culture is a cantonal matter ( संस्कृति क्यान्टोनको विषय हो) ।

2.The Federation may support cultural activities of national interest, and encourage art and music, in particular in the field of education – फेडेरेशनले राष्ट्रिय स्वार्थका सांस्कृतिक गतिविधिहरुलाई सहयोग र कला र संगीतलाई प्रोत्साहन गर्न सक्नेछ; खासगरी शिक्षाको क्षेत्रमा) ।

3.In accomplishing its tasks, it shall take into account the cultural and linguistic diversity of the country (राज्यले आफ्नो कार्य गर्ने सन्दर्भमा देशको सांस्कृतिक एवं भाषिक विविधतालाई ध्यान दिनुपर्नेछ ) ।

**धाराः- ७०. भाषा (Languages):**

1.The official languages of the Federation are German, French, and Italian. Romansh shall be an official language for communicating with persons of Romansh language (स्वीस फेडेरेशनको कार्यालय भाषा जर्मन, फ्रेन्च र इटालियन हुनेछन् । Romansh भाषाका व्यक्तिहरुसंग सम्पर्कको लागि Romansh कार्यालय भाषा हुनेछ )

2.The Cantons shall designate their official languages.In order to preserve harmony between linguistic communities, they shall respect the traditional territorial distribution of languages, and take into account the indigenous linguistic minorities (क्यान्टोनहरुले आफ्नो क्यान्टोनको कार्यालय भाषा आंफै निर्धारण गर्न सक्नेछन् । भाषिक समुदायहरुका वीच सौहार्द्रता कायम गर्न क्यान्टोनहरुले भाषाहरुको परम्परागत क्षेत्रीय वितरणलाई सम्मान र आदिवासी भाषिक अल्पसंख्यकहरुलाई ध्यान दिनु पर्नेछ) ।

3.The federation and the Cantons shall encourage understanding and exchange between the linguistic communities (फेडेरेशन र क्यान्टोनले भाषिक समुदायहरु वीचको आपसी समझदारी र आदान प्रदानलाई प्रोत्साहन गर्नेछन्) ।

4.The Federation shall support the plurilingual Cantons in the fulfillment of their tasks (फेडेरेशनले आफ्नो कार्य पूरा गर्ने सन्दर्भमा बहुभाषिक क्यान्टोनलाई समर्थन गर्नेछ) ।

5.The federation shall support the measures taken by the Cantons of Grisons and Ticino to maintain and to promote Romansh and Italian (फेडेरेशनले ग्रीशन्स

र टिसिनो क्यान्टोनले रोमन्स र इटालियनलाई कायम गर्न र प्रवर्धन गर्नका लागि गरेको विशेष व्यवस्थाहरुलाई समर्थन गर्नेछ )।

**(घ) अल्वानियाको संविधान, १९९१**

**धारा ४:- Human Rights, Minorities (मानव अधिकार, अल्पसंख्यक):**

The Republic of Albania recognizes and guarantees the fundamental human rights and freedoms, those of national minorities admitted in the international documents (गणतन्त्र अल्वानिया राष्ट्रिय अल्पसंख्यकका सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेजहरुले प्रदान गरेका आधारभूत मानव अधिकार तथा स्वतन्त्रताहरुलाई मान्यता र प्रत्याभूति प्रदान गर्दछ)।

**(ङ) जनगणतन्त्र चीनको संविधान, १९८२**

**धारा:- ४. Nationalities, Minorities, Regions, Languages - आदिवासी, अल्पसंख्यक, क्षेत्र, भाषा):**

1. All nationalities in the People's Republic of China are equal. The State protects the lawful rights and interests of the minority nationalities and upholds and develops the relationship of equality, unity and mutual assistance among all of China's nationalities. Discrimination against and oppression of any nationality are prohibited; any acts that undermine the unity of the nationalities or instigate their secession are prohibited.The state helps the areas inhabited by minority nationalities speed up their economic and cultural development in accordance with the peculiarities and needs of the different minority nationalities (जनगणतन्त्र चीनका सवै आदिवासी समान छन् । राज्यले आदिवासी अल्पसंख्यकका कानूनी अधिकार र हितको संरक्षण र चीनका सवै आदिवासीहरु वीच समानता, एकता र आपसी सहयोगको सम्बन्धको विकास र प्रवर्धन गर्नेछ । कुनै पनि आदिवासी विरुद्ध भेदभाव र शोषणलाई निषेध गरिएको छ । जात, जाति वीचको सुसम्वन्धमा खलल पार्ने वा राष्ट्रिय एकता विरुद्ध अभिप्रेरित कुनै पनि कार्यलाई निषेध गरिएको छ । राज्यले आदिवासी अल्पसंख्यक वसोवास गर्ने क्षेत्रका विभिन्न आदिवासी अल्पसंख्यकहरुको मौलिकता र आवश्यकता अनुसार तिनिहरुको आर्थिक तथा सांस्कृतिक विकासमा सहयोग गर्नेछ)।
2. Regional autonomy is practiced in areas where people of minority nationalities live in compact communities; in these areas organs of self-government are established for the exercise of the right of autonomy. All the national autonomous areas are inalienable parts of the People's Republic of China (आदिवासी अल्पसंख्यकहरुको सघन वसोवास भएको क्षेत्रमा क्षेत्रीय स्वायत्ततालाई अवलम्वन गरिएको छ । यी क्षेत्रमा स्वायत्त अधिकारको प्रयोगका लागि स्वशासनका

इकाइहरु गठन गरिएका छन् । सबै राष्ट्रिय स्वशासन क्षेत्रहरु जनगणतन्त्र चीनका अभिन्न भागहरु हुन्।।

3. The people of all nationalities have the freedom to use and develop their own spoken and written languages, and to preserve or reform their own ways and customs (सबै आदिवासी नागरिकहरुलाई आफ्नो कथ्य र लेख्य भाषाको प्रयोग र विकास गर्ने र आफ्नो शैली र प्रथाहरुको संरक्षण र सुधार गर्ने स्वतन्त्रता हुनेछ)।

**२.८ अल्पसंख्यक, सीमान्तकृत, पछाडी पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका समुदायको संरक्षण व्यवस्था:**

**२.८.१ अल्पसंख्यक समुदायको संरक्षण व्यवस्था:**

समाजशास्त्री डा. कृष्णवहादुर भट्टचनका अनुसार आत्मनिर्णयको अधिकार, भूमि माथिको अधिकार, र जातीय, भाषिक स्वायत्तताको अधिकारलाई अब बन्ने नयां संविधानमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको मौलिक अधिकारमा समावेश गरिनु पर्दछ [77]।

समाजशास्त्री डा. सुमित्रा मानन्धरका अनुसार अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, हित संरक्षणको विषयहरु राज्यको निर्देशक सिद्दान्त तथा नीतिहरुमा समावेश गरी राज्यले क्रमशः कानून तथा कार्यक्रम निर्माण गरी प्रदान गर्दै जानुपर्दछ [78]।

राष्ट्रिय दलित आयोगका सदस्य यमवहादुर किसानका अनुसार पछाडि परेको समुदायलाई मुख्यतः समानता, आत्मसम्मानको सुनिश्चितता, न्याय र मानव अधिकारको सम्मान, समावेशीकरण र सबै किसिमका विभेदहरुको अन्त्य जस्ता आधारमा अगाडि ल्याउन वा मूलधारमा समावेश गर्न सकिन्छ । अल्पसंख्यक तथा सीमान्तकृत समुदायले वर्तमानमा वेहोर्नु परेका समस्याहरुलाई मुख्यतः निम्न २ उपायहरुवाट संविधानमा सम्वोधन गर्न सकिन्छ ।

१) निराकरणको उपायः सबै किसिमका विभेदहरुको निराकरण गरेर , र

२) संरक्षणको उपायः भाषा, धर्म, संस्कृतिको संरक्षण र समावेशीकरण गरेर [79]।

संविधानविद् डा. भिमार्जुन आचार्यका अनुसार अल्पसंख्यकहरुको अधिकारका सम्वन्धमा हेर्दा अल्पसंख्यकहरुको मूलतः २ किसिमका अधिकारहरु संविधानमा संरक्षण हुनुपर्ने देखिन्छ [80].

- भेदभाव विरुद्धको अधिकार, र
- विशेष अधिकार प्रदानः विशेष अधिकारहरुमा आफ्नो धर्म र संस्कृतिको उपभोग गर्न पाउने अधिकार, आफ्नो व्यवसाय गर्न पाउने अधिकार र सामुहिक वा व्यक्तिगत रुपमा सम्पत्तिको अधिकार प्रयोग गर्न पाउने अधिकार जस्ता अधिकारहरु पर्दछन् । विशेष

---

[77] समितिको आमन्त्रणमा मिति २०६५।१०।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[78] समितिको आमन्त्रणमा मिति २०६५।१०।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[79] समितिको आमन्त्रणमा मिति २०६५।१०।१३ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[80] समितिको आमन्त्रणमा मिति २०६५।१०।१८ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

अधिकारहरु सकारात्मक विभेद र आरक्षण जस्ता माध्यमहरु मार्फत प्रदान गर्न सकिन्छ ।

संविधानविद टेक ताम्राकारका अनुसार अबको संविधानमा सारवान समानता र भेदभाव विरुद्धको अधिकारलाई समावेश गरी सो विरुद्धको कार्यलाई दण्डित गर्ने कुरा पनि संविधानमा समावेश गरिनु पर्दछ । नयां संविधानमा अल्पसंख्यकको अधिकार समावेश गर्ने प्रयोजनका लागि निम्न विषयलाई Guiding Principle का रुपमा लिनु पर्दछ [81]।

- Self Identity
- भेदभाव विरुद्धको अधिकार,
- सहभागिता र समावेशीकरण, र
- पारदर्शिता र जवाफदेहिता ।

कानूनविद कुन्साङ लामाका अनुसार अल्पसंख्यक तथा सीमान्तकृतहरुको निम्न लिखित अधिकारहरु नयां संविधानमा समावेश गरिनु पर्दछ [82]।

- पहिचानको अधिकार,
- पहुँचको अधिकार,
  - -सम्पत्तिमा पहुँचको अधिकार,
  - -शिक्षा एवं स्वास्थ्यमा पहुँचको अधिकार,
  - -रोजगारीमा पहुँचको अधिकार,
  - -न्यायमा पहुँचको अधिकार,
- प्रतिनिधित्वको अधिकार,
- ऐतिहासिक भूमिको मान्यताको अधिकार (Ancestral Domains),
- आत्मनिर्णयको अधिकार आर्थिक, सामाजिक तथा राजनीतिक विकासको लागि,
- निर्णय प्रकृयामा सहभागिताको हक,
- सामाजिक न्याय तथा मानव अधिकार,
- कानूनको नजरमा समान संरक्षणको हक,
- भेदभाववाट बच्ने तथा समान अवसर तथा उपचारको हक, र
- सास्कृतिक अधिकार ।

---

[81] समितिको आमन्त्रणमा मिति २०६५।१।१८मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।
[82] समितिको आमन्त्रणमा मिति २०६५।१।२० मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको ।

अधिकारकर्मी ज्योति दनुवारका अनुसार नयाँ संविधानमा सम्बोधन गर्नुपर्ने केही एजेण्डाहरु यस प्रकार छन [83]:

- जल, जंगल, जमिन माथि आदिवासीको अग्राधिकार स्थापित गर्नुपर्दछ। आई. एल. ओ. १६९ लाई संविधानमा लिपिवद्ध गर्नुपर्छ।
- तराई भुमीलाई मधेश भनी वैधानिक रुपले नामाकरण गरेको व्यवस्था खारेज गर्नुपर्छ।
- कमैया र दलित भुमिहिनलाई तत्काल भुमि वितरण गर्नुपर्छ।
- सामुदायिक वनमा तराईवासीको अग्राधिकारको व्यवस्था गर्नुपर्छ।
- जातीय आधारमा पूर्ण समानुपातिक निर्वाचनको व्यवस्था गर्नुपर्छ।
- आत्मनिर्णय सहितको जातीय स्वायत्तताको सुनिश्चितता गर्नुपर्छ।
- अल्पसंख्यक समुदायको व्यवस्थापिकामा प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्छ।
- जातीय आधारमा एक तराई वहुप्रदेशको संघीय स्वरुप निर्धारण गर्नुपर्दछ।

अधिकारकर्मी दुर्गा सोवका अनुसार आगामी संविधानमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायका निम्न अधिकारहरु समावेश गरिनु पर्दछ [84]:

- प्रशासनिक एवं राजनैतिक प्रतिनिधित्वको सुनिश्चितता,
- आर्थिक रुपमा सशक्त वनाउने कार्यक्रम,
- विद्यमान कुप्रथाहरुको अन्त्य,
- परम्परागत ज्ञान, सीप र दक्षताको संरक्षण र उपयोग,
- सामाजिक एवं साँस्कृतिक विषयहरुको पहिचान र संरक्षण।

अधिकारकर्मी खिम घलेका अनुसार संयुक्त राष्ट्र संघीय घोषणा पत्रले अल्पसंख्यकहरुलाई निम्न वमोजिमका अधिकारहरु प्रदान गरेको पाइन्छ [85]:

- Enjoy own culture,
- Profess and practice own religion,
- Use own language,
- Participate effectively in the life of the country, especially in decision making,
- Establish and maintain own associations, र

[83] समितिको आमन्त्रणमा मिति २०६५।९।२१ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको।
[84] समितिको आमन्त्रणमा मिति २०६५।९।२७ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको।
[85] समितिको आमन्त्रणमा मिति २०६५।९।२७ मा समितिको बैठक कक्षमा आई जानकारी प्रदान गर्नु भएको।

- Have free and peaceful cross-frontier contacts with other members of the group.

नेपालको सन्दर्भमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अधिकारको कुरा गर्दा आदिवासी जनजातिसँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय घोषणापत्र एवं महासन्धिहरुलाई पनि उत्तिकै ध्यान दिनुपर्ने देखिन्छ ।

अल्पसंख्यक समुदायको संरक्षण व्यवस्थाको कुरा गर्दा तिनीहरुको मुख्य सरोकारका विषयहरुका बारेमा जानकारी प्राप्त गर्नु जरुरी हुन्छ, जसबाट तिनीहरुको संरक्षणका उपायहरु पहिचान गर्न मद्दत पुग्दछ । अल्पसंख्यक समुदायहरुको सरोकार मुख्यत: निम्न क्षेत्र वा विषयहरुमा रहेको पाईन्छ [86]।

- Non- discrimination भेदभावरहितता,
- Recognition of identity मौलिकताको मान्यता,
- Cultural diversity सांस्कृतिक विविधता,
- Language भाषा,
- Education शिक्षा,
- Religion धर्म,
- Participation सहभागिता,
- Development विकास, र
- Cross border cooperation अन्तर्राष्ट्रिय आपसी सहयोग र सहकार्य ।

अल्पसंख्यक समुदायको उपर्युक्त सरोकारलाई मध्यनजर गर्दै समितिमा प्राप्त सन्दर्भ सामाग्री, अल्पसंख्यक सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेज एवं विभिन्न माध्यमहरु मार्फत समितिमा प्राप्त संस्थागत एवं व्यक्तिगत राय, सुझाव समेतका आधारमा अल्पसंख्यक समुदायको संरक्षण व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

**(क) समान अधिकार र प्रतिष्ठाको सुनिश्चितता:**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा अधिकार र प्रतिष्ठामा समान छन् भनिएको छ । अत: मानिसका बीच कुनै पनि आधारमा हुने कुनै पनि किसिमको भेदभाव मानव जातिलाई स्वीकार्य हुन सक्दैन । यसर्थ: अल्पसंख्यक समुदायको संरक्षणका लागि सर्वप्रथमत: उनिहरुलाई पनि अन्य समुदायका व्यक्ति सरह समान अधिकार र प्रतिष्ठाको संवैधानिक सुनिश्चितता गरिनु पर्दछ ।

**(ख) समान व्यवहारको सुनिश्चितता:**

---
[86] *http://en.wikipedia.org/wiki/minority/issue*

समानताको सिद्धान्तले राष्ट्रले आफ्ना नागरिकहरुका बीच जात, जाति, लैङ्गिक तथा यौनिक, वर्ण, धर्म, भाषा, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना समान व्यवहार गर्नुपर्ने कुरामा जोड दिन्छ । यसर्थ अल्पसंख्यक समुदायलाई नागरिक तथा राजनीतिक अधिकारको प्रयोगमा राज्यले जात, जाति, लैङ्गिक तथा यौनिक, वर्ण, धर्म, भाषा, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना समान व्यवहार गर्ने कुराको संवैधानिक सुनिश्चितता गरिनु पर्दछ ।

**(ग) भेदभावरहित अवस्थाको सुनिश्चितताः**

भेदभावरहीतताको सिद्धान्तले राज्यले सवै नागरिकहरुलाई जात, जाति, वर्ण, लैङ्गिक तथा यौनिक, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना समान रुपमा आधारभूत मानव अधिकारको सुनिश्चितता गरिनु पर्ने कुरामा जोड दिन्छ । अतः राज्यले अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई जात, जाति, लैङ्गिक तथा यौनिक, वर्ण, धर्म, भाषा, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चिता र अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई अन्य समुदायका व्यक्तिहरु भन्दा फरक व्यवहार गर्ने राज्यका सवै कानुन, नीति, नियम, योजना, निर्णय एवं कार्यहरु स्वतहः वदर हुने र यस्तो कार्य कानुन वमोजिम दण्डनीय हुने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनु पर्ने देखिन्छ ।

**(घ) छुवाछुत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितताः**

छुवाछुत र जातीय आधारमा हुने भेदभाव मानव अधिकार एवं मानवीय मूल्य र मान्यता विपरितको अपराधजन्य कार्य हो । यसलाई मानव अधिकारका प्रायः सवै अन्तर्राष्ट्रिय दस्तावेजहरुले निषेध गरेको पाईन्छ । यस्तो प्रथाको निरन्तरता अधिकारको अवधारणा, समानताको आधारभूत सिद्धान्त, लोकतन्त्र, कानूनको शासन र मानव अधिकार विरुद्धको कार्य मानिन्छ । अतः दलित समुदायको समानता, स्वतन्त्रता, न्याय एवं मानवीय मर्यादा वहालीका लागि आगामी संविधानमा छुवाछुत र जातीय आधारमा हुने कुनै पनि किसिमका भेदभावजन्य कार्य वा व्यवहारलाई पूर्णतः निषेध गरी सो कार्य वा व्यवहारलाई मानवता विरुद्धको जघन्य सामाजिक अपराधका रुपमा दण्डनिय वनाउने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनु पर्ने देखिन्छ ।

**(ङ) आफ्नो मौलिक पहिचानमा बांच्न पाउने कुराको सुनिश्चितताः**

अल्पसंख्यक समुदायको मुख्य सरोकार आफ्नो मौलिक पहिचान सहित वांच्न पाउनु रहेको पाईन्छ । यस सन्दर्भमा अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई आफ्नो जातीय वा धार्मिक वा

भाषिक वा लैङ्गिक वा यौनिक जस्ता मौलिक पहिचान सहित अन्य समुदायका नागरिक सरह बाँच्न पाउने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनु पर्ने देखिन्छ ।

**(च) अल्पसंख्यक समुदायका सामुहिक अधिकारको सुनिश्चितताः**

अल्पसंख्यक समुदायका लागि नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ( International Covenant on Civil and Political Rights, 1966) एवं राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्बन्धि घोषणापत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) मा व्यवस्था गरिएका सामुहिक अधिकारहरुको संवैधानिक सुनिश्चितता प्रदान गरिनु पर्ने देखिन्छ ।

**(छ) विशेष संरक्षणको सुनिश्चितताः**

मानव अधिकार सम्बन्धी सबैजसो दस्तावेजहरुमा समाजका अल्पसंख्यक, सीमान्तकृत, कमजोर, पछाडि पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका वर्ग वा समुदायका व्यक्तिहरुका लागि राज्यका तर्फवाट विशेष संरक्षण प्रदान गरिनु पर्ने कुरामा जोड दिएको पाईन्छ । यो सारवान समानता कायम गर्ने एक नविनतम धारणा हो । यो एक अस्थायि व्यवस्था हो; जसले समाजका अल्पसंख्यक, सीमान्तकृत, कमजोर, पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका वर्ग वा समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक एवं स्वास्थ्य अवस्था सुधार गरी यी वर्ग वा समुदायका व्यक्तिलाई समाजका अन्य वर्ग वा समुदायको अवस्थासम्म पुग्नका लागि मद्दत गर्दछ । अल्पसंख्यक समुदायको संरक्षण व्यवस्थाको कुरा गर्दा उनिहरुका लागि राज्यका तर्फवाट विशेष संरक्षणका लागि पहल कदमी हुनुपर्ने आवश्यकता देखिन्छ । यसका माध्यमवाट अल्पसंख्यक समुदायको सार्वजनिक जीवनमा सक्रिय सहभागिता, समानुपातिक प्रतिनिधित्व एवं समावेशीकरणको सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यान्वयनयोग्य वनाउनुका अतिरिक्त अल्पसंख्यक समुदायको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र स्वास्थ्यको अवस्थामा सुधार गरी उनिहरुलाई समाजका अन्य समुदायको समकक्षी वनाउनमा मद्दत पुग्दछ । विशेष संरक्षणको व्यवस्था अन्तर्गत सकारात्मक विभेदको नीति अवलम्बन गरी आरक्षण, कोटा वा विशेषाधिकारका माध्यमहरु अपनाउन सकिन्छ । यो एक अस्थायी उपाय हो । यसका माध्यमवाट पछाडि पारिएका, एक्लिएका, वहिष्करणमा पारिएका, अल्पसंख्यक वा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई निश्चित समय सिमाभित्र राष्ट्रको मुलधारमा समावेश गर्न सकिन्छ । तर यसरी विशेष संरक्षण प्रदान गर्दा यी समुदायभित्रका पनि सीमान्तकृत, पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका घर परिवारहरुको पहिचान गरेर गरिनु पर्दछ । अन्यथाः ति समुदायभित्रका सक्षम व्यक्तिहरुले अवसरको फाइदा प्राप्त गरी पछाडि पारिएका, एक्लिएका, बहिष्करणमा पारिएका वा सीमान्तकृत अवस्थामा रहेका परिवारहरु जहिंको तंहि रहिरहने खतरा यसमा रहन्छ । अतः अल्पसंख्यक समुदायको संरक्षण व्यवस्थाको लागि उनिहरुको विशेष संरक्षणको व्यवस्थालाई संवैधानिक प्रत्याभूति प्रदान गरिनु पर्ने देखिन्छ ।

### २.८.२ सीमान्तकृत र बहिष्करणमा पारिएका समुदायको संरक्षण व्यवस्थाः

राज्यबाट शोषित भएका, दवाईएका, अपहेलित गरिएका वा राज्यको मुलधारबाट निरन्तर रुपमा किनारा लगाईएका वर्ग, जाति, जनजाति र व्यक्ति नै सीमान्तकृत समूह हो । c;dfg jf भेदभावपूर्ण वा छुवाछुतजन्य व्यवहार गरिएका, राष्ट्रको मुलधारबाट बाहिर पारिएका, आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, कानूनी, धार्मिक, कलात्मक वा वैज्ञानिक गतिविधिहरुबाट बाहिर पारिएका, सार्वजनिक सेवामा कम पहुंच भएका वा पहुंच नभएका, दमनपूर्ण व्यवहार गरिएका जात, जाति, वर्ग वा समुदाय बहिष्करणमा पारिएका समुदाय हुन् । नेपालमा शताब्दियौंदेखि चलेको परम्परागत एवं सामन्तवादी राज्यसत्ताका कारण विभिन्न जातीय समुह, विशेष भौगोलिक क्षेत्रमा बसोबास गरेको समुहहरुलाई सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य एवं सार्वजनिक सेवाको पहुंचबाट टाढा बनाईंदै आएको छ । यस्तो प्रकारको सीमान्तता तथा बहिष्करण लैंगिक तथा यौनिक, जातीय, धर्म, शारीरिक वा मानसिक अवस्था, भौगोलिक विकटता, राजनैतिक र वैयक्तिक पहिचान आदिको आधारमा गरिंदै आएको पाईन्छ । सीमान्तकृत तथा बहिष्करणमा रहेका नागरिकहरुको संरक्षण र विकासका लागि राज्यले विशेष जोड दिनु पर्दछ । राज्यले उनिहरुको स्वतन्त्रता, समानता र सम्मानपूर्ण जीवन बांच्न पाउने अधिकारहरुको सुनिश्चितता गर्नु पर्दछ । उनिहरुको भाषिक, धार्मिक तथा सांस्कृतिक पहिचानको संरक्षण, मौलिक अधिकारहरुको संरक्षण, अविभेद जस्ता क्षेत्रमा राज्यले अधिकारहरुको सुनिश्चितता गर्नु पर्दछ । राष्ट्रिय कानून, संविधान तथा विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्वन्धी महासन्धीहरुले व्यवस्था गरेका सम्पूर्ण अधिकारहरुको उपभोग गर्न पाउने अधिकारको सुनिश्चितता सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायलाई गरिनु पर्दछ डठ। सीमान्तकृत समुदायका व्यक्तिहरुलाई नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ को धारा २७, सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने महासन्धी, १९६५, आइ.एल.ओ.महासन्धी १६९ लगायत महासन्धीमा व्यवस्था गरिएका अधिकारहरु प्रदान गरिनु पर्दछ डड।

उल्लेखित सन्दर्भ सामाग्री, अन्तर्राष्ट्रिय दस्तावेज एवं विभिन्न माध्यमहरु मार्फत समितिमा प्राप्त संस्थागत एवं व्यक्तिगत राय, सुझाव समेतका आधारमा सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको संरक्षण व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) समान अधिकार र प्रतिष्ठाको सुनिश्चितताः**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा अधिकार र प्रतिष्ठामा समान छन् भनिएको छ । अतः मानिसका बीच कुनै पनि

[87] महिला, कानून र विकास मन्च, भावी संविधानमा सीमान्तकृत वर्गको अधिकार, प्रकाशन नं १४०, महिला, कानून र विकास मन्च, काठमाण्डौ, २०६४, पृ ९-१०

[88] महिला, कानून र विकास मन्चका तर्फबाट समितिमा प्रेषित भावि संविधानमा सीमान्तकृत वर्गको सुनिश्चित गर्नु पर्ने अधिकार सम्बन्धी सुझावहरु, पृ २

आधारमा हुने कुनै पनि किसिमको भेदभाव मानव जातिलाई स्वीकार्य हुन सक्दैन । यसर्थः सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको संरक्षणका लागि सर्वप्रथमतः उनिहरुलाई पनि अन्य समुदायका व्यक्ति सरह समान अधिकार र प्रतिष्ठाको संवैधानिक सुनिश्चितता गरिनु पर्दछ ।

**(ख) समान व्यवहारको सुनिश्चितताः**

समानताको सिद्धान्तले राष्ट्रले आफ्ना नागरिकहरुका वीच जात, जाति, लैङ्गिक तथा यौनिक, वर्ण, धर्म, भाषा, राजनैनिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना समान व्यवहार गर्नुपर्ने कुरामा जोड दिन्छ । यसर्थ सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायलाई नागरिक तथा राजनीतिक अधिकारको प्रयोगमा राज्यले जात, जाति, लैङ्गिक तथा यौनिक, वर्ण, धर्म, भाषा, राजनैनिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिंक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव बिना समान व्यवहार गर्ने कुराको संवैधानिक सुनिश्चितता गरिनु पर्दछ ।

**(ग) भेदभावरहित अवस्थाको सुनिश्चितताः**

भेदभावरहीतताको सिद्धान्तले राज्यले सवै नागरिकहरुलाई जात, जाति, वर्ण, लैङ्गिक तथा यौनिक, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना समान रुपमा आधारभूत मानव अधिकारको सुनिश्चितता गरिनु पर्ने कुरामा जोड दिन्छ । अतः राज्यले सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुलाई जात, जाति, लैङ्गिक तथा यौनिक, वर्ण, धर्म, भाषा, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, शारिरीक वा मानसिक अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव बिना नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चिता र सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुलाई अन्य समुदायका व्यक्तिहरु भन्दा फरक व्यवहार गर्ने राज्यका सवै कानुन, नीति, नियम, योजना, निर्णय एवं कार्यहरु स्वतहः वदर हुने र यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनु पर्ने देखिन्छ ।

**(घ) छुवाछुत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितताः**

छुवाछुत र जातीय आधारमा हुने भेदभाव मानव अधिकार एवं मानवीय मूल्य र मान्यता विपरितको अपराधजन्य कार्य हो । यसलाई मानव अधिकारका प्रायः सबै अन्तर्राष्ट्रिय दस्तावेजहरुले निषेध गरेको पाईन्छ । यस्तो प्रथाको निरन्तरता अधिकारको अवधारणा, समानताको आधारभूत सिद्धान्त, लोकतन्त्र, कानूनको शासन र मानव अधिकार विरुद्धको कार्य मानिन्छ । अतः सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको संरक्षणका लागि आगामी संविधानमा छुवाछुत र जातीय आधारमा हुने कुनै पनि किसिमका भेदभावजन्य कार्य वा व्यवहारलाई मानवता विरुद्धका जघन्य

सामाजिक अपराध करार गरी सो कार्य वा व्यवहारलाई दण्डनिय वनाउने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनु पर्ने देखिन्छ ।

**(ङ) सार्वजनिक जीवनमा सहभागिताको सुनिश्चितता:**

सार्वजनिक जीवनमा सहभागिताको अधिकार मानिसको आधारभूत मानव अधिकार हो । यसलाई प्राय: सवै अन्तर्राष्ट्रिय दस्तावेजहरुमा विशेष जोड दिइएको पाईन्छ । सार्वजनिक नीति, योजना र कार्यक्रम निर्माण तथा कार्यान्वयनमा सवै नागरिक सहभागी वन्न सक्ने अवसर प्रदान, सार्वजनिक निर्णय निर्माण ( Public Decision Making) मा सवै नागरिक सहभागि वन्न सक्ने अवसर प्रदान, राज्यका श्रोत र साधनमा सवै नागरिकको समान पहुंच र समानुपातिक वितरणको व्यवस्था एवं सार्वजनिक निकायहरुमा सवै नागरिकहरुको समान सहभागितालाई सार्वजनिक जीवनमा सहभागिताको व्यवस्थाले संरक्षण प्रदान गर्दछ । अत: सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायहरुको संरक्षणका लागि उनिहरुको राज्यका हरेक निकाय एवं क्रियाकलापमा सहभागिताको व्यवस्थालाई आगामी संविधान मार्फत सुनिश्चितता प्रदान गरिनु पर्ने देखिन्छ ।

**(च) विशेष संरक्षणको व्यवस्था:**

मानव अधिकार सम्वन्धी सवैजसो दस्तावेजहरुमा समाजका अल्पसंख्यक, सीमान्तकृत, कमजोर, पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका वर्ग वा समुदायका व्यक्तिहरुका लागि राज्यका तर्फवाट विशेष संरक्षण प्रदान गरिनु पर्ने कुरामा जोड दिएको पाईन्छ । यो सारवान समानता कायम गर्ने एक नविनतम धारणा हो । यो एक अस्थायि व्यवस्था हो; जसले समाजका अल्पसंख्यक, सीमान्तकृत, कमजोर, पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका वर्ग वा समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक एवं स्वास्थ्य अवस्था सुधार गरी यी वर्ग वा समुदायका व्यक्तिलाई समाजका अन्य वर्ग वा समुदायको अवस्थासम्म पुग्नका लागि मद्दत गर्दछ । सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको संरक्षण व्यवस्थाको कुरा गर्दा उनिहरुका लागि राज्यका तर्फवाट विशेष संरक्षणका लागि पहल कदमी हुनुपर्ने आवश्यकता देखिन्छ । यसका माध्यमवाट सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको सार्वजनिक जीवनमा सक्रिय सहभागिता, समानुपातिक प्रतिनिधित्व एवं समावेशीकरणको सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यान्वयनयोग्य बनाउनुका अतिरीक्त सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र स्वास्थ्यको अवस्थामा सुधार गरी उनिहरुलाई समाजका अन्य समुदायको समकक्षी वनाउनमा मद्दत पुग्दछ । विशेष संरक्षणको व्यवस्था अन्तर्गत सकारात्मक विभेद, आरक्षण, कोटा एवं अन्य सशक्तिकरण जस्ता माध्यमहरु अपनाउन सकिन्छ । यो एक अस्थायी उपाय हो । यसका माध्यमवाट पछाडि पारिएका, एक्लिएका, वहिष्करणमा पारिएका, अल्पसंख्यक वा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई निश्चित समय सिमाभित्र राष्ट्रको मुलधारमा समावेश गर्न सकिन्छ । तर यसरी विशेष संरक्षण प्रदान गर्दा यी समुदायभित्रका पनि सीमान्तकृत, पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका घर परिवारहरुको पहिचान गरेर गरिनु पर्दछ । अन्यथा: ति समुदायभित्रका सक्षम व्यक्तिहरुले अवसरको फाइदा प्राप्त गरी

पछाडि पारिएका, एक्लिएका, वहिष्करणमा पारिएका वा सीमान्तकृत अवस्थामा रहेका परिवारहरु जहिंको तहिं रहिरहने खतरा यसमा रहन्छ । अत: सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको संरक्षण व्यवस्थाको लागि उनिहरुको विशेष संरक्षणको व्यवस्थालाई संवैधानिक प्रत्याभूति प्रदान गरिनु पर्ने देखिन्छ ।

**२.९ अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरुः**

सामान्यत: राष्ट्रको मूलधारमा समावेश हुन नसकेका जात, जाति, धर्म, वर्ण, लिंग, भाषा, भाषी, सम्प्रदाय, समूह, समुदाय र क्षेत्रका व्यक्तिहरुलाई राष्ट्रको मूलधारमा समावेश गरी Power, Resources र Opportunuty मा न्यायोचित साझेदारी (Rightful Sharing) सुनिश्चित गर्नुलाई समावेशीकरण भनेर भनिन्छ । राष्ट्रको मूलधारमा समावेश हुन नसकेका जात, जाति, धर्म, वर्ण, लिंग, भाषा, भाषी, सम्प्रदाय, समूह, समुदाय र क्षेत्रका व्यक्तिहरुलाई राष्ट्रको मूलधारमा समावेश गरिनु पर्नेमा कसैको दुईमत नभएतापनि समावेशीकरणको स्वरुप र उपायहरुका सम्बन्धमा भने सर्व-स्वीकृत स्वरुप (Model) पाउन सकिंदैन । अत: अल्पसंख्यक , सीमान्तकृत एवं वहिष्करणमा पारिएका समुदायको राज्य व्यवस्थामा समावेशीकरणका सम्बन्धमा चर्चा गर्दा यसलाई निम्नानुसार दुई भागमा विभाजन गरी गर्दा वढी व्यवहारिक र उपयुक्त हुने देखिन्छ ।

**२.९.१ समावेशीकरणका स्वरुपहरुः**

राज्य व्यवस्थामा समावेशीकरणका उपायहरुका वारेमा चर्चा गर्नु भन्दा अगाडि समावेशीकरणका स्वरुपहरुका बारेमा संक्षिप्त चर्चा गर्नु उपयुक्त हुने देखिन्छ । समावेशीकरणका स्वरुपहरुलाई सामान्यत: निम्नानुसार उल्लेख गर्न सकिन्छ [89]।

**(क) जातीय समावेशीकरणः**

नेपाल एक वहुजातीय मुलुक हो । वहुजातीयता नेपालको पहिचान हो । यहां सयौं जातिहरुको वसोवास रहेको छ र नेपाल राज्यको उत्पत्तिदेखि वर्तमानसम्म आईपुग्दा राष्ट्र निर्माणमा सवै जात, जातिहरुको समान भूमिका रहेको भएतापनि नीति निर्माण, रोजगारी, शिक्षा, सार्वजनिक सेवा र सुविधा, राज्यको श्रोत र साधन, सार्वजनिक प्रशासन लगायतको राज्य व्यवस्थामा सिमित जातिको मात्र आधिपत्य रहेको र अन्य थुप्रै जात, जातिहरु यी अवसरवाट वन्चित हुन पुगेको राष्ट्रिय तथ्यांकहरुले देखाएका छन् । अर्कोतर्फ जातीय भेदभाव र छुवाछुतका कारण अधिकांश जात, जातिहरु आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, स्वास्थ्य, एवं प्रशासनिक लगायतका क्षेत्रमा पछाडि पारिएका वा एक्लिएका वा वहिष्करणमा पारिएका वा सीमान्तकृत पारिएका कारण राज्यका तर्फवाट प्रदान गरिने फाइदा समान रुपमा प्राप्त गर्नवाट वन्चित रहेका छन् । अत: राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा समाजमा विद्यमान रहेको जातीय वहिष्करणलाई समेत ध्यान दिन जरुरी हुन्छ ।

---

[89] उमेश कौइराला, लोकतन्त्र र समावेशीकरण, नविनतम् प्रशासनिक दृष्टिकोणहरु, सोपान मासिक, दोश्रो संस्करण, काठमाण्डौ, २०६४,पृ ५०

(ख) भाषिक समावेशीकरण:

नेपाल वहुभाषिक मुलुक हो । भाषा र लिपि मानिसको पहिचानसंग जोडिएको हुन्छ । भाषा भौगोलिक सिमानामा मात्र सिमित हुंदैन । भाषाको असर शिक्षामा पर्दछ, रोजगारीमा पर्दछ, राज्यवाट प्रदान हुने सेवा र उपलब्ध हुने सुविधामा पर्दछ । कुनै भाषा वा भाषिको प्रति राज्यले उपेक्षा गरेको कारणवाट सो भाषा वोल्ने जात, जातिका व्यक्ति वा समुदायको शिक्षा आर्जन, रोजगारी प्राप्ती, राज्यका तर्फवाट प्रदान गरिने सेवा र सुविधाको प्राप्ति लगायत समग्र राज्य व्यवस्थामा पहुंचमा असर पर्न गई सो भाषा वा भाषिको समुदायको राज्य व्यवस्थावाट वहिष्करणको अवस्था आउंदछ । हामीकहां विगतमा देवनागरी लिपिको नेपाली भाषालाई मात्र राष्ट्रिय भाषा वा सरकारी कामकाजको भाषाका रुपमा स्वीकार गरिएको कारण अन्य सवै भाषा वा भाषिका व्यक्तिहरु भाषिक वहिष्करणमा परेका छन् । फलत: नेपाली भाषा वोल्न र लेख्न नजान्ने अन्य भाषा, भाषिका व्यक्तिहरुको एकातिर राज्य व्यवस्थाका सवै क्षेत्रहरुमा पहुंच पुग्न सकेको छैन भने अर्कोतिर मानिसको आफ्नो मौलिक पहिचानसंग जोडिएको मातृभाषाको प्रयोग, उपभोग, संरक्षण र सम्वर्धन गर्न पाउने आधारभूत मानव अधिकारको समेत उल्लंघन हुन गएको छ । अत: राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा हाल विद्यमान रहेको भाषिक वहिष्करणलाई हटाई भाषिक समावेशीकरण गरिनु पर्दछ ।

(ग) धार्मिक समावेशीकरण:

नेपाल एक वहुधार्मिक मुलुक पनि हो । तर राज्यको उत्पत्तिदेखि वर्तमानसम्म आइपुग्दा नेपाल राष्ट्रलाई हिन्दु राष्ट्रका रुपमा कायम गरी अन्य सवै धर्मलाई उपेक्षा र वहिष्कार गर्ने कार्य भएको पाईन्छ । फलत: एउटा धर्म फस्टाउने र अन्य धर्म टाक्सिने अवस्थाको सिर्जना भयो । धर्मलाई संस्कृतिसंग पनि जोडेर हेर्ने गरिन्छ । संस्कृति कुनैपनि व्यक्तिको सवैभन्दा ठुलो मौलिक सम्पत्ति मानिन्छ । आफ्नो धर्म र संस्कृतिको स्वतन्त्रतापूर्वक विना भेदभाव प्रयोग, उपभोग, संरक्षण र सम्वर्धन गर्न पाउनु मानिसको आधारभूत मानव आधकार हो । अत: राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा विद्यमान धार्मिक वहिष्करणको अवस्था समेतलाई ध्यान दिई धार्मिक समावेशीकरण गरिनु पर्दछ ।

(घ) लैङ्गिक तथा यौनिक समावेशीकरण:

कानूनको नारीवादी उपागमले वर्तमान कानून प्रणाली पुरुष प्रधान रहेको र यसका प्रत्येक भाषा, शव्द, तर्क र संरचना पुरुष सिर्जित हुनुका अतिरिक्त यसले पुरुष प्रधान मूल्य र मान्यताको मात्र पक्षपोषण र वकालत गर्ने मत राख्दछ । यसका अनुसार कानूनका अगाडि समानता भन्ने कुरा केवल कानूनका शव्दमा मात्र सिमित रहेको छ । लिङ्गका आधारमा कसैप्रति पनि कुनै किसिमको भेदभाव गर्न नहुने र राज्य र कानूनका तर्फवाट सवै नागरिकहरु माथि समान व्यवहार हुनु पर्ने मानव अधिकारको आधारभूत सिद्धान्त हो । तर हामीकहां शताव्दीयौंदेखि महिलाहरुका उपर भेदभाव र असमान व्यवहार हुंदै आएको पाईन्छ । यसरी नै तेश्रो लिङ्गि व्यक्तिहरुका सम्वन्धमा राज्यले हालसम्म पनि सम्वोधन गर्न नसकेको कारण उनिहरु राज्यको मूल प्रवाहवाट

वहिष्करणमा पारिएका र आफ्नो मौलिक पहिचान सहित वांच्न पाउने लगायत अन्य नागरिकहरुले पाए सरहका अन्य अधिकारहरुको उपभोग गर्न सकिरहेका छैनन् । अतः राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा विद्यमान लैङ्गिक वहिष्करणको अवस्था समेतलाई ध्यान दिई लैङ्गिक समावेशीकरण गरिनु पर्ने आवश्यकता छ ।

**(ङ) आर्थिक समावेशीकरणः**

आर्थिक अधिकार वा न्याय मानिसको वांच्न पाउने हकसंग जोडिएको आधारभूत मानव अधिकार हो । सम्पत्तिको अधिकार, सम्पत्ति राख्न, कमाउन, उपभोग गर्न, वेच विखन गर्न पाउने अधिकार, रोजगारी गर्न वा छान्न पाउने अधिकार, कुनै उद्योग, व्यवसाय वा पेशा गर्न वा छान्न पाउने अधिकार, आराम गर्न पाउने अधिकार, विदाको अधिकार, राज्यका श्रोत र साधनमा समान पहुंचको अधिकार, राज्यवाट प्रदान गर्ने सेवा वा सुविधा प्राप्त गर्ने अधिकार आदि व्यक्तिका आर्थिक अधिकारहरु हुन् । व्यक्तिका आर्थिक अधिकारहरु राज्यको श्रोत, साधन र क्षमतासंग निर्भर रहने भएकाले राज्यले सवै आर्थिक अधिकारहरु नागरिकलाई प्रदान नगर्न पनि सक्दछ । तर मानिसलाई वांच्नका लागि आवश्यक आधारभूत आर्थिक अधिकारहरु भने राज्यले नागरिकहरुलाई प्रदान गर्नै पर्दछ । यसका अतिरिक्त राज्यका तर्फवाट प्रदान गरिने आर्थिक न्याय समान रुपमा प्राप्त गर्न पाउनु नागरिकको आधारभूत मानव अधिकार हो । आर्थिक न्यायभित्र सार्वजनिक नीति, योजना र कार्यक्रम निर्माण तथा कार्यान्वयनमा सवै नागरिक सहभागी वन्न सक्ने अवसर प्रदान, राज्यका श्रोत र साधनमा सवै नागरिकको समान पहुंच र समानुपातिक वितरणको व्यवस्था, एवं राज्यका तर्फवाट प्रदान गरिने सेवा र सुविधामा समान पहुंच र समानुपातिक वितरण जस्ता विषयहरु समावेश रहन्छन् । आर्थिक समावेशीकरणले आर्थिक अधिकार तथा न्यायमा सवै नागरिकहरुको समान पहुंचमा जोड दिन्छ । वर्तमानमा नेपालका सवै जात, जाति, धर्म, भाषा, भाषि, लैङ्गिक तथा यौनिक, वर्ग, क्षेत्र र सम्प्रदायका व्यक्तिहरुको आर्थिक अधिकार एवं न्यायमा समान रुपमा पहुंच पुग्न सकेको पाईंदैन । अतः राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा विद्यमान आर्थिक वहिष्करणको अवस्था समेतलाई ध्यान दिई आर्थिक समावेशीकरण गरिनु पर्ने आवश्यकता छ ।

**(च) सामाजिक समावेशीकरणः**

समाज सवै जात, जाति, जनजाति, धर्म, भाषा, वर्ण, लैङ्गिक तथा यौनिक र संस्कृतिका व्यक्तिहरुको एक समग्र रुप हो । एउटा समाज विद्यमान रहन यी सवै व्यक्तिहरुको सहअस्तित्व, सहकार्य र समान भूमिका आवश्यक हुन्छ । सामाजिक सद्भाव र सौहार्द्रता विना कुनै पनि समाज गतिशिल रहन सक्दैन न त सामाजिक विकास नै सम्भव हुन सक्दछ । सामाजिक सद्भाव र सौहार्द्रताका लागि समाजका प्रत्येक सदस्यको सहअस्तित्व, सहकार्य र समान भूमिकाको सम्मान गरिनु पर्दछ । सामाजिक संरचना भेदभावपूर्ण रह्यो, सामाजिक व्यवहारमा कसैको हैकमवादी चरित्र हावी भयो, शोषण र सामन्तवादी प्रवृत्ति देखियो, सामाजिक उपेक्षा, उंचनिच र छुवाछुतको व्यवहार प्रकट भयो, सवैको सहअस्तित्व, सहकार्य र समान भूमिकालाई वेवास्ता गरियो भने त्यहां

सामाजिक, सद्भाव, सौहार्द्रता र सन्तुलन कायम हुन सक्दैन । यसले समाजको प्रगति र उन्नतिलाई अवरुद्ध गर्दछ । हाम्रो समाज यी कुराहरुबाट टाढा हुन सकेको छैन र समाजमा विभिन्न खालका भेदभाव र छुवाछुतजन्य व्यवहार एवं हैकमवादी र सामन्तवादी सोंचहरु विद्यमान रहेका छन् । फलतः समाजको ठुलो हिस्सा आज सामाजिक वहिष्करणको शिकार भएको छ । अतः राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा विद्यमान सामाजिक वहिष्करणको अवस्था समेतलाई ध्यान दिई सामाजिक समावेशीकरण गरिनु पर्ने आवश्यकता छ ।

**(छ) राजनीतिक एवं प्रशासनिक समावेशीकरणः**

नीतिहरुमा सर्वश्रेष्ठ नीतिका रुपमा राजनीतिलाई लिने गरिन्छ । वास्तवमा राज्यका सवै नीतिहरु राजनीतिवाटै प्रभावित हुन्छन् । राजनीतिले नै राज्यका सवै नीतिहरुलाई निर्देशित गर्दछ । राजनीतिमा आम जनताको पहुंच स्थापित हुन नसकेसम्म वा स्वामित्वको अनुभूति नगरेसम्म राजनीतिवाट निर्देशित वा प्रभावित राज्यका अन्य तमाम् नीति, निर्णयमा जनताको पहुंच वा सहभागिता स्थापित भएको वा स्वामित्व कायम भएको मान्न सकिंदैन र जनताको समर्थन वा सहभागिता वा स्वामित्व वेगर राज्यका कुनैपनि नीति, कार्यक्रम वा योजना सफल हुन र वान्छित उद्देश्य प्राप्त गर्न असफल हुन्छन् । यसरी नै राज्यको प्रशासनिक संयन्त्रमा सवै नागरिकहरुको समान पहुंच स्थापित हुन नसक्दासम्म यसवाट सम्पादन हुने सम्पूर्ण काम, कारवाही, क्रियाकलाप र गतिविधिहरुमा नागरिकहरुको विश्वास र स्वामित्व स्थापित हुन सक्दैन । साथै यसले जनताको सहभागितालाई प्रत्यक्षतः असर गरिरहेको हुन्छ । सवै जनताको सहभागिता, विश्वास र स्वामित्व स्थापित नभएको प्रशासन संयन्त्रवाट सम्पादन हुने सवै काम, कारवाही र गतिविधिहरु क्षणिक र अस्थायि प्रकृतिका हुन्छन् ।

राजनीति र प्रशासनिक संयन्त्रमा सवै नागरिकहरुको समान पहुंच र प्रतिनिधित्व भएन भने राज्य व्यवस्थामा सरीक हुन पाउने व्यक्तिको आधारभूत मानव अधिकारको उल्लंघनका साथै लोकतन्त्रको पनि दुरुपयोग र उपहास हुन्छ । अतः राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा विद्यमान राजनीतिक एवं प्रशासनिक वहिष्करणको अवस्था समेतलाई ध्यान दिई राजनीतिक एवं प्रशासनिक समावेशीकरण गरिनु पर्ने आवश्यकता छ ।

**(ज) प्रादेशिक समावेशीकरणः**

राज्यको निश्चित भू-भाग हुन्छ । भू-भागको निश्चित वनोट हुन्छ । भू-भागको संरचना वा त्यसको अवस्थितिलाई हेरेर राज्यले कुनै भू-भागप्रति उपेक्षापूर्ण व्यवहार गर्न सक्दैन । राज्यको श्रोत र साधनको वितरण, आवश्यक पूर्वाधारको विकास, सेवा र सुविधाको प्रवाह र अवसरको प्रदान गर्दा राज्यले सवै क्षेत्रका लागि विना भेदभाव र न्यायोचित रुपवाट गर्नु पर्दछ । विद्यमान केन्द्रिकृत शासन प्रणाली, साधन र श्रोतको वितरणमा केन्द्रको एकाधिकार, अधिकार निक्षेपणमा केन्द्रको अनुदार प्रवृत्ति एवं भौगोलिक विकटता जस्ता कारणहरुले गर्दा पश्चिम नेपालको कर्णाली अन्चललाई राज्यवाट उपेक्षा गरिएको र मूलधारमा समावेश हुन नसकि एक्लिएको वा वहिष्करणमा पारिएको छ भनेर भनिन्छ । यसवाट सो क्षेत्रमा वसोवास गर्ने सम्पूर्ण नागरिकहरु

आफ्नो आधारभूत मानव अधिकार प्राप्त गर्नबाट वन्चित भएको पाईन्छ । अतः राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा विद्यमान क्षेत्रीय वा प्रादेशिक वहिष्करणको अवस्था समेतलाई ध्यान दिई क्षेत्रीय वा प्रादेशिक समावेशीकरण गरिनु पर्ने आवश्यकता छ ।

**२.९.२ समावेशीकरणका उपायहरुः**

समावेशीकरणका उल्लेखित स्वरूपहरुको अध्ययनबाट समावेशीकरणका उपायहरु देहाय बमोजिम हुन सक्ने देखिन्छ [९०]।

**(क) जातीय समावेशीकरणका उपायहरुः**

जातिय समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा जातीय वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ । जातीय असमानता, जातीय भेदभाव, छुवाछुतजन्य व्यवहार, जातीय सीमान्तता र लोपोन्मुखता आदि जातीय वहिष्करणका उपजहरु हुन् । अतः यी उपजहरुलाई हटाई जातीय समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्बन गर्नु पर्ने देखिन्छ :

- सबै जात, जातिलाई समान व्यवहारको सुनिश्चितता,
- छुवाछुत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितता,
- मानवीय मर्यादा बहालीको सुनिश्चितता, र
- जातिय रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख जात, जातिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ख) भाषिक समावेशीकरणका उपायहरुः**

भाषिक समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा भाषिक वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ । भाषिक असमानता, भाषिक विभेद, सबै मातृभाषाको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता नहुनु, भाषिक सीमान्तता र लोपोन्मुखता आदि भाषिक वहिष्करणका उपजहरु हुन् । अतः यी उपजहरुलाई हटाई भाषिक समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्बन गर्नु पर्ने देखिन्छ :

- सबै भाषा, भाषिकालाई समान व्यवहारको सुनिश्चितता,
- सबै मातृभाषाको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता,
- भाषिक भेदभावको अन्त्य, र
- भाषिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख भाषाको विशेष व्यवस्थाको सुनिश्चितता ।

---

[९०] प्रकाश पण्डित, नया संविधानमा समावेशीकरणका उपायहरु, अन्नपूर्ण पोष्ट दैनिक, २०६५ चैत्र ७,पृ ७

**(ग) धार्मिक समावेशीकरणका उपायहरुः**

धार्मिक समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा धार्मिक वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ। धार्मिक असमानता, धार्मिक विभेद, सवै धर्मको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता नहुनु, धार्मिक सीमान्तता र लोपोन्मुखता आदि धार्मिक वहिष्करणका उपजहरु हुन्। अतः यी उपजहरुलाई हटाई धार्मिक समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्वन गर्नु पर्ने देखिन्छ :

- सवै धर्मलाई समान व्यवहारको सुनिश्चितता,
- सवै धर्मको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता,
- धर्म निरपेक्षताको सिद्धान्तको आत्मसात गर्दै धार्मिक भेदभावको अन्त्य,
- नकारात्मक एवं मानवीय मूल्य, मान्यता प्रतिकूल रहेका प्रथाहरुको अन्त्यको सुनिश्चितता,
- धार्मिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख धर्मको विशेष व्यवस्थाको सुनिश्चितता।

**(घ) लैङ्गिक तथा यौनिक समावेशीकरणका उपायहरुः**

लैङ्गिक समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा लैङ्गिक वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ। लैङ्गिक असमानता, लैङ्गिक विभेद, तेश्रो लिङ्गिको पहिचान सहित वांच्न पाउने अवस्था नहुनु र लैङ्गिक बहिष्करण आदि लैङ्गिक वहिष्करणका उपजहरु हुन्। अतः यी उपजहरुलाई हटाई लैङ्गिक समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्वन गर्नु पर्ने देखिन्छ :

- सवै लैङ्गिक तथा यौनिक व्यक्तिको समान व्यवहारको सुनिश्चितता,
- लैङ्गिक तथा यौनिक भेदभावको अन्त्य,
- यौनिक वा तेश्रो लिङ्गिको पहिचान सहित वांच्न पाउने कुराको सुनिश्चितता, र
- लैङ्गिक तथा यौनिक रुपमा वहिष्करणमा पारिएकाको विशेष व्यवस्थाको सुनिश्चितता।

**(ङ) आर्थिक समावेशीकरणका उपायहरुः**

आर्थिक समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा आर्थिक वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ। राज्यका श्रोत र साधनमा सवैको पहुंच नहुनु र असमान वितरण, सार्वजनिक नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा मुल्यांकनमा सवै नागरिक सहभागी बन्न सक्ने अवसर नहुनु, राज्यका तर्फवाट प्रदान गरिने सेवा र सुविधामा सवै नागरिकको समान पहुंच नहुनु र असमान वितरण हुनु, आर्थिक अवसरहरुमा असमानता,

सीमान्तता र वहिष्करण आदि आर्थिक वहिष्करणका उपजहरु हुन् । अतः यी उपजहरुलाई हटाई आर्थिक समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्वन गर्नु पर्ने देखिन्छ :

- राज्यका श्रोत र साधनमा सवै नागरिकको समान पहुंच, नियन्त्रण र सापेक्ष समान वितरणको सुनिश्चितता,
- सार्वजनिक नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा मुल्यांकनमा सरोकारवाला नागरिकको समानुपातिक सहभागिताको सुनिश्चितता,
- राज्यका तर्फबाट प्रदान गरिने सेवा र सुविधामा सवै नागरिकको समानुपातिक समान पहुंच, नियन्त्रण र सापेक्ष समान वितरणको सुनिश्चितता,
- आर्थिक अवसरहरुमा सवै नागरिकको सापेक्षताको आधारमा समानताको सुनिश्चितता,
- स्थानीय श्रम, सीप, क्षमता र दक्षता उपयोगको सुनिश्चितता, र
- आर्थिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख जात, जाति, धर्म, वर्ण, लिङ्ग, भाषा, वर्ग र क्षेत्रका व्यक्तिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(च) सामाजिक समावेशीकरणका उपायहरुः**

सामाजिक समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा सामाजिक वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ । सामाजिक असमानता, सामाजिक विभेद, सामाजिक सीमान्तता वा पछौटेपन, सामाजिक वहिष्कार आदि सामाजिक वहिष्करणका उपजहरु हुन् । अतः यी उपजहरुलाई हटाई सामाजिक समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्वन गर्नु पर्ने देखिन्छ :

- सवै व्यक्तिलाई समान व्यवहारको सुनिश्चितता,
- भेदभावजन्य व्यवहारको अन्त्य,
- सामाजिक वहिष्कारको अन्त्य, र
- सामाजिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको जात, जाति, धर्म, वर्ण, लिङ्ग, भाषा र वर्गका व्यक्तिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(छ) राजनीतिक एवं प्रशासनिक समावेशीकरणका उपायहरुः**

राजनीतिक एवं प्रशासनिक समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा राजनीतिक एवं प्रशासनिक वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ । राजनीतिमा आम जनताको पहुंच स्थापित हुन नसक्नु, राजनीतिक प्रणालीमा सवै जात, जाति, धर्म, भाषा, वर्ण, लैङ्गिक वा यौनिक, क्षेत्र र सम्प्रदायको प्रतिनिधित्व हुन नसक्नु, सार्वजनिक निकायहरुमा जनताको पहुंच पुग्न नसक्नु र सवै जात, जाति, धर्म, भाषा, वर्ण, लैङ्गिक वा यौनिक, क्षेत्र र सम्प्रदायको प्रतिनिधित्व हुन नसक्नु, प्रशासनिक निकायमा जनताको विश्वास र सहभागिता नहुनु आदि राजनीतिक एवं

प्रशासनिक वहिष्करणका उपजहरु हुन् । अतः यी उपजहरुलाई हटाई राजनीतिक एवं प्रशासनिक समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्वन गर्नु पर्ने देखिन्छ :

- राजनीतिमा आम जनताको समान पहुंचको सुनिश्चितता,
- राजनीतिक प्रणालीमा सवै जात, जाति, धर्म, भाषा, वर्ण, लैङ्गिक वा यौनिक, क्षेत्र र सम्प्रदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता,
- सार्वजनिक निकायमा जनताको समान पहुंचको सुनिश्चितता,
- सार्वजनिक निकायमा सवै जात, जाति, धर्म, भाषा, वर्ण, लैङ्गिक वा यौनिक, क्षेत्र र सम्प्रदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता, र
- राजनीतिक एवं प्रशासनिक रुपमा पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका जात, जाति, धर्म, भाषा, वर्ण, लैङ्गिक वा यौनिक, क्षेत्र र सम्प्रदायका व्यक्तिहरुका लागि विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ज) प्रादेशिक समावेशीकरणका उपायहरुः**

प्रादेशिक समावेशीकरणका उपायहरुको पहिचानका सन्दर्भमा प्रादेशिक वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ । क्षेत्रीय विभेद र असमान व्यवहार हुनु, केन्द्रिकृत शासन प्रणाली, साधन र श्रोतको वितरणमा केन्द्रको एकाधिकार र असमान वितरण, राज्यका तर्फवाट प्रदान गरिने सेवा र सुविधाको असमान वितरण, अधिकारको क्षेत्रीय निक्षेपण हुन नसक्नु, भौतिक पूर्वाधारहरुको विकास हुन नसक्नु, असमान वा असन्तुलित विकास, स्थानीय नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन तथा अनुगमन र मुल्यांकनमा स्थानीय तहको सहभागिता नहुनु, स्थानीय श्रम, सीप, क्षमता र दक्षताको उपयोग नहुनु र भौगोलिक वहिष्करणमा पारिनु आदि प्रादेशिक वहिष्करणका उपजहरु हुन् । अतः यी उपजहरुलाई हटाई प्रादेशिक समावेशीकरणका लागि निम्न लिखित उपायहरु अवलम्वन गर्नु पर्ने देखिन्छ :

- सवै क्षेत्रका प्रति समान व्यवहारको सुनिश्चितता,
- क्षेत्रीय विभेदको अन्त्य,
- संघीय र विकेन्द्रित शासन प्रणाली,
- साधन र श्रोतको समान वितरण,
- राज्यका तर्फवाट प्रदान गरिने सेवा र सुविधामा सवै क्षेत्रको समान पहुंच र समान वितरणको सुनिश्चितता,
- अधिकारको क्षेत्रीय निक्षेपण,
- सन्तुलित विकास,

- सार्वजनिक नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन तथा अनुगमन र मुल्यांकनमा सरोकारवालाको सहभागिताको सुनिश्चितता,
- स्थानीय श्रम, सीप, क्षमता र दक्षता उपयोगको सुनिश्चितता, र
- प्रादेशिक रुपमा पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका क्षेत्रका व्यक्तिहरुका लागि विशेष व्यवस्थाको सुनिश्चितता ।
- अल्पसंख्यक समुदायलाई राज्यको मुल प्रवाहमा समावेश गर्ने सम्बन्धी दुईवटा उपागमहरु छन् [91]:

    १. Consociationalism approach - यसका अनुसार अल्पसंख्यक समुदायको सार्वजनिक निकायमा छुट्टै प्रतिनिधित्व वा सहभागिता गराउने विशेष संवैधानिक व्यवस्था हुनु पर्दछ । अल्पसंख्यक जात जातिको लागि सम्भव भएसम्म संघीयताको विभाजनको आधारमा अथवा उनिहरुको सामुदायिक सांगठानिक स्वरुप वा सांस्कृतिक स्वायत्तताको आधारमा समानुपातिक र अविछिन्न रुपमा प्रतिनिधित्व गराउने व्यवस्था हुनु पर्दछ ।

    २. Integrationist approach - यसका अनुसार अल्पसंख्यकहरुको सांस्कृतिक तथा अन्य पहिचानलाई समग्रतावाट भिन्न राखिनु पर्दछ र यस्तो राजनीतिक पद्दतीको व्यवस्था गरिनु पर्दछ कि जसमा सवै नागरिकहरु समान रुपमा सहभागि हुन सकुन् । संवैधानिक वा राजनीतिक सुविधा प्रदान गर्नका लागि संयुक्त जनजातीय राजनीतिक दल वा वहुजातीय राजनीतिक दलहरुको माध्यमवाट अल्पसंख्यकहरुको नीति निर्माण तहमा प्रतिनिधित्व गराउने गरी निर्वाचन ऐनमा व्यवस्था गर्ने जसले गर्दा अन्तर जातीय सहयोगलाई प्रोत्साहन मिल्दछ ।

यी दुवै सिद्धान्त वा पद्दती अल्पसंख्यक समुदायको अधिकार सुनिश्चित गर्ने र शासन प्रणालीमा उनीहरुको सहभागिता सुनिश्चित गर्ने सम्वन्धमा अत्यन्त विचारणिय र महत्वपूर्ण छन् ।

**२.१० अधिकार प्रयोगका सीमाहरु :**

कुनैपनि अधिकार आंफैमा निरपेक्ष र असिमित हुन सक्दैन । आजको जटिल समाजमा निरपेक्ष र असिमित अधिकार र स्वतन्त्रताको कल्पना सम्म पनि गर्न सकिदैन भनेर भनिन्छ । व्यक्तिगत स्वतन्त्रताका पक्षपाति J.S.Mill ले पनि अधिकार र स्वतन्त्रता असिमित नहुने कुरा व्यक्त गरेका छन् । उनका अनुसार एक व्यक्तिको अधिकार र स्वतन्त्रताले अर्को व्यक्तिको अधिकार र स्वतन्त्रता माथि असर पार्न सक्दैन । यदि त्यस्तो अवस्था आयो भने अधिकार र स्वतन्त्रतामा अंकुश लगाउन सकिन्छ । उनको यस सिद्धान्तलाई Harm Principle भनेर भनिन्छ । John Rawls भन्छन् "Each person has an equal right to a most extensive scheme of equal basic liberties which is compatible with a similar scheme of liberties for all". अर्थात, समाजका अन्य व्यक्तिहरुले प्राप्त गरेको

[91] महिला, कानून र विकास मन्चका तर्फबाट समितिमा प्रेषित भावि संविधानमा सीमान्तकृत वर्गको सुनिश्चित गर्नु पर्ने अधिकार सम्बन्धी सुझावहरु, पृ २

स्वतन्त्रताहरुसंग असंगत नहुने गरी सबै व्यक्तिलाई संभव भएजति समान आधारभूत स्वतन्त्रताहरु प्राप्त गर्ने समान अधिकार छ । उनका अनुसार कुनै पनि व्यक्तिलाई अर्को व्यक्तिको अधिकार र स्वतन्त्रतासंग असंगत नहुने गरी मात्र आफ्नो अधिकार र स्वतन्त्रताहरुको उपभोग गर्ने अधिकार हुन्छ । आज स्वतन्त्रताका सबै पक्षपाति एवं अधिकारवादी विद्वानहरु एउटा कुरामा सहमत छन कि Absolute liberty is neither possible nor desirable. An ideal society is one in which there is the maximum amount of preference satisfaction. यसै कुरालाई मध्यनजर गरी आज विश्वका सबै संविधानहरुमा वैयक्तिक स्वतन्त्रता र अधिकारमा सीमा (Limitation) को व्यवस्थाहरु गरिएको पाईन्छ ।

अमेरीकि संविधानको पांचौ र चौधौं संशोधनले कानुनको उचित प्रकृया (Due process of law) विना कुनै पनि व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्ति (Life, liberty and property) अपहरण नगरिने कुराको सुनिश्चितता प्रदान गरेको छ । अमेरीकि संविधानमा वैयक्तिक स्वतन्त्रता र अधिकारमा सीमा लगाउन सकिने आधारहरु (Grounds) उल्लेख गरिएको छैन । तर अमेरीकि संघीय सर्वोच्च अदालतले संविधानको व्याख्या मार्फत वैयक्तिक स्वतन्त्रता र अधिकारमा सीमा लगाउन सकिने केही आधारहरु स्थापित गरिदिएको छ । अमेरीकि संघीय सर्वोच्च अदालतका अनुसार निम्न आधारमा व्यक्तिगत स्वतन्त्रता र अधिकार माथि अंकुश लगाउन सकिन्छ[92] ।

- Libel (निन्दा, गाली, वेइज्जति),
- Illegal action (गैरकानूनी कार्य),
- Incites obscenity (अश्लिलता प्रदर्शन), र
- Contempt of Court (अदालतको अवहेलना) ।

भारतिय संविधानको धारा १९(२) मा यस्ता केही सीमाहरुको उल्लेख गरिएको छ, जस अनुसार निम्न लिखित आधारमा व्यक्तिगत सवतन्त्रता र अधिकारमा अंकुश लगाउन सकिन्छ[93] ।:

- Security of the State (राष्ट्रको सुरक्षा),
- Friendly relation with foreign states (विदेशी राष्ट्रसंगको मैत्री सम्वन्ध),
- Public Order (सार्वजनिक व्यवस्था),
- Decency or Morality (शान्ति र नैतिकता वा आचरण),
- Contempt of Court (अदालतको अवहेलना),
- Defamation (निन्दा, गाली, वेइज्जति),
- Incitement to an offence (कुनै हिंसात्मक कार्यलाई दुरुत्साहन ),

---

[92] James Q. Wilson, *American Government*, 3rd ed., D.C. Heath and Company, Lexinton, 1994, pp.313-315

[93] Mahendra P. Singh, *V. N. Shukla's, Constitution of India*, 10th ed., Reprint, Eastern Book Company, Lucknow, 2006, p.113

- Sovereignty and integrity of India (भारतको सार्वभौमसत्ता र एकता) ।

हामिकहां पनि हालसम्म बनेका प्रायः सबै संविधानहरुमा कुनै न कुनै आधारमा व्यक्तिगत स्वतन्त्रता र अधिकार माथि सीमा लगाउन सकिने सिद्धान्तलाई संविधानतः स्वीकार गरिएको पाईन्छ । प्रजातन्त्रको पूर्नस्थापना पश्चात बनेको नेपाल अधिराज्यको संविधान, २०४७ एवं वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ मा समेत व्यक्तिगत स्वतन्त्रता र अधिकार माथि सीमा लगाउन सकिने केही आधारहरु संविधानमै उल्लेख भएको पाईन्छ, जुन निम्न लिखित छन् :

- सार्वभौमसत्ता,
- अखण्डता,
- विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरुका बीचको सु-सम्बन्धमा खलल पर्ने,
- गाली बेइज्जति,
- अदालतको अवहेलना,
- सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्ने,
- अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने, र
- सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकुलको कुनै कार्य ।

उपर्युक्त अध्ययनका आधारमा हेर्दा व्यक्तिका स्वतन्त्रता एवं अधिकारहरु निरपेक्ष र असिमित नभै सापेक्ष र सिमित हुने र राज्यले केही खास र निश्चित आधारहरुमा व्यक्तिगत स्वतन्त्रता र अधिकारमा सीमा लगाउन सकिने देखिन्छ । अतः अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुका लागि संविधानद्धारा प्रदान गरिने अधिकारहरु पनि निरपेक्ष र असिमित नभै सापेक्ष र सिमित हुने र राज्यले यी अधिकारहरुको प्रयोगमा केही खास र निश्चित आधारहरुमा अंकुश वा सीमा लगाउन सक्ने देखिन्छ । तर यी आधारहरु मनासिव (Reasonable) भने हुनु पर्ने देखिन्छ ।

# परिच्छेदः- तीन

## निश्कर्ष र सुझाव

**३.१ निश्कर्षः**

माथि परिच्छेदमा उल्लेखित सैद्धान्तिक पक्ष, समितिको आमन्त्रणमा समितिमा उपस्थित भै जानकारी प्रदान गर्नु भएका विभिन्न विषय विशेषज्ञहरुबाट प्राप्त सूचना तथा जानकारी एवं विभिन्न माध्यम मार्फत समितिमा प्राप्त संस्थागत एवं व्यक्तिगत राय, सुझाव र प्रश्नावलीका माध्यम मार्फत समितिमा प्राप्त सर्व साधारण जनताको राय, सुझाव समेतको अध्ययन र विश्लेषणका आधारमा समिति आफ्नो कार्यक्षेत्रभित्रका विषयमा निम्न लिखित निश्कर्षमा पुगेको छ ।

**३.१.१ परिभाषा :**

**(क) अल्पसंख्यक समुदायको परिभाषा :**

१) अल्पसंख्यक समुदायका सम्बन्धमा हालसम्म सर्व स्वीकृत परिभाषा पाईंदैन । यस सम्बन्धमा प्राप्त सूचना एवं तथ्यांकका आधा ा नेपालको सन्दर्भमा निम्न लिखित तीन किसिमका अल्पसंख्यक समुदायलाई समेट्ने गरी अल्पसंख्यक समुदायको परिभाषा गरिनु उपयुक्त हुने देखिन्छ ।

- जातीय अल्पसंख्यक,
- धार्मिक अल्पसंख्यक, र
- भाषिक अल्पसंख्यक ।

**(ख) सीमान्तकृत समुदायको परिभाषा :**

२) सीमान्तकृत समुदायका सम्बन्धमा पनि सर्व-स्वीकृत परिभाषा पाईंदैन । सामान्यतः सीमान्तकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक, जातीय, भाषिक, धार्मिक, क्षेत्रीय वा लैङ्गिक तथा यौनिक रुपमा पछाडि पारिएका समुदायलाई जनाउने र सीमान्तकृत समुदायभित्र अति सीमान्तकृत एवं लोपोन्मुख समुदाय समेत समावेश हुने देखिन्छ ।

**(ग) बहिष्करणमा पारिएको समुदायको परिभाषा :**

३) बहिष्करणमा पारिएको समुदायको परिभाषामा पनि एकरुपता पाउन सकिंदैन । सामान्यतः बहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारिरीक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई जनाउने देखिन्छ ।

- राज्यका तर्फबाट प्रदान गरिने सेवा र सुविधामा सवै क्षेत्रको समान पहुंच र समान वितरणको सुनिश्चितता,
- अधिकारको क्षेत्रीय निक्षेपण,
- सन्तुलित विकास,
- सार्वजनिक नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन तथा अनुगमन र मुल्यांकनमा सरोकारवालाको सहभागिताको सुनिश्चितता,
- स्थानीय श्रम, सीप, क्षमता र दक्षता उपयोगको सुनिश्चितता, र
- प्रादेशिक रुपमा पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका क्षेत्रका व्यक्तिहरुका लागि विशेष व्यवस्थाको सुनिश्चितता ।

१०) अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुको संरक्षण एवं राज्य व्यवस्थामा उनिहरुको समावेशीकरणका लागि पहिचान गरिएका माथि बुंदा नं.७, ८ र ९ मा उल्लेखित अधिकार तथा उपायहरुको विषय, प्रकृति र उपयुक्तताका आधारमा यी अधिकार एवं उपायहरुलाई संविधानको प्रस्तावना लगायत विभिन्न भाग वा परिच्छेदहरु अन्तर्गत रहने विभिन्न शिर्षक, धारा र उपधाराहरु अन्तर्गत समावेश गरी प्रदान गरिनु पर्ने देखिन्छ ।

### ३.१.५ अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको अधिकार प्रयोगका सीमाहरु :

११) कुनैपनि अधिकार वा स्वतन्त्रता आंफैमा निरपेक्ष र असिमित नभै सापेक्ष र सिमित हुने भएकाले निरपेक्ष र असिमित अधिकार वा स्वतन्त्रता सम्भव र वान्छनिय देखिंदैन । विश्वका प्रायः सवै देशहरुमा व्यक्तिका अधिकार र स्वतन्त्रताहरुमा राज्यले केही खास र निश्चित आधारहरुमा अंकुश वा सीमा लगाउने गरेको पाईन्छ । अतः अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुलाई आगामी संविधान मार्फत प्रदान गरिने माथि उल्लेखित अधिकारहरुमा समेत राज्यले निम्न लिखित आधारहरु मध्ये केहि वा सवैका आधारमा सीमा लगाउन सक्ने देखिन्छ ।

- सार्वभौमसत्ता,
- राष्ट्रिय अखण्डता,
- विभिन्न जात, जाति, भाषा, धर्म वा सम्प्रदायहरुका वीचको सु-सम्वन्धमा असहिष्णु, घृणा वा खलल पर्ने,
- गाली वेइज्जति,
- अदालतको अवहेलना,

- सार्वजनिक शान्ति रसुव्यवस्थामा खलल पार्ने,
- अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने,
- सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकुलको कुनै कार्य ।

**३.२ सुझावहरु :**

माथि उल्लेखित निश्कर्षका आधारमा समिति आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा देहाय बमोजिम सुझाव प्रस्तुत गर्दछ । प्रस्तुत सुझावहरु समितिको कार्यक्षेत्रभित्रका विषयहरुलाई सम्बोधन गरी तिनको उचित उपचार प्रदान गर्नका लागि सक्षम हुने समितिको धारणा रहेको छ ।

**३.२.१ परिभाषा :**

**(क) अल्पसंख्यक समुदायको परिभाषा :**

१) नेपालको सन्दर्भमा अल्पसंख्यक समुदायभित्र जातीय अल्पसंख्यक, भाषिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक समुदायलाई मात्र समेटने गरी देहाय बमोजिम परिभाषा गरिनु पर्दछ ।

"अल्पसंख्यक समुदाय भन्नाले राज्यद्वारा सबै विभेद र उत्पीडनमा पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले यस्तो विभेद र उत्पीडन भोग्दै आएको कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय समेतलाई जनाउनेछ ।"

**(ख) सीमान्तकृत समुदायको परिभाषा :**

२) सीमान्तकृत समुदायको परिभाषा देहाय बमोजिम गरिनु पर्दछ ।

"सीमान्तकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक, जातीय, भाषिक, धार्मिक, क्षेत्रीय वा लैङ्गिक वा यौनिक रुपमा पछाडि पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले अतिसीमान्तकृत एवं लोपोन्मुख समुदाय समेतलाई जनाउनेछ ।"

**(ग) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदायको परिभाषा :**

३) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदायको परिभाषा देहाय बमोजिम गरिनु पर्दछ ।

"बहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारिरीक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनु पर्दछ ।"

**३.२.२. समुदाय पहिचानका आधारहरु :**

**(क) अल्पसंख्यक समुदाय पहिचानका आधारहरु :**

४) अल्पसंख्यक समुदाय पहिचानका आधारहरु देहाय बमोजिम कायम गरिनु पर्दछ ।

- राज्यद्वारा सवै खाले विभेद र उत्पीडनमा पारिएको समुदाय, र
- यस्तो विभेद र उत्पीडन भोग्दै आएको कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय ।

**(ख) सीमान्तकृत समुदाय पहिचानका आधारहरु:**

५) सीमान्तकृत समुदाय पहिचानका आधारहरु देहाय वमोजिम कायम गरिनु पर्दछ ।

- आर्थिक वा सामाजिक वा शैक्षिक वा राजनीतिक वा स्वास्थ्य वा जातीय वा भाषिक वा धार्मिक वा क्षेत्रीय वा लैङ्गिक वा यौनिक वा यी मध्ये कुनै वा सवैका आधारमा पछाडि पारिएको समुदाय ।

**(ग) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय पहिचानका आधारहरु :**

६) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय पहिचानका आधारहरु देहाय वमोजिम कायम गरिनु पर्दछ ।

- जातीय विभेद र छुवाछुतमा पारिएको, वा
- भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा पारिएको, वा
- शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण,
- राज्यसत्तामा समावेश हुन नपाएका समुदाय ।

**३.२.३ संरक्षण व्यवस्था:**

७) अल्पसंख्यक समुदायको संरक्षणका लागि आगामी संविधानमा उनिहरुका लागि देहाय वमोजिमका अधिकार प्रदान गरिनु पर्दछ ।

**(क) भेदभाव विरुद्धको अधिकार** - अल्पसंख्यक समुदायलाई राज्य र कानूनका तर्फवाट अन्य समुदायका व्यक्ति सरह समान अधिकार र प्रतिष्ठाका साथै समान व्यवहार र कुनै पनि किसिमको भेदभाव नगरिने कुराको संवैधानिक सुनिश्चितता र अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई अन्य समुदायका व्यक्तिहरु भन्दा फरक व्यवहार गर्ने राज्यका सवै कानुन, नीति, नियम, योजना, निर्णय, व्यवहार एवं कार्यहरु स्वतः वदर हुने र यस्तो कार्य कानून वमोजिम दण्डनीय हुने कुराको संवैधानिक सुनिश्चितता ।

**(ख) छुवाछुत र जातीय आधारमा हुने भेदभाव विरुद्धको अधिकार** -अल्पसंख्यक समुदायको संरक्षणका लागि आगामी संविधानमा छुवाछुत र जातीय आधारमा हुने कुनै पनि किसिमका भेदभावजन्य कार्य वा व्यवहारलाई मानवता विरुद्धको जघन्य अपराध करार गरी सो कार्य वा व्यवहारलाई दण्डनिय वनाउने कुराको संवैधानिक सुनिश्चितता ।

(ग) **आफ्नो मौलिक पहिचानमा बांच्न पाउने अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो जातीय वा धार्मिक वा सांस्कृतिक वा भाषिक पहिचान सहित अन्य समुदायका नागरिक सरह समान अधिकार र प्रतिष्ठामा बांच्न पाउने कुराको संवैधानिक सुनिश्चितता।

(घ) **आफ्नो धर्म, संस्कृति, भाषा, लिपिको उपभोग, संरक्षण र सम्बर्धनको अधिकार** - अल्पसंख्यक समुदायका व्यक्तिलाई नीजि तथा सार्वजनिक जीवनमा आफ्नो समुदायको पहिचानसंग जोडिएको धर्म, संस्कृति, भाषा, लिपिको स्वतन्त्रतापूर्वक विना कुनै भेदभाव उपभोग गर्ने, संरक्षण तथा सम्वर्धन गर्ने अग्राधिकारको सुनिश्चितता।

(ङ) **आफ्नो परम्परागत कला, ज्ञान, सीप, दक्षताको प्रयोग, संरक्षण र सम्बर्धनको अधिकार** -अल्पसंख्यक समुदायलाई आफ्नो समुदायको परम्परागत कला, ज्ञान, सीप र दक्षताको प्रयोग, उपभोग, संरक्षण र सम्वर्धन गर्ने अधिकारको सुनिश्चितता।

(च) **सहभागिताको अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक, शैक्षिक, प्रशासनिक लगायतका सार्वजनिक जीवनमा सहभागि हुन पाउने र आफ्नो समुदायसंग सरोकार राख्ने राष्ट्रिय, क्षेत्रीय वा स्थानीय तहका निर्णय निर्माणमा सहभागि हुने अधिकारको सुनिश्चितता।

(छ) **संगठन स्थापना र सन्चालन गर्ने अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो समुदायको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक एवं मौलिक पहिचानको संरक्षण एवं सम्वर्धनका लागि संगठन स्थापना र सन्चालन गर्न पाउने अधिकारको सुनिश्चितता।

(ज) **अन्य समुदायसंग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्बन्ध कायम गर्न पाउने अधिकार** - अल्पसंख्यक समुदायका व्यक्तिलाई राष्ट्रिय हितमा असर नपर्ने गरी आफ्नो समुदायको जातीय, धार्मिक वा भाषिक मौलिकतासंग समानता भएको अन्य अल्पसंख्यक समुदायका व्यक्ति वा संस्था, अन्य देशका अल्पसंख्यक समुदाय वा त्यसमा संलग्न व्यक्तिहरुसंग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्वन्ध स्थापना गर्ने र सरीक हुने अधिकारको सुनिश्चितता।

(झ) **अधिकारको वैयक्तिक वा सामुहिक रुपमा उपभोगको अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई वैयक्तिक वा सामुहिक जुनसुकै रुपमा आफ्नो समुदायसंग सम्वन्धीत अधिकारको उपभोग गर्न पाउने अधिकारको सुनिश्चितता।

(ञ) **फाइदा प्राप्त गर्नबाट बन्चित नगराईने अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो समुदायसंग सम्वन्धीत अधिकारहरु उपभोग गरे वा नगरे बापत राज्य र कानूनका तर्फबाट कुनैपनि किसिमको अयोग्य नमानिने वा राज्यबाट प्राप्त हुने फाईदा प्राप्त गर्नबाट बन्चित नगराइने अधिकारको सुनिश्चितता।

८) सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको संरक्षणका लागि आगामी संविधानमा उनीहरुका लागि देहाय वमोजिमका अधिकार प्रदान गरिनु पर्दछ ।

(क) **भेदभाव विरुद्धको अधिकार** -सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायलाई राज्य र कानूनका तर्फवाट अन्य समुदायका व्यक्ति सरह समान अधिकार र प्रतिष्ठाका साथै समान व्यवहार र कुनै पनि किसिमको भेदभाव नगरिने कुराको संवैधानिक सुनिश्चितता र सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिलाई अन्य समुदायका व्यक्ति भन्दा फरक व्यवहार गर्ने राज्यका सवै कानून, नीति, नियम, योजना, निर्णय, व्यवहार एवं कार्यहरु स्वतः वदर हुने र यस्तो कार्य कानून वमोजिम दण्डनीय हुने कुराको संवैधानिक सुनिश्चितता ।

(ख) **छुवाछुत र जातीय आधारमा हुने भेदभाव विरुद्धको अधिकार** - सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको संरक्षणका लागि आगामी संविधानमा छुवाछुत र जातीय आधारमा हुने कुनै पनि किसिमका भेदभावजन्य कार्य वा व्यवहारलाई मानवता विरु को जघन्य अपराध करार गरी सो कार्य वा व्यवहारलाई दण्डनीय वनाउने कुराको संवैधानिक सुनिश्चितता ।

(ग) **सहभागिताको अधिकार** - सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिलाई आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक, प्रशासनिक लगायतका सार्वजनिक जीवनमा सहभागि हुन पाउने र आफ्नो समुदायसंग सरोकार राख्ने राष्ट्रिय, क्षेत्रीय वा स्थानीय तहका निर्णय निर्माणमा सहभागि हुने अधिकारको सुनिश्चितता ।

**३.२.४ राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु :**

९) अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको राज्य व्यवस्थामा समावेशीकरणका लागि आगामी संविधानमा निम्नानुसार उपायहरु अवलम्वन गरिनु पर्दछ ।

**(क) जातीय समावेशीकरणका उपायहरुः**

- सवै जात, जातिलाई समान व्यवहारको सुनिश्चितता,
- छुवाछुत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितता,
- मानवीय मर्यादा वहालीको सुनिश्चितता, र
- जातिय रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख जात, जातिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ख) भाषिक समावेशीकरणका उपायहरुः**

- सवै भाषा, भाषिकालाई समान व्यवहारको सुनिश्चितता,

- सबै मातृभाषाको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता,
- भाषिक भेदभावको अन्त्य, र
- भाषिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख भाषाको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ग) धार्मिक समावेशीकरणका उपायहरुः**

- सबै धर्मलाई समान व्यवहारको सुनिश्चितता,
- सबै धर्मको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता,
- धर्म निरपेक्षताको सिद्धान्तको आत्मसात गर्दै धार्मिक भेदभावको अन्त्य,
- नकारात्मक एवं मानवीय मूल्य, मान्यता प्रतिकूल रहेका प्रथाको अन्त्यको सुनिश्चितता, र
- धार्मिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख धर्मको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(घ) लैङ्गिक तथा यौनिक समावेशीकरणका उपायहरुः**

- सबै लैङ्गिक तथा यौनिक व्यक्तिको समान व्यवहारको सुनिश्चितता,
- लैङ्गिक तथा यौनिक भेदभावको अन्त्य,
- यौनिक वा तेश्रो लिङ्गिको पहिचान सहित बांच्न पाउने कुराको सुनिश्चितता, र
- लैङ्गिक तथा यौनिक रुपमा बहिष्करणमा पारिएकाको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ङ) आर्थिक समावेशीकरणका उपायहरुः**

- राज्यका श्रोत र साधनमा सबै नागरिकको पहुंच, नियन्त्रण र सापेक्ष समान वितरणको सुनिश्चितता,
- सार्वजनिक नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा मुल्यांकनमा सरोकारवाला नागरिकको समानुपातिक सहभागिताको सुनिश्चितता,
- राज्यका तर्फबाट प्रदान गरिने सेवा र सुविधामा सबै नागरिकको समानुपातिक पहुंच, नियन्त्रण र सापेक्ष समान वितरणको सुनिश्चितता,
- आर्थिक अवसरहरुमा सबै नागरिकको सापेक्षताको आधारमा समानताको सुनिश्चितता,
- स्थानीय श्रम, सीप, क्षमता र दक्षता उपयोगको सुनिश्चितता, र

- आर्थिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख जात, जाति, धर्म, वर्ण, भाषा, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रका व्यक्तिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(च) सामाजिक समावेशीकरणका उपायहरुः**

- सबै व्यक्तिलाई समान व्यवहारको सुनिश्चितता,
- भेदभावजन्य व्यवहारको अन्त्य,
- सामाजिक बहिष्कारको अन्त्य, र
- सामाजिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको जात, जाति, धर्म, वर्ण, भाषा, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रका व्यक्तिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(छ) राजनीतिक एवं प्रशासनिक समावेशीकरणका उपायहरुः**

- राजनीति एवं राजनीतिक प्रणालीमा सबै जात, जाति, धर्म, भाषा, वर्ण, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रको जनताको समान पहुंच र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता,
- सार्वजनिक निकायमा सबै जात, जाति, धर्म, भाषा, वर्ण, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रको जनताको समान पहुंच र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता, र
- राजनीतिक एवं प्रशासनिक रुपमा पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका जात, जाति, धर्म, भाषा, वर्ण, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रका व्यक्तिहरुका लागि विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ज) प्रादेशिक समावेशीकरणका उपायहरुः**

- सबै क्षेत्रका प्रति समान व्यवहारको सुनिश्चितता,
- क्षेत्रीय विभेदको अन्त्य,
- संघीय र विकेन्द्रित शासन प्रणाली,
- साधन र श्रोतको समान वितरण,
- राज्यका तर्फबाट प्रदान गरिने सेवा र सुविधामा सबै क्षेत्रको समान पहुंच र समान वितरणको सुनिश्चितता,
- अधिकारको क्षेत्रीय निक्षेपण,
- सन्तुलित विकास,

- सार्वजनिक नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन तथा अनुगमन र मुल्यांकनमा सरोकारवालाको सहभागिताको सुनिश्चितता,
- स्थानीय श्रम, सीप, क्षमता र दक्षता उपयोगको सुनिश्चितता, र
- प्रादेशिक रुपमा पछाडि पारिएका, एक्लिएका वा वहिष्करणमा पारिएका क्षेत्रका व्यक्तिहरुका लागि विशेष व्यवस्थाको सुनिश्चितता ।

१०) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुको संरक्षण एवं राज्य व्यवस्थामा उनिहरुको समावेशीकरणका लागि पहिचान गरिएका माथि बुंदा नं.७, ८ र ९ मा उल्लेखित अधिकार तथा उपायहरुको विषय, प्रकृति र उपयुक्तताका आधारमा यी अधिकार एवं उपायहरुलाई संविधानको प्रस्तावना लगायत विभिन्न भाग वा परिच्छेदहरु अन्तर्गत रहने विभिन्न शीर्षक, धारा र उपधाराहरु अन्तर्गत समावेश गरी प्रदान गरिनु पर्दछ ।

**३.२.५ अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको अधिकार प्रयोगका सीमाहरु :**

११) कुनैपनि अधिकार वा स्वतन्त्रता आफैमा निरपेक्ष र असिमित नभै सापेक्ष र सिमित हुने भएकाले निरपेक्ष र असिमित अधिकार वा स्वतन्त्रता सम्भव र वान्छनिय देखिंदैन । विश्वका प्रायः सवै देशहरुमा व्यक्तिका अधिकार र स्वतन्त्रताहरुमा राज्यले केही खास र निश्चित आधारहरुमा अंकुश वा सीमा लगाउने गरेको पाईन्छ । अतः अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिहरुलाई आगामी संविधान मार्फत प्रदान गरिने माथि उल्लेखित अधिकारहरुमा समेत राज्यले निम्न लिखित उपायहरु मध्ये केही वा सवैका आधारमा सीमा लगाउनु पर्दछ ।

- सार्वभौमसत्ता,
- राष्ट्रिय अखण्डता,
- विभिन्न जात, जाति, भाषा, धर्म वा सम्प्रदायहरुका वीचको सु-सम्वन्धमा असहिष्णु, घृणा वा खलल पर्ने,
- गाली वेइज्जति,
- अदालतको अवहेलना,
- सार्वजनिक शान्ति रसुव्यवस्थामा खलल पार्ने,
- अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने,
- सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकुलको कुनै कार्य ।

# सन्दर्भ सामाग्री


**१) प्राथमिक श्रोत**

**(क) संविधान**

अल्वानियाको संविधान, १९९१
जनगणतन्त्र चीनको संविधान, १९८२
दक्षिण अफ्रिकाको संविधान, १९९७
नेपाल सरकार वैधानिक कानून, २००४
नेपालको अन्तरिम शासन विधान, २००७
नेपाल अधिराज्यको संविधान, २०१५
नेपालको संविधान, २०१९
नेपाल अधिराज्यको संविधान, २०४७
नेपालको अनतरिम संविधान, २०६३
भारतको संविधान, १९५०
संयुक्त राज्य अमेरिकाको संविधान, १७८७
स्वीस फेडेरेशनको संविधान, २०००

**(ख) अन्तर्राष्ट्रिय दस्तावेज**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
नागरिक तथा राजनीतिक अधिकार सम्वन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
जातिहत्या अपराधको रोकथाम र सजांय सर्म्वान्धि महासन्धि,
वाल अधिकार सम्वन्धि महासन्धि, १९८९
सवै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि,१९६५
महिलाहरुको राजनीतिक अधिकार सम्वन्धी महासन्धी, १९५२
महिला विरुद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धी, १९७९
विदेशी कामदार तथा उनिहरुको परिवारको अधिकार संरक्षण सर्म्वान्धि अन्तर्राष्ट्रिय महासन्धि,
राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरुको अधिकार सम्वन्धि घोषणापत्र, १९९२
आदिवासी जनजातिको अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७
आदिवासी जनजाति सम्वन्धि आई.एल.ओ.महासन्धि, १९८९
शिक्षामा भेदभाव विरुद्धको यूनेस्को महासन्धी, १९६०
वर्ण र वर्णका आधारमा हुने पूर्वाग्रह सम्वन्धी यूनेस्को घोषणापत्र, १९७८

**२) द्वितीय श्रोत**

**(क) पुस्तक**

काठमाण्डौ स्कुल अफ ल, लोपोन्मुख तथा अनिसीमान्तकृत समुदायको उत्थान तथा सशक्तिकरणका लागि कानूनी व्यवस्थाको विश्लेपण तथा संशोधनका प्रस्तावहरु, काठमाण्डौ, काठमाण्डौ स्कुल अफ ल, २०६४
कोट्रेल, जिल र घई यस (सं.), नयां संविधान निर्माण: नेपाली जनताका लागि मार्गदर्शन, काठमाण्डौ, इन्टरनेशनल आइडिया, २००८

### ३.१.२. पहिचानका आधारहरु :

**(क) अल्पसंख्यक समुदाय पहिचानका आधारहरु :**

४) अल्पसंख्यक समुदाय पहिचानको आधारमा एकरुपता पाउन सकिदैन । सामान्यतः अल्पसंख्यक समुदाय पहिचानका आधारहरु निम्न लिखित दुईवटा हुनसक्ने देखिन्छ ।

- राज्यद्वारा सबै खाले विभेद र उत्पीडनमा पारिएको समुदाय, र
- यस्तो विभेद र उत्पीडन भोग्दै आएको कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय ।

**(ख) सीमान्तकृत समुदाय पहिचानका आधारहरुः**

५) सीमान्तकृत समुदाय पहिचानका आधारमा पनि एकरुपता पाउन सकिदैन । सामान्यतः सीमान्तकृत समुदाय पहिचानका आधारहरु निम्न लिखित हुनसक्ने देखिन्छ ।

- आर्थिक वा सामाजिक वा शैक्षिक वा राजनीतिक वा स्वास्थ्य वा जातीय वा भाषिक वा धार्मिक वा क्षेत्रीय वा लैङ्गिक वा यौनिक वा यी मध्ये कुनै वा सबैका आधारमा पछाडि पारिएको समुदाय ।

**(ग) पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका समुदाय पहिचानका आधारहरु :**

६) पछाडि पारिएका वा एक्लिएका वा वहिष्करणमा पारिएका समुदाय पहिचानका आधारहरुमा पनि एकरुपता पाईदैन । सामान्यतः पछाडि पारिएका वा एक्लिएका वा वहिष्करणमा पारिएका समुदाय पहिचानका आधारहरु निम्न लिखित चारवटा हुन सक्ने देखिन्छ ।

- जातीय विभेद र छुवाछुतमा पारिएको, वा
- भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा पारिएको, वा
- शारिरीक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण,
- राज्यसत्तामा समावेश हुन नपाएका समुदाय ।

### ३.१.३ संरक्षण व्यवस्थाः

७) अल्पसंख्यक समुदायका व्यक्तिलाई आगामी संविधान मार्फत देहाय बमोजिमका अधिकारहरु प्रदान गरिएमा ती समुदायका व्यक्तिहरुको वास्तविक रुपमा संरक्षण हुन सक्ने देखिन्छ ।

**(क) भेदभाव विरुद्धको अधिकार** - अल्पसंख्यक समुदायलाई राज्य र कानूनका तर्फबाट अन्य समुदायका व्यक्ति सरह समान अधिकार र प्रतिष्ठाका साथै समान व्यवहार र कुनै पनि किसिमको भेदभाव नगरिने कुराको संवैधानिक सुनिश्चितता र अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई अन्य समुदायका व्यक्तिहरु भन्दा फरक व्यवहार गर्ने

राज्यका सबै कानुन, नीति, नियम, योजना, निर्णय, व्यवहार एवं कार्यहरु स्वतः वदर हुने र यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने कुराको संवैधानिक सुनिश्चितता ।

(ख) **छुवाछुत र जातीय आधारमा हुने भेदभाव विरुद्धको अधिकार** -अल्पसंख्यक समुदायको संरक्षणका लागि आगामी संविधानमा छुवाछुत र जातीय आधारमा हुने कुनै पनि किसिमको भेदभावजन्य कार्य वा व्यवहारलाई मानवता विरुद्धको जघन्य अपराध करार गरी सो कार्य वा व्यवहारलाई दण्डनिय बनाउने कुराको संवैधानिक सुनिश्चितता ।

(ग) **आफ्नो मौलिक पहिचानमा बाँच्न पाउने अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो जातीय वा धार्मिक वा सांस्कृतिक वा भाषिक पहिचान सहित अन्य समुदायका नागरिक सरह समान अधिकार र प्रतिष्ठामा बाँच्न पाउने कुराको संवैधानिक सुनिश्चितता ।

(घ) **आफ्नो धर्म, संस्कृति, भाषा, लिपिको उपभोग, संरक्षण र सम्वर्धनको अधिकार** - अल्पसंख्यक समुदायका व्यक्तिलाई नीजि तथा सार्वजनिक जीवनमा आफ्नो समुदायको पहिचानसंग जोडिएको धर्म, संस्कृति, भाषा, लिपिको स्वतन्त्रतापूर्वक विना कुनै भेदभाव उपभोग गर्ने, संरक्षण तथा सम्वर्धन गर्ने अग्राधिकारको सुनिश्चितता ।

(ङ) **आफ्नो परम्परागत कला, ज्ञान, सीप, दक्षताको प्रयोग, संरक्षण र सम्वर्धनको अधिकार** -अल्पसंख्यक समुदायलाई आफ्नो समुदायको परम्परागत कला, ज्ञान, सीप र दक्षताको प्रयोग, उपभोग, संरक्षण र सम्वर्धन गर्ने अधिकारको सुनिश्चितता ।

(च) **सहभागिताको अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक, शैक्षिक, प्रशासनिक लगायतका सार्वजनिक जीवनमा सहभागि हुन पाउने र आफ्नो समुदायसंग सरोकार राख्ने राष्ट्रिय, क्षेत्रीय वा स्थानीय तहका निर्णय निर्माणमा सहभागि हुने अधिकारको सुनिश्चितता ।

(छ) **संगठन स्थापना र सन्चालन गर्ने अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो समुदायको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक एवं मौलिक पहिचानको संरक्षण एवं सम्वर्धनका लागि संगठन स्थापना र सन्चालन गर्न पाउने अधिकारको सुनिश्चितता ।

(ज) **अन्य समुदायसंग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्बन्ध कायम गर्न पाउने अधिकार** - अल्पसंख्यक समुदायका व्यक्तिलाई राष्ट्रिय हितमा असर नपर्ने गरी आफ्नो समुदायको जातीय, धार्मिक वा भाषिक मौलिकतासंग समानता भएको अन्य अल्पसंख्यक समुदायका व्यक्ति वा संस्था, अन्य देशका अल्पसंख्यक समुदाय वा त्यसमा संलग्न व्यक्तिहरुसंग स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा सम्वन्ध स्थापना गर्ने र सरीक हुने अधिकारको सुनिश्चितता ।

(झ) **अधिकारको वैयक्तिक वा सामुहिक रुपमा उपभोगको अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई वैयक्तिक वा सामुहिक जुनसुकै रुपमा आफ्नो समुदायसंग सम्वन्धीत अधिकारको उपभोग गर्न पाउने अधिकारको सुनिश्चितता ।

(ञ) **फाइदा प्राप्त गर्नबाट बन्चित नगराईने अधिकार** -अल्पसंख्यक समुदायका व्यक्तिलाई आफ्नो समुदायसंग सम्वन्धीत अधिकारहरु उपभोग गरे वा नगरे वापत राज्य र कानूनका तर्फबाट कुनैपनि किसिमको अयोग्य नमानिने वा राज्यबाट प्राप्त हुने फाईदा प्राप्त गर्नबाट बन्चित नगराईने अधिकारको सुनिश्चितता ।

८) सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिलाई आगामी संविधान मार्फत देहाय वमोजिमका अधिकारहरु प्रदान गरिएमा ती समुदायका व्यक्तिहरुको वास्तविक रुपमा संरक्षण हुन सक्ने देखिन्छ ।

(क) **भेदभाव विरुद्धको अधिकार** -सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायलाई राज्य र कानूनका तर्फबाट अन्य समुदायका व्यक्ति सरह समान अधिकार र प्रतिष्ठाका साथै समान व्यवहार र कुनै पनि किसिमको भेदभाव नगरिने कुराको संवैधानिक सुनिश्चितता र सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिलाई अन्य समुदायका व्यक्ति भन्दा फरक व्यवहार गर्ने राज्यका सवै कानून, नीति, नियम, योजना, निर्णय, व्यवहार एवं कार्यहरु स्वतह: वदर हुने र यस्तो कार्य कानून वमोजिम दण्डनीय हुने कुराको संवैधानिक सुनिश्चितता ।

(ख) **छुवाछुत र जातीय आधारमा हुने भेदभाव विरुद्धको अधिकार** - सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको संरक्षणका लागि आगामी संविधानमा छुवाछुत र जातीय आधारमा हुने कुनै पनि किसिमका भेदभावजन्य कार्य वा व्यवहारलाई मानवता विरुद्धको जघन्य अपराध करार गरी सो कार्य वा व्यवहारलाई दण्डनीय वनाउने कुराको संवैधानिक सुनिश्चितता ।

(ग) **सहभागिताको अधिकार** - सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका व्यक्तिलाई आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक, प्रशासनिक लगायतका सार्वजनिक जीवनमा सहभागि हुन पाउने र आफ्नो समुदायसंग सरोकार राख्ने राष्ट्रिय, क्षेत्रीय वा स्थानीय तहका निर्णय निर्माणमा सहभागि हुने अधिकारको सुनिश्चितता ।

### ३.१.४ राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु:

९)अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु देहाय वमोजिम हुन सक्ने देखिन्छ ।

**(क) जातीय समावेशीकरणका उपायहरु:**

- सवै जात, जातिलाई समान व्यवहारको सुनिश्चितता,

- छुवाछुत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितता,
- मानवीय मर्यादा वहालीको सुनिश्चितता, र
- जातिय रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख जात, जातिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ख) भाषिक समावेशीकरणका उपायहरु:**

- सबै भाषा, भाषिकालाई समान व्यवहारको सुनिश्चितता,
- सबै मातृभाषाको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता,
- भाषिक भेदभावको अन्त्य, र
- भाषिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख भाषाको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ग) धार्मिक समावेशीकरणका उपायहरु:**

- सबै धर्मलाई समान व्यवहारको सुनिश्चितता,
- सबै धर्मको समान प्रयोग, संरक्षण र सम्वर्धनको सुनिश्चितता,
- धर्म निरपेक्षताको सिद्धान्तको आत्मसात गर्दै धार्मिक भेदभावको अन्त्य,
- नकारात्मक एवं मानवीय मूल्य, मान्यता प्रतिकूल रहेका प्रथाको अन्त्यको सुनिश्चितता, र
- धार्मिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख धर्मको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(घ) लैङ्गिक तथा यौनिक समावेशीकरणका उपायहरु:**

- सबै लैङ्गिक तथा यौनिक व्यक्तिको समान व्यवहारको सुनिश्चितता,
- लैङ्गिक तथा यौनिक भेदभावको अन्त्य,
- यौनिक वा तेश्रो लिङ्गिको पहिचान सहित बाँच्न पाउने कुराको सुनिश्चितता, र
- लैङ्गिक तथा यौनिक रुपमा बहिष्करणमा पारिएकाको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ङ) आर्थिक समावेशीकरणका उपायहरु:**

- राज्यका श्रोत र साधनमा सबै नागरिकको पहुंच, नियन्त्रण र सापेक्ष समान वितरणको सुनिश्चितता,
- सार्वजनिक नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा मुल्यांकनमा सरोकारवाला नागरिकको समानुपातिक सहभागिताको सुनिश्चितता,

- राज्यका तर्फबाट प्रदान गरिने सेवा र सुविधामा सबै नागरिकको समानुपातिक पहुंच, नियन्त्रण र सापेक्ष समान वितरणको सुनिश्चितता,
- आर्थिक अवसरहरुमा सबै नागरिकको सापेक्षताको आधारमा समानताको सुनिश्चितता,
- स्थानीय श्रम, सीप, क्षमता र दक्षता उपयोगको सुनिश्चितता, र
- आर्थिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख जात, जाति, धर्म, वर्ण, भाषा, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रका व्यक्तिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(च) सामाजिक समावेशीकरणका उपायहरुः**

- सबै व्यक्तिलाई समान व्यवहारको सुनिश्चितता,
- भेदभावजन्य व्यवहारको अन्त्य,
- सामाजिक बहिष्कारको अन्त्य, र
- सामाजिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको जात, जाति, धर्म, वर्ण, भाषा, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रका व्यक्तिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**(छ) राजनीतिक एवं प्रशासनिक समावेशीकरणका उपायहरुः**

- राजनीति एवं राजनीतिक प्रणालीमा सबै जात, जाति, धर्म, भाषा, वर्ण, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रको जनताको समान पहुंच र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता,
- सार्वजनिक निकायमा सबै जात, जाति, धर्म, भाषा, वर्ण, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रको जनताको समान पहुंच र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता, र
- राजनीतिक एवं प्रशासनिक रुपमा पछाडि पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका जात, जाति, धर्म, भाषा, वर्ण, लिङ्ग, तेश्रो लिङ्ग, अशक्त, अपाङ्ग, वर्ग र क्षेत्रका व्यक्तिहरुका लागि विशेष व्यवस्थाको सुनिश्चितता ।

**(ज) प्रादेशिक समावेशीकरणका उपायहरुः**

- सबै क्षेत्रका प्रति समान व्यवहारको सुनिश्चितता,
- क्षेत्रीय विभेदको अन्त्य,
- संघीय र विकेन्द्रित शासन प्रणाली,
- साधन र श्रोतको समान वितरण,

कोट्रेल, जिल र घई यस (सं.), मानव अधिकार, विविधता र सामाजिक न्याय, काठमाण्डौ, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, यूएन हाउस, २००८
खनाल, कृष्ण (सं.), नेपालमा सङ्घीय शासन प्रणाली व्यवस्थापन र कार्यान्वयन, काठमाण्डौ, राष्ट्रिय शान्ति अभियान, २०६४
जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नमुना संविधान, काठमाण्डौ, जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च, २०६५
दलित गैरसरकारी संस्था महासंघ, नयां संविधानमा दलितका एजेण्डाहरु २०६५, काठमाण्डौ, दलित गैरसरकारी संस्था महासंघ, २०६५
न्यौपाने गोविन्द, नेपालमा जातीय प्रश्न सामाजिक बनोट र साझेदारीको सम्भावना, काठमाण्डौ, सेन्टर फर डेभलप्मेन्ट स्टडिज् नेपाल, दोश्रो संस्करण, २००५
मानन्धर, मङ्गलसिद्धि समेत, नेपालमा सङ्घीय राज्य एक प्रारुप, काठमाण्डौ,जातीय विभेद विरुद्ध राष्ट्रिय मञ्च, २०६५
राष्ट्रिय शान्ति अभियान, नेपालमा सङ्घीय शासन प्रणाली चुनौति र अवसरहरु, काठमाण्डौ, राष्ट्रिय शान्ति अभियान, २०६४
Acharya, Bhimarjun (Dr.), Fundamental Rights in the World Constitution, Kathmandu, Pairavi Book House, 2008
Barnett, Hilaire, Constitutional and Administrative Law, New Delhi, Lawman India Limited, 1996
Basu, Durga Das (Dr.), Human Rights in Constitutional Law, New Delhi, Prentice Hall of India, 1994
Baxi, U. (Ed.), K.K.Mathew on Democracy, Equality and Freedom, Lucknow, Eastern Book Company, 1978
Bhattachan, Krishna B., Minorities & Indigenous Peoples of Nepal, Kathmandu, National Coalition against Racial Discrimination, 2008
Black, Henry Compbell, Black's Law Dictionary, New York, West Group, 1997
Cahn, Steven M. (Ed.), The Affermative Action Debate, New York, Routledge, 1995
Chudal, Kumar & Khanal, Narendra P., Constitutions of the World, Vol.1, Kathmandu, Ekta Books Distributors Pvt. Ltd., 2004
Dhungel, Suryaprasad, et.al, Commentary on Nepalese Constitution, Kathmandu, DeLF, 1988
Dias, R.W.M., Jurisprudence, New Delhi, Aditya Books Pvt. Ltd. 1994
Dicey, A.V., An Introduction to the Study of the Law of the Constitution, New Delhi, Universal Law Publishing Co. Pvt. Ltd. 1959
Gautam Dixit, Nita & Phuyal, Hari (Ed.), Recommendations on the Constitution for Submission to the Constituent Assembly of Nepal, Kathmandu, Nepal Bar Association, 3rd Print, 2009
Gurpreet, M. (Ed.), Democracy Difference and Social Justice, New Delhi, Oxford University Press, 2000
Nakata, Martin (Ed.), Indigenous Peoples, Racism and the United Nations, Sydney, Common Ground Publishing Pvt. Ltd., 2001
Pylee, M.V., Constitutions of the World, Delhi, Universal Law Publishing Co. Pvt. Ltd., 2000
Saraf, D.N. (Ed.), Social Policy, Law and Protection of Weaker Sections of Society, Lucknow, Eastern Book Company, 1986

Sharma, Arvind, Reservation and Affirmative Action (Models of Social Integration in India and the United States), New Delhi, SAGE Publications, 2005

Singh, M.P., V.N.Shukla's Constitution of India, Lucknow, Eastern Book Company, 1994

The Public International Law & Policy Group, Post-Conflict Constitution Drafter's Handbook, Kathmandu, National Democratic Institute for International Affairs, 2008

Tripathi, Haribansh (Dr.), Fundamental Rights and Judicial Review in Nepal (Evolution and Experiments), Kathmandu, Pairavi Publication, 2002

Upreti, Bharatraj, et.al (Eds.), Constitutional Law of Nepal, Kathmandu, FREEDEAL, 2054 B.S.

Wilson, James Q., American Government, Toronto, D.C.Heath and Company, 1994

**(ख) लेख, रचना**

Bishwakarma, Lumasingh, "Reservation Policy", Annual Survey of Nepalese Law 2004, Vol,V, 2005

Malla Pradhan, Sapana, "Inclusion of Women's Human Rights and Politics of Exclusion", Annual Survey of Nepalese Law 2002, Vol, III, 2003

Malla Pradhan, Sapana, "Women's Right at the Cutting Edge of the Universality of International Human Rights", Annual Survey of Nepalese Law 2001, Vol,II, 2002

Pandit, Prakash Prasad, "Some Challenging Issues on Positive Discrimination in Nepal, Prashasan (The Nepalese Journal of Public Administration, 103rd Issu, June, 2006

Regmi, Sonali, "Status of Women under the Present Legal System", Annual Survey of Nepalese Law 2000, Vol, I, 2000

Sakya, Purnaman, "Equality, Classifications, Protective Discrimination: A Comparative Perspective", Essays on Constitutional Law, Vol.28, 1998

Shrestha, Kalyan, "Formal and Substantive Equality, Nyayadoot, Year 32, Vol.6, English Special Issue, 2002

Tamrakar, Tek, " Reservation Policy as an Integral Tenet of Substantive Equality: Concept and Modes Operandi", Annual Survey of Nepalese Law 2003, Vol, IV, 2004

Tamrakar, Tek, "Anatomy of 15th and 16th Periodic Reports against Caste and Descent Based Discrimination 2004", Annual Survey of Nepalese Law 2004, Vol, V, 2005

Timalsens, Ramkrishna (Dr.), " Rights to Equality and Equal Protection of Laws: Philosophy, Meaning and Its Extent", Annual Survey of Nepalese Law 2003, Vol, IV, 2004

# अनुसूचि:-१

**संविधानसभा**

**अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति**

**समितिका माननीय सदस्यहरुको नामावली**

१ मा.श्री लालबाबु पण्डित

२ मा.श्री अमिलाल झागड

३ मा.श्री इन्द्रबहादुर गुरुङ

४ मा.श्री इश्वरी न्यौपाने

५ मा.श्री उमा भुजेल

६ मा.श्री ओमप्रकाश शर्मा

७ मा.श्री कलावतीदेवी दुसाध

८ मा.श्री कविताकुमारी सरदार

९ मा.श्री कुलप्रसाद नेपाल

१० मा.श्री कृष्णकुमारी परियार

११ मा.श्री कृष्णबहादुर गुरुङ

१२ मा.श्री खेमबहादुर बम

१३ मा.श्री गोकर्ण राई

१४ मा.श्री गोविन्दराम प्रजा

१५ मा.श्री चन्द्रलाल मेचे

१६ मा.श्री चुनबहादुर थामी

१७ मा.श्री जुनकुमारी रोका (ओली)

१८ मा.श्री तिलक परियार

१९ मा.श्री दुर्गाजयन्ती राई

२० मा.श्री देवेन्द्रप्रसाद पटेल

२१ मा.श्री पदमलाल विश्वकर्मा

२२ मा.श्री पार्वती महतो (कुमाल)

२३ मा.श्री पासाङ शेर्पा सखुवासभा

२४ मा.श्री पुरन राना थारु

२५ मा.श्री पुरनसिंह दयाल

२६ मा.श्री फूलमतिदेवी चौधरी

२७ मा.श्री बाबुलाल पासवान

२८ मा.श्री भिष्म धिमाल

२९ मा.श्री भिमराज चौधरी राजवंशी

३० मा.श्री माया चेपाङ

३१ मा.श्री मालामतिदेवी राना

३२ मा.श्री मुहमद रिजवान

३३ मा.श्री मोहनबहादुर खत्री

३४ मा.श्री मोहमद्द सिद्दिकी

३५ मा.श्री राघववीर जोशी

३६ मा.श्री ववितादेवी धोवी

३७ मा.श्री विभाकुमारी कार्की

३८ मा.श्री शान्ति जिरेल

३९ मा.श्री शान्तिदेवी राजवंशी

४० मा.श्री शिवनारायण उरांव

४१ मा.श्री शेरबहादुर पहरी

४२ मा.श्री शकुन्तला लेप्चा

४३ मा.श्री सलाहुद्दिन मुसलमान

# अनुसूचि:-२

## संविधानसभा

## अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको कार्यक्षेत्र

(संविधानसभा नियमावली, २०६५ को नियम ६६(१) र ७३ संग सम्वन्धीत)

संविधानसभा नियमावली,२०६५ को नियम ६६(२) र ७३ वमोजिम अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको कार्यक्षेत्र देहाय वमोजिम पहिचान गरी सो को आधारमा विषय सूचि तयार गरिएको छ ।

१. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको कार्यक्षेत्र:

- अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परिभाषा,
- पछाडि पारिएका वा एक्लिएका वा वहिष्करणमा परेका जाति लगायतका वर्ग र समुदायको पहिचान,
- अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्था,
- राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु,
- समितिको कार्यक्षेत्रसंग सम्वन्धीत अन्य आवश्यक कुराहरु ।

२. आफ्नो कार्य क्षेत्रभित्र पर्ने विषयमा गर्नुपर्ने कामको विवरण (कार्यसूचि) तयार पार्ने र सो कार्य सम्पन्न गर्न कार्य तालिका निर्माण गर्ने ।

३. आफ्नो कार्यसूचिभित्र पर्ने विषयमा भएका सन्दर्भ सामग्रीहरु संकलन गरी छलफल तथा अध्ययन गर्ने ।

४. नागरिक सम्वन्ध समिति, जनमत संकलन तथा समन्वय समिति, क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समिति र संविधानसभा सचिवालयको समन्वयमा आफ्नो कार्यसूचिभित्र पर्ने विषयमा विशेषज्ञको राय लिने, सार्वजनिक वहस गराउने, स्वदेश र विदेशमा बस्ने नेपाली नागरिकहरुवाट विभिन्न माध्यमवाट सुझाव संकलन गर्ने, गोष्ठि सेमिनार गर्ने र आवश्यकतानुसार स्वदेश तथा विदेशको स्थलगत भ्रमण गर्ने ।

५. आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयमा प्रकरण नं.४ वमोजिम संकलित राय, सुझावको आधारमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पार्ने र सो सम्वन्धी प्रतिवेदन संविधानसभामा पेश गर्ने ।

६. अन्य समितिसंग निरन्तर समन्वय र सहकार्यमा रही समितिको क्षेत्राधिकारभित्र आइपर्ने अन्य कार्य गर्ने ।

# अनुसूचि:- ३

## संविधानसभा

### अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको कार्यविवरण

(संविधानसभा नियमावली, २०६५ को नियम ६६(१) र ७३ संग सम्वन्धीत)

१. नागरिक सम्वन्ध समिति, जनमत संकलन तथा समन्वय समिति र संविधानसभा सचिवालयसंगको समन्वयमा समितिको कार्यक्षेत्रभित्रका विषय (संविधानसभा नियमावली,२०६५ को नियम ६६(२) संग सम्वन्धीत) हरुमा समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गर्न सम्पूर्ण स्वदेश तथा विदेशमा बस्ने नेपाली नागरिक लगायत संघ, संस्थाहरुबाट व्यापक रुपमा राय, सुझाव संकलन गर्ने, छलफल र अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गर्ने ।

२. क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समिति र संविधानसभा सचिवालय समेतको समन्वयमा संमितिको कार्यक्षेत्रभित्रका विषयहरुमा प्राप्त हुन सक्ने सम्भावना भएजति सबै खाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ सामग्रीहरुको संकलन गरी सबै माननीय सदस्यहरुलाई उपलव्ध गराई अध्ययन गर्ने ।

३. संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समिति र संविधानसभा सचिवालयसंग समन्वय राखी समितिका माननीय सदस्यहरुका लागि संवैधानिक दर्शन, राजनैतिक दर्शन, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, यि समुदायको हक, अधिकार र सो को संरक्षण व्यवस्था एवं समावेशीकरणका उपायहरु, समितिको अवधारणापत्रमा समावेश गरिनुपर्ने विषयवस्तु र लेखन विधि, संविधानको मस्यौदा विधि र कला लगायतका विषयहरुमा कार्यशाला गोष्ठि, अन्तरक्रिया, अभिमुखिकरण कार्यक्रम, अध्ययन र अवलोकन भ्रमण लगायतका गतिविधिहरु संचालन गर्ने ।

४.समितिको अवधारणपत्र तयार गर्ने र समितिबाट पारित गर्ने।

५.समितिको अवधारणापत्रका आधारमा समितिको कार्यक्षेत्रभित्रको विषयमा संविधानको मस्यौदा गर्ने र समितिबाट पारित गर्ने ।

६. समितिबाट पारित अवधारणापत्र र मस्यौदा संविधानसभामा पेश गर्ने ।

७. समितिको कार्यक्षेत्रभित्रका विषयमा तयार भएको प्रारम्भिक मस्यौदामाथि संविधानसभामा भएको छलफलको क्रममा उठेका विषयहरुका सम्वन्धमा सभापति मार्फत समितिको धारणा स्पष्ट पार्ने ।

८. समितिको कार्यक्षेत्रभित्रका विषयमा आईपरेका अन्य कार्यहरु गर्ने ।

# अनुसूचि:- ४

**संविधानसभा**
**अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति**

**समितिको आमन्त्रणलाई स्वीकार गरी समिति समक्ष आई आफ्नो विचार राख्नुहुने विषय विशेषज्ञहरुको विचार/ धारणाः**

**मिति २०६५।९।१३ गते**

**१) डा.श्री कृष्ण भट्टचन (समाजशास्त्री):**

आफ्नो विचार राख्ने मौका प्रदान गरेकोमा समितिलाई धन्यवाद दिन चाहन्छु । साथै समितिलाई ऐतिहासिक दायित्व निर्वाह गर्न सफलता मिलोस भनि शुभकामना प्रकट गर्दछु । आदिवासि जनजाति लगायत दलित, मधेशी, महिलाहरुको हक, अधिकारका सम्बन्धमा पृथक समिति नबनाईएकोमा खेद समेत व्यक्त गर्दछु । अल्पसंख्यक तथा सीमान्तकृत समदायको परिभाषा गर्दा बृहत एवं संक्षिप्त रुपमा गरी २ किसिमबाट गर्न सकिन्छ । बृहत अर्थमा गर्दा आदिवासि, दलित, मधेशी, मुस्लिम एवं पिछडिएको क्षेत्रका बासिन्दा एवं समुदाय पर्दछन् र संक्षिप्त अर्थमा परिभाषा गर्दा जात, जाति, धर्म, भाषा र क्षेत्रको जनसंख्यालाई आधार मानेर गर्न सकिन्छ । तर यसको परिभाषा गर्दा बृहत अर्थमा नै गर्नुपर्दछ ।

अल्पसंख्यक समुदायको पहिचान गर्दा प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गको पहिचान गरेर गर्नुपर्दछ । यसो गर्दा प्रभुत्वशाली वर्ग बहुसंख्यक र अधीनस्थ वर्ग अल्पसंख्यक मानिन्छ । यसरी हेर्दा जातिका आधारमा ब्राम्हण जाति प्रभुत्वशाली जाति र बांकि सबै जाति अल्पसंख्यकमा पर्दछन् । भाषाका आधारमा हेर्दा संस्कृत र खस भाषा प्रभुत्वशाली भाषा र बांकि सबै भाषा अल्पसंख्यक भाषामा पर्दछन् । धर्मका आधारमा हेर्दा हिन्दु धर्म प्रभुत्वशाली धर्म र बांकि सबै धर्म अल्पसंख्यक धर्ममा पर्दछन् । संस्कृतिका आधारमा हेर्दा हिन्दु धर्मको संस्कृति प्रभुत्वशाली संस्कृति र बांकि सबै संस्कृति अल्पसंख्यक संस्कृतिमा पर्दछन् । लिंगका आधारमा हेर्दा पुरुष प्रभुत्वशाली लिंग र महिला अल्पसंख्यक लिंगमा पर्दछ । साथै तेश्रो लिंगि पनि अल्पसंख्यकमा पर्दछन् ।

अल्पसंख्यक र सीमान्तकृत समुदाय पहिचान गर्ने अर्को आधार Inclusion र Exclusion हुन सक्दछ । यसरी हेर्दा राज्यको मूलधारमा समावेश हुन नसकेका जात, जाति, लिंग, सम्प्रदाय, संस्कृति, भाषा, धर्म अल्पसंख्यक मानिन्छन् । आत्मनिर्णयको अधिकार, भूमि माथिको अधिकार, र जातीय, भाषिक स्वायत्तताको अधिकारलाई अब बन्ने नयां संविधानमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको मौलिक अधिकारमा समावेश गर्नुपर्ने र स्वायत्तताको आधार जातीय, भाषिक र क्षेत्रीय हुनुपर्दछ ।

**२) डा.सुमित्रा मानन्धर (समाजशास्त्री)ः**

आफ्नो विचार राख्ने मौका प्रदान गरेकोमा समितिलाई धन्यवाद दिन चाहन्छु । नेपालको सन्दर्भमा हेर्दा शक्तिमा पहुंच नभएका र राजनैतिक, सामाजिक,, शैक्षिक र सांस्कृतिक रुपमा पिछडिएका जात, जाति, भाषा, धर्म र क्षेत्रका व्यक्ति, समूह वा समुदायलाई अल्पसंख्यक भन्न सकिन्छ । सीमान्तकृत समुदाय भन्नाले राष्ट्रको सरदर तथ्यांक भन्दा तलको अवस्थामा रहेका समुदायहरुलाई जनाउंदछ । यसको लागि मानव विकास सूचकांक ( Human Development Index) को सहयोग लिनुपर्दछ । साथै जातीय आधारमा राज्यको विभाजन भएमा सो राज्यको नामाकरण गरिएको जातिलाई अल्पसंख्यक जाति मान्न सकिंदैन । अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, हित संरक्षणको विषयहरु राज्यको निर्देशक सिद्दान्त तथा नीतिहरुमा समावेश गरी राज्यले क्रमशः कानुन तथा कार्यक्रम निर्माण गरी प्रदान गर्दै जानुपर्दछ ।

**३) श्री यमबहादुर किसान (राष्ट्रिय दलित आयोगका सदस्य):**

आफ्नो विचार राख्ने मौका प्रदान गरेकोमा समितिलाई धन्यवाद दिन चाहन्छु । दलित सम्बन्धी पृथक समिति नभएको कारणले गर्दा दलित समुदायको हक, अधिकार समेत यसै समितिले संरक्षण गर्नुपर्दछ । जात, जाति, भाषा, धर्म र शारीरिक फरकपना अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पहिचान गर्ने आधारहरु हुन् । कुनै समुदाय बहुसंख्यक भएपनि सीमान्तकृत हुन सक्दछ र संख्याको आधारमा सीमान्तकृत भएपनि बहुसंख्यक हुन सक्दछ । तसर्थ अल्पसंख्यक वा सीमान्तकृत निरपेक्ष हुंदैन सापेक्ष हुन्छ । अल्पसंख्यक वा बहुसंख्यक भनि छट्याउने आधार जनसंख्या नै हो । कुनै समुदाय अगाडि छ कि पछाडि छ भन्ने आधारबाट सीमान्तकृत समुदायको पहिचान गर्न सकिन्छ । महिलाहरु अल्पसंख्यक होईनन् तर पिछडिएको आधारबाट सीमान्तकृत हुन् । समग्रमा, समुदायको जनसंख्या, बन्चितिकरण र विभेदका आधारमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पहिचान गर्न सकिन्छ ।

पछाडि परेको समुदायलाई मुख्यतः समानता, आत्मसम्मानको सुनिश्चितता, न्याय र मानव अधिकारको सम्मान, समावेशीकरण र सबै किसिमका विभेदहरुको अन्त्य जस्ता आधारमा अगाडि ल्याउन वा मूलधारमा समावेश गर्न सकिन्छ । अल्पसंख्यक तथा सीमान्तकृत समुदायले वर्तमानमा बेहोर्नु परेका समस्याहरुलाई मुख्यतः निम्न २ उपायहरुबाट संविधानमा सम्बोधन गर्न सकिन्छ ।

१) निराकरणको उपायः सबै किसिमका विभेदहरुको निराकरण गरेर , र

२) संरक्षणको उपायः भाषा, धर्म, संस्कृतिको संरक्षण र समावेशीकरण गरेर ।

नेपालका दलितहरु अल्पसंख्यक र सीमान्तकृत दुवै हुन । उनिहरुको हक अधिकार संरक्षणको कुरा गर्दा दिन सक्ने जति सबै कुरा संविधानको मौलिक हकवाट नै दिनुपर्दछ । राज्यको निर्देशक सिद्दान्त तथा नीतिहरुका मार्फत उधारो रुपमा दिईनुहुंदैन ।

मिति: २०६५।९।१८

**४) डा. श्री भिमार्जुन आचार्य (संविधानविद्):**

आफ्नो विचार राख्ने मौका प्रदान गरेकोमा समितिलाई धन्यवाद दिन चाहन्छु । आंफूले जानेको विषयमा समतिलाई जानकारी प्रदान गर्नु सबै नागरिकहरुको दायित्व हो भन्ने भावनावाट आज मलाई जानकारी भएका कुराहरु समिति समक्ष राख्न म उपस्थित भएको छु । यो समितिको संविधान निर्माणमा अत्यन्त महत्व रहेको छ । अल्पसंख्यकको परिभाषा र ऊनिहरुको हक, अधिकार संविधानमा समावेश गर्ने विषय अत्यन्त चुनौतिपूर्ण रहेको छ । अल्पसंख्यकको परिभाषा गर्दा धेरै दृष्टिकोणहरुबाट गर्न सकिने रहेछ जस्तो, समाजशास्त्रीय दृष्टिकोण, मानवशास्त्रिय दृष्टिकोण, राजनीतिशास्त्रीय दृष्टिकोण र कानुनी वा संबैधानिक दृष्टिकोण आदि । यसर्थ यसको परिभाषामा एकरुपता पाउन सकिंदैन । संविधान केवल भावनामा रहेर लेख्न सकिंदैन । आन्दोलनका क्रममा उठेका प्रत्येक स्वरहरुलाई संविधानमा राख्न सकिंदैन । संविधान संविधानको भाषामा वा संविधानवाद्को सिद्दान्तमा रहेर लेखिन्छ । आजको मेरा विचारहरु संविधानको भाषामा वा संविधानवादको सिद्दान्तमा आधारित रहनेछन् ।

अल्पसंख्यकको पहिचान गर्ने आधारहरुका सम्बन्धमा विश्वमा एकरुपता पाईदैन । सर्सर्ती हेर्दा विश्वभरिमा निम्न आधारहरुमा अल्पसंख्यकहरुको पहिचान गरेको पाईन्छ ।

- जातीय आधारमा,
- धार्मिक आधारमा,
- भाषिक आधारमा,
- लिंगको आधारमा,
- उमेरको आधारमा (Age Minority) बृद्ध, बृद्धाहरु,
- संस्कृतिको आधारमा, र
- शारीरिक वा मानसिक अशक्तताको आधारमा ।

प्रस्तत विभाजनले माथि उल्लेखित सबै दृष्टिकोणहरुलाई समेटेको छ । अन्तर्राष्ट्रिय दस्तावेजहरुलाई हेर्दा जम्मा जम्मि ३ वटा आधारहरुमा अल्पसंख्यकको पहिचान गरेको पाईन्छ ।

- जातीय अल्पसंख्यक,
- भाषिक अल्पसंख्यक, र
- धार्मिक अल्पसंख्यक ।

अल्पसंख्यक छुट्याउने आधारहरु हेर्दा यो केवल संख्याको आधारमा मात्र छुट्याउन सकिने देखिन्छ । अल्पसंख्यकहरुको अधिकारका सम्वन्धमा हेर्दा अल्पसंख्यकहरुको मूलतः २ किसिमका अधिकारहरु संविधानमा संरक्षण हुनुपर्ने देखिन्छ ।

- भेदभाव विरुद्धको अधिकार, र
- विशेष अधिकार प्रदानः विशेष अधिकारहरुमा आफ्नो धर्म र संस्कृतिको उपभोग गर्न पाउने अधिकार, आफ्नो व्यवसाय गर्न पाउने अधिकार र सामुहिक वा व्यक्तिगत रुपमा सम्पत्तिको अधिकार प्रयोग गर्न पाउने अधिकार जस्ता अधिकारहरु पर्दछन् । विशेष अधिकारहरु सकारात्मक विभेद र आरक्षण जस्ता माध्यमहरु मार्फत प्रदान गर्न सकिन्छ ।

अल्पसंख्यकहरुको अधिकार संविधानमै समावेश गर्नुपर्ने कुरा सर्वप्रथमतः हंगेरीमा उठेको पाईन्छ । आज अन्य धेरै संविधानहरुमा पनि अल्पसंख्यकहरुको अधिकार समावेश भएका छन् । भारतिय संविधानको धारा २४, २५, ३० र ३१ मा पनि अल्पसंख्यकहरुको अधिकारहरु समावेश गरिएका छन् । भारतिय संविधानले अल्पसंख्यकको पहिचानका लागि जम्मा २ वटा आधारहरु लिएको पाईन्छ ती हन्

- भाषिक आधार र
- धार्मिक आधार ।

भारतिय संविधानले कुनै लेख्य लिपि नभएको र बोलिचालीमा मात्र रहेको भाषालाई पनि अल्पसंख्यक भाषाका रुपमा मान्यता दिएको छ । भारतिय संविधानले पनि अल्पसंख्यकको परिभाषा गरेको छैन । सन् १९५८ को *Kerala Education Bill* मा भारतिय सर्वोच्च अदालतले अल्पसंख्यकको परिभाषा गरेको पाईन्छ । यसका अनसार कुनै राज्यभित्र रहेको सम्पूर्ण जनसंख्याको ५० प्रतिशत भन्दा कम जनसंख्याले मान्ने धर्म र बोल्ने भाषालाई अल्पसंख्यक मान्नुपर्ने हन्छ ।

नेपालको सन्दर्भमा हेर्दा निम्न अल्पसंख्यकलाई आगामी सीवधानमा समावेश गर्नै पर्दछ ।

- जातीय अल्पसंख्यक,
- धार्मिक अल्पसंख्यक र
- भाषिक अल्पसंख्यक

यसका साथै निम्न अल्पसंख्यकहरुका सम्वन्धमा समिति मार्फत गहन छलफल गरी निर्णय हुनुपर्ने देखिन्छ ।

- लैंगिक अल्पसंख्यक,
- Age Minority र

* Sexual Minority

सीमान्तकृत समदायको पहिचान गर्ने जम्मा पांचवटा आधारहरु विश्वमा प्रचलनमा देखिन्छन् ।

* आर्थिक रुपमा पछाडि परेको,
* सामाजिक रुपमा पछाडि परेको,
* राजनैतिक रुपमा पछाडि परेको,
* रोजगारीमा पछाडि परेको र
* शिक्षामा पछाडि परेको जात, जाति, धर्म, भाषा,वर्ग,क्षेत्र वा समुदाय ।

यी सीमान्तकृतहरुलाई सकारात्मक विभेदका माध्यमबाट संरक्षण गरिनुपर्दछ ।

**५) श्री टेक ताम्राकार (संविधानविद्):**

आफ्नो विचार राख्ने मौका प्रदान गरेकोमा समितिलाई धन्यवाद दिन चाहन्छु । आजको मेरो प्रस्तुती राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिप्रेक्ष्यलाई समेटेर हुनेछ ।

अल्पसंख्यकको परिभाषा गर्दा मूलतः २ वटा कुराका आधारमा हुनुपर्दछ ।

* कुनै समुदायको जनसंख्या र
* Non-dominant: राज्यमा उसको share, प्रतिनिधित्व छ, छैन ।

केवल संख्याको आधारमा मात्र अल्पसंख्यक समुदायको पहिचान गर्दा त्यो अपूरो हुन्छ । यसका साथै निम्न आधारहरुलाई पनि ध्यान दिनुपर्दछ ।

* नागरिकता नपाएको आधार,
* Self Identification: कसैले यो यति आधारमा म अल्पसंख्यक भएकाले अल्पसंख्यकको रुपमा मान्यता दिईयोस् भनेमा त्यसलाई राज्यले स्वीकार्नु पर्दछ ।
* Self Identification को निरन्तरता: अल्पसंख्यकमा समावेश भएको कसैले आंफू अल्पसंख्यककै रुपमा रहिरहने वा अल्पसंख्यकको मान्यता छाडि बहुसंख्यकतिर लाग्ने भन्ने निर्णय गर्ने अधिकार ऊसैमा छाडिदिने ।

अल्पसंख्यकको पहिचान गर्दा सो समुदायको राजनीतिमा प्रतिनिधित्व शुन्य छ वा नगन्य छ भने त्यसलाई पनि अल्पसंख्यक मान्नुपर्दछ । नेपालका पहाडि दलितहरुको आफ्नो छुट्टै धर्म र भाषा नभै नेपालको बहुसंख्यक समुदायले मान्ने धर्म र बोल्ने भाषा नै ऊनिहरुको पनि धर्म र भाषा भएकाले धर्म र भाषाका आधारमा पहाडि दलितहरु अल्पसंख्यकमा पर्दैनन् तर पनि ऊनिहरुको राज्य व्यवस्था र राजनीतिमा प्रायः शुन्यको सहभागिता रहेकाले ऊनिहरु पनि अल्पसंख्यक हुन् । यसलाई

जातीय भेदभाव विरुद्धको महासन्धि, १९८९ को नेपालको वार्षिक प्रतिवेदनको जवाफ दिंदा जातीय भेदभाव उन्मूलन सम्वन्धि संयक्त राष्ट्र संघीय समितिले समेत स्वीकार गरिसकेको अवस्था छ । नेपालका दलितहरु आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, एवं रोजगारीमा पछाडि परेको समुदाय हुंदा यो सीमान्तकृत समुदाय पनि हो । दलितहरुको अधिकारको कुरा गर्दा भेदभाव विरुद्धको अधिकार र सारवान समानताको अधिकारको व्यवहारिक सुनिश्चितता गरिनुपर्दछ । २०१५ सालको संविधानबाटै समानताको अधिकार र छुवाछुत विरुद्धको अधिकार प्राप्त भएको भएतापनि त्यसको व्यवहारिक कार्यान्वयन भएको पाईंदैन । यसर्थ अबको संविधानमा सारवान समानता र भेदभाव विरुद्धको अधिकारलाई समावेश गरी सो विरुद्धको कार्यलाई दण्डित गर्ने कुरा पनि संविधानमा समावेश गरिनु पर्दछ ।

नयां संविधानमा अल्पसंख्यकको अधिकार समावेश गर्ने प्रयोजनका लागि निम्न विषयलाई Guiding Principle का रुपमा लिनु पर्दछ ।

- Self Identity
- भेदभाव विरुद्धको अधिकार,
- सहभागिता र समावेशीकरण,
- पारदर्शिता र जवाफदेहिता ।

**मितिः २०६५।९।२०**

**६) अधिवक्ता श्री कुन्साङ लामा**

आदिवासी र जनजाति सन्दर्भमा आजभोलि ईन्डोजेनस, एवोरिजिन, इथनिक, ट्रईव प्रिमिटिभ, नेसनालिटिज आदि जस्ता शब्दहरु प्रयोगमा आएको देखिन्छ । नेपालमा जनजाति महासंघले पनि इथनिक र ईन्डोजेनसलाई ग्रहण गरेको पाईन्छ अन्तराष्ट्रिय श्रम संगठन १६९ को परिभाषा अनुसार "राष्ट्रमाथिको विजय वा त्यस्को औपनिवेशीकरण वा वर्तमान राज्य सीमा स्थापनाको समयमा त्यहां वसोवास गर्ने वा सो राष्ट्र रहेको भौगोलिक क्षेत्रमा वसोबास गर्ने जनसंख्याबाट ओरालो लागेका तथा कुनैपनि किसिमको कानूनी स्थिति भएपनि आफ्नै सामाजिक, आर्थिक, सास्कृतिक वा राजनीतिक संस्था मध्ये केहि वा सवै पूनः प्राप्त गरेका आधारमा आदिवासी जनजातिलाई आदिवासीका रुपमा मानिन्छ" । यस सिद्दान्तमा चारवटा तत्वहरु छन् :

क) परम्परागत जीवनशैली,

ख) राष्ट्रिय जनसंख्याका अन्य वर्गभन्दा भिन्न किसिमका संस्कृति तथा जीवनशैली, उदाहरणका लागि, उनिहरुका आय आर्जनका तरिकाहरु, भाषा, प्रथाहरु आदि,

ग) आफ्नै सामाजिक संगठन तथा राजनीतिक संस्था, र

घ) कुनै निश्चित क्षेत्रमा ऐतिहासिक समय देखि निरन्तर रुपमा बस्दै आएका वा अरुले आक्रमण गर्नु भन्दा पहिले देखि वा अरु सो क्षेत्रमा आउनु भन्दा पहिले देखि बस्दै आएका -अन्तराष्ट्रिय श्रम संगठन, २०००(७)

नेपाल जनजाति माहासंघले आदिवासी जनजातिको वर्गिकरण गर्दा निम्न आधार लिएको पाइन्छ :

**मुख्य आधारहरु :**

- साक्षरता दर,
- घरको प्रकार (कच्चि, अर्ध पक्कि, पक्कि आदि),
- जग्गा जमिन,
- अन्य आर्थिक सम्पत्ति तथा रोजगारीको स्थिति,

**अन्य आधारहरु :**

- शैक्षिक तह (स्नातक देखि माथि),
- जनसंख्या,

महासंघले उपरोक्त आधारहरुमा ५९ आदिवासी जनजातिहरुलाई निम्न ५ वटा समूहमा वर्गिकरण गरेको छ ।

**लोपोन्मुख समूह (१०) :**

१) कुसुण्डा, २) वनकरिया, ३) राउटे, ४) सुरेल, ५) हायु,
६) राजी, ७) किसान, ८) लाप्चा, ९) मेचे, १०) कुशवाडिया,

**अति सिमान्तकृत समूह (१२ वटा) :**

११) माझी, १२) सियार, १३) ल्होमी, १४) थुदाम, १५) धानुक,
१६) चेपाङ, १७) सतार, १८) झाँगड, १९) थामी, २०) बोटे,
२१) दनुवार, २२) बरामो

**सीमान्तकृत समूह (२०) :**

(२३) सुनुवार, (२४) थारु, (२५) तामाङ, (२६) भुजेल, (२७) कुमाल,
(२८) राजवंशी, (२९) गनगाई, (३०) धिमाल, (३१) भोटे, (३२) दराई,
(३३) ताजपुरीया, (३४) पहारी, (३५) तोप्केगोला (ढोक्पा), (३६) डोल्पो,
(३७) फ्री,
(३८) मुगाली, (३९) लार्के, (४०) ल्होपा, (४१) दुरा, (४२) वालुङ,

**फाईदाबाट वञ्चित समूह (१५) :**

(४३) छैरोतन, (४४) ताङवे, (४५) तीनगाउँले थकाली, (४६) बाह्रगाउँले थकाली,

(४७) मार्फाली थकाली, (४८) गुरुङ, (४९) मगर, (५०) राई,

(५१) लिम्बु, (५२) शेर्पा, (५३) याक्खा, (५४) छन्त्याल,

(५५) जिरेल, (५६) व्याँसी, (५७) ह्योल्मो,

**विकसित समूह :**

(५८) नेवार, (५९) थकाली

जनजाति महासंघको उपरोक्त वर्गिकरणको आधारमा नेपालका सुचिकृत ५९ आदिवासी जनजाति मध्येमा १२ वटा जनजातिहरु अति सिमान्तकृत र २० वटा जनजातिहरु सिमान्तकृत गरी जम्मा ३२ वटा जनजातिको समुदायहरु सिमान्तकृत भित्र पर्ने देखिन्छ। यसै सुचाङ्कको आधारमा हेर्ने हो भने जाति समुह भित्रको पनि धेरै वटा जातिहरु सिमान्तकृत समूहमा पर्ने देखिन्छ।

**अल्पसंख्यक :**

अल्प संख्यामा रहेको, कम संख्यामा रहेको वा संख्यात्मक हिसावले अरुको तुलनामा कम संख्यामा जनसंख्या रहेको जातीय समूहलाई नै अल्पसंख्यक भन्ने गरिन्छ। जनजाति र अल्प संख्यक कतिपय अवस्थामा पर्यायवाचि जस्तो देखिएतापनि यि दुई बीचमा भिन्नता पाईन्छ। जनजाति पहिचानसंग जोडिएको शब्द हो भने अल्पसंख्यक संख्या संग जोडिएको विषय हो। अल्पसंख्यक जनजाति वा गैर जनजाति दुवै हुन सक्छ।

जातीय, भाषिक, सांस्कृतिक एवं वसोवासको हिसावले नेपाल अत्यन्तै विविधतायुक्त देश हो। जातीय हिसावले नेपाल विविध जाति एवं जनजाति समुहहरुबाट बनेको छ। बि.स. २०५८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,२७,३६,९३४ र जातजाति, जनजाति र धार्मिक समुदाय गरी १०३ समूहहरु रहेको छन्। ३५ लाखभन्दा बढी जनसंख्या भएको क्षेत्री देखि केवल १६४ जनसंख्या भएको कुसुण्डासम्म नेपालमा बसोबास गर्छन्। यहाँ कुनै एउटै जाति/जनजाति वा भाषिक समूहको बहुमत छैन।

**पहिचानका आधारहरु :**

सिमान्तकृत समुदायको पहिचानको लागि नेपाल जनजाति महासंघले आदिवासी जनजातिको वर्गिकरण गर्दा लिएको आधार मात्र वर्तमान परिप्रेक्षमा पर्याप्त नभएको हुंदा देहायको पहिचानका आधारहरु समेत थप गर्न उपयुक्त हुने। साथै राष्ट्रिय रुपमा र संघीय राज्यका विभिन्न प्रदेशहरुमा सिमान्तकृत, अल्पसंख्यक र लोपोन्मुख समुदाय छुट्याउन सकिने र उनिहरुको अधिकार प्रादेशिक स्तरमा समेत व्यवस्थित गर्न आवश्यक हुने हुदा प्रादेशिक स्तरमा पहिचानको लागि थप आधारहरु वा आधारहरुलाई थपघट गर्न सक्ने गरी देहायको आधार तय गर्न सकिन्छ :

**सिमान्तकृत समुदायको पहिचानको लागि आधारहरु :**

- भूमि माथिको स्वामित्व र स्थिति (पर्याप्त जमिन भएका, ६ महिना खान पुग्ने, ३ महिना खान पुग्ने, घडेरी मात्र शहरी र गाउँमा, जमिननै नभएका)
- साक्षरता दर र शैक्षिक अवस्था,
- रोजगारिको अवस्था (निजामति, गैर सरकारी, बैदेशिक, स्वरोजगार),
- राजनीतिक सचेतनाको स्थिति र प्रतिनिधित्वको अवस्था,
- घरको प्रकार (कच्चिच, अर्ध पक्कि, पक्कि आदि),
- अन्य आर्थिक सम्पत्ति,
- जनसंख्या र वसोबासको स्थिति ।

**अल्पसंख्यक समुदायको पहिचानको लागि आधारहरु :**

- जनसंख्या,
- वसोबासको स्थिति,

**लोपोन्मुख समुदायको पहिचानको लागि आधारहरु :**

- जनसंख्याको अवस्था,
- वसोबासको स्थिति,
- जनसंख्या बृद्धि दर,
- मातृ शिसु मृत्यू दर,
- स्वास्थ्य स्थिति र परिवार नियोजनको अवस्था,
- सरदर आयु आदि ।

**भावि संविधानमा लेखबद्ध गर्नुपर्ने हक अधिकारका विषयहरु :**

**पहिचान :**

लोपोन्मुख तथा अति सिमान्तकृत समुदायको पहिचानलाई राज्यले मान्यता दिदै उनिहरुको ऐतिहासिक भूथलो, भाषा, धर्म र संस्कृतिलाई संरक्षण गर्ने विशेष व्यवस्था राज्यले गर्नु पर्ने ।

**पहुँच**

सम्पत्तिमा पहुँचको अधिकार :

- लोपोन्मुख तथा अतिसिमान्तकृत जातिको आर्थिक विकास पहिलो प्राथमिकता भएको हुंदा आर्थिक हकलाई मौलिक हकको रुपमा स्थापित गर्नुपर्ने ।

१०

- जीविकोपार्जनको लागि आर्थिक, सामाजिक, राजनीतिक, न्याय एवं समृद्ध जीवन निर्माणको लागि व्यक्तिले प्रयोग गर्ने सवै श्रोत र साधन माथि उसको प्रत्यक्ष भोग चलन आवश्यक हुने हुंदा भूमि माथिको अधिकारलाई पहिलो अधिकार मान्ने । भूमि सम्वन्धी आधारभूत अधिकार भएको हुंदा यसलाई पहिचानको अधिकार मानेर न्यूनतम मापदण्ड तोकि प्रत्येक नागरिकले जमिनमा हक राख्ने व्यवस्था संविधानमा नै गर्नु पर्ने ।
- भूमि सम्बन्धी अधिकार प्राथमिक मौलिक हकको रुपमा प्रचलन गर्ने प्रयोजनको लागि देहायको व्यवस्था गर्न उपयुक्त हुन्छ :
  - कृषि पेशा अपनाउन ईच्छुक नागरिकलाई तोकिएको हदबन्दि भित्र राज्यले जग्गा उपलब्ध गराउने व्यवस्था गरी अनिवार्य रुपमा कृषकको प्रमाणपत्र लिनुपर्ने संवैधानिक व्यवस्था गर्नु पर्ने ।
  - कृषि योग्य जमिनलाइ राज्यले संरक्षण दिदै शहरीकरण हुनबाट जोगाउनु पर्ने ।
  - लोपोन्मुख तथा अति सिमान्तकृत समूदाय निर्भर रहदै आएको प्रकृतिक श्रोत माथि उनिहरुकै स्वामित्व स्थापित गर्ने संवैधानिक व्यवस्था गर्नु पर्ने ।
  - कृषियोग्य जमिनको उपयोग गर्ने व्यक्ति (जोताह) लाई वास्तविक कृषकको रुपमा दर्ता गरी उनिहरुलाई मात्र जग्गा खरिद गर्न पाउने बाध्यात्मक कानूनी व्यवस्था गर्नु पर्ने ।
  - कृषियोग्य जमिनमा कृषिमा आधारित उद्योग स्थापना गर्न बाहेक अन्य उद्योग स्थापना गर्न कृषि अयोग्य वा कम उत्पादन हुने जमिनमा मात्र उद्योग स्थापना गर्ने अनुमति दिने व्यवस्था गर्नु पर्ने । कृषिमा आधारित उद्योग स्थापना गर्दा कृषकको जमिनलाई प्रयोगमा ल्याउदा जमिनको मुआव्जा स्वरुपको रमकलाई शेयरमा परिणत गरी कृषकलाई उद्योगको शेयर धनि बनाउने व्यवस्था गर्नु पर्ने ।
  - विर्ता एवं गुठिको व्यवस्था खारेज गरी राज्यले सो जग्गा तोकिएको हदबन्दि भित्र कृषकका रुपमा दर्ता गराईएको जोताहालाई वितरण गर्नु पर्ने ।
  - कृषि योग्य जमिनले वैज्ञानिक तवरले सामूहिक रुपमा खेतिगर्ने व्यवस्थालाई प्रोत्साहित गर्नु पर्दछ र सो गर्दा आफ्नो जमिनमा व्यक्तिगत खेतिगर्ने भएपनि यन्त्र एवं अरु श्रोत साधनहरु सहकारीका रुपमा प्रगोग गर्ने व्यवस्था मिलाई सो व्यवस्थालाई सहज बनाउने खालको छुट्टै कानूनी व्यवस्था गर्नु पर्ने ।
  - लोपोन्मुख तथा अतिसिमान्तकृत कृषकले उत्पादन गरेको वस्तु राज्यले खरिदगर्ने व्यवस्था गर्नु पर्दछ । मूल्य तोक्दा कृषकहरुसमेत समावेश भएको संस्थावाट गर्ने व्यवस्था हुनुपर्ने ।

- जमिनमाथिको कर प्रणालिलाई खारेज गरी कृषि उत्पादनमा कर लगाउने व्यवस्था गर्नु पर्ने । करको निर्धारण गर्दा किसानको आर्थिक अवस्था र जातीय सामुदायिक संस्थाको सिफारिसमा गर्ने व्यवस्था गर्नु पर्ने ।
- स्थानीय लोपोन्मुख तथा अतिसिमान्तकृत जनताको जीविकोपार्जनलाई प्रतिकुल असर पर्ने गरी उद्योग संचालन गर्न रोक्नु पर्दछ र त्यस्ता उद्योग स्थापना तथा सचालन गर्नु पर्दा अनिवार्य रुपमा उनिहरुको संलग्नता हुनुपर्ने व्यवस्था गर्नु पर्ने ।
- संविधानमा संघीय राज्यमा पनि लोपोन्मुख तथा अतिसिमान्तकृत समूदायको हकहरु सुरक्षित हुने व्यवस्था गर्नु पर्दछ र त्यसो भएमा संघीय राज्यमा पनि उनिहरुको भूमिमाथिको हक सूरक्षित हुनेछ ।

**शिक्षा एवं स्वास्थ्यमा पहुाचको अधिकार :**

- प्राथमिक तह सम्म मातृभाषामा नै शिक्षा दिने व्यवस्था राज्यले गर्नुपर्ने ।
- लोपोन्मुख तथा अतिसिमान्तकृत समुदायका विद्यार्थीहरुलाई उच्च शिक्षा सम्म निःशुल्क शिक्षा तथा स्वास्थ्य सेवा उपलव्ध गर्नु पर्ने ।
- निजामति, सेना, प्रहरी लगायतका सरकारी सेवाहरुमा पहुँचका लागि शिक्षा अपरिहार्य भएको हुदा राज्यको लगानीमा खुलेका सैनिक तथा प्रहरी विद्यालयहरुमा निश्चित कोटा लोपोन्मुख तथा अतिसिमान्तकृत समूदायको लागि छुट्याउनुपर्ने व्यवस्था संविधानमा नै गर्नु पर्ने ।
- लोपोन्मुख तथा अतिसिमान्तकृत जातिको भाषा, संस्कृति, लिपि तथा परम्पराको संरक्षणका लागि छुट्टै मन्त्रालयको व्यवस्था गर्नु पर्ने ।
- प्रत्येक लोपोन्मुख तथा अतिसिमान्तकृत आदिवासी जनजातिको उच्च शिक्षाको प्रमाणपत्र धितो राखि ऋण प्राप्त गर्न सकिने व्यवस्था गर्नु पर्ने ।

**रोजगारीमा पहुँचको अधिकार :**

- लोपोन्मुख तथा अति सिमान्तकृत समूदायको व्यक्तिहरुको जीविकोपार्जनको लागि राज्यले रोजगारीको प्रत्याभूति गर्नु पर्ने ।
- निजामति, सेना, प्रहरी लगायतका सेवाहरुमा लोपोन्मुख तथा अतिसिमान्तकृत समूदायका व्यक्तिहरुको अनिवार्य सहभागिताको लागि निश्चित प्रतिशत कोटा छुट्याउनु पर्ने ।
- स्थानीय निकायहरुमा कर्मचारी नियुक्ति गर्दा लोपोन्मुख तथा अतिसिमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिनु पर्ने ।
- सवै अवसरहरुमा लोपोन्मुख तथा अतिसिमान्तकृत समुदायको लागि विशेष प्राथमिकताको व्यवस्था गर्नु पर्ने ।

**न्यायमा पहुँचको अधिकार :**

- न्यायमा पहुँचको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गर्नुपर्ने ।
- न्यायपालिकामा लोपोन्मुख तथा अतिसिमान्तकृत समुदायको प्रतिनिधित्वको लागि विशेष कोटाको आरक्षणको व्यवस्था गर्नु पर्ने ।
- न्यायमा लोपोन्मुख तथा अतिसिमान्तकृत समुदायको सहज पहुँचको लागि दस्तुर, फिस, धरौटी, दशौती, बक्सौनी लगायतका व्यवस्थाहरु खारेज गर्नु पर्दछ । सामान्य प्रकृतिको विवादलाई स्थानीय तहमा नै समाधान गर्ने विवाद समाधानको वैकल्पिक संरचनागत व्यवस्था गर्नुपर्ने ।
- आफ्नो प्रतिरक्षाको लागि लोपोन्मुख तथा अति सिमान्तकृत समुदायका व्यक्तिले चाहेको कानुन व्यावसायी राज्यले उपलव्ध गराउनु पर्दछ । यस्तो कानून व्यवसायीको सेवाशुल्क राज्यले व्यहोरने व्यवस्था मिलाउनु पर्दछ ।

**प्रतिनिधित्व**

- लोपोन्मुख तथा अति सिमान्तकृत समुदायको राजनीतिक प्रतिनिधित्वको सुनिश्चिताको लागि राज्यले समता र समावेशीकरणको आधारमा स्थानीय निकायदेखी केन्द्रसम्म समावेशी तथा समानुपातिक निर्वाचन प्रणालीलाई अवलम्बन गरी लोपोन्मुख तथा अति सिमान्तकृत समुदायको लागि विशेष व्यवस्था मार्फत कोटा निर्धारण गरी उनिहरुबीच मात्र प्रतिस्पर्धा गर्ने व्यवस्था गरी प्रतिनिधित्वको ग्यारेण्टी गर्ने व्यवस्था संविधानमा नै उल्लेख गर्नु पर्ने,
- सरकार र सरकारका हरेक संरचनाहरुमा अल्पसंख्यक, लोपोन्मुख तथा अति सिमान्तकृत समुदायका लागि कोटा निर्धारण गरी अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने र यस प्रकारका व्यवस्थामा धेरै वटा लोपोन्मुख, अल्पसंख्यक समुदाय भएमा चक्रिय प्रणाली लागु गरी सबैलाई समेटनु पर्ने,
- राजनीतिक दलहरुको आन्तरिक जीवनमा पनि अल्पसंख्यक, लोपोन्मुख तथा सिमान्तकृत समुदायको प्रतिनिधित्वको सुनिश्चितता गर्ने अनिवार्य प्रतिनिधित्व व्यवस्था दलहरुका विधानमा राख्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था राज्यले गर्नुपर्ने ।

ऐतिहासिक भूमिको मान्यता (Ancestral Domains)

ऐतिहासिक भूमिमाथिको मान्यता,

आदिवासी जनजातिको स्वामित्व माथिको अवधारणा,

विस्थापितहरुको हक अधिकार,

ऐतिहासिक कालखण्डमा जल, जमिन, भूमि लगायतका प्राकृतिक श्रोत माथि आदिवासी जनजाति लोपोन्मुख तथा अति सिमान्तकृत समुदायका पुर्खाले व्यक्तिगत तथा सामूहिक रुपमा गरेको भोग तथा

स्वामित्वलाई ऐतिहासिक कालखण्डमा शक्तिपुर्ण तरिकाले युद्द, शक्तिपूर्ण हस्तक्षेप, सरकारी परियोजना लगायतका विविध कारणबाट ऐतिहासिक भूमिवाट विस्थापित भएका आदिवासी जनजाति, लोपोन्मुख तथा अति सिमान्तकृत समुदायको त्यस्ता ऐतिहासिक सम्वन्ध राख्ने ऐतिहासिक भुथलोको मान्यता राज्यले संविधानमा नै व्यवस्था गरी दिनु पर्ने ।

Self government

आत्मनिर्णयको अधिकार आर्थिक सामाजिक तथा राजनीतिक विकासको लागि,

स्वायत्त प्रदेश,

न्यायिक प्रणाली,

निर्णय गर्ने प्रकृयामा सहभागिताको हक,

**सामाजिक न्याय तथा मानव अधिकार :**

कानूनको नजरमा समान संरक्षणको हक,

भेदभावबाट बच्ने तथा समान अवसर तथा उपचारको हक,

**सास्कृतिक अधिकार**

लोपोन्मुख तथा अति सिमान्तकृत समुदायको सास्कृतिक परम्पराको मान्यता तथा संरक्षणको व्यवस्था,

सास्कृतिक विविधताको मान्यता,

सामुदायिक बौद्धिक सम्पत्ति,

नेपाल बहुजातीय, बहु धार्मिक र बहुसांस्कृतिक देश हुदा हुदै पनि नेपाल राज्यको स्थापनाकालदेखि नेपालको उक्त वास्तविकता राज्यसंरचनामा कहिल्यै पनि प्रतिविम्वित भएन । नेपाल राज्यको एकिकरण पश्चात आजसम्म यहाँ जाति, भाषा, धर्म र संस्कृतिलाई एकीकृत र विलयकारी बनाइयो । विशेष वर्ग वाहेक अल्पसंख्यक र पिछडिएका समुदायहरूको पहिचान, प्रतिनिधित्व पहुँच र सत्ता साझेदारीलाई स्वीकार गरिएन । बहुधार्मिक देशमा हिन्दू अधिराज्य घोषणा गरिनु, बहुभाषिक मुलुकमा एक भाषा नीति लागू गरिनु र बहुसांस्कृतिक देशमा हिन्दू संस्कृति राष्ट्रिय संस्कृति हुनु यसको प्रमुख उदाहरण हो । विलयनवादी सिद्धान्त एवम् प्रयोग बहुसांस्कृतिक भएको मुलुकमा असफल भइसकेको छ ।

लोकतन्त्रमा प्रत्येक बर्ग, जाति, लिङ्ग र समुदायको हक अधिकारहरू समान हुन्छन् । अबको नयाँ नेपालमा बहुल संस्कृतिवादी राज्यसंरचना अपरिहार्य भएको छ । मुलुकको लोकतन्त्र, राज्यसंरचना र सामाजिक बनोट एक-अर्काका परिपूरक हुन पुगेका छन् । यस्तो राज्यले मात्र सबै बर्ग, जाति, लिङ्ग र समुदायको पहिचान, पहुँच, प्रतिनिधित्व र लोकतन्त्र दिन सक्दछ । वर्तमान लोकतन्त्रलाई समावेशी बनाउने हो भने यसमा बहुजातीय र बहुसांस्कृतिक स्वरूप प्रदान गर्नुपर्ने हुन्छ । राजनीतिक दलहरूले

आफ्नो सांगठनिक ढाँचामा व्यापक परिवर्तन ल्याउनु पर्दछ । साध्य र साधनका बारेमा आफूलाई सैद्धान्तिक रूपले सफल बनाउँदै सबै वर्ग, जाति, भाषा र धर्मका अनुयायीहरूलाई दलभित्र प्रवेश गर्न सक्ने वातावरण बनाउनु पर्दछ । सबै जाति, भाषा, धर्म र संस्कृतिलाई एउटै वर्गीय आधारभित्र रहेर सम्बोधन गर्ने लोकतान्त्रिक अभ्यासबाट मात्र समाजमा व्याप्त असमानतालाई हटाउन सकिन्छ ।

**मितिः २०६५।९।२१**

**७) श्री ज्योति दनुवार**

अरु समुदायबाट सामुदायिक रुपमा नै विभेदमा परेका, आर्थिक, प्रशासनिक, सामाजिक, राजनैतिक हैसियतमा कमजोर, सामाजिक, भाषिक र साँस्कृतिक रुपले एकबद्ध पहिचान राख्ने, राज्यसत्तामा पहुँच नभएको शासित समुदाय अल्पसंख्यक हो । संख्यात्मक रुपमा कम भएकोलाई मात्र आधार मानी यसको परिभाषा गर्न सकिन्न ।

नयाँ संविधानमा सम्बोधन गर्नुपर्ने केही एजेण्डाहरु-

- जल, जंगल जमिन माथि आदिवासीको अग्राधिकार स्थापित गर्नुपर्दछ । आई. एल. ओ. १६९ लाई संविधानमा लिपिबद्ध गर्नुपर्छ ।
- तराई भुमीलाई मधेश भनी वैधानिक रुपले नामाकरण गरेको व्यवस्था खारेज गर्नुपर्छ ।
- कमैया र दलित भुमिहिनलाई तत्काल भुमि वितरण गर्नुपर्छ ।
- सामुदायिक बनमा तराईवासीको अग्राधिकारको व्यवस्था गर्नुपर्छ ।
- जातीय आधारमा पूर्णसमानुपातिक निर्वाचनको व्यवस्था गर्नुपर्छ ।
- आत्मनिर्णय सहितको जातीय स्वायत्तताको सुनिश्चितता गर्नुपर्छ ।
- अल्पसंख्यक समुदायको व्यवस्थापिकामा प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्छ ।
- जातीय आधारमा एक तराई बहुप्रदेशको संघीय स्वरुप निर्धारण गर्नुपर्दछ ।

केन्द्रीय व्यवस्थापिकाको संरचनामा जातीयसभाको निर्माण गर्नुपर्दछ ।

**८) डा. श्री चैतन्य सुब्बा**

शारिरीक, जातीय वा साँस्कृतिक कारणले बेग्लै व्यवहार गरिएको र विभेदमा पारिएको कारणले शक्ति र स्रोतमा कमजोर पहुँच भएको समूह नै अल्पसंख्यक समुह हो । केवल संख्याको आधारमा मात्र अल्पसंख्यक छुट्याउनु उचित हुँदैन । अल्पसंख्यकहरु जातीय वा राष्ट्रिय हुन सक्दछन् । धर्म वा भाषाको आधारमा पनि अल्पसंख्यक छुट्याउन सकिन्छ । सीमान्तककृत समूह पहिचानका आधारहरुमा मुख्यतः

आर्थिक, शिक्षा, स्वास्थ्य, रोजगारी र राजनैतिक सहभागिता पर्दछन् । यी निर्धारित आधारहरुको आधारमा प्रत्येक पाँच, पाँच वर्षमा सीमान्तकृत भनिएका समूहको पहिचान गरी अध्यावधिक गर्नु पर्दछ । यसबाट कुनै निश्चित समुदाय सीमान्तकृत समुदायबाट बाहिरिन वा त्यस्तो समुदाय सीमान्कृत समूहमा प्रवेश गर्न सक्दछ । स्वशासन र स्वायत्तताको कुरा महत्वपूर्ण छ । अल्पसंख्यकको प्रतिनिधित्वको लागि कोटा प्रणालीमा जानु पर्दछ । राज्यले धर्ममा हात नहाल्नु नै राम्रो हुन्छ । धार्मिक प्रतिष्ठानको सम्बन्धमा राष्ट्रिय संपदाको सुरक्षा गर्ने दायित्वलाई मात्रै राज्यले लिई अरु सम्बन्धित संप्रदायका व्यक्तिलाई दिनु नै उचित हुन्छ ।

**मितिः २०६५।९।२७**

**९) श्री दुर्गा सोव (अधिकारकर्मी)**

समितिमा आफ्नो कुरा राख्ने मौका प्रदान गरेकोमा धन्यवाद दिन चाहन्छु । राज्यले धेरै अगाडीबाट महिला, आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम समुदायलाई वेवास्ता गरी राज्यको मुल धारमा समावेश नगरी विभेदको व्यवहार गरेको कारण वर्तमान अवस्थामा बन्न लागेको संविधानले सवै वर्ग, समुदायलाई समेट्ने आशाका कारण यो सबैका लागि ठूलो अवसरको रुपमा रहेको छ । तर पनि व्यवहार त्यो अनुरुप नदेखिँदा अब बन्ने नयाँ संविधानमा पनि सबै वर्ग र समुदायका हक, अधिकारहरु सुनिश्चित हुन्छन् भन्ने कुरामा आशंका रहेको छ ।

सत्ता, संपत्ति र शिक्षाबाट विमुख वा पछाडी पारिएका समुदायलाई अल्पसंख्यक वा सीमान्तकृत समुदाय भनेर भन्न सकिन्छ । नेपालका दलितसँग सरोकार राख्ने निम्न विषयहरु रहेका छन् ।

- प्रशासनिक एवं राजनैतिक प्रतिनिधित्वको सुनिश्चितता,
- आर्थिक रुपमा सशक्त बनाउने कार्यक्रम,
- विद्यमान कुप्रथाहरुको अन्त्य,
- परम्परागत ज्ञान, सीप र दक्षताको संरक्षण र उपयोग,
- सामाजिक एवं साँस्कृतिक विषयहरुको पहिचान र संरक्षण ।

यी समस्याहरु महिला, आदिवासी, मधेसी, मुस्लिम, समलिंगी र अपांग समुदायले पनि उत्तिकै वेहोर्नु परेको छ । अतः अब बन्ने नयाँ संविधानले यी सबै वर्ग र समुदायको यी कुराहरुको संवोधन गर्नुपर्दछ । म कार्यरत संस्था दलित महिला संघले अन्य सातवटा संस्थाहरुसँग मिलेर अल्पसंख्यक समुदायको परिभाषा, पहिचान एवं हक अधिकारका बारेमा पचहत्तरै जिल्लामा छलफल, अन्तरक्रिया एवं प्रश्नावलीका माध्यमबाट अध्ययन गरिरहेको जानकारी गराउँदै सो अध्ययन प्रस्तुत समितिको कार्यक्षेत्रसँग अत्यन्तै सरोकार राख्ने भएकाले सो प्रतिवेदन समितिलाई उपलब्ध गराउने प्रयास गर्नेछु ।

**१०) श्री खिम घले (संचारकर्मी)**

समितिमा आफ्नो कुरा राख्ने मौका प्रदान गरेकोमा समितिलाई धन्यवाद दिन चाहन्छु । अल्पसंख्यकका सम्बन्धमा सवैलाई स्वीकार्य हुने परिभाषा पाँइदैन । तथापि यसमा दुईवटा परिभाषा पाइन्छ ।

"A group numerically inferior to the rest of the population of a State, in a non-dominant position, whose members – being nationals of the State - possess ethnic, religious or linguistic characteristics differing from those of the rest of the population and show, if only implicitly, a sense of solidarity, directed towards preserving their culture, traditions, religion or language".[94]

"A group of citizens of a State, constituting a numerical minority and in a non-dominant position in that State, endowed with ethnic, religious or linguistic characteristics which differ from those of the majority of the population, having a sense of solidarity with one another, motivated, if only implicitly, by a collective will to survive and whose aim is to achieve equality with the majority in fact and law".[95]

उल्लेखित परिभाषाहरुका आधारमा अल्पसंख्यक पहिचानका निम्न आधारहरु हुन सक्छन् ।

**Objective criteria:**

- Common ethnicity, religion, language or cultural
- Numerical minority (or not)
- Non-dominant
- Citizens/non-citizens

**Subjective criteria:**

- Self-identification
- Want to protect and continue their identity

निम्न लिखित समुदायहरुले अल्पसंख्यकको अधिकारको दावी गरेको पाइन्छ ।

- National, ethnic, religious or linguistic minorities
- Indigenous peoples (some)
- Refugees, Internally Displaced Persons (IDPs)
- Non-citizens

UN Declaration on the Rights of Persons Belonging to Natonal or Ethnic Relogious and Linguistic MInorities का अनुसार चार किसिमका अल्पसंख्यकहरुको पहिचान भएको छ ।

---

[94] Special Rapporteur Francesco Capotorti, Study on the Rights of Persons belonging to Ethnic, Religious and Linguistic Minorities, UN Document E/CN.4/Sub.2/384/Add.1-7, 1977.

[95] Mr. Jules Deschênes, 1985, Proposal concerning a definition of the term "minority", UN Document E7CN.4/Sub.2/1985/31,1985.

- National,
- Ethnic,
- Religious or
- Linguistic minorities

यस घोषणा पत्रले अल्पसंख्यकहरुलाई निम्न बमोजिमका अधिकारहरु प्रदान गरेको पाइन्छ ।

- Enjoy own culture
- Profess and practice own religion
- Use own language
- Participate effectively in the life of the country, especially in decision making
- Establish and maintain own associations
- Have free and peaceful cross-frontier contacts with other members of the group

नेपालको सन्दर्भमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पहिचान एवम् अधिकारको कुरा गर्दा आदिबासी जनजातिसँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय घोषणापत्र एवं महासन्धिहरुलाई पनि उत्तिकै ध्यान दिनुपर्ने देखिन्छ ।

# अनुसूचि:-७

## संविधानसभा
## अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति
## समितिमा प्राप्त व्यक्तिगत राय, सुझावको सार संक्षेप:

| क. सं. | प्रेषकको नाम, ठेगाना | प्राप्त मिति | राय, सुझाव | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | परिभाषा सम्बन्धी | समुदाय पहिचानका आधार | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्था | राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु | अन्य |
| १ | मुख्तार अंसारी बारा, नेपाल | : २०६५।१०।३ | अल्पसंख्यक तथा सीमान्तकृत समुदायहरुलाइ तिनीहरुको जनसंख्या र जीवन स्तरलाइ आधार मानी त्यस्ता वर्गहरुलाइ स्पस्ट शब्दमा परिभाषित गरिनुपर्दछ | जनसंख्या र जीवन स्तर,संख्या पहिचानका आधार। | राज्यको हरेक अंगमा तिनीहरुको सहि उपस्थितिको लागि बिषेश ग्राह्यताका साथै कोटा प्रणालीको ब्यवस्था गरिनुपर्दछ। | सीमान्तकृत समुदयहरुको संरक्षणको लागि अब बन्ने नयाँ संविधानमा तिनीहरुका धर्म, संस्कृति र अस्तित्वलाइ जोगाई राख्न राज्यको दायित्व भएको हुनाले त्यस संबन्धमा प्रस्ट ब्यवस्था हुनुपर्दछ । खासगरि मुस्लिम समुदायको संरक्षणको लागि त्यस संबन्धी कुराहरु जस्तै मुस्लिम पर्सनल ल, पारपाचुके संबन्धी कुरा, मदरसाहरुलाई सरकारको अरु शिक्षण संस्थाहरुको जस्तै मान्यता, बैज्ञानिक हज कमिटी, मुस्लिमहरुको पर्वहरुमा सार्वजनिक विदा, रमजान महिनाको कनसिडरेसन, संबन्धित निकायबाट दशै वापत पाईने बोनस दशैको सट्टा इदमा उपलब्ध गराइने ब्यवस्था तथा मुस्लिमहरुलाई प्रत्येक हप्ताको शुकवारको दिन पूजा गर्ने लगायत कुराहरुको प्रस्ट रुपमा बिशेप ब्यवस्था गरिनुपर्दछ । | अल्पसंख्यक तथा सीमान्तकृत समुदाय माथि हुदै आएको भेदभाव प्रथालाई सधैका लागि अन्त्य गरिनुपर्दछ |
| २. | योगेन्द्रप्रसाद यादव र पूर्णमान | २०६५।१०।३ | संघीय स्वरूपको आधारमा राज्यको पुनरसंरचनाअनुरुप विभिन्न भाषाहरूको प्रयोगको विस्तार वारे निम्न समावेशी भाषा नीति प्रस्तावित गर्न सकिन्छ: | | | | |

| | | | |
|---|---|---|---|
| | शाक्य | | (क) प्रशासनमा भाषानीति (ख) शिक्षामा भाषानीति<br>(ग) संचारमा भाषानीति (घ) अन्य |

**(क) प्रशासनमा भाषानीति**

नेपालमा अब बन्ने संविधानमा प्रशासनिक भाषा नीति अपनाउँदा हरेक क्षेत्र तथा समुदायलाई समान व्यवहार र समावेशी सिद्धान्तलाई अगाल्नु पर्ने हुन्छ । भाषाको संरक्षण, प्रयोग र मान्यताको आधारमा नेपालमा दिगो शान्ति र एकता अझ मजबूत बनाउन सकिने कुरामा दुई मत हुन सक्तैन । यी कुराहरुलाई दृष्टिगत गरी भावी संविधानको निमित्त देहाय बमोजिमको प्रशासनिक भाषा नीति प्रस्ताव गरिएको छ ।

(क) राज्यको पुर्नसरचना गर्दा भाषाको वितरण तथा भाषिक समुदायहरुको अभिमतको आधारमा समेत संभब भए सम्म भाषिक प्रदेशहरुको संरचना गर्ने । त्यस्तै प्रदेश भित्रका अन्य राजनैतिक इकाईहरु जस्तै जिल्ला, गा. वि. स. हरु पनि सभंब भएसम्म भाषाको आधारमा गरिनु उपयुक्त हुने ।

(ख) संघिय राज्य व्यवस्थामा प्रबेश गर्दा संघिय तहमा, प्रदेशको तहमा र सो भन्दा मुनिका प्रशासनिक इकाईहरुमा कुन भाषाले सरकारी कामकाजको भाषाको मान्यता पाउने र के को आधारमा मान्यता पाउने भन्ने कुरा प्रष्ट उल्लेख गर्नु पर्ने ।

(ग) नेपालमा सर्वाधिक प्रचलनमा रहेको नेपाली भाषा सम्पर्क भाषाको रुपमा भएको हुनाले संघिय तहमा सरकारी कामकाजको भाषा नेपाली भाषा हुने देखिन्छ तर अन्य सम्पर्क भाषाहरुको सम्भावनाको अध्ययन गर्नुपर्ने खांचो देखिन्छ । यस अतिरिक्त संघिय व्यवस्थापिकामा जनप्रतिनिधिहरुले विभिन्न क्षेत्र र समुदायको समस्याहरुबारे छलफल गर्दा के कुन राष्ट्रिय भाषामा बोल्न पाउने भन्ने कुरा संसदको नियमावलीमा नै स्पष्ट व्यवस्था गर्नु जरुरी देखिन्छ ।

(घ) भाषिक प्रदेशहरुमा संघीय स्वरुप अनुसार स्थानिय प्रशासनलाई बढी प्रभावकारी र जनमुखी तुल्याउन संघीय तहमा सरकारी कामकाजको भाषाको मान्यता पाएको भाषाको साथ साथै प्रादेशिक सरकारले सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिएका अन्य स्थानिय भाषालाई समेत प्रयोग गरी बहुभाषिक भाषा नीति अपनाउने । यसो गर्दा स्थानिय भाषा नबुझ्ने अन्य राष्ट्रिय समुदायहरुले संघीय सरकारी कामकाजी भाषामा (सम्पर्क भाषामा) व्यबहार चलाउन सकिनेछ ।

(ङ) प्रादेशिक भाषाको चयन गर्दा त्यसको क्षमता र सम्भाव्यतालाई दृष्टिगत गर्ने र त्यसको निर्णय गर्ने स्वतन्त्रता सम्बन्धित प्रदेशलाई नै दिने । तर प्रादेशिक व्यवस्थापिकामा जनप्रतिनिधिहरुले स्थानिय मुद्दाहरुमा सार्वजनिक बहस गर्दा संघीय तथा प्रादेशिक सरकारी कामकाजको भाषा बाहेक सो प्रदेशमा बोलिने अन्य स्थानिय भाषामा समेत बोल्न सकिने व्यवस्था गर्नु पर्नेछ । तर त्यस्तो भाषामा बोल्दा अन्य सबैले बुझ्ने भाषामा अनुबाद गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(च) बहुभाषिक भाषा नीति भएको प्रदेशमा एक भाषाबाट अर्को भाषामा अनुबाद गर्ने व्यवस्था सम्बन्धित सरकारले नै मिलाउनु पर्ने ।

(छ) नयाँ राज्य संरचनामा कुनै प्रदेश भित्रको एक वा सो भन्दा बढी जिल्लामा कुनै स्थानिय भाषाको बाहुल्यता भएमा सो जिल्ला स्तरीय स्थानिय निकायमा सोही भाषामा समेत सरकारी कामकाज गर्न सकिने गरी छुट प्रदान गर्ने व्यवस्था हुनु पर्नेछ । त्यस्तै कुनै गाउँ वा नगरको स्तरमा कुनै स्थानिय भाषाको बाहुल्य भएमा सो स्थानिय भाषामा समेत सरकारी कामकाज गर्न सकिने गरी छुट प्रदान गर्ने व्यवस्था हुनु पर्ने । बहुभाषिक भाषा नीति भएका स्थानिय निकायमा अनुबादको उचित व्यबस्था गर्ने जिम्मेवारी सम्बन्धित स्थानिय निकायकै हुने ।

(ज) संघीय सरकार र प्रादेशिक सरकार बीच एक आपसमा पत्राचार तथा औपचारिक सम्पर्क गर्दा संघीय सरकारी कामकाजी भाषा प्रयोग गर्नु पर्नेछ ।

(झ) प्रदेशहरुले एक आपसमा पत्राचार तथा औपचारिक सम्पर्क गर्दा संघीय सरकारी कामकाजको भाषामा गर्नु पर्नेछ । तर प्रदेशहरुको आपसी सहमति भएमा अन्य राष्ट्र भाषा पनि प्रयोग गर्न सकिनेछ ।

(ञ) जिल्ला स्तरीय स्थानिय निकायहरुले ( Local Government) एक आपसमा पत्राचार तथा औपचारिक सम्पर्क गर्दा संघीय वा प्रादेशिक सरकारी काम काजी भाषामा गर्नु पर्नेछ । तर स्थानिय निकायहरुको आपसी सहमति भएमा अन्य राष्ट्र भाषा पनि प्रयोग गर्न सकिनेछ ।

(ट) भाषा नीति अन्तर्गत सरकारी कामकाजको भाषा जेसुकै भएता पनि नेपाली नागरिकले जुनसुकै तहमा आफ्नो मातृभाषामा निवदेन/दरखास्त दिन सकिने व्यवस्था गर्न उचित हुनेछ । तर यो छुट अदालती प्रकृयामा उपलब्ध हुने छैन ।

(ठ) संघीय तथा प्रादेशिक भाषा नीति सम्बन्धी जे सुकै लेखिएको वा व्यवस्था गरिएको भएतापनि संविधान, ऐन, नियम, विनियम, अध्यादेश, आदेश, फैसला, निर्णय, सूचना इत्यादिको आधिकारिक भाषा संघीय सरकारी कामकाजको भाषा हुनु पर्नेछ । व्याख्याको विवाद आएमा संघीय सरकारी कामकाजको भाषामा लेखिएको दस्तावेजको ब्याख्याले मान्यता पाउनेछ ।

(ड) नेपालमा बोलिने भाषाहरुको अध्ययन, अनुसंधान, संरक्षण र प्रबर्द्धन गर्न एक छुट्टै संबैधानिक आयोग गठन गर्ने ।

**(ख) शिक्षामा भाषानीति**

धेरै अन्तर्राष्ट्रीय र क्षेत्रीय निकायहरू भाषा-शिक्षा संबन्धमाथि जोड दिएका छन् । ती निकायहरू भाषाको आधारमा कसैमाथि भेदभाव गरिनु हुँदैन भन्ने माँग गर्छन् । संयुक्त राष्ट्रसंघको शिक्षा र भाषाको अधिकारसम्बन्धि दस्तावेज (१९६६, १९८९ र २०००)मा नेपालले पनि हस्ताक्षर र स्वीकार गरेका छन् । यी प्रावधानलाई दृष्टिगत गरी नेपालको भाषा नीतिमा शिक्षामा भाषाको प्रयोगसंबंधमा निम्न तीन किसिमका सुझाव पेश गर्न सकिन्छ (वाटर्स र राई २००५:६०-६२):

**तत्कालीन सुझाव**

- नेपालको भाषिक सर्वेक्षणद्वारा मातृभाषी साक्षरता कार्यक्रम तत्काल शुरु गरिने र संभाव्य हुने अल्पसंख्यक भाषाहरूको निर्धारण हुनु आवश्यक देखिन्छ । साथै प्रत्येक भाषाको मानक भाषिकाको पनि चयन हुनु जरूरी छ ।
- भाषाहरूको वितरणको लगत तयार गर्ने ।
- स्थानीय कला, रहनसहन तथा संस्कृतिसंग मेल खाने विषयवस्तुमा आधारित पाठ्यपुस्तकको निर्माण गर्ने । नेपाली पाठ्यपुस्तकलाई स्थानीय भाषामा अनुवाद गर्न गाह्रो भएकोले यस्ता पाठ्यपुस्तक भिन्न हुन जान्छ । यस प्रयोजनकालागि पाठ्यक्रम विकास केन्द्रबाट तयार पारिएका पाठ्यपुस्तकको मूल्यांकन हुनु जरूरी देखिन्छ ।

**मध्यकालीन सुझाव**

तत्कालीन सिफारिश संगसंगै निम्न मध्यकालीन सिफारिशहरु पनि लागू गर्नु जरूरी देखिन्छ:

- आवश्यकता, सम्भाव्यता, वर्णमालाको विकास, पाठ्यसामग्रीको उपलब्धता जस्ता पूर्वाधार पूरा भएका भाषिक समुदायहरूका लागि एक वा बढी पाइलट अध्ययनको आरंभ गर्ने;
- अल्पसंख्यक भाषिक समुदायहरूसंग परिचित र मातृभाषा पढाउन सक्ने योग्य तथा सक्षम शिक्षकहरूको तालीम दिने;
- अल्पसंख्यक भाषा बोल्न सक्ने शिक्षकहरूलाई नियुक्तिमा प्राथमिकता दिने;
- ब्रिज पाठ्यसामग्रीहरूको विकास;
- अंग्रेजीजस्ता अंतरराष्ट्रिय भाषाको पढाई पछि सार्ने;
- सरकारी पदाधिकारीहरूलाई नियुक्ति पाएका ठाउँहरूका स्थानीय भाषाहरूमा आधारभूत तालीम दिने;
- स्वास्थ्य, वातावरण, तथा अन्य सामाजिक कुराहरू संचार माध्यमहरूबाट सम्प्रेषण गर्दा मातृभाषाहरुलाई माध्यम बनाउने;

**दीर्घकालीन सुझाव**

युनेस्को (२००३ ई.)को अनुसार बालबालिकाहरू र वयस्कहरूको मनोरंजन र अध्ययनकालागि पर्याप्त पाठ्यसामग्री हुनु पर्ने उद्देश्यले निम्न दीर्घकालीन सुझावहरू छन्:

- "सबैका लागि शिक्षा" राष्ट्रिय कार्यक्रम अनुसार प्राथमिक शिक्षा तहमा संक्रमणीय बहुभाषिक शिक्षा (transitional multilingual education) को सुरुवात गर्ने;
- राष्ट्रिय शैक्षिक कार्यक्रममा शैक्षिक-पाठ्य र अन्य सामग्रीहरूको उत्पादन र वितरण सबै मातृभाषाहरूमा सम्बर्द्धन गर्ने र जारी राख्ने;
- योग्य मातृभाषी शिक्षकहरूको विकास जारी राख्ने;
- विभिन्न भाषाहरूको संरक्षण र सम्बर्द्धनकालागि सामग्रीको निर्माण गर्ने;
- विषयको रूपमा अल्पसंख्यक स्थानीय भाषाहरूको पढाई शुरु गर्ने;
- विद्यार्थीहरूको सहज पहुँचभित्र पाठशालाको स्थापना गर्ने;
- विद्यमान शिक्षक-विद्यार्थीबीच औसतवारे सर्वेक्षण गर्ने ;
- मातृभाषा शिक्षाको आवस्यकताअनुसार शिक्षको नियुक्ति र व्यवस्थापन;
- विभिन्न मातृभाषामा कक्षा शिक्षणकालागि उपयुक्त तालीमको व्यवस्था गर्ने;
- मातृभाषा शिक्षणसम्बन्धि कार्यक्रम र गतिविधिहरूको नियमित सुपरिवेक्षण र मूल्यांकण गर्ने;

**(ग) संचारमा भाषानीति**

रेडियो, एफएम, टीभी जस्ता श्रव्य-दृश्य माध्यम र पाठ्य माध्यमहरूमा लेख्य परंपरा भएका भाषाहरूको प्रयोग गर्ने ।

**(घ) अन्य सुझावहरू**

- भारत, चीनआदि मुलुकहरूजस्तै नेपालमा पनि भाषानीतिमा उल्लेख भएका रणनीति र कार्यहरूको नियमन र दिगो तुल्याउन "नेपाल भाषा प्रतिष्ठान" अपरिहार्य

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | देखिन्छ (भानीसुआ २०५१)।<br>▪ नेपाल प्रज्ञा-प्रतिष्ठान, केन्द्रिय तथ्यांक विभाग र आदिवासी जनजाति विकास राष्ट्रिय प्रतिष्ठानमा भाषाविदहरुको नियुक्तिको व्यवस्था गर्ने ।<br>लोपवान भाषाहरूको संरक्षण र संवर्द्धनकालागि भाषिक समुदाय, भाषाविद् र सरकारी तथा गैरसरकारी निकायहरूबाट समन्वयात्मक ढङ्गले भाषा अभिलेखिकरण गर्ने | | | | |
| ३. | कृष्णप्रसाद अधिकारी घिरिङ, सुन्धारा, तनहुं ।<br>(दृष्टिविहिन) | ०६५।१०।<br>१३ | अल्पसंख्यक तथा सीमान्तकृत वर्ग भन्नाले महिला, दलित, जनजाति, मधेशी, अपाङ्ग, मुसलमान, बालबालिका आदिलाई जनाउंछ । | -महिला भन्नाले स्त्री जाति,<br>-दलित भन्नाले दमाई, कामी, सार्की आदि,<br>-जनजाति भन्नाले मगर,गुरुङ्ग आदि,<br>-मधेशी भन्नाले तराईमा बस्ने,<br>-अपाङ्ग भन्नाले शारीरीक अपाङ्ग, दृष्टिविहिन, श्रवण विहिन आदि,<br>-मुसलमान भन्नाले इस्लाम धर्मावलम्वी, र<br>-बालबालिका भन्नाले १६वर्ष मुनी | यस अनुसार भए अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, हितको संरक्षण हुने देखिन्छ । | राज्यका हरेक नीति निर्माण तहमा समावेश गरिनेछ भनेर उल्लेख गरिनु पर्ने । | |
| ४. | के.पि.विष्ट महानिर्देशक नेपाल परिवार नियोजन संघ । | ऐ. | सन् १९९४ मा इजिप्टको कायरोमा सम्पन्न संयुक्त राष्ट्र संघको जनसंख्या तथा विकास अन्तर्राष्ट्रिय सम्मेलन पछि विश्वव्यापी मान्यता प्राप्त मानव अधिकार सम्बन्धी मुद्दाहरुलाई आधार बनाएर अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघले तयार पारेको यौन तथा प्रजनन अधिकार सम्बन्धी बडापत्र र सो बडापत्रलाई आधार बनाएर लैंगिक तथा यौनिक अल्पसंख्यकहरुले दिएका सुझावहरुलाई समेत समावेश गरेर तयार पारिएको यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार र स्वास्थ्य क्षेत्रको भूमिका नामक पुस्तक यसैसाथ पठाईएको छ, सो अनुसार लैंगिक तथा यौनिक अल्पसंख्यकहरुलाई पनि अल्पसंख्यकभित्र समावेश गरी आगामी संविधानमा उनिहरुको हक, अधिकारको संरक्षण गरियोस । | | | | |
| ५. | मा. राघववीर जोशी, काठमाण्डौ । | ०६५।११।<br>१५ | अपांग र अशक्त अल्पसंख्यक समुदायभित्र पर्दैनन् । अत: यिनलाई सीमान्तकृत समुदायभित्र समावेश गरिनु पर्ने । | अपांगलाई निम्नानुसार विभाजन गर्न सकिने:<br>१. बहिरा,<br>२. दृष्टिविहिन,<br>३. शारिरीक अपांग,<br>४. सुस्त मनस्थिती,<br>५. अन्य जस्तो होचो पुड्को आदि । | अपांग व्यक्तिहरुका लागि आगामी संविधानमा निम्न अधिकारहरु समावेश गरिनु पर्दछ ।<br>१. कानूनमा सपांग सरहका सबै बराबर व्यवहार गरिनु पर्ने,<br>२.समाजमा भेदभावरहित जीवन गुजारा गर्न पाउनु पर्ने वातावरणको निर्माण हुनु पर्ने,<br>३.बिना भेदभाव रोजगारी दिने व्यवस्था, | अपांगहरुका लागि कमसेकम चारवटा निर्वाचन क्षेत्र तोकी सो क्षेत्रबाट अपांग व्यक्तिहरु निर्वाचन मार्फत प्रतिनिधि बन्न सक्ने व्यवस्था गरिनु पर्ने । | |
| ६. | कलाधर गैरे, काठमाण्डौ, नेपाल | ०६५।११।<br>२१ | कुल जनसंख्याको अनुपातमा कम जनसंख्या भएको, शैक्षिक अवसरबाट बन्चित, आर्थिक दृष्टिबाट विपन्न अवस्थामा रहेको जनसमूहलाई अल्पसंख्यक तथा सीमान्तकृत समुदायका रुपमा परिभाषित गर्न सकिन्छ । | आर्थिक परालम्वीपन, साधारण लेखपढमा समेत अरुको भर पर्नु पर्ने अवस्था, समुदायको हित सम्बन्धी निर्णय र कार्यान्वयनमा स्व-स्फूर्त सहभागिताको सट्टा निर्देशित सहभागिता, जग्गा, व्यापार, नोकरी आदिमा न्यून स्वामित्व | अल्पसंख्यक तथा सीमान्तकृत समुदायमा पर्नुको अर्थ, उद्देश्य, समाजसितको अन्योन्याश्रित सम्बन्ध र कर्तव्यलाई सही रुपमा बुझाउन सम्बन्धीत सबै पक्ष जागरुक, उदार बन्नु पर्ने देखिन्छ । जसबाट यस समुदायको संरक्षणको व्यवस्था सम्भव हुने | सबै सम्बद्ध सरोकारवाला समयमै सचेत रही नयां सोच र शैलीका वैचारिक ढंगबाट अगाडि बढ्नु नै उज्वल भविष्यतर्फ उन्मुख हुनु हो भन्ने कुरालाई आत्मसात गरी नयां संयन्त्र तयारमा अविलम्व | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | र न्यून संख्या आदिका आधारमा बहिष्करणमा परेका जात, जाति लगायतका वर्ग र समुदायको पहिचान गर्न सकिन्छ । | देखिन्छ । | प्रयत्नशील हुनुमा नै समावेशीकरणको उपाय कार्यान्वयन गर्न सकिने देखिन्छ । | |
| ७. | कुलानन्द गच्छदार, भलुवा गा.वि.स., सुनसरी । | ०६५।११।२२ | १. अल्पसंख्यक समुदाय भन्नाले त्यस्तो समुदाय जसको संख्या न्यून भन्दा पनि न्यून छ ।<br>२. सीमान्तकृत समुदाय भन्नाले जुन समुदाय अल्पसंख्यकका साथ साथै उनिहरु सामाजिक, कार्यमा एक सिमामा मात्र सम्लग्न भएको हुन्छ, लाई सीमान्तकृत समुदाय भनिन्छ । | यसमा केवल एउटा जात, जाति, वर्ग र समुदायले निश्चित प्रकारको काम मात्र गर्दछ, जस्तो, सिनो फाल्ने चमार जाति, राजनीति, शिक्षा, सिपमुलक कार्य र प्रत्येक अवसरबाट बन्चित, पिछडिएको, पछाडि पारिएको जस्ता आधार लिन सकिने । | संविधानमा सरकारले यस्ता जातिहरुलाई सिपमुलक तालिम, शिक्षाका साथ साथै विशेष किसिमको रणनीति बनाई उनिहरुलाई राज्यको अंगमा उचित व्यवस्था मिलाउने । | सबभन्दा पहिले त शिक्षा नीति सबैले पाउनु पर्दछ । अनि राज्यले यि पिछडिएका वा पछाडि पारिएको वर्गलाई छुट्टै कोटा राखि विभिन्न तहमा उचित अवसर प्रदान गर्ने । | जब सम्म विकासका प्रत्येक समितिमा त्यस क्षेत्रभित्रका जात, जाति, वर्ग वा समुदायलाई सम्लग्नता गराईदैन, तबसम्म त्यस समुदायको उचित विकास हुन सक्दैन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ८. | पृथक क्षेत्रि र साथिहरु, काठमाण्डौ । | ०६५।१२।३ | सीमान्तकृत तथा अल्पसंख्यक समुदायको परिभाषा विज्ञान र गणितको सहारामा तुलनात्मक रुपमा गरिनु पर्दछ । सीमान्तकृत समुदायको परिभाषा संधै एक रहन सक्दैन । यो परिवर्तनशिल छ, त्यसैले यसको व्याख्या पनि समयसापेक्ष परिवर्तन हुंदै जान्छ । हाल सतार, डोम, पोडे, कुसुन्डा, मेचे, राउटे र चेपाङ्ग आदिलाई सीमान्तकृत समुदायका रुपमा लिन सकिन्छ । | १.सीमान्तकृत समुदाय पहिचानका आधारहरु साक्षरता दर, आर्थिक आय, घरको अवस्था, मोटरगाडि र राजनीतिमा पहुंच आदि हुन सक्छन् ।<br>२. कुनैपनि जातिलाई पछाडि पारिएका वा परेका भन्ने शव्द अपूर्ण र दिग्भ्रमित छ । कुनैपनि व्यक्ति वा निश्चित क्षेत्रको निश्चित समुदाय विभिन्न कारणवश पछि परको हुन सक्छ, तर जाति होइन । ताप्लेजुङ्गमा बस्ने कुनै लिम्बु जातिको गांउ वा कुनै व्यक्ति पछाडि परेको छ भन्दैमा सभामुखका परिवार पनि पछाडि परेका जातिमा पर्छन भन्नु वैज्ञानिक, सान्दर्भिक र न्यायसंगत हुंदैन । त्यसरी नै प्रधानमन्त्रि पुष्पकमल दाहाल प्रधानमन्त्रि भए भन्दैमा बस पार्कमा भारी बोक्ने रामप्रसाद दाहाल सम्पन्न र अगाडि परेको जाति भन्न मिल्दैन । पछाडि परेको वर्गको पहिचान तथ्यांकशास्त्रको शुत्रका आधारमा पहिचान गरिएका मापदण्डका आधारमा गरिनु पर्दछ । हडताल, नारा, राजनैतिक कारण, जनताका माग र भाषणका आधारमा होईन । | | राज्य व्यवस्थामा जाति, भूगोल, धर्म र भाषाले प्रश्रय पाउनु भनेको त्यो देश र जनताको विनाशको आगमन हो । विद्वान, अनुभवि तथा तार्किक र निर्णयमा सबल व्यक्तिलाई राजनीतिमा समावेश गराईनु पर्दछ । त्यहि नै यथार्थमा समावेशी हो । | |

| | | | | |
|---|---|---|---|---|
| ९. | जितबहादुर मुसहर, पिठौली ६, नवलपरासी । | ०६५।१२।२६ | आगामी संविधानमा मुसहर जातिको हक, अधिकार संरक्षणका लागि निम्न लिखित व्यवस्थाहरु गरिनु पर्दछ ।<br>१. केन्द्रिकृत राज्यबाट मुसहर जातिको उत्थान र विकास नभएकाले राज्यको संघिय ढांचा हुनु पर्ने,<br>२.मुसहर जातिको परम्परागत पेशाको संरक्षण गरी उनिहरुको बसोबासका लागि विशेष व्यवस्था हुनु पर्ने,<br>३.मुसहर जातिको भूमि माथि पहुंच र नियन्त्रणको अधिकार हुनु पर्ने,<br>४.राज्यको हरेक श्रोत र साधनमा मुसहर जातिको पहुंच र नियन्त्रण हुनु पर्ने,<br>५.मुसहर जातिको पुर्ख्यौली स्थानमा निर्माण भएका विकासका पूर्वाधारको फाईदा मुसहर जातिले प्राप्त गर्ने व्यवस्था हुनु पर्ने,<br>६.मुसहर जातिको रोजगारीका लागि विशेष व्यवस्था हुनु पर्ने,<br>७.मुसहर समुदायका लागि शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत अधिकारहरुको व्यवस्था हुनु पर्ने,<br>८.मुसरहर जातिको पेशा तथा संस्कृतिको संरक्षणका लागि विशेष व्यवस्था हुनु पर्ने,<br>९.निकुन्ज ऐन, २०२९ खारेज गरी निकुन्जबाट असर पर्ने समुदायलाई १५ प्रतिशत रोजगारी र आयको १० प्रतिशत हिस्सा प्रदान गर्ने नयां ऐन जारी गरिनु पर्ने,<br>१०. सबै जात, जातिको जनसंख्याको वास्तविक आंकडा आउन सक्ने गरी जनगणना लिने व्यवस्था हुनु पर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १० | विष्णुराम प्रजा, शिवकुमार प्रजा, फसल प्रजा, प्रमिश प्रजा, रत्नवीर प्रजा, कुमार प्रजा, खुशिलाल प्रजा, बलिराम प्रजा, बेलमान प्रजा, रक्तलाल प्रजा, जितबहादुर प्रजा, केशरमान प्रजा, कान्छामान प्रजा, श्यामबहादुर प्रजा, वीरबहादुर प्रजा, लेखमान प्रजा, मनराम प्रजा, भविकन प्रजा, छानलाल प्रजा, प्रेमलाल प्रजा, जनकलाल प्रजा, लोकबहादुर प्रजा, दिपलाल प्रजा, चित्रमान प्रजा, सोमरसिंह प्रजा, पृथिमान प्रजा, गैराम प्रजा, रामकुमार प्रजा, मैनसिंह प्रजा, मंगलसिंह प्रजा, चन्द्रबहादुर प्रजा, गोपाल दनुवार, गीता दनुवार, मानबहादुर दनुवार, श्यामबाबु राई, लक्ष्मिमाया राई, मानबहादुर गोले, | | आगामी संविधानमा आदिवासी जनजातिका लागि निम्नानुसार व्यवस्था हुनु पर्दछ ।<br>१. संघिय लोकतान्त्रिक गणतन्त्र अन्तर्गत आत्म निर्णयको अधिकार र जातिय स्वायत्ततामा आधारित स्वशासन सहितको स्वायत्त संघिय राज्यको निर्माण,<br>२. राज्यसत्ताको समग्र संरचनामा आदिवासी जनजातिको पूर्ण समानुपातिक प्रतिनिधित्व र अल्पसंख्यक आदिवासी जनजातिका लागि प्रतिनिधित्वको विशेषाधिकारको संवैधानिक सुनिश्चितता,<br>३. समुदायगत पहिचान र सामुहिक अधिकार सहितको नयां राष्ट्रिय एकता निर्माण,<br>४. जल, जंगल, जमिन लगायतको प्राकृतिक श्रोत माथि आदिवासी जनजातिको स्वामित्व र नियन्त्रणको सुनिश्चितता,<br>५. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी १६९ र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय घोषणापत्रलाई संवैधानिक र कानूनी व्यवस्था गरी प्रभावकारी कार्यान्वयन,<br>६. आदिवासी जनजातिको भाषा, धर्म, संस्कृतिलाई राज्यमा समान हैसियत र मान्यताको स्थापना,<br>७. परम्परागत व्यवसाय संचालन, मौलिक ज्ञान, सीप र विकासलाई राज्यले विशेष संरक्षणकारी नीति अवलम्बन गर्नुपर्ने,<br>८. आदिवासी जनजातिको महिलाको पहिचानलाई स्थापित गर्न र आदिवासी जनजाति महिला विरुद्ध हुने सबै प्रकारका जातिय र लैंगिक विभेद अन्त्य गर्नको लागि संवैधानिक कानूनी र प्रशासनिक व्यवस्थाको सुनिश्चितता,<br>९. प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष मतदान प्रकृयाबाट हुनु पर्ने,<br>१० दुई सदनात्मक संसदीय व्यवस्था हुनु पर्ने, जातिय तथा भाषिक आधारमा माथिल्लो सभा गठन गर्नु पर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| | रमिला राई, रतनराज राई, कृष्णबहादुर राई, निलम राई, निरकुमारी राई, रमेश प्रजा, नौरमान प्रजा, वीरबहादुर प्रजा, चक्रबहादुर प्रजा, त्रिलोक प्रजा, जगतलाल प्रजा, आइतलाल प्रजा, रीता प्रजा, टेकबहादुर प्रजा, प्रेमलाल प्रजा, तोकबहादुर प्रजा, दलबहादुर प्रजा, नानीमाया लामा, कान्छिमाया वाइवी, ओमबहादुर वाइवा, बागवीर प्रजा, रामलाल प्रजा, जयकान्त प्रजा, पूर्णवहादुर प्रजा, हस्तबहादुर प्रजा, हरिबहादुर प्रजा, मकवानपुर । | | | |
| ११ | निरज दाहाल दर्वेशा-१, मोरङ्ग | ०६६।१। ३० | जातजाति, भाषा-भाषि, धर्म संस्कृतिको संरक्षणसम्बन्धमा उल्लेख हुनुपर्ने । | |
| १२ | ज्योति पौद्दार मोरङ्ग | ०६६।१। ३० | अपाङ्गको हित र संरक्षण हुनुपर्ने । | |
| १३ | पूजा कुमारी साह दर्वेशा-१, मोरङ्ग | ०६६।१। ३० | आदिबासी जनजातिको हक अधिकार सुरक्षित हुनुपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १४ | विश्वनाथ मण्डल रङ्गेली-९, मोरङ्ग | ०६६।१। ३० | गरीव जनजाति, दलितलाई राज्यको हरेक अङ्गमा समावेश गर्नुपर्ने । | |
| १५ | शशी घिमिरे दर्वेशा-१, मोरङ्ग | ०६६।१। ३० | जति, वर्ग सबै समान हुनुपर्ने । | |
| १६ | राम विलाश शर्मा दर्वेशा-१, मोरङ्ग | ०६६।१। ३० | मधेशी, पहाडी दलितलाई समान व्यवहार गरियोस । | |
| १७ | मोति ढकाल दर्वेशा-१, मोरङ्ग | ०६६।१। ३० | जातजाति, भाषा-भाषि, धर्म, संस्कृतिको संरक्षण सम्बन्धमा उल्लेख हुनुपर्ने । | |
| १८ | सिम्रन ढकाल दर्वेशा-१, मोरङ्ग | ०६६।१। ३० | दलित तथा जनजाति महिलाको शिक्षा रोजगारीको उचित व्यवस्था गरियोस । | |
| १९ | प्रेम कुमार पोखरेल विराटनगर-४ | ०६६।१। ३० | जतजाति, धर्म, संस्कृतिको जगेर्ना र सुनिश्चितता संविधानमा हुनुपर्ने । | |
| २० | बसन्त श्रेष्ठ बहुनी, मोरङ्ग | ०६६।१। ३० | पिछडिएका जनजातिलाई उचित शिक्षा, रोजगार, असहाय, बृद्ध, अपाङ्ग, बहिरा, दृष्टिविहीनहरुको अधिकार सुरक्षित गर्ने, दलितको छुवाछुत हटाउनु पर्ने । | |
| २१ | मन्त्रीसिंह राई | ०६६।१। ३० | अदिवासी जनजातिको भूमि माथिको अधिकार, जातीय भाषिक आधिकारको सुनिश्चितता हुनुपर्ने । | |
| २२ | दल बहादुर थापा | ०६६।१। ३० | उत्पीडित जातिहरुको बेरोजगारी समस्या समाधान होस । | |
| २३ | चन्द्रकान्त निरौला | ०६६।१। ३० | महिला बुढापाका सबैलाई बराबरी अधिकार पाइयोस । | |
| २४ | विजय बोहोरा | ०६६।१। ३० | सम्पूर्ण जातजातिहरुले समान अधिकार पाउनु पर्दछ । | |
| २५ | राजकुमार | ०६६।१। ३० | गरिब उत्पीडित जाति वर्ग सबैले समान अधिकार पाउनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २६ | कुमार श्रेष्ठ | ०६६।१। ३० | जातजाति, भाषभाषिको भेदभाव नराखी सबैलाई समान अवसार दिइनुपर्ने, मेची-महाकाली, हिमाल-पहाड-तराई सबै क्षेत्रका जनतालाई समन अधिकार दिइनुपर्ने । | |
| २७ | गजेन्द्र राई | ०६६।१। ३० | वर्गीय, जातीय, क्षेत्रीय, भौगोलिक स्थितिलाई समायोजन गर्नुपर्दछ । | |
| २८ | गणेश कार्की | ०६६।१। ३० | जातजातिको हितमा रही विशेष नीति निर्माण गर्नुपर्दछ । | |
| २९ | बिक्रम शंकर | ०६६।१। ३० | सबै वर्गका व्यक्तिलाई समेटी अन्धा, अपाङ्ग, मधेसी, पहाडी, पिछडिएका वर्गको हितको लागि अधिकार सुनिश्चित गरिनुपर्दछ । | |
| ३० | दलबीर लावती लिम्बु | ०६६।१। ३० | विभिन्न धर्म, जाति, संस्कृति, क्षेत्रका व्यक्ति, समुदायहरुलाई समावेश गरी गाउँ गाउँमा गएर गरिवी हटाउन विशेष ध्यान दिइयोस । | |
| ३१ | कुमार वि. क. | ०६६।१। ३० | दलित, महिला, युवाहरुलाई शिक्षा तथा राजेगारको व्यवस्था हुनुपर्ने । | |
| ३२ | नोभु घले डोल्पो | ०६६।१। ३० | अल्पसंख्यक समुदाय, आदिबासी, जनजातिलाई विशेष अधिकार तथा प्रतिनिधित्वको व्यवस्था गर्नुपर्दछ । | |
| ३३ | अमर ब. मल्ल | ०६६।१। ३० | कम जनसंख्या भएको जिरेल, चेपाङ्ग, राउटे, दलित लगायतका जातिहरु अल्पसंख्यक जातिहरु हुन । | |
| ३४ | कर्साङ्ग तेम्बा तामाङ्ग रसुवा | ०६६।१। ३० | रसुवालाई तामसालिङ्ग घोषणा गर्नुपर्ने, जाति, भाषा, क्षेत्रको आधारमा संघीयता हुनुपर्ने, राष्ट्रिय चिन्ह मृग हुनुपर्ने । | |
| ३५ | भुईदल राई धरान, सुनसरी | ०६६।१। ३० | संघीय राज्यभित्र अल्पसंख्यक तथा सीमान्तकृत समुदायको स्वायत्तताको अधिकार हुनुपर्ने, यस्ता संस्थाहरुले राजकीय सबै निकायहरुमा आफ्नो जातीय प्रतिनिधिहरु निर्वाचन गरी पठाउनसक्ने व्यवस्था हुनुपर्ने, संगठन स्थापना र संचालनको अधिकार हुनुपर्ने । | |
| ३६ | आमोद खतिवडा झोराहाट, मोरङ्ग | ०६६।१। ३० | सबै नेपालीको भेदभावरहित समान अधिकार हुनुपर्ने, बालबालिकाको अधिकार सुनिश्चित तथा सुरक्षित हुनुपर्ने । | |
| ३७ | दुखाराम मुर्यारी कुशकुमार सरदार थारु झोराहाट, मोरङ्ग | ०६६।१। ३० | अपाङ्गहरुका लागि निशुल्क प्रविधिक शिक्षाको तालिम दिएर पेशा व्यवसायको व्यवस्था गनुपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | दुर्गा चौधरी<br>झोराहाट-१,<br>मोरङ्ग | ०६६।१। ३० | महिलाहरुको अधिकार सुनिश्चित हुनुपर्ने । | |
| ३९ | पृतमलाल सरदार<br>झोराहाट-३ मोरङ्ग | ०६६।१। ३० | संसदमा दलित र पिछडिएका वर्गको समानुपातिक तथा समावेशी प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने । | |
| ४० | दीपा लुईटेल<br>झोराहाट-१,<br>मोरङ्ग | ०६६।१। ३० | महिला स्वयंसेविकाको जीवन विमा, स्वास्थ्यउपचार लगायत सेवाको कदर हुने व्यवस्था हुनुपर्ने । | |
| ४१ | अर्जुन वि. क.<br>पिंकु साह | ०६६।१। ३० | दलित, महिला, अपाङ्गहरुलाई विशेष अधिकार सहित आरक्षणको प्रबन्ध होस । | |
| ४२ | प्रमिला राई<br>नारायण यादव<br>विराटनगर-११ | ०६६।१। ३० | सबै जातजातिलाई भाषा संस्कृति अनुसार स्थान दिनुपर्दछ, शोषणमुक्त समाजको निर्माण गर्नुपर्ने । | |
| ४३ | अशोक माझी<br>अमरदह, मोरङ्ग | ०६६।१। ३० | जातपातको भेदभव नगरौं, सबै मिलेर बसौं, नयाँ नेपाल बनाउँ, शान्तिले मिलिजुली सबैजना बसौं । | |
| ४४ | तहिद्दीर अन्सारी | ०६६।१। ३० | पिछडिएको मुस्लीम जातिलाई विशेष आरक्षणको व्यवस्था हुनुपर्ने । | |
| ४५ | माधवविक्रम शाह<br>रङ्गेली, मोरङ्ग | ०६६।१। ३० | सबै जातजाति, भाषा, धर्म, संस्कृतिलाई राष्ट्रले समान तवरले हेर्नुपर्ने, सबैको मातृभाषालाई विशेष संरक्षण गर्नुपर्ने । | |
| ४६ | नरेश यादव<br>रङ्गेली-३, मोरङ्ग | ०६६।१। ३० | पछाडी पारिएका जातजातिलाई राज्यको सम्पूर्ण तहमा सहभागिता गराउनुपर्ने । | |
| ४७ | डोमनलाल साह<br>रङ्गेली-३, मोरङ्ग | ०६६।१। ३० | विभेदमुक्त समाज निर्माण हुनुपर्‍यो, छुवाछुतको अन्त्य हुनुपर्‍यो, दलितको अधिकारको संरक्षणको प्रत्याभूति हुनुपर्‍यो । | |
| ४८ | निर्मला मगर<br>लेटाङ्ग-४, मोरङ्ग | ०६६।१। ३० | महिला अधिकार सुनिश्चित हुनुपर्‍यो । | |
| ४९ | रामप्रसाद मुखिया<br>मोरङ्ग | ०६६।१। ३० | नेपालमा भएका सबै जातिहरुलाई राज्यको सम्पूर्ण तहमा सहभागिता गराउनु पर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ५० | हरेन्द्र आचार्य धनकुटा | ०६६।१। ३० | जातीय आधारमा आरक्षण कोटा ल्याइनुपर्दछ । | |
| ५१ | सुनिता खवास ईटहरी | ०६६।१। ३० | सीमान्तकृत जातिभित्र पनि भुजेललाई अधिकार सुनिश्चित हुनुपर्ने, बृद्ध, अशक्त, असहाय र अनाथ बच्चाहरुको निम्ति अधिकार सुनिश्चित हुनुपर्ने । | |
| ५२ | मानकाजी विश्वकर्मा | ०६६।१। ३० | जातजाति, धर्म, वर्ण, लिङ्गलाई संवोधन गरिनुपर्ने, सबैले सम्मानित भएको अनुभुति गर्नसक्ने व्यवस्था गर्नुपर्ने । | |
| ५३ | पदम धौलकोटी संखुवासभा | ०६६।१। ३० | शिक्षाको दायित्व सरकारले लिनुपर्ने, अल्पसंख्यक जाति तथा लोपोन्मूख जातिको पढ्न पाउने हकलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने । | |
| ५४ | टङ्कप्रसाद तिमल्सिना<br>रामचन्द्र बुढाथोकी<br>शम्सेर ब. ठकुरी<br>तुलसा आचार्य<br>गिता चौधरी | ०६६।१। ३० | सबै जातजातिमा भेदभाव हुनु नहुने, सबैलाई समावेश गर्नुपर्ने, पुरष र महिलाबीचमा समान अधिकार हुनुपर्ने, बृद्धवृद्धालाई भत्ताको व्यवस्था गर्नुपर्ने, दलित, अपाङ्ग, र महिलाहरुलाई कम्निमा १२ कक्षासम्म निशुल्क शिक्षाको व्यवस्था हुनुपर्ने । | |
| ५५ | शान्ति पोखरेल दमक-८, झापा | ०६६।१। ३० | दलित, निमुखा, पिछडिएका वर्गको अधिकार सुनिश्चित गर्नुपर्ने । | |
| ५६ | सुनिल सुवेदी | ०६६।१। ३० | सीमान्तकृत समुदायको आवज पूर्णरुपले समावेश गर्नुपर्ने । | |
| ५७ | बल बहादुर गहतराज | ०६६।१। ३० | दलितलाई भेदभाव हुनु भएन । | |
| ५८ | उदय कुमार यादव | ०६६।१। ३० | हरेक जातजाति, भाषाभाषि, आदीवासी, जनजाति, दलित, महिलालाई समान अधिकार र पहुँचको व्यवस्था हुनुपर्ने । | |
| ५९ | रफिक मस्तान | ०६६।१। ३० | भूमिहीन सुकुम्बासीहरुको समस्या समाधान हुनुपर्ने । | |
| ६० | कुलप्रसाद उप्रेती गाविन्दपुर-१, मोरङ्ग | ०६६।१। ३० | राज्यको हरेक अङ्गमा दलित तथा जनजातिको पनि समावेश हुनुपर्‍यो । | |

| | | | | |
|---|---|---|---|---|
| ६१ | मो. महताव आलम<br>डाइनिया-९ मोरङ्ग | ०६६।१। ३० | मुस्लीम समुदायलाई पनि समान रुपमा राज्यका सबै अङ्गमा तथा विकासको प्रतिफमा समावेश गराउनु पर्ने । सबै जातजातिलाई समावेश गर्नुपर्ने | |
| ६२ | अर्जुन कुमार कर्ण<br>विराटनगर-११ | ०६६।१। ३० | दलित महिला तथा सबै अपाङ्गहरुलाई पनि समानुपातिक रुपमा सहभागि गराउनु पर्ने । | |
| ६३ | बजारन महत्व<br>डाइनिया-६ मोरङ्ग | ०६६।१। ३० | गरीव, मजदुर, किसान, सुकुम्वासीलाई सरकारले गाँस, वास, कपास, स्वास्थ्य, शिक्षाको व्यवस्था गर्नुपर्ने । | |
| ६४ | काजीमान विश्वकर्मा<br>धनकुटा | ०६६।१। ३० | सबै जातजाति, धर्म, वर्णलाई प्रतिनिधित्व हुनेगरी व्यवस्था गर्नुपर्ने, दलितलाई समानुपातिक प्रतिनिधित्वसहितको आर्थिक, राजनैतिक, सामाजिक सबै क्षेत्रमा प्रतिनिधित्वको प्रत्याभूति गर्नुपर्ने, राज्यका विभिन्न निकायहरुमा दलितको लागि ५० प्रतिशत आरक्षण गर्नुपर्ने । | |
| ६५ | रबिन विश्वकर्मा<br>धनकुटा | ०६६।१। ३० | दलितमाथि हुने छुवाछुतको अन्त हुनुपर्ने, राज्यका सबै अङ्गमा दलितको कोटा निर्धारण गर्नुपर्ने । | |
| ६६ | अजिब हुसेन<br>इटहरी ९ सुनसरी | ०६६।१। ३० | पीडित पिछडिएका मुस्लीम समुदयको आरक्षणको व्यवस्था हुनुपर्ने । | |
| ६७ | शीला गजमेर<br>इटहरी, सुनसरी | ०६६।१। ३० | सुकुम्बासी आयोग गठन गरिनुपर्ने, दलित मन्त्रालय खोल्नुपर्ने, सम्पूर्ण मजदुर, सुकुम्बासी र दलितलाई रासनकार्डको व्यवस्था गर्नुपर्ने, दलितहरुले स्थानीय निकायमा योग्यताको आधारमा जागिर पाउनुपर्ने, महिला बेचविखन र बलात्कारलाई फाँसीको सजाय दिनुपर्ने, दलितलाई पनि राजनीतिमा ठाउँ दिनुपर्ने । | |
| ६८ | गोपाल आछामी<br>धरान-९ सुनसरी | ०६६।१। ३० | राज्य तथा राजनीतिक दलहरुले समावेशीकरण गरी दलितहरुलाई आफ्ना निकाय तथा अंगहरुमा समावेश गर्नुपर्ने । | |
| ६९ | दुर्गा राई<br>बेलबारी, मोरङ्ग | ०६६।१। ३० | दलित, जनजाति, तथा युवाको राज्य संयन्त्रमा सहभागिता हुनुपर्ने । | |
| ७० | हरि राई<br>लेटाङ्ग, मोरङ्ग | ०६६।१। ३० | दलित, जनजाति, पिछडिएका वर्ग सबैको अधिकारहरु सुनिश्चित हुनुपर्ने । | |
| ७१ | देवराज घिमिरे<br>बेलबारी, मोरङ्ग | ०६६।१। ३० | समावेशी हुनुपर्ने । | |
| ७२ | धन बहादुर गदाल<br>डाँगीहाट, मोरङ्ग | ०६६।१। ३० | ६० बर्षभन्दा माथिका दलितलाई भत्ताको व्यवस्था हुनुपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ७३ | राम ब. मगर<br>मोरङ्ग | ०६६।१। ३० | सबै जात, वर्ण, क्षेत्र, लिङ्गको प्रतिनिधित्व हुनुपर्ने । | |
| ७४ | राधिका गौतम<br>बेलबारी, मोरङ्ग | ०६६।१। ३० | गरीव, दलित, पिछडिएको वर्गको लागि विशेष व्यवस्था हुनुपर्ने । | |
| ७५ | दीपक लिम्बु<br>बेलबारी, मोरङ्ग | ०६६।१। ३० | सबै जात, क्षेत्र, वर्ग र धर्मको आधारमा समानुपातिक व्यवस्था हुनुपर्ने । | |
| ७६ | लाल ब. नेपाली<br>मोरङ्ग | ०६६।१। ३० | संविधानमा अवसर दिनुपर्ने । | |
| ७७ | घनश्याम चौधरी<br>मोरङ्ग | ०६६।१। ३० | सबै जातजाति, वर्ग, धर्म, भाषा, क्षेत्र, लिङ्ग आदिको अनुकुल हुनेगरी संविधान बन्नुपर्ने । | |
| ७८ | भुपाल परियार | ०६६।१। ३० | सुकुम्बासी र भरियाको अधिकार संविधानमा नै सुनिश्चित हुनुपर्ने । | |
| ७९ | रमेश बराल | ०६६।१। ३० | जातीय भेदभाव नगर्ने कानून बनाउनु पर्ने । | |
| ८० | खगेन्द्र बराल<br>मोरङ्ग | ०६६।१। ३० | सबै जातजातिलाई एकैसाथ लिएर जानुपर्ने । | |
| ८१ | मिलन खतिवडा<br>मोरङ्ग | ०६६।१। ३० | बालबालिका, दलित, असहायका लागि विशेष व्यवस्था हनुपर्ने । | |
| ८२ | केशव रावल | ०६६।१। ३० | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षणको लागि समितिको व्यवस्था हुनुपर्ने, प्रत्येक अञ्चलमा विश्वविद्यालयको स्थापना हुनुपर्ने, पत्रकारितालाई मर्यादित बनाउनुपर्ने, यातायातमा ३३ प्रतिशत छुटको व्यवस्था हुनुपर्ने, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यकहरुको विकासको लागि विशेष व्यवस्था हुनुपर्ने, शिक्षकहरुलाई पनि निजामती कर्मचारी सरह सुविधा हुनुपर्ने । | |
| ८३ | कृतिमान नेपाली<br>सितलपाटी ६<br>सिन्धुली | ०६६।१। ३० | दलितलाई छुवाछुत गर्ने तथा लैङ्गिक आधारमा भेदभाव गर्नेलाई जेल सजायको व्यवस्था गर्नुपर्ने । | |
| ८४ | केशव प्रसाद<br>तिमल्सेना<br>सितलपाटी ९<br>सिन्धुली | ०६६।१। ३० | दलितलाई छुवाछुत गर्ने तथा लैङ्गिक आधारमा भेदभाव गर्नेलाई जेल सजायको व्यवस्था गर्नुपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ८५ | गोपाल विसुन्के<br>सितलपाटी ८<br>सिन्धुली | ०६६।१। ३० | दलितलाई छुवाछुत गर्ने तथा लैङ्गिक आधारमा भेदभाव गर्नेलाई जेल सजायको व्यवस्था गर्नुपर्ने । | |
| ८६ | तेतरीदेवी साह<br>पिडारी २<br>जनकपुर | ०६६।१। ३० | विधवालाई भत्ताको व्यवस्था हुनुपर्ने, शिक्षा निशुल्क हुनुपर्ने । | |
| ८७ | शम्भु थापा<br>सितलापाटी<br>सिन्धुली | ०६६।१। ३० | दलित, महिला, गरीव किसान, जनजाति, बेरोजगारहरुलाई समेट्जे गरी संविधान बन्नुपर्ने । | |
| ८८ | शंकर उप्रेती<br>सितलापाटी<br>सिन्धुली | ०६६।१। ३० | संविधान बनेपछि विद्रोह नहुने गरी आमनेपालीलाई समेट्ने संविधान बन्नुपर्ने, उच्चशिक्षा मौलिक हक हुनुपर्ने । | |
| ८९ | मेघविक्रम<br>भट्टराई<br>सितलापाटी<br>सिन्धुली | ०६६।१। ३० | अपाङ्गको अधिकार सुनिश्चित हुनुपर्ने । | |
| ९० | गोरे बहदुर थापा<br>सितलापाटी<br>सिन्धुली | ०६६।१। ३० | हायुलगायत अन्य दलित तथा अपाङ्गलाई राज्यले अधिकार तथा संरक्षणको ग्योरेण्टी गर्नुपर्ने । | |
| ९१ | ज्ञान बहादुर थापा<br>सितलापाटी<br>सिन्धुली | ०६६।१। ३० | सबै गरीवलाई भत्ता हुनुपर्ने । | |
| ९२ | निर्मला श्रेष्ठ<br>पु. भ्ना. सिन्धुली | ०६६।१। ३० | महिलाहरुको हकहितलाई सुरक्षित गर्नुपर्ने, शतप्रतिशत आरक्षण गर्नुपर्ने । | |
| ९३ | सन्तराम कुश्वार<br>माझी<br>सर्लाही ९,<br>हजरिया | ०६६।१। ३० | भूमिमा स्वामित्व कायम गर्नुपर्ने, शिक्षा, रोजगारी र स्वास्थ्यको सुविधा सुनिश्चित हुनुपर्ने, परम्परागत ज्ञान शीप, भाषा संस्कृति, जातीय पहिचाको सुरक्षा हुनुपर्ने, आत्मनिर्णको अधिकार हुनुपर्ने । | |
| ९४ | मो. समिम अक्तर<br>पाब्दुल कालीक<br>तैयव मिकरानी<br>मो. मेरागुद्दीन<br>मन्गुर अहमद<br>मुर्तजा हसन<br>अलि आलम खाँ | ०६६।१। ३० | मुस्लीम कानून लागू गर्ने, राष्ट्रिय मुस्लीम आयोग गठन गर्ने, मदर्शा बोर्ड गठन गर्ने, स्थायी हज कमिटी गठन गर्ने, राज्यका सबै संयन्त्रमा मुस्लीम समुदायको प्रतिनिधित्व गराउने । | |

| | | | | |
|---|---|---|---|---|
| ९५ | चित्र बहादुर वि. क. हरिवन, सर्लाही | ०६६।१। ३० | जातीय विभेदलाई कानूनतः दण्डनीय बनाई जघन्य अपराधीलाई मुत्युदण्डको सजाय समेत कायम गर्नुपर्ने, छुवछछुतको ढाकछोप गर्ने जो कोहीलाई पनि सामाजिक अपराधी मानी सामाजिक बहिस्कार गर्नुपर्ने, छुवाछुतका विषयमा सुनुवाई गर्ने स्थानीयत तहमा न्यायिक अधिकार दिनुपर्ने । | |
| ९६ | धौलसिंह नायक मेलौली, बैतडी | ०६६।२। ५ | नायक, नेगी, विष्ट (भुल, क्षेत्री) देउका, देउकी समुदाय धार्मिक, सामाजिक, आर्थिक, शैक्षिक दृष्टिबाट उत्पीडित भएको हुंदा अल्पसंख्यक तथा सीमान्तकृत समुदायभित्र समावेश गरी सुविधा एवं अधिकार सम्पन्न गरिनु पर्दछ । | |
| ९७. | दोपती नायक मेलौली, बैतडी | ०६६।२। ५ | ५१ प्रतिशत जनसंख्याको आधारमा महिलालाई प्रत्येक क्षेत्रमा काम गर्ने मौका (आरक्षण) पाउनु पर्दछ । देवीप्रथाबाट पीडित महिला सामाजिक र धार्मिक क्षेत्रबाट मुक्त गरिनु पर्दछ । आरक्षण सहित पूर्नस्थापित गरिनु पर्दछ । | |
| ९८ | कुशादेवी रिम, बैतडी । | ०६६।२। ५ | देउकी प्रथाबाट पीडित समुदाय अल्पसंख्यक, सीमान्तकृत र बहिष्करणमा परेको हुंदा आगामी संविधानमा सम्मानित जीवन यापन हुने किसिमको व्यवस्था कायम गरियोस् । | |

# अनुसूची:- ६

## संविधानसभा

## अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति

## समितिमा प्राप्त संस्थागत राय, सुझावको सार संक्षेप:

| क्र. सं. | प्रेषकको नाम, ठेगाना | प्राप्त मिति | राय, सुझाव | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | परिभाषा सम्बन्धी | समुदाय पहिचानका आधार | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्था | राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु | अन्य |
| १. | नील हिरा समाज | २०६५।१०।२८ | अल्पसंख्यकमा तेश्रो लिंगिलाई पनि समावेश गरी परिभाषा गरिनुपर्ने । | यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय भन्नाले महिला समलिङ्गि, पुरुष समलिङ्गि, द्विलिङ्गि, तेश्रो लिङ्गि तथा अन्तर लिङ्गिलाई जनाउंछ । | १.प्रस्तावनामा लैङ्गिक तटस्थ शव्दको प्रयोग हुनु पर्ने र व्यक्ति भन्नाले तेश्रो लिङ्गि समेतलाई जनाउने कुरा उल्लेख गरिनुपर्ने,<br>२.तेश्रो लिङ्गिले लैङ्गिक पहिचान सहित तेश्रो लिङ्गिको नागरिकता प्राप्त गर्ने व्यवस्था गरिनुपर्ने,<br>३.समानताको हकमा यौनिक अभिमुखिकरण तथा लैङ्गिक पहिचानका आधारमा कुनैपनि किसिमको भेदभाव गर्न नपाईने र गरिएमा सजांय हुने व्यवस्था गरिनुपर्ने,<br>४.यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई रोजगारी र सामाजिक सुरक्षाको अधिकार हुनुपर्ने,<br>५.यौनिक तथा लैङ्गिक अल्पसंख्यक विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनैपनि किसिमको हिंसाजन्य कार्य गर्न नपाईने र गरिएमा सजांय हुने व्यवस्था गरिनुपर्ने,<br>६.यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाइ पैत्रिक सम्पत्तिमा समान हक हुने व्यवस्था गरिनु पर्ने,<br>७.यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाइ विवाहको अधिकार प्रदान गरिनुपर्ने,<br>८.यौनिक तथा लैङ्गिक अल्पसंख्यकले चाहेमा लिंग परिवर्तनको अधिकार हुनुपर्ने, | १.यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाइ समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम राज्यको संरचनामा पहिचान सहित सहभागि हुने अधिकार प्रदान गरिनुपर्ने,<br>२.राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरुमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको सम्बन्धमा राज्यले विशेष संरक्षणको व्यवस्था अपनाउने कुरा लेखिनुपर्ने,<br>३.आरक्षण व्यवस्थामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाइ पनि समावेश गरिनुपर्ने । | यौनिक तथा लैङ्गिक आयोग गठनको व्यवस्था संविधानमा गरिनुपर्ने । |
| २ | संविधानसभा सहयोग सन्जाल(कोकास) | ०६५।११।९ | | | १.अन्य समुदायका व्यक्ति सरहका अन्य हक, अधिकार,<br>२. सम्मानपूर्वक बांच्न पाउने हक,<br>३. लोपोन्मुख भाषा, धर्म, संस्कृतिको हक,<br>४.सीमान्तकृत वर्गको विशेष संरक्षण सम्बन्धी हक, | निर्वाचन पद्दती र जनउत्तरदायी सरकार,राज्यका विभिन्न अंग र संवैधानिक निकायहरु,मौलिक हक, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ५. सीमान्तकृत वर्गका लागि सकारात्मक विभेद गर्न सकिने संवैधानिक व्यवस्था हुनुपर्दछ,<br>६.अनाथ, अपांग, दृष्टिविहिन र ज्येष्ठ नागरिकहरुलाई विशेष व्यवस्था,<br>७.तेस्रो लिंगि र समलिंगिहरुका लागि विशेष व्यवस्था,<br>८.पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकार,<br>९.वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षाको अनिवार्य व्यवस्था,<br>१०. सीमान्तकृत वर्गका लागि प्राथमिक तहदेखि उच्च शिक्षासम्म निःशुल्क व्यवस्था,<br>११. सीमान्तकृत वर्गका लागि प्राविधिक उच्च शिक्षामा समानुपातिक कोटा,<br>१२.दलितका लागि विशेष आरक्षणको व्यवस्था,<br>१३. शिक्षा, स्वास्थ्य तथा मानवीय आधारभूत आवश्यकतामा सीमान्तकृत वर्गको सहज पहुंच,<br>१४. खानेपानी स्वास्थ्य, सन्चार,विद्युत, सिंचाई आदिको समानुपातिक वितरण,<br>१५. धर्म, जातीय, लैंगिक तथा सामाजिक विभेदको सार्वभूत अन्त्य,<br>१६. सामाजिक दुर्व्यवहारको सार्वभूत अन्त्य,<br>१७.छुवाछुतको कुरीति अन्धविश्वासको सार्वभूत अन्त्य,<br>१८.महिलाको प्रजनन स्वास्थ्य अधिकार,<br>१९.नागरिकतामा समानताको प्रत्याभूति,<br>२०.दलित, कमैया, हलिया र बादी समुदाय माथिको शोषणको सार्वभूत अन्त्य,<br>२१.सीमान्तकृत वर्गलाई विशेष व्यवस्था र सम्मानपूर्वक बांच्न पाउने वातावरण,<br>२२.धर्म, भाषा, भेषभूषा र जातीय संस्कृतिको संरक्षण तथा सम्बर्धनको प्रत्याभूति,<br>२३.सुकुम्बासी, मुक्त कमैया र हलिया समस्याको समाधान,<br>२४.गरीविको रेखामुनिको जनतालाई रोजगारी र आर्थिक संरक्षण,<br>२५. वैदेशिक रोजगारीमा सीमान्तकृत वर्गको लागि आरक्षणको व्यवस्था,<br>२६.सीमान्तकृत समुदायका लागि आय आर्जन | स्वतन्त्रता र राज्यको नीति र निर्देशक सिद्धान्त, राज्यको पुर्नसंरचना र संघीय शासन व्यवस्था एवं अन्यमा समावेश गर्नुपर्ने सुझावहरुको विवरण उल्लेख भएको । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सीपमुलक तालिम र रोजगारीको सुनिश्चितता,<br>२७. सबै धर्म र संस्कृतिको संरक्षण,<br>२८.आदिवासी जनजाति थारु समुदायको भाषा,संस्कृति र परम्पराको संरक्षण,<br>२९.रोजगारी, शिक्षा र स्वास्थ्यको सम्पूर्ण व्यवस्था गर्ने जिम्मेवारी सरकारमा रहने व्यवस्था,<br>३०.आमाको नामले जन्मदर्ता र नागरिकता पाउनुपर्ने व्यवस्था,<br>३१.दृष्टिविहिनलाई नेपाली नोट चिन्ने सहजकर्ताको लागि कम्तीमा ०.८ सी.एम. नघटाई हुनुपर्ने,<br>३२.दलितहरुलाई आसन, राशन र शासनको संवैधानिक व्यवस्था,<br>३३.स्थानीय नदी र स्रोत साधनहरुको दर्ता प्रकृया स्थानीयवासीको छलफल र सहमति विना गर्न नपाउने व्यवस्था,<br>३४.राष्ट्रिय झण्डा र जनावर फेर्नुपर्ने, कस्तुरी, गैंडा, हिम चितुवा आदिलाई राष्ट्रिय जनावर बनाउनु पर्ने आदि । | | |
| ३. | नेपाल गोंड समाज उत्थान समिति, के.का. विरगञ्ज | ०६५।१०।२५ | कच्चा अन्नलाई माटोको भांडो, बालुवा, सुकेको घांस र ४ वटा एक हात बराबरको छडी प्रयोग गरी भुजा मुरी लाई उत्पादन गर्ने जातिलाई गोंड जाति भनिन्छ । | परम्परागत रुढीवादी सोंच, व्यवसाय/पेशा परिवर्तन नहुंदा यसै व्यवसायमा आधारित आर्थिक, सामाजिक, राजनैतिक, रोजगारी अन्य शीप र शिक्षा आय आर्जन तथा अन्य उपलब्धि गर्न नसकेको जाति ।<br>अति पिछडिएको अल्पसंख्यक, अविकसित, अशिक्षित, वेरोजगार, गरीब, असहाय, उपेक्षित, उत्पीडित जाति । | १) सरकारी सेवाहरुमा आरक्षणको व्यवस्था हुनुपर्ने,<br>२) जातिहरुको वर्गिकरणमा अत्यन्त पिछडिएको वर्गमा उल्लेख हुनुपर्ने,<br>३) आय आर्जनका लागि अन्य शिक्षा र उच्च शिक्षाका लागि विशेष व्यवस्था मिलाईनुपर्ने,<br>४) अल्पसंख्यक जातिका लागि राज्यको प्रत्येक क्षेत्र वा निकायमा समावेशी हुनका लागि छुट्टै कोटा निर्धारण गरिनुपर्ने,<br>५) राज्यद्धारा विदेश पठाउने कामदारको सम्बन्धमा तथा शिक्षामा छुट्टै विशेष व्यवस्था मिलाईनुपर्ने,<br>६) आर्थिक दृष्टिकोणले विपन्न गोंड जातिको गरीबी निवारण गर्न तथा आत्मनिर्भर बनाउन सरकारले सम्बन्धीत निकायद्धारा सेवा सुविधा प्रदान गर्ने । | गोंड जातिको विकास, संरक्षण र राज्य व्यवस्थामा उनिहरुको समावेशीकरणका लागि गोंड जातिलाई सकारात्मक विभेद, आरक्षण एवं आत्म निर्भर गराउने कार्यक्रमहरु संविधानमा समावेश गरिनुपर्ने । | नयां संविधानमा अल्पसंख्यक जातिको नाम उल्लेख भएको वा नामाकरण गरिएको हुनुपर्ने । |
| ४. | माली जाति उत्थान मन्च, नेपाल | ०६५।११।११ | फूलसंग आवद्ध सम्पूर्ण कार्य गरिनुका साथै विवाह | फूल रोप्नु, फूलवारी सिंगार्नु, फूलका माला बुन्नु, फूलका | १.माली जातिलाई अल्पसंख्यक, पिछडिएको तथा उपेक्षित जातीय वर्गमा राखिनु पर्ने, | माली जातिलाई | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यका लागि चाहिने मौर मुकुट, पटवाईस, देवी देवताको मठ मन्दिरमा चढावाको चढाउने झांप, फूलगेडुवा आदि बनाउने कार्य आनुवांशिक रुपमा गरी जीवन यापन गर्ने जाति माली हुन् । | पसल गर्नु, यज्ञ, महायज्ञ, मठ मन्दिर वा तीर्थस्थलहरुमा फूल पुऱ्याउनु, पसल र घर घरमा फूल पुऱ्याई त्यस बापत पाईने अर्थबाट जीविकोपार्जन गर्ने जाति माली हो । यो जाति छरिएर रहेको र अत्यन्त पछाडि परेको जाति हो । | २.माली जातिको राज्य व्यवस्थामा समावेशीकरणलाई ध्यान दिनु पर्ने,<br>३.माली जातिका लागि छुट्टै राज्यको व्यवस्था हुनु पर्ने,<br>४.अल्पसंख्यक तथा पिछडिएको जातिहरुका लागि छुट्टै मन्त्रालय एवं कानूनको व्यवस्था गरिनु पर्ने,<br>५.माली जातिका लागि सकारात्मक विभेद र आरक्षणको व्यवस्था गरिनु पर्ने,<br>६.माली जातिको परम्परागत पेशालाई सुरक्षित गरी वैज्ञानिक बनाईनु पर्ने,<br>७.माली जातिलाई सहुलियत व्याज दरमा ऋणको व्यवस्था हुनु पर्ने,<br>८.शिक्षा क्षेत्रमा निःशुल्क एवं उच्च शिक्षाको व्यवस्था गरिनु पर्ने,<br>९.माली जातिलाई निःशुल्क स्वास्थ्य सुविधा उपलब्ध गराईनु पर्ने,<br>१०.शोषण, दमनबाट सुरक्षित एवं माली जातिका महिलाहरुका लागि स्वयं सेवीकाका रुपमा प्रोत्साहन एवं प्राथमिकता प्रदान गरिनु पर्ने । | राजनीतिक तथा सरकारी सेवामा सकारात्मक विभेद र आरक्षणको व्यवस्था गरिनुपर्ने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | नाथयोगि समाज | ०६५।११।१३ | देशको मूल प्रवाहबाट छुटेका, राजनीतिक, शैक्षिक, आर्थिक र प्रशासनिक क्षेत्रमा पछाडि परेका समुदाय । | देशको मूल प्रवाहबाट छुटेका, उत्पीडित, विपन्न,राजनीतिक, शैक्षिक, आर्थिक र प्रशासनिक क्षेत्रमा पछाडि परेका । | २.यस सम्प्रदायको संस्कृतिको संरक्षण एवं उत्थानका लागि नाथयोगिहरुकै नेतृत्वमा आर्थिक प्याकेज घोषणा गरियोस् ।<br>३. संविधानसभामा यस सम्प्रदायको हकहितका लागि पर्याप्त एवं सार्थक बहस चलाईयोस ।<br>४. राज्य संयन्त्रका विभिन्न क्षेत्रमा यो सम्प्रदायको प्रतिनिधित्वलाई कुनै न कुनै अर्थमा सुनिश्चित गरियोस ।<br>५.विभिन्न राष्ट्रिय आंकडाहरुमा अद्यावधी विशेष संस्कृतिका धनी नाथयोगिहरुलाई अन्य वर्ग अन्तर्गत राखिएकोमा अब उप्रान्त नाथयोगि सम्प्रदायलाई अलग्गै पहिचान हुने गरी नाथयोगिकै रुपमा सूचिकृत गरियोस । | राज्य संयन्त्रका विभिन्न क्षेत्रमा यो सम्प्रदायको प्रतिनिधित्वलाई सुनिश्चित गरिनु पर्ने । | नाथयोगिहरु को आफ्नो अलग्गै सांस्कृतिक पहिचान भएकाले यो सम्प्रदाय हिन्दु सांस्कृतिक समुदायमा आवद्ध नगरी सांस्कृतिक रुपमा छुट्टै अल्पसंख्यक समुदायका रुपमा पहिचान गरिनु पर्ने । |
| ६. | नागरिक समाज | ०६५।११।१५ | जतीय, लैंगिक, यौनिक, अपांगता भएका व्यक्ति, भाषिक, भौगोलिक, उमेर (बालक, वृद्ध), धार्मिक आदिको आधारमा गरिने विभेदको कारणबाट आर्थिक, सामाजिक, राजनीतिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएको वर्ग वा जनसंख्याको आधारमा न्यून रहेको वा राष्ट्रको मूल प्रवाहीकरणमा समाहित हुन नसकेको वर्ग वा समुदायलाई अल्पसंख्यक तथा सीमान्तकृत समुदाय भन्नु पर्दछ । | १. राउटे, चेपाङ, धिमाल, तेश्रो लिंगि, तत्मा, मुसहर लगायतका अल्पसंख्यक समुदाय हुन् ।<br>२.मधेशी, तराईवासी, मुश्लिम, आदिवासी जनजाति, अपांग, महिला, दलित, थारु, भौगोलिक रुपमा पछाडि पारिएका सीमान्तकृत समुदाय हुन् । | १.राज्यका हरेक संरचना वा निकायमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सर्वाङ्गिण विकासका लागि समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनु पर्ने,<br>२.राजनीतिक दलहरुको हरेक तहको सांगठानिक संरचनामा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको लागि समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनु पर्ने,<br>३.समाजमा विद्यमान विभिन्न खालका विभेदहरुको अन्त्य गर्दै समानताको प्रत्याभूति हुनु पर्ने,<br>४. अल्पसंख्यक तथा सीमान्तकृत समुदायभित्रको पनि पिछडिएको समुदायलाई प्राथमिकताको आधारमा विशेष व्यवस्था निर्धारण गर्नु पर्ने,<br>५. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको भाषा तथा संस्कृतिको संरक्षण तथा सम्बर्धन हुनु पर्ने,<br>६.मातृत्व भाषामा शिक्षाको अधिकार, | १.अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई सकारात्मक विभेदको आधारमा राज्यका हरेक निकायमा (सरकारी तथा निजि क्षेत्र) आरक्षणको व्यवस्था लागु गर्नु पर्ने,<br>२.राजनीतिक दलहरुको हरेक तहको सांगठानिक संरचनामा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको लागि समानुपातिक आरक्षणको व्यवस्थाको सुनिश्चितता गरिनु पर्ने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ७. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पेशालाई आधुनिकिकरण गरी पेशााको संरक्षण र सम्बर्धन गर्ने,<br>८.लोपोन्मुख जात, जातिहरुको अधिकार सुनिश्चित गर्नु पर्ने,<br>९. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको प्राकृतिक श्रोत र साधनहरुमा पनि अधिकारको सुनिश्चितता गरिनु पर्ने,<br>१०.महिला, अपांगता भएका व्यक्ति, वृद्ध, वृद्धा, एकल महिलाहरुलाई विशेष सीमान्तकृत समूहका रुपमा परिभाषित गरी उनिहरुको विशेष अधिकारको सुनिश्चितता गरिनु पर्ने,<br>११.प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्म नि:शुल्क शिक्षाको साथै अपांगता अनुकुलको शिक्षा प्रणाली लागु गर्नु पर्ने,<br>१२.आधारभूत नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था हुनु पर्ने,<br>१३.मानवीय जीवनमा आवश्यक आधारभूत गास, बास र कपासको ग्यारेण्टी हुनु पर्ने, र<br>१४.अल्पसंख्यक तथा सीमान्तकृत समुदायका महिलालाई प्रजनन् सम्बन्धी विशेष अधिकार हुनु पर्दछ । | | |
| ७. | जनगन्तव्य नागरिक समाज, काठमाण्डौ । | ०६५।११।१५ | देशमा बसोबास गर्ने थोरै जनसंख्या भएको जातिलाई अल्पसंख्यक भनिएतापनि कतिको संख्यालाई थोरै जनसंख्या भन्ने त्यस्को कुनै आधार छैन, तापनि बढीमा वीस, तीस हजार जनसंख्या भएको जातिलाई अल्पसंख्यक मान्ने हो भने नेपालमा यस्तो जनसंख्या भएका समूहहरु २४,२५ भन्दा बढी देखिन्छन् । | वादी, राउटे, चेपाङ्ग, लोपा, बारगाउंले, लार्के, सियार, ओलांग चुंरा, थुदाम, टोक्पे, लोमी, धांगर, धिमाल, सतार, दराई, माझी, गिरेल, दलित आदि जात जातिका जनताहरु यस समुदायभित्र पर्दछन् । | उपरोक्त समुदायका व्यक्तिहरुलाई राज्यको मूल धारमा ल्याउनका लागि शैक्षिक, आर्थिक तथा सामाजिक स्तरमै पन्चवर्षिय अथवा दश वर्षिय कार्यक्रमको पोको केन्द्र सरकारले व्यवस्था गरी अनिवार्य लागु गर्नु पर्ने बाध्यता संविधानमै प्रत्याभूत गरिनु पर्दछ । | यी समुदायहरुलाई छुट्टै आरक्षणको व्यवस्था अनिवार्य रुपले गर्नु पर्दछ र केन्द्र तथा संघीय इकाइहरुको हरेक अंगमा यिनीहरुलाई समावेश गर्नु पर्ने देखिन्छ । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | राष्ट्रिय आदिवासी, जनजाति महिला महासंघ, काठमाण्डौ, नेपाल । | ०६५।११। १५ | आदिवासी जनजाति महिलाहरुको आफ्नै विशिष्टताका कारण उनिहरु अल्पसंख्यकको परिभाषाभित्र पर्दैनन् । तसर्थ: आदिवासी महिलाका रुपमा संविधानमा पहिचान तथा मान्यता दिनु पर्ने । | आदिवासी महिलाका आफ्नै विशिष्ट भाषा, संस्कृति, कानून, जातीय संस्था, सामाजिक संरचना, पहिचान भएका, सम्बन्धीत भूभागका पहिलो बासिन्दा वा त्यस भूभागमा अनन्तकालदेखि बसोबास वा राज्य बन्न अगाडिका प्रथम बासिन्दाका सन्तान, हिन्दु वर्णश्राम धर्म बाहिरका प्रकृति पूजक जाति भएकाले अन्य भन्दा फरक रहेका र अल्पसंख्यकमा नपर्ने । | १.आदिवासी जनजातिको मातृभाषालाई संरक्षण र सम्बर्धन गरी तिनका बालबालिकाहरुलाई आफ्नो मातृभाषामा अनिवार्य रुपमा शिक्षा प्राप्त गर्ने हक सुनिश्चित हुनु पर्ने ।<br>२. आदिवासी महिला तथा सीमान्तकृत महिलाका लागि विशेष शैक्षिक अधिकारको व्यवस्था हुनु पर्ने ।<br>३.आदिवासी महिलाका लागि विशेष अधिकारका व्यवस्था राख्नु पर्ने,<br>४.आदिवासी जनजाति महिलाहरु द्वन्द्वबाट प्रभावित भएकाहरु र आफ्नो भूमिबाट विस्थापित भएकाहरुको जीविकोपार्जनका लागि विशेष व्यवस्था गर्नु पर्ने,<br>५. आदिवासी जनजाति महिलाहरुको हक, अधिकारको व्यवस्था संघीय तथा राज्यको संविधानमा अलग, अलग प्रावधान राखिनु पर्ने,<br>६. आइ.एल.ओ. महासन्धी नं. १६९ लगायत मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले व्यवस्था गरेका अधिकारहरुका आधारमा संविधान लेखिनु पर्ने,<br>७. आदिवासी महिलाहरुका प्रावधानहरु संविधानमा राखिंदा उनिहरुको सहमति लिएर मात्र राख्ने व्यवस्था हुनु पर्ने । | | |
| ९. | अतिसीमान्तकृत आदिवासी जनजाति राष्ट्रिय संजाल, नेपाल, काठमाण्डौ । | ०६५।११। १५ | शिक्षा, स्वास्थ्यमा पछाडि परेका, दुर्गम स्थानमा बसोबास भएका, रोजगारी नभएका, पहुंच नभएका ( सबै तहमा), आर्थिक स्थिति नाजुक भएका, कम जनसंख्या भएका, पहिचान तथा अस्तित्व समेत जोखिममा परेका वर्गलाई अल्पसंख्यक तथा सीमान्तकृत समुदाय भनेर भनिन्छ । | शिक्षा, स्वास्थ्यमा पछाडि परेका, दुर्गम स्थानमा बसोबास भएका, रोजगारी नभएका, पहुंच नभएका ( सबै तहमा), आर्थिक स्थिति नाजुक भएका, कम जनसंख्या भएका, पहिचान तथा अस्तित्व समेत जोखिममा परेका आधारमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पहिचान गरिनु पर्दछ । | १.आदिवासी जनजातिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन १६९, सं.रा.सं.घोषणापत्र २००७ लगायतका अधिकारलाई मौलिक हकमा समावेश गरिनु पर्ने ,<br>२.नि:शुल्क शिक्षा, नि:शुल्क स्वास्थ्य र रोजगारलाई अतिसीमान्तकृत, अल्पसंख्यक तथा लोपोन्मुख आदिवासी जनजातिहरुको आधारभूत अधिकारका रुपमा मौलिक हकमा समावेश गरिनु पर्ने,<br>३. अतिसीमान्तकृत, अल्पसंख्यक तथा लोपोन्मुख आदिवासी जनजातिहरुको आत्मनिर्णयको अधिकार, पहुंचको अधिकार,भूमिको अधिकार, प्राकृतिक श्रोत, जल, जमिन र जंगलको अधिकार, परम्परागत ज्ञान, सीप र पेशाको अधिकार, पेटेन्ट राईटको अधिकार; धर्म र संस्कृतिको अधिकार, | १.संघीय राज्य र जातीय स्वायत्त राज्यमा योग्यता वा अनुभव आवश्यक पर्ने दायित्व लगायतका विषयहरुमा आवश्यकता अनुसार विशेष अधिकार, विशेष व्यवस्था, सकारात्मक विभेद, आरक्षण वा कोटा व्यवस्थाको सुनिश्चितता गरिनु पर्दछ ।<br>२. राज्यको सबै तहमा अग्राधिकारको सुनिश्चितता प्रदान गरिनु पर्ने, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पहिचानको अधिकार प्रदान गरिनु पर्ने । | ३. यस समुदायको निम्ती उठने सम्पूर्ण सवाल र मुद्दाहरुमा यसै समुदायको नेतृत्व हुनु पर्ने संवैधानिक व्यवस्थाको सुनिश्चितता हुनु पर्दछ । | |
| १०. | एकिकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, हुम्ला । | ०६५।११।१५ | पिछडिएको क्षेत्र तथा सीमान्तकृत क्षेत्रका रुपमा सम्पूर्ण कर्णाली अन्चलको क्षेत्र भौगोलिक रुपमा पिछडिएको एवं सीमान्तकृत क्षेत्र भनि इङ्गित हुनु पर्ने । सीमान्तकृत पिछडिएको क्षेत्र भन्नाले भौगोलिक रुपमा विकट, विकासका रुपमा पछि परेका, राज्य तथा अन्य निकायबाट प्राप्त आधारभूत सेवा र सुविधाको पहुंचभन्दा टाढा रहेका क्षेत्र वा समुदायलाई जनाउंछ । | मानव विकास सूचकांक, भौतिक पूर्वाधार, आधारभूत आवश्यकताको परिपूर्ति आदि जस्ता आधारमा पिछडिएको वा सीमान्तकृत क्षेत्रको पहिचान गर्न सकिन्छ । यसका लागि एउटा आयोग वा विशेष समिति बनाएर अध्ययन गरिनु पर्ने । | १. भौगोलिक रुपमा पिछडिएको क्षेत्रका न्यूनतम् आधारभूत आवश्यकता पूरा गर्न एवं संरक्षण गर्न प्रान्तिय तथा केन्द्रिय सरकारले कानूनी तहदेखि कार्यान्वयन तहसम्म बाध्यात्मक परिस्थिति श्रृजना गर्ने कानून र नीति निर्माण गर्नु पर्दछ ,<br>२. पिछडिएको क्षेत्रको अधिकारको संरक्षण तथा समावेशीकरणका लागि सरकारले त्यस्ता क्षेत्रलाई विशेष आरक्षणको व्यवस्था समेत गर्नु पर्दछ । त्यस्ता क्षेत्रमा आर्थिक रुपमा पनि केन्द्रिकृत राज्य व्यवस्थाको २४० वर्षको क्षेतिपूर्ति सहित विशेष व्यवस्था गर्नु पर्दछ । | १. क्षेत्रगत आधारमा राज्यका हरेक निकायमा समावेशी प्रतिनिधित्व गराउने कम्तिमा १५ प्रतिशत अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था गरिनु पर्ने,<br>२. यसबाट समेत नसमेटिएका क्षेत्र वा समुदायलाई पहिचान गरी त्यस्ता क्षेत्रलाइं विशेषाधिकार सहित आरक्षणको रुपमा प्रतिनिधित्व गराउनु पर्दछ । | |
| ११. | महिला, कानून र विकास मन्च, काठमाण्डौ । | ०६५।११।१५ | सीमान्तकृत मूलप्रवाहको दर्शनसंग सम्बन्धीत नभएको भन्ने आधारमा सांस्कृतिक, सामाजिक, राजनीतिक तथा आर्थिक प्रणालीबाट किनाराकृत गरिएका वा सापेक्षित रुपमा पृथक रहेको अस्थायी अवस्था हो । | सीमान्तकृत सामाजिक, आर्थिक र राजनैतिक आधारमा मापन गरिन्छ, जहां कुनै जाति वा जातीय समूहको तुलनामा अर्को जातीय वा जाति समूह आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक आधारमा राज्यको मुल प्रवाहबाट सीमान्तकृत हुंदै गइरहेको हुन्छ । | सीमान्तकृत समुदायका व्यक्तिहरुलाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा २७, सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने महासन्धी, १९६५, आइ.एल.ओ.महासन्धी १६९ एवं अपांगता व्यक्तिको संरक्षण सम्बन्धी महासन्धीमा व्यवस्था गरिएका अधिकारहरु प्रदान गरिनु पर्दछ । | अल्पसंख्यक समुदायलाई राज्यको मुल प्रवाहमा समावेश गर्ने सम्बन्धी दुईवटा उपागमहरु छन्:<br>१.Consociationalism approach - यसका अनुसार अल्पसंख्यक समुदायको सार्वजनिक निकायमा छुट्टै प्रतिनिधित्व वा सहभागिता गराउने विशेष संवैधानिक व्यवस्था हुनु पर्दछ । अल्पसंख्यक जात जातिको लागि सम्भव भएसम्म संघीयताको विभाजनको | १. प्रस्तावनामा नेपालका सबै सीमान्तकृत वर्ग वा समुदायको भावनालाइ समेटिनु पर्दछ ,<br>२.नेपालको सार्वभौम सत्ता र राजकियसत्ता नेपाली जनतामा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आधारमा अथवा उनिहरुको सामुदायिक सांगठानिक स्वरुप वा सांस्कृतिक स्वायत्तताको आधारमा समानुपातिक र अविछिन्न रुपमा प्रतिनिधित्व गराउने व्यवस्था हुनु पर्दछ ।<br>२.Integrationist approach - यसका अनुसार अल्पसंख्यकहरुको सांस्कृतिक तथा अन्य पहिचानलाई समग्रताबाट भिन्न राखिनु पर्दछ र यस्तो राजनीतिक पद्दतीको व्यवस्था गरिनु पर्दछ कि जसमा सबै नागरिकहरु समान रुपमा सहभागि हुन सकुन् । संवैधानिक वा राजनीतिक सुविधा प्रदान गर्नका लागि संयुक्त जनजातीय राजनीतिक दल वा बहुजातीय राजनीतिक दलहरुको माध्यमबाट अल्पसंख्यकहरुको नीति निर्माण तहमा प्रतिनिधित्व गराउने गरी निर्वाचन ऐनमा व्यवस्था गर्ने जसले गर्दा अन्तर जातीय सहयोगलाई प्रोत्साहन मिल्दछ ।<br>यी दुवै सिद्धान्त वा पद्दती अल्पसंख्यक समुदायको अधिकार सुनिश्चित गर्ने र शासन प्रणालीमा उनिहरुको सहभागिता सुनिश्चित गर्ने सम्बन्धमा | निहित हुने र शासन प्रणाली संचालनमा आत्म निर्णयको अधिकारको सुनिश्चितता प्रदान गरिनु पर्दछ,<br>३. एकभन्दा बढी भाषालाई राष्ट्रिय भाषाको मान्यता दिइनु पर्दछ र बहिरा तथा सुस्त श्रवण समुदायले प्रयोग गर्ने सांकेतिक भाषालाई समेत मान्यता दिनु पर्दछ ,<br>४नागरिकता लिने प्रावधानमा महिला र पुरुषका हकमा समानता र तेश्रो लिंगि नागरिकता को पनि व्यवस्था |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अत्यन्त विचारणिय र महत्वपूर्ण छन् । | गरिनु पर्दछ । |
| १२. | Ncard र सामाजिक समावेशीकरण अनुसन्धान कोष, काठमाण्डौ । | ०६५।११।१५ | **दलितको हक सम्बन्धी सुझाव:**<br>राज्यबाट गरिएको भेदभावलाई अपराध मानेर परिभाषा गरिनु पर्ने । साथै प्रान्तिय र केन्द्रिय राज्यमा एउटै परिभाषा हुनु पर्ने ।<br>**आदिवासी जनजातिको हक सम्बन्धी सुझाव:**<br>१.आदिवासी र जनजाति शब्दहरु एकै ठाउंमा राख्नु पर्ने,<br>२.दलित तथा पिछडिएको वर्ग पछाडि आदिवासी जनजाति भन्ने शब्द थप्ने र आरक्षणको साथै संरक्षण भन्ने शब्द थप्ने ,<br>३.International minority right को कुराहरु संविधानमा समावेश गर्नु पर्ने,<br>४.संरक्षणको पहिचान गर्न सकिन्छ तर अन्तर्राष्ट्रिय मापदण्डलाई सम्मान गर्नुपर्छ,<br>मानव सूचकांकमा कमजोर देखिएका समुदाय भन्ने बुझाउंछ,<br>५.वृद्धवृद्धा जेष्ठ नागरिकको हक, हित अधिकार उल्लेख गर्नु पर्ने,<br>६.तेश्रो लिंगि फरक क्षमता भएका समूह धर्मको आधारमा पनि थप गरिनु पर्ने,<br>७.आरक्षणको माग होईन संरक्षणको व्यवस्था हुनु पर्ने,<br>८.प्राकृतिक श्रोत माथि आइ.एल.ओ.१६९ बमोजिम अधिकार स्थापित हुनु पर्ने ।<br>**मधेशीको हक सम्बन्धी सुझाव:**<br>अल्पसंख्यक र सीमान्तकृत वर्गको लागि शिक्षा, विद्यालय, राष्ट्रिय र स्थानीय सरकार र सबै प्रकारका रोजगारीमा कम्तिमा जनसंख्याको आधारमा समानुपातिक अधिकार दिनु पर्दछ ।<br>**मुस्लिमको हक सम्बन्धी सुझाव:**<br>१.आर्थिक, सामाजिक तथा शैक्षिक रुपमा पिछडिएका मुस्लिम समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका हरेक संरचनामा जातीय पहिचान सहित सहभागि बनाउने,<br>२. मुस्लिम समुदायको हक, अधिकारको सुनिश्चितताका लागि आवश्यक विशेष संयन्त्र बनाई लागु गरिनु पर्ने,<br>३. मुस्लिम समुदायलाई संघीय वा प्रान्तिय परिप्रेक्ष्यमा एकै प्रकारले परिभाषित गरिनु पर्ने ,<br>४.शासनमा प्रभावकारी र सार्थक सहभागिताका लागि विशेष व्यवस्था वा आरक्षणको व्यवस्था गरिनु पर्ने,<br>५.पूर्ण विकेन्द्रिकरणको सिद्धान्त अनुसार अधिकार बांडफांड गरी स्थानीय तहमा सबैजना सहभागि हुने व्यवस्था गरिनु पर्ने,<br>६.समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्ने ।<br>**सीमान्तकृत क्षेत्रको हक सम्बन्धी सुझाव:**<br>१.अबको संविधानको प्रस्तावनामा महिला, दलित, जनजाति, मधेशी, अल्पसंख्यक सरह सीमान्तकृत क्षेत्रलाई पनि बन्चितिकरणमा परेको समूहमा राखिनु पर्ने,<br>२.भौगोलिक उपमा विकट, शिक्षा, स्वास्थ्य, यातायात, खाद्य पर्याप्तताको पहुंचबाट तुलनात्मक रुपमा टाढा रहेको, मानव विकास सूचकांकमा पछि परेको क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण समुदाय सीमान्तकृत क्षेत्रका रुपमा परिभाषित हुनु पर्ने,<br>३. मौलिक अधिकारको सुनिश्चितताले मात्र सीमान्तकृत क्षेत्रको पहुंच नहुने हुंदा यस क्षेत्रको लागि संविधानमा नै विशेष अधिकारको व्यवस्था गरिनु पर्दछ ,<br>४.सीमान्तकृत क्षेत्रका नागरिकका लागि मौलिक अधिकार लगायत सम्पूर्ण सेवा र सुविधा प्राप्त गर्ने सुनिश्चितता राज्यद्धारा स्थानीय स्तरमा नै प्रदान गर्नु | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पर्दछ,<br>५.सीमान्तकृत क्षेत्रमा विद्यमान प्राकृतिक श्रोत र साधनको प्रयोग गर्दा स्थानीय बासिन्दा सर्वप्रथम दिगो रुपमा लाभान्वित हुनु पर्ने,<br>६.राज्य कोषको बांडफांडमा सीमान्तकृत क्षेत्रको सर्वोपरि विकासका लागि विशेषाधिकार सहित पहिलो प्राथमिकता दिनु पर्ने ।<br>**अन्य अबहिष्कृत समुदायको हक सम्बन्धी सुझाव:**<br>१.राज्यका सम्पूर्ण अंगहरुमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार सुनिश्चित गर्न न्यायोचित प्रतिनिधित्वको ग्यारेन्टि हुनु पर्ने,<br>२.सकारात्मक विभेदका कार्यक्रम सशक्तिकरण गर्नु पर्ने ।<br>**तेश्रो लिंगिको हक सम्बन्धी सुझाव:**<br>अल्पसंख्यक समुदायमा पनि अति पिछडिएका समुदायहरुलाई प्रत्यक्ष सम्बोधन गर्नु पर्ने । | | | | |
| १३. | दलित सेवा संघ, काठमाण्डौ । | ०६५।११। १५ | संविधानमा कुन कुन समुदाय र वर्ग अल्पसंख्यक तथा सीमान्तकृत हुन् भन्ने कुरा प्रष्ट रुपमा उल्लेख हुनु पर्दछ, | दलित समुदायको हकमा जातीय भेदभाव तथा छुवाछुत उत्पीडन, पहुंच नियन्त्रण, बन्चितिकरण, बहिष्करण र प्रतिनिधित्वको आधारमा परिभाषित गर्नु पर्दछ । अल्पसंख्यक तथा सीमान्तकृत समुदायको पहिचानको लागि राज्यले वैज्ञानिक अनुसन्धान र अध्ययन गर्नु पर्दछ र साथै जनगणना मार्फत त्यस्ता समुदायको सही पहिचान गरी संविधानमा नै सूचिकृत गर्नु पर्दछ । | जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्दछ । महिला, बालबालिका, युवा, मजदुर, किसान, मधेशी, आदिवासी तथा जनजाति, दलित, पिछडिएको क्षेत्र, अपांग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायका विशेष संरक्षण र सशक्तिकरण वा विकासको पूर्ण प्रत्याभूतिको अधिकार स्थापित गर्नु पर्दछ । | राज्यले दलित समुदायको तह र तप्काका जनताको हक, अधिकार सुनिश्चित गर्न केन्द्र देखि स्थानीय तहसम्म विभिन्न संयन्त्रहरु स्थापना गर्नु पर्दछ । | |
| १४. | राष्ट्रिय अपांग महासंघ, नेपाल, काठमाण्डौ । | ०६५।११। १५ | संविधानको मौलिक हकमा छुट्टै उपधाराले अपांगता भएका व्यक्तिहरुको विशेषाधिकारलाई सम्बोधन गर्नु पर्ने ,<br>अल्पसंख्यक तथा सीमान्तकृत हक हित अन्तर्गत राज्यका सम्पूर्ण निकायहरु र राजनैतिक दलहरुमा अपांगता भएका व्यक्तिहरुको समुचित प्रतिनिधित्व सुनिश्चित गरिने छ भनि उललेख गरिनु पर्ने । | | | | |
| १५. | राष्ट्रिय मुस्लिम मन्च,नेपालगन्ज, बांके । | ०६५।११। १५ | अल्पसंख्यक भन्नाले जनसंख्याको दृष्टिकोणले सीमित जनसंख्या रहेको इस्लाम धर्मावलम्वी मुस्लिम धार्मिक समुदाय, सिख, इसाई, बौद्ध समेतलाई बुझाउंदछ । | पछाडि पारिएको, एक्लिएको वा बहिष्करणमा पारिएको वर्ग वा समुदायमा मुस्लिम धर्मावलम्वीलाई पनि समावेश गरिनु पर्ने र संविधानको अनुसूचिमा लेखिनु पर्दछ । | १.संविधानमा व्यवस्था गर्दा मौलिक हकको धारामा समानताको हकभित्र महिला, दलित, आदिवासी जनजाति, मधेशी, किसान, मजदुर, आर्थिक, सामाजिक, सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग, बालक, बृद्ध तथा अपांग शारिरीक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण सशक्तिकरण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न सकिने भन्ने स्थानमा इस्लाम धर्मावलम्वी मुस्लिम धार्मिक समुदाय | १.मुस्लिम समुदायको बहत्तर विकासका लागि मुस्लिम आयोगको संवैधानिक व्यवस्था गर्नु पर्दछ ।<br>२.मदरशा शिक्षालाई मुलधारमा समावेश गरिनु पर्ने, मुस्लिम विद्यार्थिहरुलाई आरक्षण र छात्रवृत्तिको व्यवस्था गरिनु पर्ने ।<br>३. मक्कामा हज गर्न जाने तिर्थयात्रीका लागि व्यवस्था गर्ने सम्बन्धी हज कमिटि ऐन निर्माण गर्ने कुरा संविधानमा उल्लेख गर्ने | १.अल्पसंख्यक समुदायको यथार्थ जनसंख्या पत्ता लगाउन र विकासको मुलधारमा समावेश गर्न संविधान लागु भएको एक वर्षभित्र जन गणना गर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | भन्ने शब्द राखी मुस्लिम समुदायको लागि छुट्टै कानून बनाई विशेष व्यवस्था गर्न सकिने व्यवस्था हुनु पर्दछ । साथै प्रान्तिय एकाईहरु गठन गर्दा अल्पसंख्यकको रुपमा रहेका धार्मिक समुदायहरुलाई प्रान्तिय एकाईहरुले समेत विशेष संरक्षण दिन सकिने कानून बनाउन मिल्ने कुरा संविधानमा लेखिनु पर्दछ ।<br>२.सामाजिक न्यायको हकमा मुस्लिम वर्ग समेतलाई समावेश गरिनु पर्ने ।<br>३.राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत अल्पसंख्यक इस्लाम धर्मावलम्वी मुस्लिम धार्मिक समुदायको जनसंख्या बढी भएको क्षेत्रमा उपराज्य वा एकाई, प्रोविन्स, जिल्लाको नाम, गा.वि.स.को नाम, न.पा.को नाम कुनै ठाउं विशेषको नाम नामाकरण गर्दा सो ठाउंमा बसी ऐतिहासिक वा राज्यको लागि विशेष योगदान पुऱ्याएका मुस्लिम व्यक्तित्वहरुको नामबाट वा मुस्लिम एकाइ वा मुस्लिम राज्य वा प्रान्त भन्ने नामबाट सम्बोधन गरिनु पर्ने । | ।<br>४. मुस्लिम विद्यार्थिका लागि छुट्टै मुस्लिम विश्व विद्यालय र कन्या स्कुल र क्याम्पसको व्यवस्था हुनु पर्ने ।<br>५. मुस्लिम समुदायको जनसंख्याको आधारमा राज्यका हरेक निकायमा विशेषाधिकार सहितको आरक्षणको व्यवस्था हुनु पर्ने । | व्यवस्था हुनु पर्ने ।<br>२. प्रस्तावनामा पनि विभिन्न जात, जाति र समुदायको आन्दोलनबाट प्राप्त उपलब्धी बमोजिम संविधान जारी भएको कुरा उल्लेख हुनु पर्ने ।<br>३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको मामिला हेर्ने छुट्टै मन्त्रालयको व्यवस्था गर्नु पर्ने । |
| १६. | किरांत राई यायोक्खा, केन्द्रिय कार्य समिति, काठमाण्डौ । | ०६५।११।१५ | नेपाल अल्पसंख्यकहरुको देश हो । सबै जाति अल्पसंख्यक हुन । आदिवासी जनजातिलाई लक्षित गरी अल्पसंख्यक भनिएको हो भने यो अपूर्ण छ । आदिवासीहरु अल्पसंख्यक मात्र हाइनन्, उनिहरु राष्ट्रियता हुन् । आदिवासीको सम्बन्ध भूमिसंग छ । त्यसकारण राष्ट्रियता अन्तर्गत उनिहरुको पहिचान र परिभाषा गरिनु पर्दछ । | सीमान्तकृत भन्ने कुरा पनि पूर्ण छैन । सीमान्तकृतहरुको समस्या आरक्षण जस्ता कुराले सम्बोधन हुन्छ तर आदिवासी जनजातिहरु उत्पीडित जाति हुन् । त्यसका लागि राज्यशक्तिमै स्वामित्व आवश्यक हुन्छ । त्यसका लागि जातीय स्वायत्तता चाहिन्छ । अल्पसंख्यक तथा सीमान्तकृत भन्ने पदावली आदिवासी जनजातिहरुका लागि अपव्याख्या हो यसलाई सच्याउनु पर्दछ । आदिवासी | १. पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जात, जाति लगायत वर्ग र समुदायको पहिचान स्थापित गर्ने,<br>२.अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण गर्ने,<br>३.राज्य व्यवस्थामा समावेशीकरण गर्न एक मात्र उपाय जातीय स्वायत्तता र आत्म निर्णयको अधिकारको ग्यारेन्टि हो ।<br>४.आरक्षण जस्ता उपायले समावेशीकरण सम्भव छैन किनभने यहांका आदिवासी तथा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको समस्या आरक्षण होइन, राज्य व्यवस्थामा सम्मानजनक र स्वामित्व सहित सहभागिता हो । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जनजातिहरुका लागि छुट्टै समिति निर्माण हुनु पर्दछ । | | |
| १७. | वैदिक प्रतिष्ठान, काठमाण्डौ । | ०६५।११। १५ | ऐतिहासिक महत्व बोकेको नेपाली राजोपाध्यायहरु यही हिमालयका गुफा कन्दरामा पहिलो ब्राम्हण भएर सिर्जि मानव जाति हुन् । यर्जुवेद भन्दछ धिमा विप्रोऽजायत । बुद्धिद्वारा ब्राम्हण पैदा भयो ।ऋग्वेदले यसको श्रेय हिमालयलाई दिएको छ ।यस्येमे हिमवन्तो महित्वा । जुन सिर्जनाको लागि हिमालहरुको महत्ता रहेको छ । तर यो समुदाय अल्पसंख्यामा छन्, सीमान्तकृत छन् । यिनीहरुको संरक्षण संविधानले नै गर्नु पर्दछ । | | | |
| १८. | वैदिक सनातन हिन्दु धर्म सेवा समिति, केन्द्रिय कार्यालय, चितवन । | ०६५।११। १५ | १. आफ्नो परम्परा देखि चलि आएको धर्म संस्कृतिलाई यथावत कायम राखि स्वतन्त्र रुपले मान्न र मनाउन पाउने मानव स्वतन्त्रताको मौलिक हक कायम गर,<br>२.गाईलाई यथावत राष्ट्रिय जनावरमा कायम गर,<br>३.विश्वभरी एक मात्र हिन्दु राष्ट्रका नामले परिचय प्राप्त गरिसकेको हिन्दु राष्ट्र नेपाल कायम गर,<br>४.प्राचिन कालदेखि चलिआएको आ-आफ्नो धर्म, संस्कृति परम्पराको पालना गर्दा कसैले कसैलाई उपेक्षा र अपमान गर्न नपाउने गरी संविधानमा उल्लेख गर,<br>५. धर्म निरपेक्ष शब्दको सट्टामा शान्ति क्षेत्र नेपाल उल्लेख गर,<br>६.राज्यले दिँदै आएको धर्म संस्कृतिको रुपमा संचालित मठ-मन्दिरको संरक्षण तथा सम्बर्धन गर,<br>७. कसैले कसैलाई धर्म परिवर्तन गर्न नपाउने गरी संविधानमा उल्लेख गर । | | | |
| १९. | ताजपुरिया समाज कल्याण परिषद, केन्द्रिय कार्यालय, झापा । | ०६५।११। १८ | जनसंख्या धेरै वा थोरै जुनसुकै भएपनि राज्यका मुलधारबाट अलग रहेका राज्यसत्ताको प्रशासनिक सेवा लगायतका क्षेत्रमा उपस्थिति नभएको वा अत्यन्त कमजोर सिति रहेको जाति सीमान्तकृत जाति हो । | | १.सीमान्तकृत अवस्थामा पुऱ्याउने कारक तत्व अढाइ सय वर्षको खस शासन व्यवस्था हो भन्ने हाम्रो ठहर छ । तसर्थ सीमान्तकृत जातिहरुले सकारात्मक विभेदको नीतिद्वारा राज्यसत्तामा सरकारी सेवा र उनिहरुको भूमि पूनः प्राप्ति गर्ने विशेष व्यवस्था मिलाइनु पर्दछ ।<br>२.अल्पसंख्यक सीमान्तकृत जातिको लागि केन्द्र, प्रान्त र स्थानीय निकायमा आरक्षणको व्यवस्था हुनु पर्दछ ।<br>३.सरकारी सेवामा प्रवेश आरक्षणको व्यवस्था हुनु पर्दछ ।<br>४.आदिवासीहरुको आ आफ्नो क्षेत्रमा आदिवासीले गैर | शिक्षक, कर्मचारी, सेना, प्रहरी,संस्थान लगायत हरेक सेवाको अवसरमा अल्पसंख्यक सीमान्तकृतलाई अग्राधिकार प्रदान गरिनु पर्दछ । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आदिवासीबाट भूमि जमिन खरीद गर्दा सरकारी मूल्यांकनको ७५ प्रतिशत अनुदानबाट भूक्तान गरी खरीदकर्ता आदिवासीलाई भूस्वामित्व प्रदान गरिनु पर्दछ ।<br>शिक्षक, कर्मचारी, सेना, प्रहरी,संस्थान लगायत हरेक सेवाको अवसरमा अल्पसंख्यक सीमान्तकृतलाई अग्राधिकार प्रदान गरिनु पर्दछ । | | |
| २०. | धिमाल जाति विकास केन्द्र, नेपाल, केन्द्रिय कार्यालय, उर्लाबारी, मोरङ्ग | ०६५।११।१९ | १. विभिन्न शासनकालको एकात्मक राजनैतिक कारण,<br>२.विभिन्न महामारी रोग व्याधी (औलो, हैजा, विफर, क्षयरोग,कुष्ठरोग आदि) र सरकारी परिवार नियोजनको निति,<br>३. अन्य जाति तथा समुदायको बसाई सराई आएको, ४. केन्द्रिकृत एकात्मक शासनकालमा तागाधारीहरुको पहुंच र धार्मिक, भाषिक तथा सांस्कृतिक दमन नीति,<br>५. धिमाल जाति भौगोलिक रुपमा पहुंच नपुगेको, र<br>६. राज्यको संरचनाबाट बाहिर पारिएको समुदाय भएकाले धिमाल जाति अल्पसंख्यक समुदाय हो । | शासक र शासित वीचको विभेद, अन्य जात, जातिसंग विभेद, लैङ्गिक विभेद, र राजनैतिक दलहरुले एकल जातिलाई वर्चश्वमा राखेर विभेद आदि पहिचानका आधारहरु हुन् । | १. जातीय ऐतिहासिक भूमि भाषाको आधारमा संघीय राज्यको संरचना गरिनु पर्दछ,<br>२. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं.१६९ अनुसार संविधानमा स्पष्ट उल्लेख गरी कार्यान्वयन गरिनु पर्दछ । | १.अब बन्ने संविधानमा जातीय स्वायत्तता तथा आत्म निर्णयको अग्राधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्र राज्य व्यवस्था रहनु पर्दछ ।<br>२.उपरोक्त व्यवस्था अन्तर्गत लोपोन्मुख, अल्पसंख्यक तथा सीमान्तकृत जाति लगायत तमाम पिछडिएको वर्ग, समुदाय, राज्यको पहुंचभन्दा बाहिर रहेका जात, जाति, भाषा, भाषि, विविध धर्म, संस्कृति भएका जातिलाई राज्यको मूलधार तथा राज्य संचालनको हरेक अंग तथा इकाइहरुमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत समावेशीकरण गराउन सकिनेछ । | |
| २१. | सुस्त मनःस्थिति कल्याण संस्था, काठमाण्डौ, नेपाल । | ०६५।११।२१ | १. अपांगहरुलाई शिक्षा, तालिम, रोजगारी, स्वास्थ्य, सम्पत्ति संरक्षण जस्ता आधारभूत मौलिक हक प्रदान गरिनु पर्ने ,<br>२. उनिहरुको लागि सकारात्मक विभेद र आरक्षणको व्यवस्था गरिनु पर्ने,<br>३. अपांगहरुको विशेष शिक्षा, तालिम, स्वास्थ्य, रोजगारी, सम्पत्ति संरक्षण, सामाजिक पुर्नस्थापनाको काम गर्नका लागि एउटा अपांग सेवा समन्वय परिषदको स्थापना गर्ने कुरा संविधानमा समावेश गरिनु पर्ने । | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२. | मलाह जाति उत्थान समूह, सुनसरी । | ०६५।११।२२ | नेपालभरी छरिएर रहेको मलाह जाति परापूर्वकालदेखि आफ्नो जातीय पेशा माछा मार्ने काम गरी जीविकोपार्जन गर्ने एक अल्पसंख्यक तथा सीमान्तकृत जाति हो । | मलाह जातिको विकास र संरक्षणका लागि निम्न लिखित माग पूरा गरिनु पर्दछ ।<br>१. संविधानसभामा प्रतिनिधित्व र सहभागिता,<br>२.मत्स्य मन्त्रालयको गठन,<br>३.जलसेना गठन,<br>४.सम्पूर्ण राज्यभरिको पोखरी, ताल, नदी, नाला, खोला, जलाशयमा मलाह समुदायलाई मात्र ठेक्का पाउने व्यवस्था,<br>५. मलाह आयोग गठन,<br>६.राज्यको हरेक अंगमा मलाह समुदायबाट समावेशी र सहभागिता,<br>७.मलाह समुदायको लागि आरक्षण व्यवस्था । | | |
| २३. | नेपाल हवारा (धोवी) कल्याण समिति, पर्सा । | ०६५।११।२२ | नेपाल राज्यमा बसोबास गरिरहेका जात जातिहरु मध्ये मुस्लिम धोबी अति पिछडिएको, उपेक्षित, अपहेलित, उत्पीडित, दलित जाति हो । दलित आयोग गठन भए पश्चात र देशमा धर्म निरपेक्ष लागु भए पनि मुस्लिम धोबीले सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य आदि कुनैपनि क्षेत्रमा दलित भएपनि कुनै किसिमको सुविधा पाउन सकेको छैन । तसर्थ समाज र राज्यबाट उपेक्षित, पीडित मुस्लिम धोबीलाइ दलितको सूचिमा समावेश गरी दलित सरहको सम्पूर्ण सुविधा प्रदान गरियोस । | | | |
| २४. | राष्ट्रिय महिला आयोग, काठमाण्डौ । | ०६५।११।२४ | | | १. एकल महिला, अल्पसंख्यक तथा सीमान्तकृत वर्ग र समुदायका महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारीको अवसर तथा आर्थिक, सामाजिक, राजनीतिक अधिकार प्रत्याभूत गर्न विशेष व्यवस्थाको प्रत्याभूति हुनु पर्नेछ ।<br>२. समावेशीकरणका उपायहरु:<br>(क) राज्यमका मुलप्रवाहमा वा हरेक निकायमा महिला समावेशीकरण र रोजगारका लागि विशेष अधिकार वा आरक्षणको व्यवस्था गरिनु पर्ने ।<br>(ख) राज्यको सबै अंगमा महिलाको समानुपातिक प्रतिनिधित्वको वयवस्था गरिनु पर्ने ।<br>(ग) महिलालाई बसोबास र खेतीका लागि आवश्यक जग्गाको व्यवस्था राज्यले गर्नु पर्ने ।<br>३. संरक्षण वयवस्था: सबै सीमान्तकृत तथा अलपसंख्यक समुदायका महिलाहरुको राज्यमा पहिचान, सहभागिता र पहुंचलाई सुनिश्चित गरिनु पर्ने । | |
| २५. | नेपाल मुस्लिम समाज, धनुषा । | ०६५।१२।७ | | | मुस्लिम अल्पसंख्यकहरुका लागि आगामि संविधानमा निम्नानुसार व्यवस्थाहरु गरिनु पर्दछ ।<br>१.सार्वभौमसत्ता नेपाली नागरिकमा रहने व्यवस्था,<br>२. राष्ट्रको परिभाषामा बहुधार्मिक र बहुभाषिक भनि उल्लेख,<br>३. नेपाल राज्य धर्म निरपेक्ष र समावेशी समानुपातिक सिद्धान्तप्रति निर्देशित न्यायपूर्ण राज्य भनि उल्लेख,<br>४. विविधतायुक्त संघीय संरचना,<br>५.धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता प्रदान,<br>६. समानुपातिक प्रतिनिधित्व र विशेषाधिकार प्रदान, | |

| | | | | |
|---|---|---|---|---|
| | | | ७. विश्वव्यापि मान्यता प्राप्त आधारभूत मानव अधिकार प्रदान,<br>८.स्थानीय निकायमा लोक अदालतको व्यवस्था,<br>९.अल्पसंख्यकको समुचित विकासका लागि अल्पसंख्यक आयोगको व्यवस्था,<br>१०. मुस्लिम पारिवारिक कानूनलाई मान्यता प्रदान,<br>११.मुस्लिम समेत पिछडिएको जात, जाति, धर्म, भाषा, वर्ग र क्षेत्रलाई सकारात्मक विभेद र आरक्षणको वयवस्था,<br>१२.सहिद परिवारलाई राज्यका तर्फबाट सम्मान र उचित व्यवस्था,<br>१३. धार्मिक धरोहरहरुको संरक्षण र सम्बर्धनको व्यवस्था,<br>१४. मुस्लिम आयोगको व्यवस्था,<br>१५.मदरसा विकास वोर्डको व्यवस्था,<br>१६.स्थायि हज कमिटिको व्यवस्था,<br>१७. मुस्लिम चाडवाडमा राष्ट्रिय विदाको व्यवस्था । | |
| २६. | नयां संविधानमा खिष्टियन सुझाव समिति, काठमाण्डौ । | ०६५।१२।९ | समितिका तर्फबाट नयां संविधानमा समावेश गरिनु पर्ने सुझावहरु निम्नानुसार छन्:<br>१. नेपाललाई धर्म निरपेक्षताको विश्वव्यापि मान्यता अन्तर्गत सबै धार्मिक सम्प्रदायको हित र समृद्धि सुनिश्चित हुने गरी धर्म निरपेक्ष राज्यको रुपमा स्थापित गरिनु पर्दछ ।<br>२. मुलुक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त भएको हुंदा अन्तर्राष्ट्रिय कानून र विश्वव्यापि मान्यता अनुरुप यी सबै समुदायको हक, अधिकार सुनिश्चित गर्न छुट्टै धर्म सम्बन्धी ऐनको निर्माण गरिने संवैधानिक व्यवस्था गरिनु पर्दछ ।<br>३. पूर्ण धार्मिक स्वतन्त्रता सुनिश्चित गरी धार्मिक हक र अधिकारलाई मौलिक हक अन्तर्गत राखिनु पर्दछ र नागरिकलाई आंफूले चाहेको धर्म अवलम्बन गर्ने, परिवर्तन गर्ने, त्याग गर्ने, प्रचार प्रसार गर्ने पूर्ण स्वतन्त्रता रहने मौलिक हकको प्रावधान गरिनु पर्दछ ।<br>४. मुलुक बहुधार्मिक राज्य भएकोले सबै धर्मावलम्बिहरुको अस्तीत्व र पहिचान स्वीकार गरी सबै धार्मिक सम्प्रदायको हक, अधिकारको सुनिश्चिततालाई व्यवहारिक रुपमा कार्यान्वयन गराउन राष्ट्रिय धार्मिक आयोग गठनको संवैधानिक व्यवस्था गरिनु पर्दछ ।<br>५. धर्म निरपेक्षताको सिद्धान्त अनुरुप हालसम्म कायम रहेका गुठि सम्बन्धी विभेदकारी व्यवस्थाको अन्त गरी सबै धर्मावलम्बिहरुलाई मान्य हुने गुठि सम्बन्धी अधिकारको संवैधानिक व्यवस्था गरिनु पर्दछ ।<br>६. यसका अतिरिक्त समितिले माग गरेका मौलिक हक सहितका अन्य मागहरु पूरा गराउन के कति संवैधानिक व्यवस्था गर्न सकिन्छ भन्नेतर्फ संविधानसभाको ध्यान गम्भिरतापूर्वक आकर्षित हुनु पर्दछ । | |
| २७. | सीमान्तकृत वर्ग, तनहुं । | ०६५।१२।११ | भावि संविधानमा सीमान्तकृत वर्गका निम्न अधिकारहरु रहनु पर्दछ :<br>१.राज्यका सबै निकायहरुमा पहुंच र प्रतिनिधित्वको सुनिश्चितता,<br>२.महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, अल्पसंख्यक र सीमान्तकृत समुदायको अलग अलग संवैधानिक आयोग हुनुपर्ने,<br>३.स्वतन्त्र, निश्पक्ष, कम खर्चिलो, भेदभावरहित, शीघ्र न्याय र अति विपन्न वर्गको लागि निःशुल्क न्याय प्रदान गर्ने सुनिश्चितता,<br>४.जातीय, भाषिक र धार्मिक स्वायत्तता,<br>५.परम्परागत पुखार्यौली पेशालाई राज्यले सम्मान र संरक्षण तथा प्रबर्धन गर्ने सुनिश्चितता,<br>६.पिछडिएका सिमान्तकृत र अल्पसंख्यक समुदायको लागि शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा विशेष व्यवस्था,<br>७. सीमान्तकृत समुदायको पहिचानको सुनिश्चितता,<br>८.जातीय विभेदको अन्त्य,<br>९.सीमान्तकृत समुदायको भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण,<br>१०. प्राकृतिक श्रोत र साधनमा जनताको सहज पहुंचको सुनिश्चितता । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८. | नेपाल आदिवासी जनजाति महासंघ, पाँचथर । | ०६५।१२। ११ | नयां संविधानमा निम्न लिखित व्यवस्थाहरु गरिनु पर्दछ :<br>१. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ बमोजिमका अधिकारको सुनिश्चितता,<br>२.जातीय स्वायत्त राज्यका सबै अंगमा ६६ प्रतिशत प्रतिनिधित्वको सुनिश्चितता,<br>३.संयुक्त राष्ट्र संघले प्रदान गरेका अल्पसंख्यकहरुको सबै अधिकारको सुनिश्चितता,<br>४. राज्यको विगतको कार्यप्रति माफी र भविष्यमा सो नगर्ने प्रतिवद्धता । | | | |
| २९. | गर्खार राई उत्थान समाज नेपाल, काठमाण्डौ । | ०६५।१२। १२ | धेरै पहिलेदेखि गर्खार राईहरु सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रहरुमा आफ्नो अधिकार गुमाउदै आएका छन् । आफ्नो मौलिक हक, अधिकारबाट पनि बन्चित हुन पुगेका कारण गर्खार राईहरुको लोकतान्त्रिक संघीय शासन व्यवस्थामा पनि जातीय उत्थान हुन नसकि लोपोन्मुख हुने अवस्थामा रहेकाले जातिको लिपि, भाषा, कला, संस्कृतिको विकास, संरक्षण र सम्बर्धन गर्न समितिबाट यस जातिलाई अल्पसंख्यक तथा सीमान्तकृत जातिको रुपमा सूचिकृत गर्न उचित पहल हुनु पर्दछ । | | | |
| ३०. | लोकतन्त्र तथा समावेशीकरण परियोजना, तेह्रथुम । | ०६५।१२। १६ | अल्पसंख्यक सीमान्तकृत भन्नाले राज्यको मुल प्रवाहबाट राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, भाषिक तथा सांस्कृतिक रुपले पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारी जिविकाको सन्दर्भमा जोखिममा पारिएका समुह वा जातिलाई अल्पसंख्यक तथा सीमान्तकृत समुदाय भनिन्छ । | राज्यको मुल प्रवाहबाट बाहिर पारिएका, शक्ति, श्रोत माथिको पहुंचबाट बन्चित, राज्य संचालनमा प्रतिनिधित्व र सहभागिताबाट बन्चित सार्वजनिक निर्माण तथा निर्णय प्रकृयामा सहभागिताबाट बन्चित भाषा, धर्म, संस्कृति लोपोन्मुख वा लोप हुँदै गइरहेको समुदाय पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जात जाति लगायतका वर्ग र समुदायको पहिचानको आधार हुन् । | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्थाका लागि धर्म, संस्कार, संस्कृति, भाषा, लिपि, आदिलाई सम्मान गर्दै विकासको लागि राज्य अगाडि बढी ती समुदायको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रको विकासमा विशेष सुविधाका साथै आरक्षण व्यवस्था संविधानमा नै उल्लेख हुनु पर्दछ । | राज्य व्यवस्थामा समावेशीकरण का लागि राज्यको हरेक तहमा समावेशी सुनिश्चितताको लागि राज्य संचालनका सबै प्रकृयामा सबै जात, जाति, वर्ग, भाषा, लिंग, क्षेत्रको आधारमा समान सहभागिता गराइनु पर्दछ । |
| ३१. | ब्यांसी शौका समाज, दार्चुला । | ०६५।१२। १९ | देशको कुल जनसंख्याको ०.०२ प्रतिशत जनसंख्या रहेको आफ्नो छुट्टै सांस्कृतिक विशेषता र भेषभूषा, भाषा, रहनसहन, खानपान, धर्म भएका सीमित क्षेत्रमा छुट्टै बसोबास गर्दै आएका जात, जातिलाई अल्पसंख्यक | संरक्षण व्यवस्थाका लागि निम्नानुसार गरिनु पर्दछ :<br>१. जनगणना गर्दा सही वास्तविक तथ्यांक संकलन गर्ने,<br>२.प्राप्त तथ्यांकको राम्ररी अध्ययन अनुसन्धान र विश्लेषण गरी निश्कर्ष निकालेर जातिगत समुह छुट्टयाउने,<br>३. प्रत्येक मन्त्रालयले सही वास्तविक तथ्यांकको अभिलेख राखी राज्यको प्रत्येक निकायमा संचालन हुने कार्यक्रमहरुमा समान समावेशी र | राज्य व्यवस्थामा समावेशीकरणका लागि निम्न व्यवस्था गरिनु पर्ने:<br>१. स्थानीय निकाय देखि केन्द्रिय तहसम्म संचालन हुने प्रत्येक विकास कार्यमा सहभागिता र प्रतिनिधित्व गराउन राज्यले सुनिश्चित गर्नु पर्दछ,<br>२.समावेशी गर्दा सर्वप्रथम अल्पसंख्यक र सीमान्तकृत समुदायको अस्तित्व स्वीकार गरिनु पर्दछ । अवस्थालाई राम्ररी बुझेर कस्तो खालको समावेशी गराउने भनी पहिचान गर्ने, आत्म | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भनिन्छ । <br>सीमान्तकृत भनेको राज्यको विकासको मूल प्रवाहबाट किनारा लगाईएका जात, जाति वर्ग, क्षेत्र, लिंग, धर्मलाई सीमान्तकृत भनिन्छ । <br>राज्यबाट उपेक्षित, दयनिय अवस्था भएको समाजबाट अपहेलित, तिरस्कृत भएको आफ्नो हक अधिकारको लागि बोल्न नसक्ने निमुखा, शैक्षिक, आर्थिक रुपले पिछडिएका, सामाजिक कुरीतिको शिकार भएका, मौलिक हक अधिकारबाट बन्चित भएका जीवन यापन गर्नमा जोखिममा परेका कुनैपनि समुदाय, वर्ग, जात, जाति एक्लिएका वा बहिष्करणमा परेका जात जाति लगायतका वर्ग वा समुदाय हुन् । | सहभागितामुलक गर्ने, <br>४.राजनैतिक, रोजगारी, शिक्षा र व्यवसाय क्षेत्रमा आरक्षणको व्यवस्था सुनिश्चित गरिनु पर्दछ, <br>५.राज्यको नीति नियम निर्माण र निर्णयक तहमा समानुपातिक प्रतिनिधित्व गराउने, <br>६. सीपमुलक र आयमुलक कार्यक्रमहरु संचालन गर्दा परम्परागत व्यवसायलाई जगेर्ना गर्ने गरी संचालन गर्नु पर्दछ, <br>७.अल्पसंख्यक र सीमान्तकृत समुदायका सांस्कृतिक विशेषताहरुको जगेर्ना गर्नका लागि विविध कार्यक्रमहरु संचालन गरिनु पर्दछ, <br>८. राष्ट्र सेवामा आरक्षण, वैदेशिक रोजगारीमा आरक्षण सुनिश्चित गरिनु पर्दछ, <br>९.भौगोलिक विकटता भएका ठाउंमा अथवा अल्पसंख्यक र सीमान्तकृत समुदाय बसोबास गर्ने ठाउंमा दैनिक उपभोग्य वस्तुहरु पर्याप्त मात्रामा सुपथ मुल्यमा सही समयमा उपलव्ध गराउनु पर्दछ, <br>१०.प्राकृतिक श्रोत साधन माथि नियन्त्रण, आत्म निर्णयको अधिकार संविधानमा सुनिश्चित गरिनु पर्दछ, <br>११.त्रिदेशिय सिमाक्षेत्रभित्र बसोबास गर्ने जनजातिहरु जस्तै व्यांसीहरुको हकमा भौतिक पूर्वाधार विकास आदिमा प्रथम प्राथमिकताका साथ कार्य संचालन गर्नु पर्ने, | निर्णयको अधिकार र श्रोत साधन माथि नियन्त्रण, सहभागिता समान र निश्पक्ष रुपमा गराउने, <br>३.राज्यको हरेक तह र तप्कामा शिक्षा, रोजगारी, राजनैतिक विकास, निर्माण कार्य, नीति, नियम निर्माण कार्यसम्म समान प्रतिनिधित्व, सहभागिता र समावेशी गरिनु पर्दछ र आरक्षणको व्यवस्था सुनिश्चित गरिनु पर्दछ । | |
| ३२. | गैर सरकारी संस्था महासंघ, नेपाल, काठमाण्डौ । | ०६५।१२। २० | आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा जनसंख्याको आधारमा न्यून रहेको वा अपांगता भएका व्यक्ति, लैङ्गिक (यौनिक), तेश्रोलिङ्गि, जातीय, भाषा, उमेर (बालक र वृद्ध), क्षेत्रीय आधारमा राष्ट्रको मूल प्रवाहीकरणमा समाहित हुन नसकेका वर्ग वा समुदायलाई अल्पसंख्यक तथा सीमान्तकृत समुदाय भनिन्छ । | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्था: <br>१. राज्यका हरेक संरचना र निकायमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सर्वाङ्गिण विकासका लागि समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनु पर्ने, <br>२. राजनीतिक दलहरुको हरेक तहको सांगठानिक संरचनामा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको लागि समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनु पर्ने, <br>३. समाजमा विद्यमान विभिन्न खाले विभेदहरुको अन्त्य गर्दै समानताको प्रत्याभुत हुनु पर्ने, <br>४. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको भाषा तथा संस्कृतिको संरक्षण तथा सम्बर्धन हुनु पर्ने, | राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु: <br>१. अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई सकारात्मक विभेदको आधारमा राज्यका हरेक निकाय (सरकारी तथा निजि) आरक्षणको व्यवस्था लागु गर्नु पर्ने, <br>२.राजनीतिक दलहरुको हरेक तहको सांगठानिक संरचनामा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको लागि समानुपातिक आरक्षणको व्यवस्था सुनिश्चित गरिनु पर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अल्पसंख्यक समुदाय: राउटे, चेपाङ्ग, धिमाल, तेश्रोलिङ्गि, तत्मा, मुसहर ....आदि । सीमान्तकृत समुदाय: मधेशी र तराईवासी (भाषा, संस्कृतिका आधारमा), मुस्लिम, आदिवासी जनजाति, अपाङ्ग, महिला, दलित, थारु... आदि । | ५. अल्पसंख्यक तथा सीमान्तकृत समुदायभित्रको पनि पिछडिएको समुदायलाई मात्र प्राथमिकताको आधारमा विशेष व्यवस्था निर्धारण गर्नु पर्ने,<br>६. प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्म निःशुल्क शिक्षाको साथै अपाङ्गता अनुकुलको शिक्षा प्रणाली लागु गर्नु पर्ने,<br>७. आधारभूत निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था हुनु पर्ने,<br>८.मानवीय जीवनमा आवश्यक आधारभूत गास, बास र कपासको ग्यारेन्टि हुनु पर्ने,<br>९.आंफूले इच्छ्याईएको व्यक्तिसंग विवाह गर्ने अधिकार हुनु पर्दछ र अपाङ्गता भएका व्यक्तिसंग वैवाहिक सम्बन्ध कायम गर्ने वा अर्न्तजातीय विवाह गर्ने व्यक्तिलाई आवश्यकतानुसार राज्यले प्रोत्साहन स्वरुप विशेष संरक्षण गर्नु पर्दछ,<br>१०. अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई सामाजिक सुरक्षको हक हुनु पर्दछ,<br>११. अल्पसंख्यक तथा सीमान्तकृत समुदायका बालबालिकाहरुको पालनपोषण, आधारभूत स्वास्थ्य तथा सुरक्षाको व्यवस्था हुनु पर्दछ । | | |
| ३३. | मधेशी गैरसरकारी संस्था महासंघ, काठमाण्डौ । | ०६५।१२।२० | | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण व्यवस्था देहाय अनुसार हुनु पर्दछः<br>१. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सर्वाङ्गिण विकासका लागि राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता,<br>२.विभिन्न खालका विभेदहरुको अन्त्य गर्दै समानताको प्रत्याभूति,<br>३.अल्पसंख्यक तथा सीमान्तकृत समुदायको भाषा तथा संस्कृतिको संरक्षण तथा सम्बर्धन,<br>४.पिछडिएको समुदायलाई प्राथमिकताको आधारमा विशेष व्यवस्था निर्धारण,<br>५.उच्च माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था,<br>६.आधारभूत स्वास्थ्य उपचारको निःशुल्क व्यवस्था,<br>७.आधारभूत आवश्यकता जस्तै गास, बास र कपासको ग्यारेन्टि,<br>८.सामाजिक सुरक्षाको हक, र<br>९.राजनीतिक दलहरुको प्रत्येक तहको सांगठानिक | समावेशीकरणका उपायहरु:<br>१. सकारात्मक विभेदको आधारमा राज्यका हरेक निकायमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई आरक्षण व्यवस्था लागु गर्नु पर्ने, र<br>२. सीमान्तकृत समुदायका लागि राजनीतिक दलहरुको हरेक तहको सांगठानिक संरचनामा समानुपातिक आरक्षणको व्यवस्था सुनिश्चित गरिनु पर्ने । | |

| | | | |
|---|---|---|---|
| | | | संरचनामा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको लागि समानुपातिक प्रतिनिधित्व । |
| ३४. | शान्तिका लागि साझा अभियान, अनामनगर, काठमाण्डौ । | ०६५।१२।२० | नेपालको नयां बन्ने संविधानमा सीमान्तकृत तथा अल्पसंख्यक वर्गहरुलाई देशका अन्य वर्गहरुको स्तरमा ल्याउन केहि अस्थायि प्रावधान राखिनुका साथै उनका हक, अधिकारको संरक्षणका लागि पनि अस्थायि प्रावधान राखिनु पर्दछ । ताकि बहुसंख्यक वर्गले उनिहरु माथि अत्याचार गर्न नसकुन् । यसका लागि सर्वप्रथमतः सीमान्तकृत एवं अल्पसंख्यक वर्गहरुको सुस्पष्ट पहिचान गरी संविधानमा नै उल्लेख गरिनु बान्छनिय हुनेछ । तत्पश्चात राज्यका यी दुर्लभ तर सूचिकृत वर्गहरुको शिक्षा तथा आर्थिक हितहरुको सम्बर्धन गर्दै सबै प्रकारका शोषणहरुबाट उनलाई संरक्षण दिन निर्देश गरेको हुनु पर्दछ । अल्पसंख्यक वर्गको हक हितको संरक्षण गर्न अनेक उपप्रबन्धहरु राखिनु पर्दछ । यसका साथे कुनै धर्म, वंश, जात, लिंग वा जन्मस्थानका आधारमा सार्वजनिक स्थानहरुमा प्रवेश माथि राज्यद्धारा भेदभाव गर्ने कुराको प्रतिषेध गरिनु पर्दछ । शिक्षात्मक दृष्टिले पछि परेका वर्गहरु तथा जातिहरुको उन्नतिका लागि विशेष प्रावधानहरु राखिनु पर्दछ । सीमान्तकृत वर्ग तथा अल्पसंख्यक वर्गहरुको रोजगारी र आर्थिक उन्नतिका लागि संघात्मक राज्य प्रणाली अन्तर्गत रहेका राज्यहरुलाई विशेष आरक्षण वा विशेष योजना ल्याउने कार्यका लागि प्रोत्साहन गरेको हुनु पर्दछ ।<br>सरकारी सेवामा नियुक्ति तथा पदहरुको आरक्षणको प्रावधान पनि राख्न सक्ने व्यवस्था गरिनु पर्दछ । संविधानमा नै अस्पृश्यतालाई एउटा दण्डनीय अपराध घोषित गरिनु पर्दछ । अल्पसंख्यक वर्गहरुको संस्कृतिको संरक्षणका लागि विशेष प्रावधान राखिनु पर्दछ भने सीमान्तकृत व्यक्ति तथा अति पर्छाडि पारिएका जात, जातिहरुका लागि विशेष अनुदान व्यवस्था हुनु पर्दछ । किन्तु सरकारी नियुक्तिका लागि होस् वा व्यवस्थापिकाका लागि होस् आरक्षण प्रशासनमा दक्षतालाई नष्ट गरिने किसिमको भने कदापि हुनु हुदैन । विभिन्न राज्यका सीमान्तकृत व्यक्ति तथा अल्पसंख्यकहरुको समुचित परिभाषा दिने, पहिचान गर्ने शक्ति राज्य सरकारलाई हुनु पर्दछ । भाषागत अल्पसंख्यक वर्गहरुको बालबालिकाको प्राथमिक शिक्षा मातृभाषामा नै प्रदान गर्न राज्यले पर्याप्त सुविधा दिने प्रयास गरेको हुनु पर्दछ ।<br>अल्पसंख्यक वर्गहरुको हक हितको वास्तविक संरक्षण तबसम्म हुन असम्भव हुन्छ, जबसम्म उनिहरुको राज्यको नीति निर्माणको स्थानमा समुचित उपस्थिति हुदैन । यसैले विधायिकामा उनिहरुको उचित उपस्थिति सम्भव बनाउन विशेष प्रकारको निर्वाचन पद्धतिको प्रावधान राखिनु पर्दछ । जसलाई अल्पसंख्यकको उपयोगी निर्वाचन पद्धती भनिन्छ । साधारण बहुमत वा बढीमत निर्वाचन पद्दतीमा प्रायः यो सम्भावना रहन्छ कि अल्पसंख्यक समुदायका उम्मेदवारहरु सबै स्थानहरुमा पराजित हुन् र उनलाई कत्तिपनि प्रतिनिधित्व नमिलोस् । यसलाई दुर गर्ने तीन उपाय छन् ।<br>१. केहि निर्वाचन क्षेत्रहरु अल्पसंख्यक वर्गहरुका लागि आरक्षण गर्नु,<br>२. आनुपातिक निर्वाचन पद्दतीको प्रयोग गर्नु, र<br>३.नियन्त्रित मत पद्दती वा एकत्रित मत पद्दतीको प्रयोग गर्नु ।<br>सीमान्तकृत तथा अल्पसंख्यक समुदायका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आधारमा उचित परिभाषित गरिनु पर्ने, साथै सामाजिक सुरक्षा, खाद्य संप्रभुताको परिभाषा स्पष्ट गरिनु पर्ने, गरिवीको रेखामुनि रहेका जनताको उचित तरिकाले सम्बोधन गरिनु पर्ने, महिला न्यायालयको व्यवस्था हुनु पर्ने, महिलाका लागि माया र शान्तिको अधिकारको ग्यारेन्टि गरिनु पर्ने, तेश्रो लिंगिको अधिकारको संरक्षण हुनु पर्ने, सुनहा अल्पसंख्यक जातिहरुको पहिचान तथा जीविकोपार्जनको सुरक्षा हुनु पर्ने, कतिपय अल्पसंख्यक राउटे, बोट, राजी, खुन्हा, बादी आदि जातिको परिचय तथा जीविकाको सुरक्षा हुनु पर्ने, तिनका सिर्जनाहरुको नैतिक र भौतिक संरक्षण हुनु पर्ने । |
| ३५. | आदिवासी तथा जनजाति गैरसरकारी संस्था महासंघ, नेपाल, काठमाण्डौ । | ०६५।१२।२४ | आगामि संविधानमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायका निम्न लिखित अधिकारहरु समावेश हुनु पर्दछः<br>१. विधायिका संसद, कार्यपालिका, न्यायपालिका र राज्यका हरेक नीति निर्माण र कार्यान्वयन गर्ने तहहरुमा आदिवासी जनजाति महिला तथा पुरुषहरुको पूर्ण समानुपातिक र समावेशी प्रतिनिधित्व हुनु पर्ने,<br>२. आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ मा व्यवस्था भएका सम्पूर्ण अधिकारहरु आदिवासी जनजातिहरुको न्यूनतम् अधिकारको रुपमा व्यवस्था गर्नु पर्ने,<br>३. संयुक्त राष्ट्र संघीय आदिवासी सम्बन्धी घोषणा, मानव अधिकार सम्बन्धी विश्वव्यापि घोषणा, नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनहरु लगायत अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरुले स्वीकार गरेका सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण उपभोग गर्न पाउने संवैधानिक व्यवस्था हुनु पर्ने,<br>४. नेपालका आदिवासी जनजातिहरुलाई आत्मनिर्णयको अधिकार मौलिक हकको रुपमा उल्लेख गर्नु पर्ने । आत्मनिर्णयको अधिकार अन्तर्गत आदिवासी |

जनजातिहरुले आफ्नो राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास स्वतन्त्रतापूर्वक गर्न पाउने अधिकारको व्यवस्था हुनु पर्ने,

५. नेपालको आदिवासी जनजातिहरुलाई उनिहरुले पुस्तौंदेखि निर्वाध रुपमा उपभोग गर्दै आएको जल, जमिन, जंगल तथा प्राकृतिक श्रोतहरु माथि अग्राधिकारको व्यवस्था हुनु पर्ने,

६. अल्पसंख्यक जाति, भाषा, धर्म, लिंग आदिको अधिकार संयुक्त राष्ट्रसंघले प्रदान गरेको अल्पसंख्यकको अधिकार बमोजिम सुनिश्चित हुनु पर्ने,

७.आदिवासी जनजाति महिलाको पहिचान र विविधतालाई स्वीकार गर्ने कानूनी मापदण्ड तथा सो को आधारमा अधिकारको सुनिश्चित हुनु पर्ने,

८. राज्यले आदिवासी जनजाति समुदायको महिला, बृद्ध, बालबालिका तथा शारिरीक रुपमा अपांग वा भिन्न भिन्न क्षमता भएका व्यक्तिहरुको विशेष अधिकार सुनिश्चित गर्नु पर्ने,

९. आदिवासी जनजातिहरुको परम्परागत ज्ञान, सीप, कला, संस्कृति, प्रविधि तथा परम्परागत जीवनशैलीको संरक्षण, प्रवर्धन र विकास गर्ने स्पष्ट कानूनी व्यवस्था गर्नु पर्ने,

१०. प्रशासन, सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी तथा नीजि क्षेत्रमा आदिवासी जनजातिहरुको पहुंच र प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक कोटा प्रणालीको व्यवस्था हुनु पर्ने,

११. स्वायत्त राज्यहरुमा बोलिने सम्पूर्ण भाषालाई प्रान्तिय वा प्रादेशिक र स्थानीय सरकारहरुले आफ्नो तहमा कामकाजको भाषाको रुपमा मान्यता प्रदान गर्नु पर्ने,

१२. कुन कुन भाषालाई आधिकारिक सरकारी कामकाजको भाषा, सम्पर्क भाषा र विद्यालयको पठनपाठनको भाषा बनाउने भन्ने निर्णय गर्ने अधिकार स्वायत्त राज्यहरु र त्यहांको संसद र सरकारलाई हुनु पर्ने,

१३. आदिवासी जनजाति तथा अल्पसंख्यकहरुको आफ्नो हक, हितको रक्षार्थ चाहेमा अलग्गै आफ्नो राजनीतिक दल खोली चलाउन पाउने व्यवस्था पनि गरिनु पर्ने,

१४. विकास प्रकृयामा समान सहभागिता र सार्वजनिक श्रोत, साधनमा पहुंच र क्षतिपूर्तिको व्यवस्था पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जात, जाति लगायतका समुदायको लागि हुनु पर्ने । जातीय, भाषिक, धार्मिक, आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक वा कुनै पनि अवसरमा पछाडि पारिएका समुदाय भएकाले ।

१५. आर्थिक, सामाजिक, शैक्षिक पछौटेपन हटाएर, जातीय, धार्मिक र भाषिक स्वायत्तता नहुनु एवं भेदभाव र असमान व्यवहार हुनु,

१६. आर्थिक, सामाजिक र शैक्षिक पछौटेपन हटाएर, जातीय, धार्मिक र भाषिक स्वायत्तता र समान व्यवहार प्रदान गरेर र जातीय छुवाछुत लैंगिक भेदभाव हटाएर राज्यका प्रत्येक निकायमा अनिवार्य रुपमा सबै जातिको आधारमा समान प्रतिनिधित्व र समान अवसर दिएर सहभागिता सुनिश्चित गरिनु पर्ने,

१७. कम जनसंख्या भएको जातीय, भाषिक र धार्मिक समुदाय,

१८. कम जनसंख्या, श्रोत, साधन र शक्तिमा कम पहुंच भएको एवं भाषिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारमा पछाडि पारिएको,

१९. श्रोत, साधन र शक्ति सहित हरेक क्षेत्रमा अवसर नपाएका र न्यायिक क्षेत्रमा पछाडि पारिएका,

२०. सबै क्षेत्रमा कम पहुंच भएका आदिवासी,

२१.आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीको क्षेत्रमा जातीय भाषिक रुपले पछाडि पारिएको,

२२. कम जनसंख्या, श्रोत, साधनमा कम पहुंच भएका आदिवासी,

२३.कम जनसंख्या, श्रोत, साधनमा कम पहुंच, विभेद र असमान व्यवहार गरिएका समुदाय,

२४.कम जनसंख्या, सम्पूर्ण राष्ट्रिय अधिकारहरुबाट बन्चित वा कम पहुंच भएका भाषा, जाति, धर्म,

२५ आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीको क्षेत्रमा जातीय, भाषिक रुपले पछाडि पारिएको,

२६. जातीय, धार्मिक र भाषिक आधारमा भेदभाव हटाउने, स्वायत्तता सहितको समान व्यवहार वा आई.एल.ओ. १६९ बमोजिमका अधिकार हुनु पर्ने,

२७. राज्यको हरेक अंग र तहमा समान अधिकार वा अनिवार्य स्थान प्रदान गर्नु पर्ने,

२८.अन्य समुदाय सरहको समान स्तर रहनु पर्ने,

२९. जातीय, भाषिक, धार्मिक अल्पसंख्यक समूहलाई स्वायत्तता प्रदान गरेर अन्य समुदायका व्यक्ति सरहको अधिकार वा बराबर पहुंच पुर्‍याउनु पर्ने,

३०. विशेष वा अनिवार्य रुपमा प्रतिनिधित्व सबै जातिको पहुंच पुर्‍याएर दिनु पर्ने,

३१.समान न्याय, समान अवसर राज्यको हरेक अंगमा अनिवार्य स्थान दिएर गर्नु पर्ने,

| | | | |
|---|---|---|---|
| | | | ३२. हरेक नीति निर्माण तहमा उनिहरुको स्थान र विशेष अधिकार सार्वजनिक निकायहरुमा समानुपातिक प्रतिनिधित्व गराएर सुनिश्चित गर्नु पर्ने ।<br>( प्रस्तुत सुझाव समितिको प्रश्नावलीमा आधारित रहेको देखिन्छ ) |
| ३६. | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, केन्द्रिय समिति । | | नंया संविधानमा दलित समुदायका लागि निम्न लिखित अधिकारहरुको व्यवस्था हुनु पर्दछः<br>१. राजनीतिक क्षेत्रमा संघीय व्यवस्थाको व्यवस्थापिका, सरकार, संवैधानिक निकाय तथा सरकारी, राजनीतिक, कुटनीतिक र प्रशासनिक अंग लगायतका राज्यसत्ताका सम्पूर्ण अंग र निकायहरुमा समानुपातिक प्रतिनिधित्व सहितको विशेषाधिकारको सुनिश्चितता गरिनु पर्दछ ।<br>२. आर्थिक क्षेत्रमा भूमिहिन दलितलाई जमिन, सरकारी अर्धसरकारी र नीजि उद्योग व्यवसायमा समानुपातिक प्रतिनिधित्व सहितको विशेषाधिकारको व्यवस्था गरी रोजगारी उपलब्ध गराउनुका साथै दलित परम्परागत पेशाको आधुनिकिकरण र सो पेशा संग सम्बन्धीत अग्राधिकारको व्यवस्था हुनु पर्दछ ।<br>३. राज्यले मधेशीलाई उपलब्ध गराउने सेवा, सुविधा र अधिकारहरुमा मधेशी दलितको समानुपातिक अधिकार सुनिश्चित गरिनु पर्दछ । साथै उत्पीडित क्षेत्र र अपांगलाई राज्यले उपलब्ध गराउने सेवा, सुविधा र अधिकारहरुमा त्यस क्षेत्रका दलित र अपांग दलितको समानुपातिक अधिकारको सुनिश्चित गरिनु पर्दछ ।<br>४.नेवार जातिलाई राज्यले उपलब्ध गराउने सेवा, सुविधा र अधिकारहरुमा नेवार जातिभित्र छुवाछुतको विभेद भोगिरहेका नेवारी दलित समुदायको समानुपातिक अधिकार सुनिश्चित गरिनु पर्दछ । |
| ३७. | ब्याकवार्ड सोसाईटि एजुकेशन, दाङ, बांके, बर्दिया, कैलाली र कन्चनपुर । | ०६६।१।५ | नंया संविधानमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि निम्न लिखित अधिकारहरुको व्यवस्था हुनु पर्दछः<br>१. थारु (डगौरा, कठरिया, राना थारु, खुना थारु, सोनाहा, राजी आदि) समुदायको लागि स्नातकोत्तर तहसम्मको शिक्षा निशुःल्क हुनु पर्ने,<br>२.सबै सीमान्तकृत समुदायहरुको लागि रोजगारीको व्यवस्था सरकारले गर्न नसके बेरोजगार भत्ता दिनु पर्ने,<br>३. थारु, आदिवासी जनजाति, दलित, मुस्लिम, मधेशी, लोपोन्मुख तथा अल्पसंख्यक जातिका मानिसहरुलाई जनसंख्याको आधारमा समानुपातिक तरिकाले अनिवार्य राज्यको हरेक तह र अंगमा सम्लग्न गराउनु पर्ने,<br>४. सीमान्तकृत तथा गरीब वर्गलाई राशनकार्डको व्यवस्था सरकारले गर्नु पर्ने,<br>५. महिला र पुरुषलाई आत्म निर्भर बनाउनको लागि सिपमुलक तालिमको व्यवस्था गर्नु पर्ने,<br>५. श्रीमान्को मृत्यु भएको दिनदेखि नै विधवा भत्ताको व्यवस्था हुनु पर्ने । |
| ३८. | संविधान निर्माणमा सामुदायिक सम्बाद कार्यक्रम, काठमाण्डौ । | ०६६।१।५ | सबै जाति, जनजाति, भाषा र धर्मको समानता, राज्यको हरेक निकायमा समानुपातिक प्रतिनिधित्व र स्वशासन र स्वायत्तताको अधिकार, आत्मनिर्णयको अधिकार, भूमि, प्राकृतिक श्रोत र साधन माथिको अधिकार प्रदान गर्ने गरी जाति, भाषा र क्षेत्रलाई स्वायत्तता प्रदान गरिनु पर्दछ । |
| ३९. | मधेशी दलित विकास महासंघ, काठमाण्डौ । | ०६६।१।५ | आगामि संविधानले मधेशी दलितहरुको राजनीतिक, सामाजिक, आर्थिक, कानूनी, शैक्षिक र स्वास्थ्य सम्बन्धी सवालहरुमा सम्बोधन गर्नु पर्दछ । |
| ४०. | नेपाल अपांग मानव अधिकार केन्द्र, काठमाण्डौ । | ०६६।१।५ | नंया संविधानमा अपांग समुदायका लागि निम्न लिखित अधिकारहरुको व्यवस्था हुनु पर्दछ ।<br>१. अपांगता भएका व्यक्तिहरुको रोजगारीको ग्यारेन्टि गर्न सकारात्मक विभेदको नीति अवलम्बन,<br>२. रोजगारी गर्न नसक्ने, रोजगारी नभएका सबै अपांग व्यक्तिहरुलाई जीवन यापन गर्न जीवनभत्ताको व्यवस्था,<br>३. अपांगता भएका व्यक्तिहरुलाई सीमान्तकृत वर्गको रुपमा राख्नु पर्ने,<br>४.अपांग व्यक्तिहरुको पहिचानका लागि नियमित तथ्यांक संकलनको व्यवस्था । |
| ४१. | मानव अधिकार संरक्षण तथा कानूनी सेवा केन्द्र, रुकुम, मानव अधिकार | ०६६।१।५ | नयां संविधानमा सीमान्तकृत समुदायका संरक्षण र समावेशीकरण लागि निर्वाचन पद्दती र जनउत्तरदायि सरकार, राज्यका विभिन्न अंग र संवैधानिक निकायहरु, मौलिक हक, स्वतन्त्रता, निर्देशक सिद्धान्त, सामाजिक न्याय र लोक कल्याणकारी राज्य व्यवस्था लगायतका संवैधानिक प्रावधानहरुमा सीमान्नकृत समुदायका आवाजहरुलाई समेटिनु पर्दछ । |

| | | | |
|---|---|---|---|
| | सचेतन केन्द्र, रोल्पा, दलित विकास समाज, सल्यान र नवजागरण बाल आश्रम, दाङ । | | |
| ४२. | दलित संसद घोषणापत्र, २०६५, काठमाण्डौ । | ०६६।१।५ | आगामि संविधान निर्माण हुंदा दलित संसदबाट पारित दलित अधिकार पत्र २०६५ मा उल्लेखित दलितहरुको राजनीतिक, आर्थिक, शिक्षा, स्वास्थ्य, सास्कृतिक तथा सामाजिक र विशेष प्रस्तावमा उल्लेखित सवालहरु सम्बोधन हुने गरी निर्माण हुनु पर्दछ । |
| ४३. | राष्ट्रिय दलित आयोग, काठमाण्डौ । | ०६६।१।५ | नयां संविधानमा समावेश गर्नुपर्ने दलित समुदायका सवालहरु पहिचान गरी पेश गर्न यस आयोगद्धारा गठित संविधान सुझाव कार्यदलबाट पेश भै यस आयोगबाट पारित मस्यौदा यसैसाथ संलग्न राखि पठाईएकोछ । उक्त मस्यौदामा उल्लेखित बुंदाहरुलाई आगामि संविधानमा समावेश गराउने कार्यमा समितिको सकारात्मक भूमिकाको अपेक्षा गरिएकोछ । |
| ४४. | हिम राईट, काठमाण्डौ । | ०६६।१।५ | यस संस्थाको पहलमा भएको नमुना महिला संविधानसभाबाट पारित सुझावहरु यसै साथ संलग्न राखि पठाईएको छ । नयां संविधान निर्माण गर्दा प्रेषित सुझावहरुको समेत मनन् हुने अपेक्षा गरिएको छ । |
| ४५. | राष्ट्रिय महिला सामाजिक मन्च, नेपाल, काठमाण्डौ । | ०६६।१।५ | आगामी संविधान निर्माण गर्दा महिलाहरुको लागि संविधानमा व्यवस्था हुनु पर्ने मन्चका तर्फबाट देशका विभिन्न १६ वटा स्थानमा गरिएका गोष्ठिहरुबाट पहिचान गरिएका सवालहरु यसैसाथ संलग्न राखि पठाईएको छ । संविधान निर्माण गर्दा समितिले यसमा उचित ध्यान दिने अपेक्षा गरिएकोछ । |
| ४६. | जातिय समता समाज, काठमाण्डौ । | ०६६।१।५ | नयां संविधान निर्माण गर्दा दलित समुदायको हक हितका लागि संविधानमा समावेश गरिनु पर्ने कुराहरुलाई समाजको सुझावका रुपमा यसै साथ प्रेषित गरिएको छ । आगामि संविधान निर्माणमा समितिले यसमा आवश्यक ध्यान दिने अपेक्षा गरिएको छ । |
| ४७. | नेपाल राष्ट्रिय मण्डली परिषद, ललितपुर | ०६६।१।५ | नेपाली जनताको महान त्याग, बलिदान र संघर्षबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयां संविधान निर्माण भै रहेको वर्तमान सन्दर्भमा अब बन्ने संविधानमा पूर्ण धार्मिक स्वतन्त्रताको सुनिश्चितताका लागि नेपालका क्रिश्चियनहरुको प्रतिनिधिमुलक संस्था नेपाल राष्ट्रिय मण्डली परिषदद्वारा देशव्यापि रुपमा आयोजना गरिएको वृहद छलफल तथा अन्तरक्रियाबाट प्राप्त भएका सुझावहरु यसैसाथ संलग्न गरी पेश गरेका छौं । यी सुझावहरुका मर्म तथा भावनालाई अब बन्ने संविधानमा समावेश गराउनमा समितिको महत्वपूर्ण योगदान रहनेमा विश्वास लिईएको छ । |
| ४८. | फातिमा फाउण्डेशन नेपाल, बांके । | ०६६।१।५ | नंया संविधानमा मुस्लिम समुदायका लागि निम्न लिखित अधिकारहरुको व्यवस्था हुनु पर्दछ ।<br>१. मुस्लिम आयोग र मुस्लिम पर्शनल ल को गठन भै सो मा ५० प्रतिशत महिलाको सहभागिता हुनु पर्ने,<br>२.पारिवारिक अदालतको व्यवस्था हुनु पर्ने,<br>३. संविधान निर्माण प्रकृयाको विभिन्न समिति, उपसमितिमा मधेशी तथा मुस्लिम महिलाको अर्थपूर्ण सहभागिता गराईनु पर्ने,<br>४. मुस्लिम तथा मधेशी महिलालाई राज्यको हरेक क्षेत्रमा जनसंख्याको आधारमा ५० प्रतिशत आरक्षणको व्यवस्था गरिनु पर्ने,<br>५. मातृभाषामा उच्च शिक्षा आर्जनको व्यवस्था हुनु पर्ने,<br>६. एकल महिलालाई एकल भएकै दिनदेखि राज्यले रोजगारी वा भत्ताको व्यवस्था गर्नु पर्ने,<br>७. विद्यमान संविधानमा भएका महिला अधिकार सम्बन्धी संवैधानिक व्यवस्थाहरुलाई नयां बन्ने संविधानमा निरन्तरता दिनु पर्ने । |
| ४९. | सुदुरपश्चिमान्चल सरोकार मन्च, नेपाल, काठमाण्डौ । | ०६६।१।५ | सुदुरपश्चिमान्चल सरोकार मन्च, नेपालका तर्फबाट नेपालको सुदुर पश्चिमान्चलसंग सरोकार राख्ने विषयहरु समेटि तयार गरिएको संविधान सुझाव अवधारणापत्र यसै साथ सम्लग्न गरी पठाईएको छ । नयां संविधान निर्माणमा यसलाई उचित ध्यान दिने विश्वास लिईएको छ । |
| ५०. | नेपाल उरांव आदिवासी जनजाति उत्थान प्रतिष्ठान, सुनसरी । | ०६६।१।५ | नेपाल उरांव आदिवासी जनजातिका तर्फबाट उरांव आदिवासी जनजातिका साझा सवाल तथा मुद्दाहरु (यसै साथ सम्लग्न गरी पठाईएको छ । नया संविधान निर्माणमा यसलाई उचित ध्यान दिने विश्वास लिईएको छ । |
| ५१. | विष्ट ब्राम्हण समुदाय, | ०६६।१। | दशौं शताव्दीदेखि दार्चुला जिल्लाको लेकम गर्खाको दुर्गम विकट भूभागमा पहिलो बस्तीका रुपमा बसोबास गर्दै आईरहेको इतिहास भएको यो शाण्डिल्य गोत्रिय |

| | | | |
|---|---|---|---|
| | दार्चुला । | | विष्ट ब्राम्हण जाति आफ्नो लेकमाली भाषा, धर्म, संस्कृति र भेषभूषायुक्त पहिचान भएको एउटा आदिवासी समुदाय हो । यो समुदाय हालको एक्काइसौं शताव्दीमा आईपुग्दा सम्म देशकै अति अल्पसंख्यक जातिका रुपमा कायम हुन पुगेको छ । अत: अब बन्ने नयां संविधानमा यस जातिलाई अल्पसंख्यक आदिवासी जातिका रुपमा सूचिकृत गरी त्यस्ता समुदायले राज्यबाट पाउने सबै किसिमका हक, अधिकारहरुको ग्यारेन्टि हुन अनुरोध गर्दछौं । |
| ५२ | श्री मातालक्ष्मी मा. वि. | ०६६।१। ३० | लैङ्गिक समानता हुनपर्ने । |
| ५३ | ज्ञानोदय अंग्रेजी स्कूल परिवार<br>बहुनी-६, मोरङ्ग | ०६६।१। ३० | दलित, पहाडी, मधेसी सबै भेषभुषा, जातजातिको आवाज समेटिएर समानुपातिक रुपमा प्रतिनिधित्व गर्नु पर्छ । |
| ५४ | ने. क. पा. माओवादी<br>१० नं. एरिया, संखुवासभा | ०६६।१। ३० | लोपोन्मूख जातिको संरक्षण गर्दै राज्यको हरेक अङ्गमा प्रतिनिधित्व गराइनु पर्दछ । जस्तै सुकुन्दा, राउटे । |
| ५५ | ताकु गाविस<br>ताकु | ०६६।१। ३० | कुलुङ्ग जातिलाई आदिबासी जातिमा राख्नु पर्ने । |
| ५६ | आदिबासी जनजाति महिला महासंघ | ०६६।१। ३० | आदिवासी, जनजाति महिलाहरुको हक अधिकारको संरक्षण र सुनिश्चितताको लागि संवैधानिक आयोगको गठन हुनुपर्ने र जनजाति, अपाङ्ग महिलाहरुका लागि बृद्धभत्ताको व्यवस्था हुनुपर्ने । |
| ५७ | नेपाल मगर संघ केन्द्रीय समिति | ०६६।१। ३० | मगरहरुलाई सरकारको मूलप्रवाहमा ल्याउनु पर्ने, विशेष अधिकार हुनुपर्ने । |
| ५८ | दलित सेवा संघ<br>कैलाली | ०६६।१। ३० | छुवाछुतलाई सामाजिक अपराध मानी कारवाही गर्ने, दलितलाई राज्यले विशेष व्यवस्था गर्ने, दलितको शीप पेशालाई व्यवसायीकरण गर्ने । |
| ५९ | दलित सेवा संघ<br>लमजुङ्ग | ०६६।१। ३० | मातृभाषा र धर्मको विशेष मान्यता हुनुपर्ने, लोपोन्मूख दुरा, कुमाल भाषामा पढाई हुनुपर्ने । |
| ६० | नीलहिरा समाज<br>सञ्जीव गुरुङ्ग | ०६६।१। ३० | यौनिक अल्पसंख्यकलाई विभेद गरिनु हुँदैन, तेश्रो लिङ्गी, समलिङ्गीलाई इच्छाएको व्यक्तिसँग विवाह गर्न पाउने हक हुनुपर्ने, ४५ प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने यौनिक तथा लैङ्गिक आयोग हुनुपर्ने । |
| ६१ | संयुक्त मगर मञ्च<br>झक ब. थापामगर | ०६६।१। ३० | परम्परागत ज्ञानशीप, कला, रोजगारी सुनिश्चित हुनुपर्ने, परम्परागत कानूनी मान्यताको स्वीकृति हुनुपर्ने, भूमीमाथिको अधिकार हुनुपर्ने, महिलाको ५० प्रतिशत हक प्रत्याभूत हुनुपर्ने । |
| ६२ | नेपाल कुशवाह कल्याण समाज<br>सूर्यनाथ प्रसाद कुशवाह | ०६६।१। ३० | कुशवाह जातिको विशेष व्यवस्था हुनुपर्ने । |
| ६३ | याम्फू किरात समाज | ०६६।१। ३० | जातीय स्वशासित राज्यहरुको निर्माण र सीमा निर्धारणमा सम्बन्धित जातिको इतिहास, परम्परा तथा संस्कृतिको विशेष व्यवस्था हुनुपर्ने । |
| ६४ | मुस्लीम संघ नेपाल<br>अव्दुल सतार | ०६६।१। ३० | आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक क्षेत्रमा पहुँच नभएका वा पछाडी पारिएका जातीय, धार्मिक, भाषिक, सांस्कृतिक वा क्षेत्रीय वा कुनै वा सबै आधारमा पछाडी पारिएका समुदायको स्पष्ट पहिचान खुल्ने गरी सूचीकृत गरिनुपर्ने, अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई विशेष अधिकार आरक्षण हुनुपर्ने, मुस्लीम समुदायको स्पष्ट पहिचान हुनुपर्ने । प्रत्येक क्षेत्रमा अरु समुदाय सरह मान्यता, समान अवसर, प्रतिष्ठा र समानुपातिक प्रतिनिधित्वको अधिकार हुनुपर्ने । |
| ६५ | नेपाल कविरथ सुधार समिति<br>श्यामसुन्दर कविरथ<br>सुनसरी | ०६६।१। ३० | कविरथ जाति अल्पसंख्यक भएपनि सुविधा नपाएको हुँदा सुविधा दिनुपर्ने । |
| ६६ | पूर्वाञ्चाल मुस्लीम संघर्ष समिति | ०६६।१। ३० | अल्पसंख्यक मुस्लीम समुदायको पारम्परिक कानून लागु हुनुपर्ने । |

| | | | |
|---|---|---|---|
| | महमद इद्रीस साफी | | |
| ६७ | शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ०६६।१। ३० | महिला, दलित, आदिबासी, जनजाति, मधेसी, किसान, अल्पसंख्यक, सीमान्तकृत वा आर्थिक, सामाजिक, सांस्कृतिक दृष्टिले पिछडिएका समुदाय वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण र संवर्द्धन वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्नुपर्ने । |
| ६८ | मुस्लीम समुदायको घोषणापत्र भ. न. पा. ३ | ०६६।१। ३० | मुस्लीम समुदायलाई अल्पसंख्यक समुदायको हैसियतमा संवैधानिक घोषणा गरी विशेष अधिकारको किटानी गर्नुपर्दछ । |
| ६९ | गुरुङ्ग समुदायको घोषणापत्र शारदा गाविस | ०६६।१। ३० | गुरुङ्ग लगायत सबै सीमान्तकृत समुदायको कम्तिमा परिवारको एकजनालाई रोजगारीको व्यवस्था हुनुपर्ने, भूमिहीन सीमान्तकृत समुदायलाइ जग्गा उपलब्ध गराउने नीति हुनुपर्ने, संवैधानिक रुपमा आयोगको व्यवस्था हुनुपर्ने । |
| ७० | चेपाङ्ग समुदायको घोषणापत्र सिद्धि गाविस | ०६६।१। ३० | चेपाङ्ग जातिलाई अति सीमान्तकृत लोपोन्मूख जनजातिको रुपमा संविधानमा इंगित गरिनुपर्दछ । आवासबाट बञ्चित सबैलाई विशेष सुविधाको व्यवस्था हुनुपर्ने । |
| ७१ | बोटे, मुसहर, थारु समुदायको घोषणापत्र बछ्यौली गाविस | ०६६।१। ३० | सीमान्तकृत तथा आदिबासी समुदायको पनि संवैधानिक आयोग बन्नु पर्दछ, कानूनी अधिकारको सुनिश्चितता तथा अधिकारमा बृद्धि गरी सीमान्तकृत समुदायको सहभागिता सथानीयदेखि केन्द्रसम्म बढाउनुको साथै अन्तर्राष्ट्रिय समुदायको दायित्वलाई राज्यले अक्षरस: पालन गर्नुपर्ने । |
| ७२ | दराई समुदायको घोषणापत्र मंगलपुर गाविस | ०६६।१। ३० | भूमिहीन सीमान्तकृत समुदायलाई जग्गा उपलब्ध गराउने नीति राज्यले लिनुपर्ने, दराई लगायत सबै सीमान्तकृत समुदायको कल्याण, सुरक्षण र उथ्थानको लागि विशेष कार्यक्रम ल्याउनुपर्ने । संवैधानिक रुपमा सीमान्तकृत आयोग बनाउनु पर्ने । |
| ७३ | नेपाल दशनामी समाज रविन्द्र प्रसाद गिरी समेत | ०६६।१। ३० | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक र अधिकार सम्बन्धी आयोगमा दशनामी समाज प्रतिनिधिलाई समेत प्रतिनिधित्व गराउने व्यवस्था गरियोस । |
| ७४ | आरोहण गुरुकुल नाटक समूह | ०६६।१। ३० | सीमान्तकृत तथा पिछडिएकाहरुको उथ्थानको लागि व्यवस्था हुनुपर्दछ, सबैलाई समान अवसर हुनुपर्ने, गरिबका छोराछारीलाई निशुल्क शिक्षाको व्यवस्था हुनुपर्ने, छुवाछुत र भेदभावको अन्त हुनुपर्ने, वर्गीय भेदभाव हुनु नहुने, समतामूलक समाज हुनुपर्ने, समावेशी संविधान बन्नुपर्ने, दलितलाई प्रार्थमिकता दिनुपर्ने, जातीय भेदभावको पूर्ण अन्त हुनुपर्ने, सबै जातिलाई समेट्नु पर्ने, महिला हिंसाको पूर्ण अन्त हुनुपर्ने । |
| ७५ | नेपाल सन्यासी समाज | ०६६।१। ३० | दशनामी सन्यासीहरु २०५८ सालको जनगणनामा ०.८८ प्रतिशत मात्र रहेका छन् । देशको विभिन्न भागमा छरिएर अत्यन्त न्यून संख्यामा रही आएकाले संविधानमा दशनामी सन्यासीहरुलाई अल्पसंख्यक तथा सीमान्तकृत जातिको सूचीमा सूचीकृत गरियोस । शिक्षा र रोजगारीमा समानुपातिक हक अधिकार र प्रतिनिधित्वको प्रत्याभूति, संस्कृतिको जगेर्ना, परम्पराको उचित संरक्षणको व्यवस्था होस । |
| ७६ | नेपाल गणतान्त्रिक सन्यासी समाज | ०६६।१। ३० | दशनामी सन्यासीहरु २०५८ सालको जनगणनामा ०.८८ प्रतिशत मात्र रहेका छन् । देशको विभिन्न भागमा छरिएर अत्यन्त न्यून संख्यामा रही आएकाले संविधानमा दशनामी सन्यासीहरुलाई अल्पसंख्यक तथा सीमान्तकृत जातिको सूचीमा सूचीकृत गरियोस । शिक्षा र रोजगारीमा समानुपातिक हक अधिकार र प्रतिनिधित्वको प्रत्याभूति, संस्कृतिको जगेर्ना, परम्पराको उचित संरक्षणको व्यवस्था होस । |
| ७७ | नेपाल सन्यासी समाज | ०६६।१। ३० | दशनामी सन्यासीहरु २०५८ सालको जनगणनामा ०.८८ प्रतिशत मात्र रहेका छन् । देशको विभिन्न भागमा छरिएर अत्यन्त न्यून संख्यामा रही आएकाले संविधानमा दशनामी सन्यासीहरुलाई अल्पसंख्यक तथा सीमान्तकृत जातिको सूचीमा सूचीकृत गरियोस । शिक्षा र रोजगारीमा समानुपातिक हक अधिकार र प्रतिनिधित्वको प्रत्याभूति, संस्कृतिको जगेर्ना, परम्पराको उचित संरक्षणको व्यवस्था होस । |
| ७८ | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय | ०६६।१। ३० | केन्द्रदेखि स्थानीयतहसम्म हरेक निकाय, आयोग तथा समितिमा अपाङ्गता भएका व्यक्तिहरुको अनिवार्य प्रतिनिधित्व गरिनुपर्‍यो । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सम्बन्धी महासन्धि **(CRPD)** लाई तुरुन्त अनुमोदन गर्नुपर्‍यो । अपाङ्गता भएका महिलाहरुको विकास र सशक्तिकरण, हिंसा अन्त्य, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षालाई मौलिक हकमा समावेश गरिनुपर्‍यो । अपाङ्गता अधिकार आयोग गठन २५ प्रतिशत कोटा आरक्षण, अपाङ्गता भएका महिलाहरुको स्वास्थ्य परीक्षण र प्रजनन् स्वास्थ्यको निशुल्क सेवा उपलब्ध हुनुपर्‍यो । |
| ७९ | समविकास केन्द्र | ०६६।१। ३० | जातीय छुवाछुतको अन्त्यकोसाथै आर्थिक, राजनैतिक र सांस्कृतिक अधिकार, शिक्षा, स्वास्थ्य र रोजगारमा समावेशीकरण हुनुपर्ने । |

| | केशव परियार डोटी | | |
|---|---|---|---|
| ८० | गैसस महासंघ पाँचथर | ०६६।१। ३० | आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक दृष्टिले किनारामा पारिएका राज्यको पहुँचबाट बञ्चित वर्ग वा समुदायलाई अल्पसंख्यक तथा सीमान्तकृत मानी राज्यको हरेक संरचना, निकायमा तथा संगठनमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने । |
| ८१ | नागरिक समाज पाँचथर | ०६६।१। ३० | जाति, भाषा, धर्म, लिङ्ग, वर्ग, राजनीतिक, सामाजिक उत्पत्तिको आधारमा राष्ट्रिय स्तरमा राज्यको स्रोत साधन माथिको पहुँच र त्यसको प्रतिफलको समान अधिकार हुनुपर्ने । |
| ८२ | संस्थागत विकास सञ्जल, सहयोगी हातहरु समूह ललितपुर | ०६६।१। ३० | राज्यको मूल प्रवाहामा वा हरेक निकायमा समावेशीकरण र रोजगारीका लागि विशेष अधिकार वा आरक्षणको व्यवस्था हुनुपर्ने, राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने । |
| ८३ | लोहरुङ याख्खा युयोङ जीत बहादुर राई हङकङ | ०६६।१। ३० | हलिया, कमैया, देउकीप्रथा, वर्णभेद, जातिभेद निषेध गर्ने, लोपोन्मूख जाति, अपाङ्गको शिक्षा, स्वास्थ्य र अन्य आधारभूत आवश्यकता र व्यवसायको व्यवस्था गर्ने । |
| ८४ | सामुदायिक अध्ययन केन्द्र कमला दाहाल ओखरबोटे | ०६६।१। ३० | राज्यको हरेक अङ्गमा सबै जातजातिको समुदायहरुलाई समावेश गर्नुपर्ने, जातीय विभेद र छुवाछुतको अन्त गर्नुपर्ने, यसलाई दण्डनीय अपराध मान्नुपर्ने, वैज्ञानिक भुमिसुधार लागू गर्नुपर्ने । |
| ८५ | लिम्बुवान मस्यौदा खाका | ०६६।१। ३० | आई. एल. ओ. को अन्तर्राष्ट्रिय महासन्धि १६९ लाई आधार मानी सोही बमोजिम संविधानमा व्यवस्था गर्नुपर्ने । |
| ८६ | राष्ट्रिय आदिबासी जनजाति महिला महासंघ | ०६६।१। ३० | बृद्ध, असक्त, र एकल आदिबासी जनजाति महिलाहरुलाई भत्ताको विशेष व्यवस्था हुनुपर्ने । |
| ८७ | दलित सेवा संघ | ०६६।१। ३० | दलितको अधिकार सुनिश्चित गराउनु पर्ने । |
| ८८ | मुसहर उथ्थान समिति सुनसरी | ०६६।१। ३० | दलित आयोगको गठन जिल्लामा हुनुपर्ने, दलित भुमिहीन सुकुम्बासीलाई बसोबासको प्रत्याभूति गर्नुपर्ने, जमिनमा काम गर्नेलाई जमिन दिनु पर्ने, मुसहर समुदायको संविधानसभामा प्रतिनिधित्वको व्यवस्था गर्नु पर्ने । |
| ८९ | सामाजिक परिवर्तन समूह | ०६६।१। ३० | चेलीबेटी बेचबिखन गर्ने सबैलाई कारवाही र सजाय होस, राजनीतिक दलले छुटाउने कार्य नगरोस । |
| ९० | हिमाली लोकतान्त्रिक गणतान्त्रिक नागरिक मञ्च | ०६६।१। ३० | अल्पसंख्यकहरुको सूचीमा हिमाली आदिवासीहरुका विभिन्न समुदायहरु अल्पसंख्यक भएकोले उनीहरुलाई समावेश गर्नुपर्ने, ताप्लेजुङ्गदेखि दार्चुलासम्मका हिमाली आदिबासीको भाषाको संरक्षण गर्नुपर्ने । |
| ९१ | मुस्लीम धार्मिक समुदाय समसुद्दीन मिया अर्घाखाँची | ०६६।१। ३० | मौलिक हकको धारामा समानताको हकभित्र महिला, दलित, आर्थिक, सामाजिक, सांस्कृतिक रुपले पिछडिएका वर्ग, बालक, बृद्ध तथा अपाङ्ग, शारीरिक तथा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्नसकिने भन्ने स्थानमा मुस्लीम धार्मिक समुदायलाई छुट्टै कानूनद्वारा व्यवस्थिा गर्नसकिने व्यवस्था हुनुपर्ने, प्रान्तीय ईकाईहरुको गठन गर्दा अल्पसंख्यकको रुपमा रहेको धार्मिक समुदायलाई प्रान्तीय ईकाईहरुमा सामेल गर्ने विशेष व्यवस्था गर्नुपर्ने । |
| ९२ | दलित महिला संघ | ०६६।१। ३० | अल्पसंख्यक, आदिबासी, जनजातिका लिपि, भाषा, धर्म, संस्कृतिको संरक्षण र विकासको व्यवस्था हुनुपर्ने, राज्यका तीनै अङ्गमा समानुपातिक सहभागिताको आरक्षणसम्बन्धी व्यवस्था हुनुपर्ने । |
| ९३ | गैरसरकारी संस्था महासंघ, नेपाल देवीप्रसाद खनाल अछाम | ०६६।१। ३० | अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, अपाङ्गहरुलाई व्यवस्थित गर्न उनीहरुबाट प्रान्तीय सरकारमा १२ प्रतिशत मनोनित गर्ने व्यवस्था गर्ने । |
| ९४ | नेपाल आदिबासी जनजाति महासंघ | ०६६।१। ३० | आदिबासी जनजाति महिला पुरुषहरु अन्य सबै समान उद्देश्य भएका आन्दोलनकारीसंग मिलेर बाहुनबाद, पितृसत्ता तथा सबैप्रकारका शोषण, जातीय, वर्गीय विभेदको अन्त गर्नुपर्ने । |

| | | | |
|---|---|---|---|
| | ओकन्द्र आलेमगर पाँचथर | | |
| ९५ | दलित सेवा संघ सिन्धुली | ०६६।१। ३० | संविधानमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको नाम उल्लेख गर्नपर्ने, जातीय जनसंख्याको आधारमा समानुपातिक समावेशीकरणको व्यवस्था हुनुपर्ने, महिला बालबालिका, युवा, मजदुर, किसान, मधेसी, आदिवासी तथा जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुसलमान लगायत सबै अल्पसंख्यक समुदायको विशेष संरक्षण र सशक्तिकरण वा विकासको प्रत्यभुति हुनुपर्ने, राज्यले दलित समुदायको हक अधिकार सुनिश्चित गर्न केन्द्रदेखि सथानीय तहसम्म विभिन्न संयन्त्र स्थापना गर्नुपर्ने । |
| ९६ | संविधानसभा महिला सभासद् समूह | | ◆ राज्य व्यवस्थामा जातजाति, आदिवासी, जनजाति, धार्मिक, साँस्कृतिक वा पछाडि पारिएका वा एक्लिएका वा अल्पसंख्यक वा सीमान्कृत वा लैङ्गिक वा अपाङ्गताका आधारमा समानुपातिक र समावेशी रुपमा सहभागि गर्ने व्यवस्था गर्ने ।<br>◆ जेष्ठनागरिकहरुलाई हेरचाह, आवास तथा भत्ताको व्यवस्था गर्ने ।<br>◆ एकल महिलालाई सकारात्मक विभेदको माध्यमबाट रोजगारी, भत्ता, सुविधाहरु लगाययतका संरक्षणको विशेष व्यवस्था गर्ने ।<br>◆ प्रथागत रुपमा निकृष्ट पेशामा संलग्न हुन बाध्य बनाइएका बादी समुदाय लगायतका अल्पसंख्यक महिलालाई सकारात्मक विभेदको माध्यमबाट विशेष संरक्षणको व्यवस्था गर्ने । |

# अनुसूचिः-७

## संविधानसभा

### अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति

### विभिन्न राजनैतिक दलले संवैधानिक समिति मार्फत पेश गरेको सुझावको सार संक्षेप

| सि.नं. | राजनीतिक दल | सुझावको विवरण | कैफियत |
|---|---|---|---|
| १ | नेकपा (माओवादी) | | |
| २ | नेपाली कांग्रेस | राष्ट्रिय मूलप्रवाहमा आउन नसकेका दलित, पिछडिएका महिला, आदिवासी जनजाति, तराईबासी/मधेशी एव सीमान्तकृत, असहाय अपाङ्ग लगायतका समूहलाई सार्वजनिक क्षेत्रमा आरक्षण गर्नुपर्ने । | |
| ३ | नेकपा (एमाले) | | |
| ४ | म.ज.अ. फोरम, नेपाल | अल्पसंख्यकको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरुप जातीय, भाषिक र धार्मिक अधिकारको संवैधानिक प्रत्याभूति दिनुपर्ने । संघ, प्रदेश दुवैमा महिला, दलित, आदिबासी, जनजाति, पिछडावर्ग, मधेशी, अल्पसख्य मुस्लिम तथा अपाङ्गलाई अग्राधिकार र आरक्षणको व्यवस्था हुनुपर्ने । | |
| ५ | तराई मधेश तोकतान्त्रिक पार्टी | | |
| ६ | सद्भावना पार्टी (राजेन्द्र महतो समेत) | देशको रानैतिक, आर्थिक र सामाजिक परिवर्तनलाई सुनिश्चित गरी वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्तगर्दै महिला, दलित, आदिबासी-जनजाति, मधेसी, उत्पीडित, उपेक्षित, मुस्लीम, अल्पसंख्यक र पछाडि पारिएको समुदायलाई सम्बोधन गरिनेछ । शिक्षा, स्वास्थ्य, रोजगारीमा सुनिश्चितताको लागि आरक्षणको व्यवस्था गरी समान्तकृत समुदायलाई संरक्षण प्रवर्द्धन गर्ने नीति राज्यले लिनेछ । | |
| ७ | नेकपा (माले) | महिला, दलित अपाङ्ग र लोपोन्मूख जातिलाई निश्चित अवधिसम्मका लागि आरक्षणको व्यवस्था गर्नुपर्दछ । | |
| ८ | रा. प्र. पा. | राज्यले नागरिकहरुकाबीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन, तर महिला, दलित, आदिबासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृति दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक अशक्त व्यक्तिको सरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । आदिबासी जनजाति, तराई-मधेशका मधेसी, दलित, महिला, मुस्लिम र अल्पसंख्यकहरुको समान र साझेदारी हक सथापना गराउने, यसका लागि आरक्षणको व्यवस्था गर्ने । | |
| ९ | जनमोर्चा नेपाल | | |
| १० | नेकपा (संयुक्त) | अल्पसंख्यक समुदायका सदस्यलाई जातीय, धार्मिक, भाषिक वा वर्णगत जुनसुकै रुपले अल्पसंख्यक भएपनि अल्पसंख्यक भएकै आधारमा कुनैपनि खालको भेदभाव गरिने छैन । अल्पसंख्यक समुदायका नागरिकलाई आफ्नो भाषा, वर्णमालाको प्रयोग, सांस्कृतिक धरोहरको संरक्षण र विकास, संघसंस्थाको सञ्चालन र विकासको अधिकार हुनेछ । अल्पसंख्यक समुदायका नागरिकलाई संविधान र अन्तर्राष्ट्रिय कनूनले प्रत्याभूत गरेका अधिकारको व्यक्तिगत तथा सामुहिक रुपमा पूर्ण अभ्यास गर्ने अधिकार हुनेछ । स्थानीय स्वशासन, न्यायिक तथा शैक्षिक संस्थाहरु कायम राख्न पाउने अधिकार रहनेछ । राज्यका विभिन्न अगमा अल्पसंख्यकहरुको समानुपातिक आधारमा प्रतिनिधित्व सुनिश्चित गरिनेछ । सीमान्तकृत तथा अल्पसंख्यकका लागि कानूनले व्यवस्था गरेअनुसार आरक्षणको व्यवस्था गरिनेछ । | |
| ११ | नेपाल मजदुर किसान पार्टी | आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिबासी, जनजाति, उत्पीडित वर्ग, गरीब किसान र मदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागि हुने हक हुनेछ । | |

| | | | |
|---|---|---|---|
| १२ | रा. प्र. पा. नेपाल | | उल्लेख नभएका |
| १३ | राष्ट्रिय जनमोर्चा | कुनै पिछडिएको जात वा जातिविशेषका जनता अत्यधिक बहुसंख्यक रुपमा बसोबास गर्ने स्थानहरुमा अग्राधिकार सहितको जातीय स्वशासन कायम गरिनेछ । त्यसरी सबै जातजाति भाषा, संस्कृति, जातीय एकता, क्षेत्रीय एकताको संरक्षण र सम्बर्धन गर्दै समग्र रुपमा नेपाली राष्ट्रियताको विकासका लागि आधार र वातावारण तयार गरिनेछ । राज्यका सबै अंगमा महिला, दलित, जनजाति, मजदुर, किसान, अपाङ्ग, मधेशी र पिछडिएको वर्ग र क्षेत्रको समानुपातिक सहभागिता गराउने । धार्मिक, सामाजिक, राजनीतिक र यस्तै दृष्टिले पिछडिएका वर्ग, जाति, महिला, दलित, पिछडिएको क्षेत्र, जनजाति, मजदुर, किसान, अपाङ्ग, मधेसीको हकमा सकारात्मक विभेदको सिद्धान्तको आधारमा विशेष व्यवस्था गरिनेछ । | |
| १४ | राष्ट्रिय जनशक्ति पार्टी | | |
| १५ | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) | | |
| १६ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | | |
| १७ | राष्ट्रिय जनमुक्ति पार्टी | अतिपिछडिएको जाति, जनजाति, दलित, महिला र सीमान्तकृत जातिहरुलाई विविध क्षेत्रमा आरक्षण, संरक्षण र उनीहरुलाई निर्वाचन क्षेत्र छुट्याई उनीहरुको उत्थानमा विशेष ऐन कानून बनाइनेछ । | |
| १८ | नेपाली जनता दल | देशका मजदुर किसान श्रमजीवी वर्ग, निम्न वर्ग, निम्न-मध्यम वर्ग, शदियौंदेखि हेपिएर बसेका, राज्यको विभेदारी नीतिका कारण पछाडि पारिएका दलित, आदिवासी, जनजाति, र पिछडिएको वर्गको उत्थानको लागि वर्ग समानताको अवस्थामा नपुगेसम्मका लागि आरक्षणको व्यवस्था तथा जनताको न्यूनतम् आधारभूत आवश्यकता निशुल्क रुपमा पाउने व्यवस्था हुनुपर्दछ । | |
| १९ | ने. क. पा एकिकृत | नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, सस्कृति, सास्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सवर्द्धन गर्ने हक हुने । महिला तथा लैङ्गिक अल्पसंख्यक भएकै कारणबाट कुनै किसिमको भेदभाव नगरिने । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका मजदुर किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, अपाङ्ग तथा लैङ्गिक अल्पसंख्यक, धार्मिक अल्पसंख्यक, गरिबलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा आ-आफ्नो पहिचान सहित सहभागि हुने हक हुने । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका मजदुर किसान, महिला, दलित, आदिबासी जनजाति, मधेशी समुदायलाई राज्यको मूलप्रवाहमा समाहित गराउन निश्चित अवधिका लागि आरक्षणको व्यवस्था गर्ने । | |
| २० | दलित जनजाति पार्टी | | |
| २१ | नेपा: राष्ट्रिय पार्टी | आदिबासी, जनजाति, दलित मधेसी र महिलाहरुको लागि आफ्नो पहिचानसहित बाँच्न पाउने र स्वनिर्णय गर्न पाउने अधिकार उल्लेख गर्ने, उत्पीडित र पिछडिएको वर्गको लागि आवधिक रुपमा (प्रत्येक १० बर्षमा लिइने जनगणनाको आधारमा) तिनीहरुको स्तर नउठुञ्जेलसम्म आरक्षणको हक प्रदान गर्ने । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अंगहरुमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई समावेश गर्नुपर्ने, अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई संघीय तथा प्रान्तीय परिप्रेक्ष्यमा छुट्टाछुट्टै परिभाषा गर्नुपर्ने, आदिबासी जनजाति समुदायका परम्परागत विवाद समाधान गर्ने स्थानीय न्यायिक संरचनालाई औपचारिक मान्यता प्रदान गर्नुपर्ने । | |
| २२ | समाजवादी प्रजातान्त्रिक जनतापार्टी | राज्यले नागरिकहरुकाबीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा नी मध्ये कुनै कुराको | |

| | | | |
|---|---|---|---|
| | नेपाल | आधारमा भेदभाव गरिने छैन, तर महिला, दलित, किसान, मजदुर, सामाजिक रुपले बहिस्कृत, राजनैतिक रुपले पछाडि पारिएको एवं आर्थिक रुपले विपन्न वर्ग र भौगोलिक रुपले विकट क्षेत्र एवम् लोपोन्मुख जाति, बालबालिका, वृद्ध, तथा अपाङ्ग, शारीरिक वा मानसिकरुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण तथा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको नमानिने । भेदभावपूर्ण व्यवहार दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपुर्ति पाउने व्यवस्था हुने । महिला भएकै कारणले कुनै भेदभाव नगरिने । वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै उत्पीडित, उपेक्षित र अल्पसंख्यक, सीमान्कृत र लोपोन्मूख समुदाय, पिछडिएको क्षेत्र लगायतका समस्याहरुलाई सम्बोधन गर्न स्वायत्तता र स्वशासनको ग्यारेण्टी सहित संघीय समाजबावादी गणतन्त्रलाइ स्थापित गर्दै राज्यको अग्रगामी पुनर्संरचना गर्ने । | |
| २३ | चुरेभावर राष्ट्रिय एकता पार्टी, नेपाल | राज्यले नागरिकहरुकाबीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन, तर महिला, दलित, किसान, मजदुर, सामाजिक रुपले बहिस्कृत, राजनैतिक रुपले पछाडि पारिएको एवं आर्थिक रुपले विपन्न वर्ग र भौगोलिक रुपले विकट क्षेत्र एवम् लोपोन्मूख जाति, बालबालिका, वृद्ध तथा अपाङ्ग, शारीरिक वा मानसिकरुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण तथा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको नमानिने । भेदभावपूर्ण व्यवहार दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपुर्ति पाउने व्यवस्था हुने । महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई सामाजिक सुरक्षाको हक हुने । | |
| २४ | नेपाल लोकतान्त्रिक समाजवादी दल | अल्पसंख्यक अतिसीमान्तकृत, लोपोन्मूख एवं दलितहरुका लागि विशेष आरक्षणको व्यवस्था मिलाउनु पर्दछ । नेपाल सरकारले पिछडावर्गको पहिचान गरी उचित आरक्षणको व्यवस्था गर्नुपर्ने, दलितहरुको लागि उचित आरक्षणको व्यवस्था गर्नुपर्ने, अल्पसंख्यकहरुको पहिचान गरी आवश्यक आरक्षण, संरक्षणको व्यवस्था गर्नुपर्ने, विशेष स्वायत्त क्षेत्र तथा स्वशासित क्षेत्रमा बसोबास गरिरहेका सीमान्तकृत, आदिबासी जनजातिहरुको अचल सम्पत्तिको बेचबिखन सोही समुदायभित्र मात्र हुने व्यवस्था गरिनुपर्ने । सुकुम्बासी, कमैया, हलिया, हरुवा, चरुवा लगायतका आर्थिक सामाजिक रुपले पिछडिएका वर्गलाइ जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने । राज्यले आदिवासी, जनजाति, महिला, दलित, अल्पसंख्य, पिछडावर्ग, सुकुम्बासी, कमैया, हलिया, हरुवा चरुवा, द्वन्द्वपीडित अपाङ्ग, यौनिक तथा लैङ्गिकका लागि सकारात्मक विभेदको आधारमा विशेष व्यवस्था गर्ने नीति लिने । | |
| २५ | नेपाल परिवार दल | वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएको क्षेत्र लगायतका समस्याहरुलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने । सुकुम्वासी कमैया, हलिया, हलिया, हरवा, चरवा लगायतका आर्थिक सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने । राजयले एकल महिला, अनाथ, बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मूख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति लिने । शिक्षा, स्वास्थ्य, आवास, खाद्य-संप्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका आदिबासी जनजाति, मधेशी, दलित लगायत समान्तकृत समुदाय तथा गरिवीको रेखामुनीका मजदुर किसानको उथ्थान गर्ने नीति लिने । | |

# अनुसूचि ८

## संविधानसभा

### अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति

### राय, सुझाव संकलन टोलीबाट प्राप्त राय, सुझावको सार संक्षेप

| क्र.सं. | सुझाव प्रेषित गर्ने टोलीको नाम | प्राप्त सुझावको विवरण | कैफियत |
|---|---|---|---|
| १ | टोली नं १, झापा, इलाम । | • अल्पसंख्यक समुदायलाई सकारात्मक विभेद गरी विशेष संरक्षण गरिनु पर्ने,<br>• सीमान्तकृत र लोपोन्मुख जातिको संरक्षण, सम्बर्धन र उत्थान हुनु पर्ने,<br>• वास्तविक सुकुम्बासी पहिचान गरी समस्याको समाधान गर्नु पर्ने,<br>• जनजाति, दलित, आदिवासी, अल्पसंख्यक, मुस्लिम, सीमान्तकृत, अतिसीमान्तकृत र लोपोन्मुख जातिहरुको लागि आरक्षणको व्यवस्था हुनु पर्ने,<br>• आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको विधानको धारा १६९ मा व्यवस्थित अधिकारलाई संवैधानिक रुपमा सुनिश्चितता प्रदान गर्नु पर्ने,<br>• प्रत्येक जातिको जातीय पहिचानको व्यवस्था गर्नु पर्ने,<br>• एक जातिले अर्को जातिलाई सम्मान गर्ने, जातीय सहिष्णुताको संस्कृति निर्माण गर्नु पर्ने, | |
| २. | टोली नं. २, ताप्लेजुङ्ग, पांचथर । | • आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, राजनैतिक रुपमा पिछडिएका वा पछाडि पारिएका समुदाय, दलितमा परेका अल्पसंख्यक रुपमा रहेका कुनैपनि क्षेत्रमा पहुंच नभएका र दलित समुदायका जनताहरुलाई आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक तथा राज्यका श्रोत र साधनमा पहुंचयोग्य बनाउने,<br>• सो गर्नका लागि निश्चित अवधीका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने,<br>• सकारात्मक विभेदको नीति अन्तर्गतका कोटालाई ती वर्गका टाठा बाठाले मात्र प्राप्त गर्ने प्रवृत्ति रोक्ने विधि र संयन्त्र निर्माण गर्ने । | |
| ३. | टोली नं ३, मोरङ्ग, भोजपुर । | • सकारात्मक विभेदको सिद्धान्तका आधारमा राजनीतिक तथा आर्थिक रुपमा कमजोर अल्पसंख्यक तथा सीमान्तकृत समुदायको विकासका लागि विशेष व्यवस्था गरिनु पर्ने । | |
| ४. | टोली नं. ४ | | |
| ५. | टोली नं. ५, तेह्रथुम, संखुवासभा । | • महिला, दलित, जनजाति, अल्पसंख्यक, मुसलमान र भूमि सम्बन्धी संवैधानिक आयोगको व्यवस्था हुनु पर्ने ,<br>• सम्पूर्ण असमानता, जातीय भेदभाव र छुवछुत तथा सबै खाले उत्पीडनको अन्त सहित समान अवसरको ग्यारेन्टिको संवैधानिक व्यवस्था हुनु पर्ने,<br>• एकल महिलाका लागि संविधानमा विशेष व्यवस्था हुनु पर्ने । | |
| ६. | टोली नं. ६, ओखलढुङ्गा । | • अल्पसंख्यक तथा सीमान्तकृत समुदायभित्र आर्थिक रुपले कमजोर रहेका विभिन्न जात, जाति लगायतका वर्ग र समुदायको विकासका लागि राज्यले विशेष व्यवस्था गर्नु पर्ने,<br>• सकारात्मक विभेदको सिद्धान्तका आधारमा यस्ता वर्गको लागि राज्यले विशेष अधिकार श्रृजना गरी समावेशीकरणलाई आधार मान्नु पर्ने । | |

| | | | |
|---|---|---|---|
| ७. | टोली नं ७, संखुवासभा । | • राज्यका हरेक क्षेत्रमा वा अङ्गमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको उपस्थितिको सुनिश्चितता हुनु पर्ने,<br>• अन्यायमा परेका वर्ग र समुदायको हक हित समेतलाई ध्यानमा राखि व्यवस्था गरिनु पर्ने । | |
| ८. | टोली नं. ८, सप्तरी, खोटाङ्ग । | • अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अग्राधिकार सहितको विशेषाधिकारको सुनिश्चितता हुनु पर्ने ,<br>• आन्दोलनकारीको मात्र माग होईन कि वास्तविक रुपमा पछि परेका र पारिएका, अन्यायमा परेका वर्ग र समुदायका हक हित समेतलाई ख्याल राख्न सक्ने संयन्त्रको व्यवस्था हुनु पर्ने । | |
| ९. | टोली नं. ९ | | |
| १०. | टोली नं. १० | | |
| ११. | टोली नं. ११, धनुषा, महोत्तरी । | • राष्ट्रिय एवं क्षेत्रिय मूलप्रवाहिकरणमा नपरेका समुदायलाई अल्पसंख्यक र सीमान्तकृत समुदाय मान्नु पर्ने,<br>• यस्ता समुदायको उत्थानको लागि राजनीतिक दल तथा राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्व हुनु पर्ने,<br>• यी समुदायको भाषा, संस्कृतिको संरक्षण हुनु पर्ने,<br>• अपांगता भएका व्यक्ति र अन्तरजातीय विवाह गर्ने व्यक्तिलाई विशेष संरक्षण गरिनु पर्ने,<br>• अपांगता अनुकुलको शिक्षा र रोजगारीको व्यवस्था गरिनु पर्ने,<br>• यस्ता समुदायलाइ आरक्षणको व्यवस्था हुनुपर्ने । | |
| १२. | टोली नं. १२, बारा, पर्सा र रौतहट । | • अल्पसंख्यक समुदायको हक, अधिकारलाई संविधानमा विशेष स्थान दिएर आरक्षणको व्यवस्था गर्नु पर्ने,<br>• राज्यको संसद, निजामति सेवा, सेना लगायतका विभिन्न क्षेत्रमा विशेष व्यवस्था हुनु पर्ने,<br>• तेश्रोलिङ्गिलाई पुरुष महिला सरहको पहिचान र मान्यता दिनु पर्ने । | |
| १३. | टोली नं १३, मलांही, सिन्धुलि । | • दलित समुदायलाई पछाडि पारिएको वा पिछडिएको जात जातिमा राखिनु पर्ने,<br>• आदिवासी जनजाति, दलित, अपांगलाई अल्पसंख्यक समुदायमा राखिनु पर्ने,<br>• अल्पसंख्यक जातिहरुलाई आरक्षणको व्यवस्था हुनु पर्ने,<br>• ब्राम्हणहरु बहुसंख्यक समुदायमा रहने,<br>• अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएकाको समस्या आर्थिक, सामाजिक, शैक्षिक पछौटेपन हटाएर समाधान गरिनु पर्ने,<br>• बहिष्करणमा परेका समुदायभित्र आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, रोजगारीमा पछाडि पारिएका महिला, दलित, आदिवासी, मधेशी, लैङ्गिक, यौनिक वर्ग र समुदाय समावेश हुनु पर्ने । | |
| १४. | टोली नं. १४ | | |
| १५. | टोली नं १५, ललितपुर जिल्ला उपटोली । | • पहरी जातिका लागि संविधानमा विशेष व्यवस्था गरिनु पर्ने,<br>• संविधानमा अल्पसंख्यक पहरी जातिको हक, अधिकारको सुनिश्चितताका लागि शिक्षा, स्वास्थ्यमा निश्चित कोटा उपलब्ध गराईनु पर्ने,<br>• तेश्रोलिङ्गि आयोग बन्नु पर्ने,<br>• पहिचानका आधारमा नागरिकता दिनु पर्ने, | |

| | | | |
|---|---|---|---|
| | | • तेश्रो लिङ्गिलाई पनि शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरी सम्पत्तिमा हक हुनु पर्ने,<br>• तेश्रो लिङ्गिलाइ पनि अन्य नागरिकलाई जस्तै विवाहको अधिकार हुनु पर्ने । | |
| १६. | टोली नं. १६ | | |
| १७. | टोली नं. १७, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक । | • महिला, दलित, पिछडिएका सीमान्तकृत जनजातिलाई विशेष अधिकारको व्यवस्था सुनिश्चित होस्,<br>• अल्पसंख्यक सीमान्तकृत जातिले आरक्षण पाउनु पर्ने,<br>• दलितलाई रोजगारीको व्यवस्था हुनु पर्ने,<br>• छुवाछुतको भेदभाव गर्नेलाई मानवता विरोधी अपराधका रुपमा दण्डको व्यवस्था हुनु पर्ने,<br>• अल्पसंख्यक जनताको लागि राज्यले छुट्टै कार्यक्रम ल्याएर जीवनस्तर उठाउने व्यवस्था गर्नु पर्ने,<br>• अल्पसंख्यक तथा सीमान्तकृत जनताले समाजमा सम्मानजनक स्थान पाउने कारण बन्नु पर्ने,<br>• अल्पसंख्यक जनतालाई राज्यले गास, बास र कपासको लागि विशेष सहुलियत प्रदान गर्ने खाले कानून बनोस्,<br>• तामाङ्ग, शेर्पा, होल्मो र थामिहरुका लागि मातृभाषामा शिक्षाको व्यवस्था गर्नु पर्ने,<br>• अल्पसंख्यक तथा सीमान्तकृतहरुका लागि विशेषाधिकार सुरक्षित हुनु पर्ने,<br>• नेपालको जनसंख्याको ०.८ प्रतिशत रहेको र धर्म र संस्कृति फरक भएका सन्यासीहरुलाई पनि अल्पसंख्यक सूचिमा सूचिकृत गर्नु पर्ने । | |
| १८. | टोली नं. १८, कास्की, स्याङ्जा । | • अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख जातिका लागि शिक्षा, स्वास्थ्य, रोजगारीका क्षेत्रमा आरक्षण र विशेषाधिकार दिईनु पर्ने र उनिहरुको हक, अधिकारको संरक्षण राज्यले गर्नु पर्ने,<br>• उनिहरुको भाषा, संस्कृतिको संरक्षण गर्न सरकारले राष्ट्रिय भाषा संस्कृति मन्च गठन गरी कार्य संचालनमा ल्याउनु पर्ने, | |
| १९. | टोली नं. १९, लमजुङ्ग, मनाङ । | • अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण गर्नका लागि सकारात्मक विभेदको नीति अख्तियार गर्नु पर्ने । | |
| २०. | टोली नं. २०, धादिङ, गोरखा । | • पहिचानको सम्मान, संस्कृतिको संरक्षण, राष्ट्रिय मर्यादा, पेसा व्यवसायमा प्रोत्साहन र प्राथमिकता तथा अधिकार र अवसरमा विशेष व्यवस्था हुनु पर्ने,<br>• अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई स्नातक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनु पर्ने,<br>• मुस्लिम लगायतका अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि आयोग बनाउनु पर्ने,<br>• छुवाछुत प्रथालाई मानवता विरोधी र राज्य विरुद्धको अपराधको रुपमा लिई कडा कारवाहि गरी त्यसरी गरिएको कारवाहि सार्वजनिक गरिनु पर्ने,<br>• चेपाङ्ग, दराई, बराम, माझि, कुमाल, मुस्लिम लगायतका अल्पसङ्ख्यक समुदायलाई स्नातकोत्तर तहसम्म र महिला र अन्य आदिवासीलाई स्नातक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने,<br>• अल्पसंख्यक समुदायलाई प्राविधिक शिक्षामा विशेष सुविधा दिनु पर्ने,<br>• राजनीतिक दलहरुको हरेक तहको सागठानिक सरचनामा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको लागि समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुनु पर्ने,<br>• सीमान्तकृत र आदिवासी जनजाति वर्गको लागि समानुपातिक प्रतिनिधित्व हुने मिश्रित निर्वाचन प्रणालीको | |

| | | | |
|---|---|---|---|
| | | व्यवस्था हुनु पर्ने । | |
| २१. | टोली नं. २१, तनहुं, नवलपरासी । | • आर्थिक, सामाजिक र शैक्षिक पछौटेपन एवं जातीय छुवाछुत र लैङ्गिक भेदभाव अल्पसंख्यक तथा सीमान्तकृत समुदाय पहिचानका आधार हुन् ,<br>यी समुदायको समस्या समाधानका आधारहरु निम्न हुन सक्दछन् ।<br>• आर्थिक, सामाजिक र शैक्षिक पछौटेपन निवारण सम्बन्धी कार्य योजना बनाएर,<br>• छुवाछुत, लैङ्गिक लगायतका असमानता हटाएर,<br>• मधेशी, जनजाति, आदिवासी, महिला, दलित, पिछडिएको वर्ग, समुदाय, मुस्लिम, बालक, वृद्धवृद्धा, अतिसीमान्तकृत र लोपोन्मुख वर्ग र समुदायको लागि विशेष अधिकार र आरक्षणको व्यवस्था गरेर,<br>• अल्पसंख्यक तथा सीमान्तकृत लगायत सबै विपन्न वर्गले राष्ट्रिय साधन र स्रोत तथा राज्य सत्तामा सहज पहुच पाउने व्यवस्था गरेर,<br>• जातीय, धार्मिक, भाषिक, लैङ्गिक र वर्गिय आधारमा भेदभाव नहुने व्यवस्था गरेर,<br>• सकारात्मक विभेदको नीति ल्याएर,<br>• सीमान्तकृत समुदायको हक, हित संरक्षण सम्बन्धी नीति र कार्यक्रम ल्याएर,<br>• सबै पछाडि पारिएका जाति, वर्ग वा समुदायको हक, हित संरक्षण गर्न सकारात्मक विभेदको नीति ल्याई अन्य सरह अधिकार प्रदान गरेर,<br>• उनिहरुलाई राजनैतिक, प्रशासनिक लगायतका सबै तहमा आरक्षणकोव्यवस्था गरेर,<br>• उनिहरुलाई निःशुल्क शिक्षा, स्वास्थ्य, र रोजगारी उपलव्ध गराएर । | |
| २२. | टोली नं. २२, रुपन्देही, अर्घाखांची र कपिलवस्तु । | • राज्यको पूर्नसंरचना पछि अल्पसंख्यक समुदायको पूनः परिभाषा गरिनु पर्ने,<br>• अल्पसंख्यक समुदायलाई सकारात्मक विभेद गरी विशेष संरक्षण प्रदान गर्नु पर्ने,<br>• लोपोन्मुख समुदायलाई विशेष संरक्षण गरिनु पर्ने । | |
| २३. | टोली नं.२३ | | |
| २४. | टोली नं. २४, बागलुङ्ग, पर्वत । | • विशेष अधिकार र राज्यका हरेक क्षेत्रमा वा अंगमा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको उपस्थिति सुनिश्चितता हुनु पर्ने,<br>• आन्दोलनकारीको मात्र माग होईन कि वास्तविक रुपमा पछि परेका सबैको हक, हितलाई ध्यानमा राखिनु पर्ने । | |
| २५.. | टोली नं. २५, म्याग्दी र मुस्ताङ । | • सीमान्तकृत वर्गको लागि उत्तरदायि सरकार र समानुपातिक निर्वाचन हुनु पर्ने,<br>• जनजाति, दलित र विपन्न वर्गको बसोबास क्षेत्रमा भौतिक पूर्वाधार विकासको लागि विशेष प्राथमिकता दिनु पर्ने,<br>• दलितलाई विशेषाधिकार कार्ड र ३० प्रतिशत आरक्षणको व्यवस्था तथा केन्द्र देखि स्थानीय तहसम्म दलित विकास कोषको व्यवस्था गर्नु पर्ने,<br>• मातृभाषामा विश्वविद्यालय खोल्नु पर्ने । | |
| २६. | टोली नं. २६, दाङ्ग, सल्यान । | • नयां बन्ने संविधानमा लैङ्गिक समानताका साथै आदिवासी, जनजाति, मधेशी, मुस्लिम, दलित र पिछडिएको महिलाको उत्थानका लागि विशेष अधिकार सहितको व्यवस्था हुनु पर्ने । | |
| २७. | टोली नं. २७, प्यूठान र रोल्पा । | • सकारात्मक विभेदको सिद्धान्तका आधारमा आर्थिक रुपमा कमजोर अल्पसंख्यक तथा सीमान्तकृत समुदायको विकासका लागि विशेष व्यवस्था गरिनु पर्ने । | |
| २८. | टोली नं. २८, रुकुम र जाजरकोट । | • पिछडिएका र सीमान्तकृत वर्गको उत्थानका लागि कटिवद्ध हुनु पर्ने,<br>• सबै जात जातिलाई समान अवसर दिइनु पर्ने, महिलालाई विशेष संरक्षण गर्नु पर्ने, | |

| | | | |
|---|---|---|---|
| | | • दलितलाई सम्बोधन गर्नु पर्ने,<br>• गरीब पिछडिएका, सीमान्तकृत वर्गको सम्बन्धमा विशेष व्यवस्था हुनु पर्ने । | |
| २९. | टोली नं.२९ | | |
| ३०. | टोली नं. ३०, दैलेख, बांके । | • राज्य संचालनका प्रत्येक अंगमा मुस्लिम वर्गका लागि आरक्षण अथवा विशेष व्यवस्था हुनु पर्ने,<br>• राज्यको प्रत्येक संरचनामा मुस्लिम महिलाको प्रतिनिधित्व हुनु पर्ने,<br>• वादी समुदायको पहिचान हुनुका साथै राज्यको विभिन्न अंगमा प्रतिनिधित्व हुनु पर्ने,<br>• सीमान्तकृत जाति कुशवाधियाको पहिचानका साथै शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था हुनु पर्ने,<br>• अल्पसंख्यक शिख समुदायको परिचय सहित पहिचान हुनु पर्ने,<br>• लोपोन्मुख तथा सीमान्तकृत जातिको लागि राज्यले विशेष व्यवस्था गर्नु पर्ने,<br>• लोपोन्मुख घुमन्ते, फिरन्ते जातिको संरक्षण तथा राज्यको मूल प्रवाहमा ल्याउनु पर्ने । | |
| ३१. | टोली नं. ३१, जुम्ला । | • महिला र दलितहरुको समस्याका बारेमा नयां बन्ने संविधानमा विशेषाधिकारको वयवस्था हुनु पर्ने । | |
| ३२. | टोली नं. ३२, कालिकोट । | • अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख तथा अति सीमान्तकृत समुदायले भोग्नु परेका आर्थिक, सामाजिक र शैक्षिक पछौटेपन जस्ता समस्याको समाधानको लागि भेदभाव र असमान व्यवहारको अन्त्य गरी सकारात्मक विभेद तथा आरक्षणको व्यवस्था गरिने कुरा संविधानमा हुनु पर्ने,<br>• उनिहरुको उपरोक्त बमोजिमका अधिकारलाई मौलिक अधिकारमै समावेश गरिनु पर्ने,<br>• राज्यले जनसंख्याको आधारमा सम्पूर्ण क्षेत्रमा समानुपातिक सहभागिताको नीति लिनु पर्ने,<br>• विपन्न, पिछडिएका वर्ग तथा अल्पसंख्यक समुदायको लागि विशेष व्यवस्था गरिनु पर्ने । | |
| ३३. | टोली नं. ३३, डोल्पा । | • बाल विधवालाई भत्ताको व्यवस्था हुनु पर्ने,<br>• अपांगको हितका लागि छुट्टै व्यवस्था हुनु पर्ने,<br>• कर्णालीका व्यासी, लामा लगायतका अल्पसंख्यक जातिको संरक्षण र विकासको लागि संघीय सरकारले प्रादेशिक सरकारलाई पर्याप्त श्रोत साधन उपलब्ध गराउने व्यवस्था हुनु पर्ने,<br>• बाबु आमा नभएका बालबालिकाको उचित पालन पोषण र शिक्षाको व्यवस्था राज्यले गर्नु पर्ने,<br>• राज्यको हरेक निकायमा कर्णालीको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने,<br>• अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि विशेष व्यवस्था हुनु पर्ने । | |
| ३४. | टोली नं. ३४ | • | |
| ३५. | टोली नं. ३५, हुम्ला । | • पिछडिएको वर्ग, भाषा, क्षेत्र, जाति, लिंग र सम्प्रदायलाई माथि उठाउन संविधानमा विशेष व्यवस्था गरिनु पर्दछ,<br>• जडान सम्प्रदायका मानिसहरु लामा (भोटे जाति) तथा व्यासीलाइं आदिवासी, जनजातिको सूचिमा सूचिकृत गरिनु पर्दछ,<br>• कुनै पनि निकायमा समान व्यक्तिलाई दोश्रो पटक आरक्षण राखिनु हुँदैन । | |
| ३६. | टोली नं. ३६, कैलाली, कनचनपुर र डडेलधुरा । | • जातका आधारमा दलित नछुट्याई आर्थिक अवस्थाका आधारमा दलितको वर्गिकरण हुनु पर्ने,<br>• जातिय, लैङ्गिक भेदभावको अन्त्यका साथै दलित शब्द संविधानमा राख्न नहुने, | |

| | | | |
|---|---|---|---|
| | | • महिला सम्बन्धी विद्यमान कानून यथावत् रहनु पर्ने,<br>• हलिया, दलित, देउकि, कमैया, सुकुम्बासी, हरुवा, चरुवा लगायतकाको पक्षमा कानून बन्नुपर्ने,<br>• विधवा, एकल तथा असहाय महिलाहरुलाई उमेरको हद नलगाई भत्ता लगायतका सुविधा उपलब्ध हुनु पर्ने,<br>• वृद्धवृद्धा, अनाथ, अपांग र दीर्घरोगीको संरक्षण र पालन पोषणको व्यवस्था राज्यले गर्नु पर्ने,<br>• दाइजो प्रथा, छुवाछुत, हलिया, कमलरी, बाल शोषण, घरेलु हिंसा, छाउपडि प्रथाको अन्त्य हुनु पर्ने,<br>• दलितलाई आरक्षणको व्यवस्था हुनु पर्ने,<br>• हरुवा, चरुवा, कमैयाको समस्या समाधान हुनु पर्ने,<br>• महिलाको शरीरमा महिलाको अधिकार हुनु पर्ने,<br>• लोपोन्मुख जातिका लागि रोजगारीको व्यवस्था हुनु पर्ने,<br>• दलितलाई आरक्षण होईन विशेष अधिकार हुनु पर्ने,<br>• पिछडिएका वर्गका लागि नि:शुल्क रुपमा कानुनी सेवा तथा परामर्शको व्यवस्था हुनु पर्ने,<br>• आदिवासी जनजातिको हक, अधिकार, आफ्नो परम्परागत भौगोलिक बसोबास क्षेत्र, धर्म, संस्कृति, इतिहास, मातृभाषा, परम्परागत रीतिरिवाज, सांस्कृतिक पहिचान र सामाजिक संरचनालाई सुनिश्चित पारिनु पर्ने,<br>• राज्यका कुनै पनि निकायमा जाति, जनजाति, मधेशी, दलित, महिला तथा पिछडिएको क्षेत्र भनेर आरक्षणको व्यवस्था गरिनु हुँदैन । उनिहरुका लागि अन्य विशेष कार्यक्रमहरु संचालन गरिनु पर्दछ । | |
| ३७. | टोली नं. ३७ | | |
| ३८.. | टोली नं. ३८, डोटी र अछाम । | • आर्थिक रुपमा कमजोर अल्पसंख्यक तथा सीमान्तकृत समुदायको विकासका लागि राज्यले विशेष व्यवस्था गर्नु पर्ने,<br>• सकारात्मक विभेदको सिद्धान्तका आधारमा अल्पसंख्यक तथा सीमान्तकृत वर्गको लागि विशेष अधिकारको व्यवस्था हुनु पर्ने । | |
| ३९. | टोली नं. ३९ | | |
| ४०. | टोली नं. ४०, बाजुरा । | • छुवाछुत र छाउपडि प्रथाको अन्त्य हुनु पर्ने,<br>• राज्यद्वारा पछाडि पारिएका दुर्गम जिल्लहरुलाई राज्यको मुल प्रवाहमा ल्याउन विशेष कार्यक्रम बनाई संचालन गरिनु पर्ने,<br>• दलित, महिला आदि माथिको भेदभाव र सामाजिक पछौटेपनलाई अन्त्य गर्न सबै क्षेत्रमा विशेषाधिकारको व्यवस्थाका साथै भेदभाव विरुद्ध कडा कानूनी व्यवस्था हुनु पर्ने । | |

# अनुसूचिः-९

## संविधानसभा

## अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति
## सर्व साधारण नागरिकसंग समितिको कार्यक्षेत्रभित्रका विषयमा सूचना संकलनको
## प्रश्नावली

**प्रश्नावली भर्नेको:**

नाम, थरः

ठेगानाः

पेशा / व्यवसायः

उमेरः लिङ्गः समुदायः

भाषाः धर्मः

आँफूलाई उपयुक्त लागेको कुनै एक उत्तरमा (✓) ठीक चिन्ह लगाउनुहोस् । साथै आफ्नो अन्य केही कुरा थप्नु पर्ने भएमा अन्यमा लेख्नुहोस् ।

**१. तपाईं आँफूलाई कुन समुदायको व्यक्ति भन्न रुचाउनुहुन्छ ?**

(क) वहुसंख्यक समुदाय,
(ख) अल्पसंख्यक समुदाय,
(ग) सीमान्तकृत समुदाय,
(घ) अति सीमान्तकृत समुदाय
(ङ) लोपोन्मुख समुदाय
(च) पछाडि पारिएका वा एक्लिएका वा वहिष्करणमा पारिएका जात, जाति लगायतका वर्ग र समुदाय ।

**२. तपाईं आँफूलाई किन उक्त समुदायको व्यक्ति मान्नुहुन्छ ?**

(क) आंफू जातीय रुपमा पछाडि पारिएकोले,
(ख आंफू भाषिक रुपमा पछाडि पारिएकोले,
(ग) आंफू धार्मिक रुपमा पछाडि पारिएकोले,
(घ) आंफू आर्थिक, सामाजिक, शैक्षिक वा राजनैतिक रुपमा पछाडि पारिएको समुदायको व्यक्ति भएकोले,
(ङ)
अन्य........................................................................................................................
...............................................................................................

**३. वर्तमानमा तपाईले भोग्नुपरेको ठूलो समस्या के हो ?**

(क) आर्थिक, सामाजिक र शैक्षिक पछौटेपन,
(ख) आफ्नो जातीय, धार्मिक र भाषिक स्वायत्तता नहुनु,
(ग) भेदभाव र असमान व्यवहार हुनु,
(घ) जातीय छुवाछुत, लैङ्गिक र क्षेत्रीय भेदभाव हुनु,
(ङ)
अन्य........................................................................................................................
...............................................................................................

**४. तपाईले वर्तमानमा भोग्नु परेका समस्याको समाधान कसरी हुन सक्छ ?**

(क) आर्थिक, सामाजिक र शैक्षिक पछौटेपन हटाएर,
(ख) जातीय, धार्मिक र भाषिक स्वायत्तता प्रदान गरेर,
(ग) भेदभाव र असमान व्यवहारको अन्य गरेर,
(घ) जातीय छुवाछुत, लैंगिक र क्षेत्रीय भेदभाव हटाएर,
(ङ) विशेष अधिकार जस्तो सकारात्मक विभेद र आरक्षण प्रदान गरेर
(च) अन्य..........................................................................................
..........................................................................................

**५. अल्पसंख्यक समुदाय भन्नाले तपाई के बुझ्नु हुन्छ ?**

(क) जनसंख्या कम भएको जातीय, धार्मिक, भाषिक, लैंगिक तथा यौनिक, अपांग, अशक्त (अनाथ, वृद्धवृद्धा) वर्गिय र क्षेत्रीय समुदाय
(ख) जनसंख्या कम भै हरेक क्षेत्रमा पछाडि पारिएको जातीय, धार्मिक, भाषिक, लैंगिक तथा यौनिक, अपांग, अशक्त (अनाथ, वृद्धवृद्धा) वर्गिय र क्षेत्रीय समुदाय,
(ग) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको समुदाय,
(घ) जातीय , लैंगिक र क्षेत्रीय विभेदमा परेको समुदाय
(ङ)अन्य..........................................................................................
..........................................................................................

**६. सीमान्तकृत समुदाय भन्नाले तपाई के बुझ्नु हुन्छ ?**

(क) कम जनसंख्या भएको समुदाय,
(ख) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको समुदाय,
(ग) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडि पारिएको समुदाय,
(घ) अन्य..........................................................................................
..........................................................................................

**७. अति सीमान्तकृत समुदाय भन्नाले तपाई के बुझ्नु हुन्छ ?**

(क) ज्यादै कम जनसंख्या भएको समुदाय,
(ख) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको समुदाय,
(ग) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडि पारिएको समुदाय,
(घ) अन्य..........................................................................................
..........................................................................................

**८. लोपोन्मुख समुदाय भन्नाले तपाई के बुझ्नु हुन्छ ?**

(क) लोप हुन लागेको समुदाय,
(ख) आफ्नो मौलिक पहिचान लोप हुन लागेको समुदाय,
(ग) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा पहुंच नभएको समुदाय,
(ग) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा अत्यन्त पछाडि पारिएको समुदाय,
(घ) अन्य..........................................................................................
..........................................................................................

**९. पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जात, जाति लगायतका वर्ग र समुदाय भन्नाले तपाई के बुझ्नु हुन्छ ?**

(क) ज्यादै कम जनसंख्या भएको समुदाय,

(ख) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको समुदाय,

(ग) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडि पारिएको समुदाय,

(घ) अन्य........................................................................................................

..................................................................................................................

**१०. तपाईको विचारमा कुन, कुन समुदायहरु अल्पसंख्यक समुदाय हुन् ?**

(क) थोरै जनसंख्या भएका जात, जाति, धर्म र भाषाका समुदाय,

(ख) ) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको समुदाय,

(ग) आदिवासी जनजाति, दलित, महिला, अपांग, अशक्तहरु (अनाथ, वृद्धवृद्धा) र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय,

(घ) अन्य........................................................................................................

..................................................................................................................

**११. तपाईको विचारमा कुन, कुन समुदायहरु सीमान्तकृत समुदाय हुन् ?**

(क) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडी पारिएका सबै जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रका समुदाय

(ख) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडी पारिएका महिला, दलित, आदिवासी जनजाति, तराईवासी, अपांग, अशक्त (अनाथ, वृद्धवृद्धा) मधेशी, लैंगिक तथा यौनिक एवं वर्ग र क्षेत्रका समुदाय

(ग) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको माथि (क) मा उल्लेख भए वमोजिमका समुदाय,

(घ) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको माथि (ख) मा उल्लेख भए वमोजिमका समुदाय,

(ङ) अन्य........................................................................................................

..................................................................................................................

**१२ तपाईको विचारमा कुन कुन समुदायहरु अति सीमान्तकृत समुदाय हुन् ?**

(क) गरिवीको रेखामुनि रहेका समुदाय,

(ख) आफ्नो परम्परागत ज्ञान, सीप र दक्षताको उपयोग गरी प्राकृतिक श्रोत र साधनमा पूर्णतः निर्भर रही परम्परागत जीवन यापन गर्ने समुदाय,

(ग) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा पहुंच नभएको समुदाय,

(घ) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा अत्यन्त पछाडी पारिएका जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रका समुदाय,

(ङ) अन्य........................................................................................................

..................................................................................................................

**१३. तपाईको विचारमा कुन कुन समुदायहरु लोपोन्मुख समुदाय हुन् ?**

(क) जनसंख्या घट्दै गईरहेको समुदाय,

(ख) आफ्नो मौलिक पहिचान नास हुंदै गईरहेको समुदाय,

(ग) गरिवीको रेखामुनि रहेका समुदाय,
(घ) आफ्नो परम्परागत ज्ञान, सीप र दक्षताको उपयोग गरी प्राकृतिक श्रोत र साधनमा पूर्णतः निर्भर रही परम्परागत जीवन यापन गर्ने समुदाय,
(ङ) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा पहुंच नभएको समुदाय,
(च) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा अत्यन्त पछाडी पारिएका जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रका समुदाय,
(छ) अन्य........................................................................................................
..........................................................................................................................

**१४. तपाईको विचारमा कुन, कुन समुदाय पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जात, जाति लगायतका वर्ग र समुदाय हुन्** ?

(क) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडी पारिएका सबै जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रका समुदाय
(ख) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडी पारिएका महिला, दलित, आदिवासी जनजाति, तराईवासी,अपांग, अशक्त (अनाथ, वृद्धवृद्धा) मधेशी, लैंगिक तथा यौनिक एवं वर्ग र क्षेत्रका समुदाय
(ग) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको माथि (क) मा उल्लेख भए वमोजिमका समुदाय,
(घ) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको माथि (ख) मा उल्लेख भए वमोजिमका समुदाय,
(ङ) अन्य........................................................................................................
..........................................................................................................................

**१५. तपाईको विचारमा अल्पसंख्यक समुदाय पहिचान गर्ने आधारहरु के, के हुन सक्छन्** ?
(क) कम जनसंख्या र श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक) मा कम पंहुच भएको वा पहुंच नभएको जातीय, धार्मिक, भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रका समुदाय
(ख) विभेद र असमान व्यवहार गरिएका जात, जाति, धर्म, भाषा, क्षेत्र, लिंग र उमेरका समुदाय,
(ग) आफ्नो छुट्टै पहिचान (भाषा, धर्म, संस्कृति) भै हरेक क्षेत्रमा पछाडि पारिएको समुदाय,
(घ) जातीय छुवाछुत, लैङ्गिक र क्षेत्रीय भेदभावमा पारिएको समुदाय,
(ङ) अन्य........................................................................................................
..........................................................................................................................

**१६. तपाईको विचारमा सीमान्तकृत समुदाय पहिचान गर्ने आधारहरु के-के हुन सक्छन्** ?
(क) ज्यादै न्यून जनसंख्या भएको जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रको समुदाय,
(ख) राज्यको हरेक क्षेत्रमा पछाडि पारिएको र विभेद एवं असमान व्यवहार गरिएको जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रको समुदाय,
(ग) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा पछाडि पारिएको जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रको समुदाय,
(घ) अन्य........................................................................................................
..........................................................................................................................

**१७. तपाईको विचारमा अति सीमान्तकृत समुदाय पहिचान गर्ने आधारहरु के-के हुन सक्छन् ?**

(क) गरिवीको रेखामुनि रहेका समुदाय,

(ख) आफ्नो परम्परागत ज्ञान, सीप र दक्षताको उपयोग गरी प्राकृतिक श्रोत र साधनमा पूर्णतः निर्भर रही परम्परागत जीवन यापन गर्ने समुदाय,

(ग) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा पहुंच नभएको समुदाय,

(घ) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा अत्यन्त पछाडी पारिएका जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रका समुदाय,

(ङ) अन्य.......................................................................................................

.......................................................................................................

**१८. तपांईको विचारमा लोपोन्मुख समुदाय पहिचान गर्ने आधारहरु के-के हुन सक्छन् ?**

(क) जनसंख्या घट्‌दै गईरहेको समुदाय,

(ख) आफ्नो मौलिक पहिचान नास हुंदै गईरहेको समुदाय,

(ग) गरिवीको रेखामुनि रहेका समुदाय,

(घ) आफ्नो परम्परागत ज्ञान, सीप र दक्षताको उपयोग गरी प्राकृतिक श्रोत र साधनमा पूर्णतः निर्भर रही परम्परागत जीवन यापन गर्ने समुदाय,

(ङ) श्रोत, साधन र शक्ति (आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक) मा पहुंच नभएको समुदाय,

(च) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीमा अत्यन्त पछाडी पारिएका जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रका समुदाय,

(छ) अन्य.......................................................................................................

.......................................................................................................

**१९. पछाडी पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जाति, वर्ग वा समुदायको पहिचान कसरी गर्न सकिन्छ ?**

(क) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीको क्षेत्रमा पछाडि पारिएका सबै जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रको समुदायका पछाडि पारिएको घरधुरीको पहिचान गरेर,

(ख) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीको क्षेत्रमा पछाडि पारिएको जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रको समुदायको पहिचान गरेर,

(ग) आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र रोजगारीको क्षेत्रमा पछाडि पारिएको जातीय, धार्मिक र भाषिक, लैंगिक एवं वर्ग र क्षेत्रको समुदाय भित्रका पनि पछाडी पारिएका घर धुरीहरुको पहिचान गरेर,

(घ) अन्य.......................................................................................................

.......................................................................................................

**२०. अल्पसंख्यक समुदायको के-कस्ता अधिकारहरु आगामी संविधानमा राखिनु उपयुक्त हुन्छ ?**

(क) अन्य समुदायका व्यक्ति सरहको अधिकार,

(ख) जातीय, धार्मिक, भाषिक, लैंगिक तथा यौनिक, वर्गिय र क्षेत्रीय आधारमा भेदभाव विरुद्ध समान व्यवहारको अधिकार,

(ग) जातीय, धार्मिक र भाषिक स्वायत्तता सहित सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को अधिकार,

(घ) आइ.एल.ओ १६९ वमोजिमका अधिकार,

(ङ) अन्य.......................................................................................................

**२१. सीमान्तकृत समुदायको के-कस्ता अधिकारहरु आगामी संविधानमा राखिनु उपयुक्त हुन्छ ?**
(क) अन्य समुदायका व्यक्ति सरहका अधिकार,
(ख) अल्पसंख्यक समुदायका व्यक्ति सरहका अधिकार,
(ग) सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को अधिकार सहित अन्य समुदायका व्यक्ति सरहको अधिकार,
(घ) अन्य........................................................................................................
.......................................................................................................................

२२. अति सीमान्तकृत समुदायको के कस्ता अधिकारहरु आगामी संविधानमा राखिनु उपयुक्त हुन्छ ?
(क) अन्य समुदायका व्यक्ति सरहका अधिकार,
(ख) अल्पसंख्यक समुदायका व्यक्ति सरहका अधिकार,
(ग) सीमान्तकृत समुदायका व्यक्ति सरहका अधिकार,
(घ) सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को अधिकार सहित अन्य समुदायका व्यक्ति सरहको अधिकार,
(ङ) अति सीमान्तकृत समुदायको विकास र संरक्षणको सम्पूर्ण जिम्मा संविधानले सरकारलाई दिएर,
(च) अन्य........................................................................................................
.......................................................................................................................

**२३. लोपोन्मुख समुदायको के-कस्ता अधिकारहरु आगामी संविधानमा राखिनु उपयुक्त हुन्छ ?**
(क) अन्य समुदायका व्यक्ति सरहका अधिकार,
(ख) अल्पसंख्यक समुदायका व्यक्ति सरहका अधिकार,
(ग) सीमान्तकृत समुदायका व्यक्ति सरहका अधिकार,
(घ) अति सीमान्तकृत समुदायका व्यक्ति सरहका अधिकार,
(ङ) सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को अधिकार सहित अन्य समुदायका व्यक्ति सरहको अधिकार,
(च) लोपोन्मुख समुदायको विकास र संरक्षणको सम्पूर्ण जिम्मा संविधानले सरकारलाई दिएर,
(छ) अन्य........................................................................................................
.......................................................................................................................

**२४. पछाडी पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जाति, वर्ग वा समुदायको के-कस्ता अधिकारहरु आगामी संविधानमा राखिनु उपयुक्त हुन्छ ?**
(क) अन्य समुदायका व्यक्ति सरहका अधिकार,
(ख) अल्पसंख्यक समुदायका व्यक्ति सरहका अधिकार,
(ग) सीमान्तकृत समुदायका व्यक्ति सरहका अधिकार,
(घ) सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को अधिकार सहित अन्य समुदायका व्यक्ति सरहको अधिकार,
(ङ) अन्य........................................................................................................
.......................................................................................................................

**२५. अल्पसंख्यक समुदायको संरक्षण कसरी हुनसक्छ ?**
(क) अल्पसंख्यक समुदायलाई जातीय, भाषिक, धार्मिक, लैंगिक तथा यौनिक, वर्गिय र क्षेत्रीय स्वायत्तता प्रदान गरेर,
(ख) अल्पसंख्यक समुदायलाई अन्य समुदायका व्यक्ति सरहको अधिकार प्रदान गरेर,

(ग) अल्पसंख्यक समुदायलाई अन्य समुदायका व्यक्ति सरहको अधिकार सहित सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को व्यवस्था संविधानमा गरेर,

(घ) अन्य..............................................................................................................

..........................................................................................................................

**२६.सीमान्तकृत समुदायको संरक्षण कसरी हुनसक्छ ?**

(क) सीमान्तकृत समुदायलाई अन्य समुदायका व्यक्ति सरहका अधिकार प्रदान गरेर,

(ख) सीमान्तकृत समुदायलाई अल्पसंख्यक समुदायका व्यक्ति सरहको अधिकार प्रदान गरेर,

(ग) सीमान्तकृत समुदायलाई अन्य समुदायका व्यक्ति सरहको अधिकार सहित सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को व्यवस्था संविधानमा गरेर,

(घ) अन्य..............................................................................................................

..........................................................................................................................

**२७. अति सीमान्तकृत समुदायको संरक्षण कसरी हुनसक्छ ?**

(क) अति सीमान्तकृत समुदायलाई अन्य समुदायका व्यक्ति सरहका अधिकार प्रदान गरेर,

(ख) अति सीमान्तकृत समुदायलाई अल्पसंख्यक समुदायका व्यक्ति सरहको अधिकार प्रदान गरेर,

(ग) अति सीमान्तकृत समुदायलाई सीमान्तकृत समुदायका व्यक्ति सरहका अधिकार प्रदान गरेर,

(घ) अति सीमान्तकृत समुदायलाई अन्य समुदायका व्यक्ति सरहको अधिकार सहित सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को व्यवस्था संविधानमा गरेर,

(ङ) अति सीमान्तकृत समुदायको विकास र संरक्षणको सम्पूर्ण जिम्मा संविधानले सरकारलाई दिएर,

(च) अन्य..............................................................................................................

..........................................................................................................................

**२८.लोपोन्मुख समुदायको संरक्षण कसरी हुनसक्छ ?**

(क) अति सीमान्तकृत समुदायलाई अन्य समुदायका व्यक्ति सरहका अधिकार प्रदान गरेर,

(ख) अति सीमान्तकृत समुदायलाई अल्पसंख्यक समुदायका व्यक्ति सरहको अधिकार प्रदान गरेर,

(ग) अति सीमान्तकृत समुदायलाई सीमान्तकृत समुदायका व्यक्ति सरहका अधिकार प्रदान गरेर,

(घ) अति सीमान्तकृत समुदायलाई अन्य समुदायका व्यक्ति सरहको अधिकार सहित सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को व्यवस्था संविधानमा गरेर,

(ङ) लोपोन्मुख समुदायको विकास र संरक्षणको सम्पूर्ण जिम्मा संविधानले सरकारलाई दिएर,

(च) अन्य..............................................................................................................

..........................................................................................................................

**२९. पछाडी पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जाति, वर्ग वा समुदायको संरक्षण कसरी हुन्छ ?**

(क) अन्य समुदायका व्यक्ति सरहका अधिकार प्रदान गरेर,

(ख) अल्पसंख्यक समुदायका व्यक्ति सरहको अधिकार प्रदान गरेर,

(ग) सीमान्तकृत समुदायका व्यक्ति सरहको अधिकार प्रदान गरेर,

(घ) अन्य समुदायका व्यक्ति सरहको अधिकार सहित सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) को व्यवस्था संविधानमा गरेर,

(ङ) अन्य..............................................................................................................

..........................................................................................................................

१५८

**३०. अल्पसंख्यक समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु के-के हुन सक्छन् ?**

(क) अल्पसंख्यक समुदायलाई अन्य समुदाय सरह समान सम्मान र व्यवहार गरेर,

(ख) अल्पसंख्यक समुदायको मौलिक पहिचानको संरक्षण गरेर,

(ग) अल्पसंख्यक समुदायसंग सम्वन्धीत राज्यका नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा निरिक्षणमा उनिहरुलाई अनिवार्य सहभागि गराएर,

(घ) अल्पसंख्यक समुदायको सार्वजनिक निकायहरुमा समानुपातिक प्रतिनिधित्व गराएर,

(ङ) अल्पसंख्यक समुदायलाई सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) प्रदान गरेर,

(च) अन्य.......................................................................................................

.......................................................................................................

**३१. सीमान्तकृत समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु के के हुन सक्छन् ?**

(क) सीमान्तकृत समुदायलाई अन्य समुदाय सरह समान सम्मान र व्यवहार गरेर,

(ख) सीमान्तकृत समुदायसंग सम्वन्धीत राज्यका नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा निरिक्षणमा उनिहरुलाई अनिवार्य सहभागि गराएर,

(ग) सीमान्तकृत समुदायको सार्वजनिक निकायहरुमा समानुपातिक प्रतिनिधित्व गराएर,

(घ) सीमान्तकृत समुदायलाई सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) प्रदान गरेर,

(ङ) अन्य.......................................................................................................

.......................................................................................................

**३२. अति सीमान्तकृत समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु के-के हुन सक्छन् ?**

(क) अति सीमान्तकृत समुदायलाई अन्य समुदाय सरह समान सम्मान र व्यवहार गरेर,

(ख) अति सीमान्तकृत समुदायसंग सम्वन्धीत राज्यका नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा निरिक्षणमा उनिहरुलाई अनिवार्य सहभागि गराएर,

(ग) अति सीमान्तकृत समुदायको सार्वजनिक निकायहरुमा समानुपातिक प्रतिनिधित्व गराएर,

(घ) अति सीमान्तकृत समुदायलाई सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) प्रदान गरेर,

(ङ) अन्य.......................................................................................................

.......................................................................................................

**३३. लोपोन्मुख समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु के के हुन सक्छन् ?**

(क) लोपोन्मुख समुदायलाई अन्य समुदाय सरह समान सम्मान र व्यवहार गरेर,

(ख) लोपोन्मुख समुदायसंग सम्वन्धीत राज्यका नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा निरिक्षणमा उनिहरुलाई अनिवार्य सहभागि गराएर,

(ग) लोपोन्मुख समुदायको सार्वजनिक निकायहरुमा समानुपातिक प्रतिनिधित्व गराएर,

(घ) लोपोन्मुख समुदायलाई सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) प्रदान गरेर,

(ङ) अन्य.......................................................................................................

.......................................................................................................

**३४. पछाडी पारिएका वा एक्लिएका वा बहिष्करणमा पारिएका जाति, वर्ग वा समुदायको राज्य व्यवस्थामा समावेशीकरणका उपायहरु के-के हुन सक्छन् ?**

(क) उनिहरुलाई अन्य समुदाय सरह समान सम्मान र व्यवहार गरेर,

(ख) उनिहरुसंग सम्वन्धीत राज्यका नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन तथा निरिक्षणमा उनिहरुलाई अनिवार्य सहभागि गराएर,

(ग) उनिहरुको सार्वजनिक निकायहरुमा समानुपातिक प्रतिनिधित्व गराएर,

(घ) सकारात्मक विभेद (आरक्षण, कोटा र विशेष अधिकार) प्रदान गरेर,

(ङ) अन्य.................................................................................................................

.......................................................................................................................

**३५.अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिलाई आफ्नो सुझाव दिन पाउंदा तपाईलाई कस्तो महसुस भयो ?**

समितिलाई आफ्नो अमुल्य समय र सुझाव दिनुभएकोमा समितिका तर्फवाट यहांलाई हार्दिक धन्यवाद दिंदै तपाईको सुझावलाई आगामी संविधान निर्माणमा उचित ध्यान दिईने प्रतिवद्धता व्यक्त गरिन्छ ।

# अनुसूचि:-१०

## संविधानसभा

### अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति
### सर्वसाधारण नागरिकबाट समितिको कार्यक्षेत्रभित्रका विषयमा प्रश्नावली मार्फत प्राप्त सुझावको विवरण

| प्रश्नावलीको पश्न नं. | प्रश्नावलीको "क"मा टिक लगाउनेको संख्या | प्रश्नावलीको "ख" मा टिक लगाउनेको संख्या | प्रश्नावलीको "ग" मा टिक लगाउनेको संख्या | प्रश्नावलीको "घ" मा टिक लगाउनेको संख्या | प्रश्नावलीको "ङ" मा टिक लगाउनेको संख्या | प्रश्नावलीको "च"मा टिक लगाउनेको संख्या | प्रश्नावलीको "छ"मा टिक लगाउने को संख्या | अन्यमा टिक लगाउने को संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५७५६ | ५२३२ | २४८६ | १११३ | ९५९ | ५६८७ | ० | ० | ३१२३३ |
| २ | ४९७४ | २८११ | १९३० | १४८०३ | ० | ० | ० | ३१३९ | २७६५७ |
| ३ | १५२४४ | ४१०६ | ३७७५ | ३४३१ | ० | ० | ० | १६०३ | २८१५९ |
| ४ | १४४९९ | ३४३१ | ३२४८ | ३२४२ | ० | ० | ० | ३२२१ | २७६४१ |
| ५ | ९१२६ | १०४८५ | ६३५४ | २५५६ | ० | ० | ० | १०१७ | २९५३८ |
| ६ | ७०४७ | ११५२८ | ७९२३ | ० | ० | ० | ० | ८०७ | २७३०५ |
| ७ | ८८७३ | ८५४४ | ९४१० | ० | ० | ० | ० | ८६१ | २७६८८ |
| ८ | १४४८० | ७१६१ | ६०५० | ० | ० | ० | ० | ९७४ | २८६६५ |
| ९ | ४३३४ | ८९३२ | १२७१० | ० | ० | ० | ० | ७५० | २६७२६ |
| १० | १२४७६ | ५२४६ | ८९५५ | ० | ० | ० | ० | ६५० | २७३२७ |
| ११ | ८२५७ | ९५३३ | ४४३७ | ३३३४ | ० | ० | ० | ४२१ | २५९८२ |
| १२ | ८०१५ | ५६४८ | ३२८९ | ८०३१ | ० | ० | ० | ३८७ | २५३७० |
| १३ | ९७८७ | ७३०४ | ३१६९ | २१४१ | ५८६ | ३०४४ | ० | २२९ | २६२६० |
| १४ | ८२५४ | १०९६० | ३२७७ | ३०४६ | ० | ० | ० | ४५३ | २५९९० |
| १५ | १३४७४ | ४६६९ | ४५०५ | २१६७ | ० | ० | ० | ३४३ | २५१५८ |
| १६ | ६५२६ | ९८७६ | ४८३१ | ० | ० | ० | ० | ८६८ | २२१०१ |
| १७ | ५५२७ | ६२१२ | ४१६५ | ८०६६ | ० | ० | ० | ३७० | २४३४० |
| १८ | ८९०० | ८९२० | ३५५० | ९८८ | ४३५ | १६३२ | ० | २६४ | २४६८९ |
| १९ | ८७१८ | ७२२१ | ६९१३ | ० | ० | ० | ० | ११३९ | २३९९१ |
| २० | ६२०३ | ७५२४ | ७९७३ | २६५६ | ० | ० | ० | ५०४ | २४८६० |
| २१ | ७१४८ | ३४८९ | १२०९८ | ० | ० | ० | ० | १२६७ | २४००२ |
| २२ | ६२२० | २३६८ | २९८१ | ९४०० | ३१९८ | ० | ० | ४२७ | २४५९४ |
| २३ | ६०८९ | १५०१ | १४८२ | २००१ | १०९८५ | ४१३६ | ० | ३३२ | २६५३९ |
| २४ | ६९४५ | २०९९ | २३७८ | ११७८१ | ० | ० | ० | ७२२ | २३९२५ |
| २५ | ५७८० | ५२३९ | ११८१० | ० | ० | ० | ० | ११२७ | २३९५६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | ६१२७ | ३३६१ | १२७७७ | ० | ० | ० | ० | १२२० | २३४८५ |
| २७ | ५२७९ | १९२३ | २९१७ | ११३८७ | २६६१ | ० | ० | २९९ | २४४६६ |
| २८ | ५०२७ | १६८६ | २०५० | ९४६७ | ४५८१ | ० | ० | ३९७ | २३२०८ |
| २९ | ५७१८ | २१९१ | २४६२ | १२६३४ | ० | ० | ० | ८१० | २३८१५ |
| ३० | ६३४६ | १५९१ | ५०९५ | ३८७७ | ५३१८ | ० | ० | ३६१ | २२५८८ |
| ३१ | ४७४५ | ७०७९ | ४१८० | ७१८५ | ० | ० | ० | ६४८ | २३८३७ |
| ३२ | ४३३१ | ६८५६ | ४३४५ | ६६३१ | ० | ० | ० | ५८४ | २२७४७ |
| ३३ | ४२७० | ६९२६ | ४६५५ | ७०३० | ० | ० | ० | ४०५ | २३२८६ |
| ३४ | ४८४६ | ४७३५ | ४१८४ | ५८९७ | ० | ० | ० | २९७ | १९९५९ |
| ३५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २६९३४१ | १९६३८७ | १८२३६४ | १४२८६४ | २८७२३ | १४४९९ | ० | २६८९६ | ८६१०८७ |

## अनुसूचि:-११
## संविधानसभा
### अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति
### समिति अन्तर्गत गठन भएका उप समिति र कार्यदलको विवरण

| सि.नं. | उप समिति/कार्यदल | गठन मिति | मा. सदस्यहरु | कार्यादेश | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्य विवरण र कार्य तालिका निर्माण उप समिति | २०६५।९।१ | मा.श्री लालवावु पण्डित संयोजक, मा.श्री तिलक परियार,मा.श्री मोहम्मद सिद्दिकी,मा. श्री शिव नारायण उराव, मा. श्री सलाउद्दीन अन्सारी, मा.श्री राधव वीर जोशी, मा. श्री दुर्गा जयन्ती राई, मा.श्री फूलमती देवी चौधरी, मा.श्री बविता देवी धोवी,मा.श्री सदरुल मियाँ हक, मा.श्री पदमलाल विश्वकर्मा, मा.श्री सकुन्तला लेप्चा र मा श्री कलावती देवी दुसाध सदस्य | समितिको कार्य विवरण र कार्य तालिका निर्माण गरी २०६५।९।६ गते भित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने | |
| २ | स्थलगत अध्ययन भ्रमण उप समिति | २०६५।१०।३ | मा.श्री भीमराज चौधरी संयोजक पूर्वाञ्चल विकास क्षेत्र मा.श्री पुरन सिंह दयाल संयोजक मध्यमाञ्चल विकास क्षेत्र, मा.श्री उमा भूजेल संयोजक पश्चिमाञ्चल विकास क्षेत्र, मा.श्री मोहम्मद सिद्दिकी संयोजक मध्य पश्चिमाञ्चल विकास क्षेत्र, मा.श्री मालामती देवी राना सुदुर पश्चिमाञ्चल विकास क्षेत्र | अल्पसंख्यक तथा सीमान्तकृत समुदाय सम्वन्धी स्थलगत रुपमा विस्तृत अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने । | |
| ३ | अवधारणा पत्र तयारी उप समिति | २०६५।१०।२७ | मा.श्री मोहम्मद सिद्दिकी संयोजक, मा.श्री कलावती देवी दुसाध, मा.श्री उमा भूजेल, मा.श्री शान्ति जिरेल, मा.श्री शेर वहादुर पहरी , मा.श्री बविता देवी धोवी, मा.श्री मालामती देवी राना, मा.श्री फुलमती देवी चौधरी, मा.श्री खेम वहादुर वम, मा. श्री गोकर्ण राई, मा. श्री मोहम्मद रिजवान, मा. श्री सलाहुद्दिन मुसलमान, र मा.श्री इश्वरी न्यौपाने सदस्य | अवधारणापत्र तयार गरी समितिमा मस्यौदा प्रतिवेदन पेश गर्ने । | |
| ४ | मस्यौदा तयारी उप समिति | २०६५।१०।२७ | मा.श्री तिलक परियार संयोजक, मा. श्री कुल प्रसाद नेपाल, मा.श्री पदमलाल विश्वकर्मा, मा. श्री पुरन सिंह दयाल, मा.श्री भीम राज राजवंशी, मा.श्री इन्द्र वहादुर गुरुङ्ग, मा.श्री कविता कुमारी सरदार, मा.श्री शिव नारायण उराव, मा. श्री राधव वीर जोशी , चन्द्रलाल मेचे, मा श्री शकुन्तला लेप्चा | अवधारणापत्रको आधारमा मस्यौदा संविधान सम्वन्धि प्रतिवेदन कार्यतालिकामा तोकिएको समयै समिति समक्ष पेश गर्ने | |
| ५ | राय सुझाव अध्ययन विश्लेषण कार्यदल | २०६६।१।४ | मा.श्री पुरन सिंह दयाल संयोजक, मा.श्री दुर्गा जयन्ती राई, मा. श्री शेर वहादुर पहरी, मा. श्री इश्वरी न्यौपाने ,मा. श्री शान्ति जिरेल, मा. श्री राधव वीर जोशी , मा.श्री पुरन राना थारु, मा.श्री मालामती राना, मा.श्री इन्द्र वहादुर गुरुङ्ग, र मा.श्री गोवन्द राम प्रजा सदस्य | प्रश्नावली मार्फत जनता वाट प्राप्त राय सुझाव, विभिन्न व्यक्ति, संघ संस्था र राजनैतिक दलहरु समेत वाट प्राप्त राय सुझाव अध्ययन गरी समितिमा प्रतिवेदन दिने | |

# अनुसूचि:-१२

## संविधानसभा

### अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण:

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सोमबहादुर थापा | समितिका सचिव | |
| २ | श्री सुदर्शन खड्का | उपसचिव | |
| ३ | श्री श्रीप्रकाश उप्रेती | उपसचिव | फौज्दारी कानूनमा स्नातकोत्तर |
| ४ | श्री प्रकाशप्रसाद पण्डित | उपसचिव | संवैधानिक कानूनमा स्नातकोत्तर |
| ५ | श्री रामहरि पुडासैनी | शाखा अधिकृत | |
| ६ | श्री रामकृष्ण श्रेष्ठ | शाखा अधिकृत | |
| ७ | श्री हरि पङ्गेनी | नायव सुव्वा | |
| ८ | श्री डम्बरबहादुर वि.क. | कम्प्युटर अपरेटर | |
| ९ | श्री होमनाथ पहाडी | खरिदार | |
| १० | श्री सुशिल पन्त | खरिदार | |
| ११ | श्री नृपध्वज बस्नेत | हलुका सवारी चालक | |
| १२ | श्री चिरिकाजी महर्जन | कार्यालय सहयोगी | |
| १३ | श्री ओम श्रेष्ठ | कार्यालय सहयोगी | |
| | **प्रेसतर्फका सहयोगी कर्मचारीहरु** | | |
| १) | श्री पुष्पमुनि वज्राचार्य | प्रमुख मुद्रण अधिकृत | |
| २) | श्री जगदिश्वरलाल श्रेष्ठ | मुद्रण अधिकृत | |
| ३) | श्री प्रेमलाल तन्डुकार | मुद्रण अधिकृत | |
| ४) | श्री सागरकुमार तुलाधर | मुद्रण अधिकृत | |
| ५) | श्री दिपकप्रसाद न्यौपाने | सि.प्रे.टे. | |
| ६) | श्री गम्भिरमान सिंह | सि.प्रे.टे. | |
| ७) | श्री राजेन्द्रप्रसाद लामिछाने | प्रे.टे. | |
| ८) | श्री प्रेमबहादुर चन्द | प्रे.टे. | |
| ९) | श्री मदन गिरी | का.स. | |

# अनुसूचि:- १३

## संविधानसभा

### अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति
### समितिका बैठक र कार्यसूचि सम्वन्धी विवरण

| मिति | बैठक संख्या नं | कार्यसूचि (एजेण्डा) | कैफियत |
|---|---|---|---|
| २०६५।९।१ | १ | कार्यतालिका र कार्यसूचि निर्माण सम्वन्धी | |
| २०६५।९।६ | २ | कार्यतालिका र कार्यसूचि पारित गर्ने र समितिको कार्य क्षेत्रका विषयमा विशेषज्ञहरुको राय लिने सम्वन्धी | |
| २०६५।९।१३ | ३ | आमन्त्रित विशेषज्ञहरु बाट राय लिने | |
| २०६५।९।१८ | ४ | आमन्त्रित विशेषज्ञहरु बाट राय लिने | |
| २०६५।९।२० | ५ | आमन्त्रित विशेषज्ञहरु बाट राय लिने | |
| २०६५।९।२१ | ६ | आमन्त्रित विशेषज्ञहरु बाट राय लिने | |
| २०६५।९।२७ | ७ | आमन्त्रित विशेषज्ञहरु बाट राय लिने | |
| २०६५।९।२९ | ८ | सभापतिको निर्वाचन सम्वन्धमा | |
| २०६५।१०।३ | ९ | राय सुझावका लागि स्थलगत भ्रमण गर्ने सम्वन्धमा | |
| २०६५।१०।२४ | १० | पूर्व अवधारणा पत्र वितरण र कार्य विवरण माथि कार्य तालिका संशोधन सम्वन्धमा | |
| २०६५।१०।२६ | ११ | राय सुझाव संकलनका लागि तयार गरिने प्रश्नावली पारित गर्ने सम्वन्धमा | |
| २०६५।१०।२७ | १२ | अबधारणा पत्र र संविधानको मस्यौदा तयारी उप समिति गठन गर्ने सम्वन्धमा | |
| २०६५।११।१५ | १३ | सरोकारवालाहरु संग राय सुझाव लिने सम्वन्धमा | |
| २०६५।१२।१७ | १४ | राय सुझाव संकलनका क्रममा समितिको विषय क्षेत्र भित्रका सवालहरुमा मा.सभासद्हरुको अनुभव समितिमा राख्ने सम्वन्धमा | |
| २०६५।१२।१९ | १५ | अल्पसंख्यक र सीमान्तकृत समुदायको हक अधिकार संरक्षणका सवालमा अन्तराष्ट्रिय अनुभव सम्वन्धी विज्ञहरु संग छलफल | |
| २०६५।१२।३० | १६ | अल्पसंख्यक र सीमान्तकृत समुदायको हक अधिकार संरक्षणका सवालमा अन्तराष्ट्रिय अनुभव सम्वन्धी विज्ञहरु संग छलफल र अबधारणा पत्र र संविधानको मस्यौदा तयारी उप समितिको प्रतिवेदन पेश गर्ने सम्वन्धमा | |
| २०६६।१।३ | १७ | अबधारणपत्रका सम्वन्धमा विज्ञ, सरोकारवाला र प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधिहरु सग छलफल | |
| २०६६।१।४ | १८ | अवधारणपत्रका सम्वन्धमा विभिन्न राजनैतिक दलहरुलाई आमन्त्रण गरी छलफल गर्ने र राय सुझाव लाई अध्ययन गर्ने सम्वन्धमा | |
| २०६६।१।२० | १९ | | गणपुरक संख्या नपुगेकोले बैठक स्थगित |
| २०६६।२।४ | २० | राय सुझाव अध्ययन उप समितिको प्रतिवेदन पेश गर्ने सम्वन्धी | |
| २०६६।२।५ | २१ | संविधान सभामा पेश गरिने अवधारणापत्र माथि छलफल | |
| २०६६।२।६ | २२ | संविधान सभामा पेश गरिने अवधारणापत्र माथि छलफल | |
| २०६६।२।७ | २३ | संविधान सभामा पेश गरिने अवधारणापत्र सहितको मस्यौदा प्रतिवेदन पारित गर्ने | |